# प्रशासन शक्ति विकेन्द्रीकरण आयोगको प्रतिवेदन

# २०२०

श्री ५ को सरकार, पञ्चायत मन्त्रालय
प्रचार विभाग

प्रकाशक
श्री ५ को सरकार, पञ्चायत मन्त्रालय
प्रचार विभाग

प्रथमपटक, भाद्र २०२१
१, ००० प्रति "ख" श्रेणी
मोल ५।५० पैसा

मुद्रक
श्री ५ को सरकारको छापाखाना,
काठमाडौं, नेपाल ।

# विषयसूची


| | पाना |
|---|---|
| भूमिका | १ |
| परिच्छेद - १ पञ्चायतको ऐतिहासिक पृष्ठभूमि तथा विकेन्द्रीकरणको आवश्यकता | ३ |
| परिच्छेद - २ आदर्श पञ्चायत | ११ |
| परिच्छेद - ३ पञ्चायतलाई दिनुपर्ने अधिकार | १९ |
| परिच्छेद - ४ अञ्चल पञ्चायत | ३६ |
| परिच्छेद - ५ महानगर पञ्चायतहरू | ३८ |
| परिच्छेद - ६ विकेन्द्रीकरणका केही समस्याहरू | ३९ |


अनुसूचीहरू


| | |
|---|---|
| अनुसूची - १ आयोगसम्बन्धी विज्ञप्ति | ४५ |
| अनुसूची - २ सदस्यहरूको भ्रमणसम्बन्धी विवरण | ४७ |
| अनुसूची - ३ सदस्यहरूले भ्रमणमा सोध्नुपरेका प्रश्नहरू | ४८ |
| अनुसूची - ४ प्रथम उपसमितिको रिपोर्ट | ५० |
| अनुसूची - ५ द्वितीय उपसमितिको रिपोर्ट | ९२ |

## श्री ५ महाराजाधिराज सरकारका जुनाफमा,

**सरकार,**

२०२०/१/२९ मा गठन गरिबक्सेको प्रशासन शक्ति विकेन्द्रीकरण आयोगका सदस्यहरूको ठूलो परिश्रमस्वरूप सम्भव भएको यो प्रतिवेदन सरकारका समक्ष केही अबेर नै भए पनि चढाउन पाउँदा हामी आयोगका सदस्यहरूलाई विशेष खुसी लागेको छ । पञ्चायती व्यवस्थालाई अझ बढी जनप्रिय बनाई जनताको स्वाभाविक अभिरूचि यसमा आई देश निर्माणमा जन सहयोग प्राप्त होस् भन्ने उद्देश्यले हामीले प्रतिवेदनमा प्रस्तुत गरेका सुझावलाई सकेसम्म व्यावहारिक बनाउने कोसिस गरेका छौँ । पञ्चायतको महान् उद्देश्य प्राप्तिमा यस प्रतिवेदनले केही न केही सहयोग गर्ने छ भन्ने हाम्रो विश्वास छ । हामीलाई यो महान् सेवा गर्ने अवसर बक्सेकोमा हामी आयोगका सदस्य सरकारबाट बक्स भएको निगाहका लागि विनम्रतापूर्वक आफ्नो कृतज्ञता ज्ञापन गर्दछौँ ।

यस प्रतिवेदनमा केही त्रुटि पनि रहन गएका होलान् जुन दोषका लागि हामी क्षमा प्रार्थी छौँ । त्रुटिहरूका लागि व्यक्तिगत रूपले पनि म आफूलाई जिम्मेदार भनी ठान्छु । सम्भव छ शक्तिको विकेन्द्रीकरणसम्बन्धी सरकारको पवित्र इच्छा मैले आयोगका समक्ष राम्ररी राख्न सकिनँ ।

यस प्रतिवेदनको लागि आयोगका सदस्यहरूले अथक परिश्रम गर्नुभयो । मेचीदेखि महाकालीसम्मको भ्रमण गरी वास्तविकतालाई जान्न खोजियो । विभिन्न कमिटीमा आफूलाई विभाजित गरेर समस्याहरूका समाधानका उपाय पत्ता लगाउन निकै छलफल भए र साथै सकेसम्म विभिन्न दृष्टिकोणबाट एउटै समस्यामा दृष्टि पुऱ्याई हामी एक निर्णयमा पुगेका छौँ । यस प्रतिवेदनले पञ्चायत व्यवस्थालाई अगाडि बढाउन सक्यो भने यसको श्रेय आयोगका ती सबै सदस्यहरूलाई छ जसले भ्रमण गरी र कमिटीमा बसेर काम गरेका छन् । हाम्रो आयोगका सदस्य सचिव र पञ्चायत मन्त्रालयका सचिव श्री कुलशेखर शर्माको नाम म विशेष कृतज्ञताका साथ उल्लेख गर्न चाहन्छु । उहाँले गरेको ठूलो मेहनत र आयोगलाई प्रदान गरेको सहयोगका लागि उहाँ र उहाँको मन्त्रालयका अन्य कर्मचारी गणलाई पनि हामी धन्यवाद दिन्छौँ ।

जो निगाहा, जो हुकुम ।

सरकारको आज्ञाकारी
भक्त सेवक
(विश्ववन्धु थापा)
अध्यक्ष

# भूमिका

**श्री ५ महाराजाधिराजबाट** प्रशासन व्यवस्थालाई कुन तरिकाबाट विकेन्द्रीकरण क्रमशः गर्दै लैजादा ठीक हुन्छ भन्ने विषयमा सुझावका लागि यस आयोगलाई २९/१/२०२० मा गठन गरिबक्स्यो । आयोगको गठनका सम्बन्धमा **श्री ५ महाराजाधिराजको** प्रमुख सचिवालयबाट निकालिएको विज्ञप्तिको नक्कल अनुसूची १ मा दिइएको छ ।

विकेन्द्रीकरणसम्बन्धी सुझावहरू पेस गर्नको निमित्त श्री ५ को सरकारको विभिन्न मन्त्रालयहरूको राय प्राप्त गर्नाका साथै जिल्लाको स्थिति अध्ययन गर्न तथा जिल्लाका पञ्चहरू, स्थानीय कर्मचारीहरू तथा बुद्धिजीवीहरूको राय समेत बुझ्न हाम्रो विचारमा वाञ्छनीय थियो । तसर्थ, १४ जना सदस्यहरूलाई विभिन्न अञ्चलहरूमा भ्रमण गरी आफ्नो आफ्नो रिपोर्ट पेस गर्नको निमित्त पठाइयो । उहाँहरूले गर्नुभएको भ्रमणसम्बन्धी विवरण अनुसूची २ मा दिइएको छ । भ्रमण गर्न जाने सदस्यहरूका सामान्य मार्गदर्शनको निमित्त एउटा प्रश्नावली दिइएको थियो । सो प्रश्नावली अनुसूची ३ मा राखिएको छ । यसबाहेक, यहीँ बसी विकेन्द्रीकरणका सम्बन्धमा आफ्नो राय पेस गर्नको निमित्त निम्नलिखित उपसमिति (प्रथम उपसमिति) को गठन गरियो ।

| | |
|---|---|
| मा. मन्त्री | अध्यक्ष |
| श्री सूर्यविक्रम ज्ञवाली | सदस्य |
| श्री दिलबहादुर श्रेष्ठ | सदस्य |
| श्री नरेन्द्रकुमार प्रधान | सदस्य |
| श्री गृह सचिव | सदस्य |
| श्री पञ्चायत सचिव | सदस्य |

उक्त उपसमितिले विभिन्न मन्त्रालयहरूको समेत राय बुझी आफ्ना सुझावहरूका सम्बन्धमा आयोगका समक्ष आफ्नो रिपोर्ट पेस गऱ्यो । यो रिपोर्ट अनुसूची ३ मा दिइएको छ ।

अञ्चल भ्रमणमा जानुभएका विभिन्न सदस्यहरूले आफ्नो रिपोर्टहरू दिनुभएपछि उक्त रिपोर्टहरू अध्ययन गरी त्यसमा रहेका विभिन्न कुराहरूको सङ्कलन गरी आफ्नो राय प्रस्तुत गर्नको निमित्त अर्को उपसमिति (द्वितीय उपसमिति) पनि गठित गरियो । यस उपसमितिमा निम्नलिखित सदस्यहरू हुनुहुन्थ्यो –

| | |
|---|---|
| श्री ज्ञानेन्द्रबहादुर कार्की | संयोजक |
| श्री गेहेन्द्रबहादुर राजभण्डारी | सदस्य |
| श्री चन्द्रजङ्गबहादुर सिंह | सदस्य |
| श्री गोकर्णराज शास्त्री | सदस्य |
| श्री शेखर शर्मा | सदस्य |

उक्त उपसमितिले दिएको रिपोर्ट अनुसूची ४ मा दिइएको छ ।

आयोगले उक्त दुवै रिपोर्टहरूको अध्ययन गरी पञ्चायतहरूलाई दिनुपर्ने थप अधिकारका सम्बन्धमा आफ्नो सिफारिसहरू गरेको छ । उक्त सिफारिसहरू तेस्रो परिच्छेदमा दिइएका छन् ।

पञ्चायतहरूको काम बढ्ता सुचारू रूपबाट चल्न सकोस् भन्ने दृष्टिबाट पञ्चायतसम्बन्धी विभिन्न ऐनहरूमा गर्नुपर्ने संशोधनहरूका सम्बन्धमा सिफारिस गर्नको निमित्त पनि निम्नलिखित सदस्यहरूको एउटा उपसमितिको गठन गरियो :

| | |
|---|---|
| श्री भुवनेश्वर उपाध्याय | संयोजक |
| श्री जयप्रकाश | सदस्य |
| श्री भोजराज घिमिरे | सदस्य |
| श्री गेहेन्द्रबहादुर राजभण्डारी | सदस्य |
| श्री नीरविक्रम शाह | सदस्य |
| श्री दिलबहादुर श्रेष्ठ | सदस्य |

यस उपसमितिको रिपोर्टको आधारमा आयोगले परिच्छेद ३ को भाग २ मा पञ्चायत ऐनहरूमा गर्नुपर्ने संशोधनसम्बन्धी सिफारिस गरेको छ ।

शक्तिको विकेन्द्रीकरणको मार्गमा अग्रसर हुनुभन्दा अघि, पुग्नुपर्ने लक्ष्य स्पष्ट हुनुपर्दछ । सो लक्ष्य के हुन्छ भन्ने कुराको उल्लेख, आदर्श पञ्चायतसम्बन्धी परिच्छेदमा गरिएको छ । पञ्चायतहरूको विकसित अवस्थामा तिनीहरूको के रूप हुन्छ भन्ने कुरा उक्त परिच्छेदमा दर्साउने प्रयत्न गरिएको छ । विकेन्द्रीकरणसम्बन्धी योजनाको मार्गप्रदर्शन गर्न सकोस् भन्ने उद्देश्यले यो राखिएको हो ।

पञ्चायती व्यवस्थामा अञ्चल पञ्चायतको के स्थान हुनुपर्दछ, त्यसको मूल कर्तव्य, उत्तरदायित्व र अधिकारहरू के हुनुपर्दछ भन्ने कुराका सम्बन्धमा पनि आयोगले आफ्नो सुझावहरू पेस गर्न वाञ्छनीय सम्झी तत्सम्बन्धी आफ्नो विचार परिच्छेद ४ मा प्रस्तुत गरेको छ ।

जुनसुकै देशमा पनि राजधानीको नगर पञ्चायतको विशेष स्थान हुन्छ । यस दृष्टिबाट काठमाडौँ उपत्यकामा एउटा महानगर पञ्चायतको स्थापना गर्ने सम्बन्धमा पनि आयोगले आफ्नो सुझाव परिच्छेद ५ मा प्रस्तुत गरेको छ यद्यपि यो कुरा आयोगको कार्यक्षेत्रभित्र औपचारिक रूपले पर्दैन ।

आयोगले जम्मा १३ बैठकहरू गरी जम्मा ३२ घण्टा विचार विमर्श गर्‍यो । आयोगको काममा सहयोग दिनुभएका मन्त्रालयका विभिन्न कर्मचारीहरू धन्यवादका पात्र हुनुहुन्छ ।

परिच्छेद : १

# पञ्चायतको ऐतिहासिक पृष्ठभूमि तथा विकेन्द्रीकरणको आवश्यकता

वर्तमान नेपाल अधिराज्यको निर्माण, सङ्गठन तथा एकीकरण पृथ्वीनारायण शाहद्वारा अठारौँ शताब्दीको उत्तरार्धमा आरम्भ गरिएको हो । योभन्दा अघि नेपाल अधिराज्यमा दुईबीसभन्दा बढ्ता साना साना राज्यहरूमा तथा गाउँठाउँमा गोष्ठीहरूको पनि शासन थियो । राष्ट्रियताको पूर्णतया अभाव थियो औ एउटै धर्म मान्ने तथा भाषा बोल्ने उपर्युक्त विविध राज्यका निवासीहरूले आफ्ना राजाहरूको लडाइँमा परस्पर लडाइँ गर्नुपर्थ्यो । यस्तो सङ्घर्षमय गोष्ठीमूलक स्थिति भएका समयमा पृथ्वीनारायण शाहले यस अधिराज्यको एकीकरण तथा यहाँका निवासीहरूको समन्वय गरे औँ उनको राजनीतिज्ञता तथा दूरदर्शिताले गर्दा उनको मृत्यु हुँदा नेपाल अधिराज्य पश्चिम गोरखादेखि पूर्व इलामसम्म विस्तृत भयो ।

पृथ्वीनारायण शाहले नेपाल अधिराज्यको एकीकरण तथा नेपालीको समन्वय गर्ने नीति उनका पुत्र तथा पौत्रका पालामा पनि बडो उत्साहपूर्वक पालन गरिएको हुनाले पृथ्वीनारायण शाहका पौत्र रणबहादुर शाहका पालामा उन्नाइसौँ शताब्दीको आरम्भमा नेपाल अधिराज्यको सीमा पश्चिममा सतलज नदीको किनारसम्म पुग्यो । यसपछि केही बाधा परकोले अन्त्यमा पूर्व मेची र पश्चिम महाकाली यो अधिराज्यको सीमा निर्धारित भयो ।

यसपछिको समय नेपालको इतिहासमा अशान्तिको समय भयो । त्यस समयको इतिहास विविध परिवारद्वारा शक्ति हातमा पार्ने चेष्टाको कुराले परिपूर्ण छ । अन्त्यमा उन्नाइसौँ शताब्दीको मध्य भागतिर एउटा परिवारले अधिराज्यको शासन आफ्नो हातमा पाऱ्यो र ब्रिटिस साम्राज्यवादसित हुने प्रकारको अभिसन्धि गरी त्यो परिवार शासनको सम्पूर्ण शक्ति आफ्ना हातमा एक शताब्दीभन्दा बढी समयसम्म राख्न समर्थ भयो ।

यो पारिवारिक शासनद्वारा नेपालका वास्तविक राजा पृथ्वीनारायणा शाहका सन्तान तथा नेपाली प्रजा दुवै आफ्ना स्वाभाविक तथा नैसर्गिक अधिकारबाट वञ्चित गरिए । उन्नाइसौँ शताब्दीमा विश्वमा जो महान् विज्ञानमूलक विकास भयो तथा यसले गर्दा मानिसका जीवनमा जो परिवर्तन धेरथोर सर्वत्र आयो त्यसदेखि नेपाली जाति अपरिचित तथा अनभिज्ञ रह्यो । नेपाली जातिले भर्खर जस्तो प्राप्त गरेको राष्ट्रियताका भावले संवर्द्धन पाएन औँ शिक्षाको अभावले नेपालीहरूको मानसिक विकास भएन । प्रजाको आर्थिक स्थिति सपार्ने उद्देश्यले गरिएको कार्यको अभावले नेपालीहरूको आर्थिक स्थितिले हीनता प्राप्त गऱ्यो । नेपालीहरूको एक शताब्दीभन्दा लामो समयसम्म यही स्थिति रह्यो ।

तर बीसौँ शताब्दीमा भएका दुईदुईवटा विश्वयुद्धले गर्दा नेपालीहरूका शिथिल जीवनमा पनि असन्तोष उत्पन्न हुनु स्वाभाविक थियो । प्रजा गरिब तथा अशिक्षित हुनाले यो

असन्तोष एउटा क्षीण ज्योति जस्तो थियो । यस्तो स्थितिमा २००७ सालमा पृथ्वीनारायण शाहका वंशज **राष्ट्रपिता स्वर्गवासी त्रिभुवन वीर विक्रम शाह देव**को नेतृत्वमा भएको क्रान्तिले नेपालमा फेरि एउटा युग परिवर्तन ल्यायो तथा प्रजातान्त्रिक व्यवहारको आगमन सँगसँगै नेपाली जातिको नेतृत्व फेरि पृथ्वीनारायण शाहका वंशजका हातमा पऱ्यो । समयको आवश्यकता बुझ्ने राष्ट्रपिता **श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाह देव**ले नेपालमा प्रजातान्त्रिक शासन कायम गरी पृथ्वीनारायण शाहका समयमा नेपालमा भएको युग परिवर्तनको अनुरूप अर्को युग परिवर्तन भयो ।

तर धेरै कालसम्म अँध्यारोमा बसेको मानिस एक्कासि प्रकाशमा आउँदा जसरी उसका आँखा तिरिमिरी गरी उसले राम्ररी देख्न सक्दैन उसै गरी क्रान्तिपछिका दश वर्षमा विकासको निश्चित बाटो नेपाली जातिले पहिल्याउन सकेन । आफूलाई प्रगति गर्न नदिने बन्धन चुँडिएर स्वतन्त्रता प्राप्त भएको भएपनि त्यसको मूल्य नेपालीहरूले बुझ्न सकेनन् । यसको फलस्वरूप पारस्परिक कलह, स्वार्थपरता, व्यक्तिगत द्वेष, अधिकार लिप्सा आदि दुर्गुणले यो जातिलाई वशीभूत पार्न लागे । नेपाली जातिका निर्माता पृथ्वीनारायण शाहले छोडेको एकीकरण तथा समन्वयको नेपाली मात्रले सदासर्वदा सम्झिरहनुपर्ने महान् आदर्श पनि बिर्सियो औ वर्गीय तथा गोष्ठीगत कलहले फेरि टाउको उठाउन लागे ।

यस्तो स्थितिमा **श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देव**लाई तिनताकको संविधानलाई आफ्नो नैसर्गिक तथा संवैधानिक अधिकार प्रयोग गरी खारेज गर्न करै लाग्यो । **श्री ५ महाराजाधिराज** सरकारका सम्मुख तत्कालीन अस्वस्थ्यकर अवस्थाको सुधार मात्र थिएन, किन्तु आफूले पूर्णतया विश्वास गरेको प्रजातान्त्रिक पद्धतिको सफलताको पनि प्रश्न थियो । कुन उपाय अवलम्बन गरे शिक्षामा साह्रै पछाडि परेको तथा आर्थिक दृष्टिले अत्यन्त तल भएको नेपाली जातिलाई प्रजातन्त्रको मार्गमा चाँडै अगाडि बढाउन सकिन्छ भन्ने समस्या थियो । अर्को शब्दमा यही कुरा भन्ने हो भने कसरी प्रत्येक नेपालीलाई प्रजातान्त्रिक विचारले पूर्ण गराई जसमा १०० वर्षभन्दा बढी समयमा आएको अकर्मण्यता तथा यसको परिणामस्वरूप उत्पन्न भएको प्रगतिको मार्गको महान् अवरोधक दरिद्रतालाई दूर गराउने समस्या मौसुफ सरकारका सम्मुख उपस्थित थियो ।

अविकसित देशको शैक्षिक तथा आर्थिक स्थिति राम्रो हुँदैन भन्ने कुरा माथि भनिसकिएको छ । यस्तो स्थितिमा सर्वाङ्गीण विकासको गति तीव्रतर तुल्याउन देशका समस्त जनतालाई जागरूक तथा क्रियाशील तुल्याउनु नितान्त आवश्यक छ । आफ्नो एक शताब्दीभन्दा बढी समयको शिथिलताले प्रत्येक नेपालीलाई नराम्रोसँग अँठ्याएको छ भन्नु अत्युक्ति नहोला । यस्तो अवस्थामा चारपाँच वर्षमा एकपटक हुने देशव्यापी चुनावमा मतदान दिने अधिकार दिएर मात्र देशभरिका मानिसलाई आफ्नो विकासतर्फ क्रियाशील गराउनु गाह्रो छ । यसकारणले सुतेका मानिसलाई घचघच्याएर बिउँझाएझैं प्रत्येक नेपालीलाई काम गर्न कर लगाई जागरूक तुल्याउन परेको छ ।

काम गर्न सिकाउने सबभन्दा राम्रो उपाय काम गर्न लाउनु हो । पानीमा नपसी पाखामा बसेर जतिसुकै तर्क गरे तापनि कोही पौडी खेल्न जान्दैन । त्यसै गरी काम नगरी कोही पनि काम गर्न जान्दैन । यसले गाउँ गाउँमा ग्राम पञ्चायत खडा गरी प्रत्येक ग्रामनिवासीलाई उसको ग्रामको शासनभार उसको काँधमा हालिदिएपछि उसलाई विचार गर्न र सोहीबमोजिम काम गर्न करै लाग्छ । उसले जानी नजानी काम गर्न अघि सर्नै पर्छ ।

गाउँ भनेको जिल्लाको एउटा अङ्ग हुनाले गाउँबासीले जिल्लाको प्रश्नमा पनि अभिरूचि लिन पाउँछन् र जिल्ला पनि प्रगतिशील हुन्छ । यसरी पञ्चायत प्रणाली नेपाली जातिलाई एकातिर उसको कर्तव्यतिर क्रियाशील गराउन खोज्छ औ अर्कोतिर जातिका प्रत्येक व्यक्तिको शक्ति देशको विकास तथा निर्माणतिर लाउन खोज्छ । यो प्रणालीबाट जुन सम्मिलित शक्तिको सृष्टि हुने छ त्यसले हाम्रो एक शताब्दीदेखि बढीको अकर्मण्यताले ल्याएको अप्रगतिशीलतालाई अल्प समयमा नै निर्मूल पारी देशमा जिउँदो कर्मण्यताको वातावरण ल्याउने छ ।

गाउँको सानो क्षेत्रमा परिमाणमा काम गर्न थालेपछि प्रत्येक नागरिकलाई विकासका काममा के मूल्य रहेछ तथा त्यो सफलतापूर्वक कसरी गर्नुपर्ने रहेछ भन्ने कुराको व्यावहारिक ज्ञान प्राप्त हुने छ । गाउँका नागरिकहरू आफ्ना प्रयासले गाउँबाट निरक्षरता निवारण गर्न सफल भएपछि समस्त जिल्लाबाट निरक्षरता सजिलैसित निर्मूल हुने कुरामा सन्देह नै रहँदैन । समस्त जिल्ला साक्षर भएपछि अरू प्रकारको विकासको कार्य गर्ने जुन शक्ति त्यस जिल्लाले प्राप्त गर्ने छ त्यो एउटा ठूलो कुरो हुने छ । विकास तथा प्रगति भनेको अन्ततः विचार गरी हेर्‍यो भने ज्ञानद्वारा प्राप्त भएको साहस वा आँट नै हो । गाउँमा खानीपानीको प्रबन्ध राम्रो छैन । सम्पूर्ण गाउँलेले त्यसको सुधार गर्ने निश्चय गर्‍यो भने त्यसको सुधार कठिन हुँदैन, गाउँको कुनै कुरामा निश्चय देखेपछि जिल्लालाई पनि अघि सरी त्यो कुरामा सहायता गर्न करै लाग्ने हुन्छ । यसरी कार्य गर्ने शृङ्खला खडा भएपछि कार्य नहोला भन्नु पर्दैन ।

मानिसलाई काममा लगाउनको लागि स्थानीय स्वायत्त शासन प्रणालीको उचित विकास आवश्यक छ । पञ्चायत भन्नाले एक राजनीतिक दर्शनको पनि परिकल्पना अहिले हामी गर्दछौ तर पञ्चायत स्थानीय स्वायत्त शासन प्रणालीको रूपमा नेपालमा प्रयोग भइसकेको कुरा हो ।

सबभन्दा पहिले विक्रम संवत् १९८३ सालमा एक सनदबाट दाङ देउखुरी जिल्लामा मान्यजन कचहरीको नामबाट पञ्चायत खुलेको थियो । यसका मान्यजन अर्थात् पञ्चहरू स्थानीय मानिसहरूले नै रोज्ने गरिएको थियो । यसको काम गाउँघरमा उठेका ऐनले मिलाउने हो, सानातिना मुद्दाहरू गाउँघरैमा छानिएका पञ्चहरू र झगडिया भलाद्मीहरू समेत भई पञ्चायत गरी भरसक सम्झाईबुझाई मिले मिलाइदिने, नमिले अदालत अमिनीमा नालेस गर्न जानू भनी सुनाइदिने गर्ने थियो । यसबाहेक चोरडाँकाको बचाउ गर्नु, जग्गा

आवाद गराउने, बाँधकुलो पानीको हेरविचार बरबन्दोबस्त गर्ने, थारू जातिको जात स्थितिरीति, झगडा, मुद्दा विषय पञ्चायत गरी मिले मिलाइदिने मिलाउन नसके अमालीले फैसला गर्नू भन्ने भएको थियो ।

यस्तै गरी विक्रम संवत् १९८७ सालतिर भक्तपुर इलाकामा २ ठाउँ, ललितपुर इलाका लुभु गाउँ समेत ६ ठाउँ, काठमाडौँमा १ ठाउँ समेत ९ ठाउँमा पञ्चायत खोलिएका थिए । पछि फेरि तराई क्षेत्रको सप्तरी बेगरीमा पहाडी क्षेत्रको पूर्व २ नं., पश्चिम ३ नं. मा जिल्लाका बडाहाकिमका तजबिजले गाउँ मौजा पिच्छे वा ४, ५ गाउँ मौजाको १ पञ्चायतका हिसाबले खोल्न पाउने व्यवस्था विक्रम संवत् १९९३ सालमा भएको थियो । यसको निमित्त पञ्चायती नियमावली पनि बनेको थियो र यसद्वारा मुख्य पञ्चमा तालुकदार, जिम्मावाल रहन्थे र अरू पञ्चमा रैती दुनियाँले छानेका हुन्थे ।

खडा भएका यी पञ्चायतहरूबाट रैती दुनियाँहरूलाई दुःख पिर नपरी गाउँघरमा पञ्चायत गरी सानातिना मुद्दा मामिला मिल्न पाउँदा सुबिस्ता भएको जाहेरी आएको हुँदा विक्रम संवत् २००३ सालतिर तराई जिल्लाका पञ्चायतका निमित्त २ वर्षका लागि एक नियमावली सदरसम्म भएको थियो र सो नियमावलीद्वारा धेरैले छानेका मुख्य पञ्चमा र अरू छानिएका पञ्च र सरकारले मुकरर गरेको १ समेत गरी जम्मा ८ सदस्य रहने भएका थिए । यसै नियमावलीबमोजिम १०० सम्मको बिगो रू. २५ सम्म दण्ड हुने मुद्दा पञ्चायतले हेरी फैसला गर्न पाउने थियो र पञ्चायतबाट मिलाउन र छिन्न फैसला गर्न पाउने मुद्दा पञ्चायतको निस्सापुर्जी नलिई सोझै अदालत अमिनीमा नालेस नलाग्ने भएको थियो । अदालती अधिकारबाहेक यस नियमावलीमा शिक्षा, खेतीपातीको उन्नति गर्ने बाँधपैन, कुलो, बाटो आदिजस्ता रचनात्मक काम र गाउँको शान्ति सुरक्षाबारे पनि उल्लेख भएको थियो ।

तर यो नियमावली जारी हुन पाइसकेको थिएन, देशमा नागरिक अधिकारको निमित्त जनता उत्सुकतापूर्वक जागरूक हुँदै गएको तत्कालीन सरकारले महसुस गरी देशभरि स्थापना भएका पञ्चायतहरूमा एकै रूलनियमबाट राम्रो हिसाबसँग काम हुने गराउन र जनतालाई स्थानीय प्रशासन तथा रचनात्मक काममा सरिक गराउने किसिमको ऐन तर्जुमा गर्न वैधानिक समितिको गठन भएको र यसै वैधानिक समितिद्वारा तर्जुमा गरिएका पञ्चायती अदालतको ऐन, २००६ साल आश्विन ९ गतेमा र गाउँ पञ्चायत ऐन, २००६ साल आश्विन १९ गतेमा प्रकाश भई जारी भयो र पहिलेको मान्यजन कचहरी आदि सबै पञ्चायत खारेज भई अब मुलुकभरि एकैनाससँग पञ्चायत गठन हुने व्यवस्था भयो ।

उक्त गाउँ पञ्चायत ऐन, २००६ बाट गाउँ पञ्चायतहरूले ऐनद्वारा मान्यता प्राप्त गरे र गाउँ अथवा गाउँहरूको समूहमा गाउँ सभा स्थापना हुने भयो र गाउँ सभाका इलाकाभित्र बस्ने २१ वर्ष उमेर पुगेका जति सबै गाउँलेहरू सभामा सदस्य हुने भए । यी सदस्यहरूले गाउँ सभाको निमित्त आफूमध्येबाट एकजना सभापति र एकजना उपसभापति र कार्यकारिणी (पञ्चायत) को निमित्त सरकारले तोकिदिएबमोजिमका सदस्य सङ्ख्या हुने भयो र प्रत्येक वर्ष १/३ सदस्य हट्न जाने किसिमसँग छान्न सकिने भयो । ऐनमा

उल्लेख भएअनुसार रचनात्मक तथा विकास कार्यको निमित्त पञ्चायतहरूले सदर तालुक अड्डाबाट निकासा लिई मालपोतको अङ्कमा सयकडा ५ मा नबढाई जमिनमा र व्यापारमा फिस लिई गरेको कुनै पेसामा कर र यी दुवै कर नलागेकालाई दुवै करभन्दा बढ्ता नपर्ने गरी घरधुरीमा पनि रकम लगाउन नै सकिने गरी आर्थिक स्रोतको व्यवस्था भएको थियो ।

अदालती अधिकारमा पञ्चायतले हेर्ने, छिन्ने, फैसला गर्न सक्ने मुद्दाहरू पञ्चायती अदालत ऐनमा स्पष्ट किटान भएको र त्यस्तो मुद्दामा फैसला गरेकोमा अमिनी अदालतले गरे सरह मान्यता हुन जाने व्यवस्था भयो ।

उपर्युक्त ऐनअनुसार २००७ सालको क्रान्ति हुनुपहिले सम्ममा भरमुलुकमा गरी गाउँ पञ्चायतहरू १७१ गठन भएका थिए र २००७ सालमा प्रजातन्त्रको प्रादुर्भाव भएपछि पञ्चायत प्रणालीलाई अझै व्यापक रूपमा बढाउने उद्देश्यबाट मुलुकभरको विभिन्न क्षेत्रहरूमा गाउँ पञ्चायतहरू गठन गर्न डोरहरू खटिँदै गए र २०१३ सालसम्ममा ७९१ वटा गाउँ पञ्चायतहरू गठन भइसकेका थिए । तर गठन भएका यी गाउँ पञ्चायतहरूमध्ये ८।१० लेबाहेक अरूले गाउँ पञ्चायत इलाकाभित्र गर्नुपर्ने रचनात्मक काम गर्नेतर्फ ध्यानै नदी अदालती अधिकारको प्रयोग गर्नेतर्फ मात्र दत्तचित्त भएको देखिएकोले २०१३ सालमा २००६ सालको गाउँ ऐन र पञ्चायती अदालती ऐन दुवै खारेज गरी गाउँ पञ्चायत ऐन, २०१३ प्रकाशित गरी जारी समेत गरियो ।

यस ऐनअनुसार गाउँ पञ्चायतहरूले गाउँको विकास गर्ने रचनात्मक कार्यतर्फ विशेष ध्यान दिनुपर्ने भयो र इलाका अदालतलाई भए सरह नेपाल अधिराज्यभरका सबै वा केही गाउँ पञ्चायतहरूलाई श्री ५ को सरकारको आदेशद्वारा मात्र अदालती अधिकार दिन सक्ने व्यवस्था गरियो ।

गाउँ सभाहरू पनि तराई र उपत्यका काठमाडौँमा लगभग २, ५०० र भित्री मधेस र पहाडमा लगभग १, ००० जनसङ्ख्या भएको ठाउँमा स्थापित हुने भए । आर्थिक स्रोतको लागि गाउँ पञ्चायतले लगाउन सक्ने केही कर रकम दस्तुरबाहेक मालपोत तिर्ने प्रत्येक व्यक्तिले मालपोतको अङ्कको सयकडा ५ अनिवार्य रूपले पञ्चायतलाई बुझाउनुपर्ने भयो । यसरी नबुझाए सरकारी बाँकी सरह उठाउने उल्लेख गरियो । जिन्सी चन्दाको व्यवस्था पनि उक्त ऐनमा अनिवार्य गरिएको थियो ।

यसको साथै, भरमुलुकलाई १६ जोनमा विभाजित गरी प्रत्येक जोनमा १/१ पञ्चायत जोन इन्सपेक्टर, त्यस जोन इलाकाभित्र पर्ने माल अड्डाका सङ्ख्याको हिसाबबाट सबइन्सपेक्टरहरू र आवश्यक मद्दत समेत एक वर्षको म्यादीमा भर्ना भई जिल्ला जिल्लामा खटिई गए । ६० जति गाउँ पञ्चायत स्थापना भयो तर केही दिनपछि नै तिनीहरू खारेज गरिए । २०१६ को अन्ततिर अर्को व्यवस्था भयो । यसअनुसार काठमाडौँ उपत्यका बाहिरका ३२ जिल्लामा र उपत्यका काठमाडौँमा १ समेत गरी जम्मा ३३ ठाउँमा ३३

पञ्चायत अफिसरहरू र १०९ पञ्चायत सुपरभाइजरहरू र आवश्यक भरमद्दत समेत पञ्चायत गठन, पुनर्गठन गर्ने काम नसकिएसम्मको लागि अस्थायी नियुक्ति गरिए । यी पञ्चायत अफिसर र पञ्चायत सुपरभाइजरहरूलाई एक वर्षको तालिम दिई पठाइएको थियो । तर यो व्यवस्थाबाट पनि सन्तोषजनक काम हुन नसकेको महसुस भई यी पञ्चायत अफिसर र सुपरभाइजरहरू पनि खारेज भए ।

यसपछि देशमा माथिबाट लादिएको प्रजातन्त्र अफापसिद्ध भएकोले प्रजातन्त्रको जग तलैबाट बसाल्दै लैजाने पद्धति नै सर्वउपयुक्त छ भनी **श्री ५ महाराजाधिराज**बाट पौष २२, २०१७ का दिन हुकुम बक्सेपछि पञ्चायती व्यवस्थाको सङ्गठनात्मक काम प्रारम्भ भयो ।

भरमुलुकलाई १४ अञ्चल र ७५ विकास जिल्लामा विभाजित गरियो र प्रत्येक अञ्चलमा ग्याजेटेड तृतीय श्रेणीका १/१ पञ्चायत अफिसर र प्रत्येक विकास जिल्लामा १/१ पञ्चायत सुपरभाइजर राख्ने गरी १४ पञ्चायत अफिसरहरू र ७५ पञ्चायत सुपरभाइजरहरू नियुक्ति गरी १ महिनाको तालिम दिई जिल्ला जिल्लामा पठाइयो ।

गाउँ पञ्चायत ऐन, २०१३ र नगरपालिका ऐन, २००९ खारेज भई त्यसको ठाउँमा गाउँ पञ्चायत ऐन, २०१८ र नगर पञ्चायत ऐन, २०१९ जारी भयो । त्यसको साथै जिल्ला पञ्चायत ऐन, २०१९ अञ्चल पञ्चायत ऐन, २०१९ समेत जारी भई भरमुलुकमा गाउँ पञ्चायत, जिल्ला पञ्चायत र अञ्चल पञ्चायतहरूको स्थापना भई सकी राष्ट्रिय पञ्चायतको समेत गठन भइसकेको छ ।

तहतहमा विभाजित आजको पञ्चायत व्यवस्था स्थानीय स्वायत्त शासनको रूपमामात्र छैन । **श्री ५ महेन्द्र**को नेतृत्वमा यसले एक राजनीतिक दर्शनको रूप लिएको छ । पञ्चायत हाम्रो लागि प्रजातन्त्र प्राप्तिको साधनको रूपमा छ । गाउँ र जिल्ला पञ्चायतको तहसम्म अहिले पनि पञ्चायतको रूप स्थानीय स्वायत्त शासनको नै छ र अञ्चल तथा राष्ट्रिय पञ्चायतको राजनीतिक अधिकार समेत प्राप्त गरेका छन् । तल्लो तहमा पञ्चायतलाई विकास र प्रशासन दुवै कार्यको लागि जिम्मेदार बनाइएको छ ।

पञ्चायत प्रणालीले विकासका पथमा मानिसलाई अगाडि बढ्न जो मानसिक तत्परता चाहिन्छ त्यसलाई शीघ्रातिशीघ्र सृष्टि गर्ने हुनाले विकेन्द्रीकरण नितान्त आवश्यक भएको हो । मानिसलाई देशको कार्य गर्न अघि सार्न परेको छ औ देशका कुरा बुझ्ने औ तिनमा चाख लिने तुल्याउन परेको छ । परबाट जति कुरा भने तापनि ग्रामीण जनता सो कुरा बुझ्न सक्दैनन् तर उनीहरूलाई गाउँको शासनको उत्तरदायित्व सुम्पियो भने उसलाई काम गर्न करै लाग्छ । अब त मैले नै काम गर्नपर्ने रहेछ भन्ने चाल पाएपछि ऊ खुसीसाथ काम गर्न थाल्दछ । श्री मछिन्द्रनाथको रथ हिंड्दै हिंड्दैन, एकचोटि सबैका हैंसेहोस्टेले हिंड्न थालेपछि दगुर्न थाल्छ ।

जातिको अन्तर्निहित शक्ति अहिले अकर्मण्यताले गर्दा नष्ट भइरहेको छ । ग्राम निवासीले नगरी नहुने काम जेनतेन गरी चुप लागेर बस्छन् । अर्काको छिद्रान्वेषण गर्छन् । किनभने

उनले गर्नपर्ने काम केही छैन । उनी स्वयं काम गर्न थालेपछि अर्काको छिद्रान्वेषण नगरी आफै काम गर्न थाल्दछन् र उनीहरूको शक्तिको दुरूपयोग हुन पाउँदैन । यो शक्ति विकसित गराउन ग्रामबासीहरूलाई पूर्ण रूपले उत्तरदायित्व प्रदान गरी अघि सार्न पर्छ ।

नेपाली जातिमा अनेक गुण विद्यमान् छन् । यो जातिले आँटे गर्ननसक्ने काम थोरै छन् । केवल यसलाई मार्ग प्रदर्शन गर्ने नेतृत्व तथा उचित तालिमको आवश्यकता छ । **श्री ५ महाराजाधिराज** सरकारको सक्रिय नेतृत्व प्राप्त गर्ने यसलाई अहिले जो सौभाग्य प्राप्त भएको छ सो एउटा महान् प्रेरणा तथा स्फुर्तिदायक शक्ति छ । पुस्ता दरपुस्ताका उद्योगले पहाडमा ढुङ्गे पहरा फोरेर गरा बनाई अन्न उब्जाउन सक्ने यो जाति छ । मधेसका हिंस्रक पशुसित लडाइँ गरी वन फाँडी खेती गरी अन्नको उत्पादन गर्न पनि नेपालीहरू नै समर्थ भएका छन् । यस्तो नैसर्गिक शक्ति भएको जाति आज किंकर्तव्यविमुढ भएर बस्नपर्ने केही कारण छैन, केवल आँट्न परेको छ, साहस गर्नपरेको छ । त्यो साहस गर्न सिकाउन शक्तिको विकेन्द्रीकरणको अत्यन्त आवश्यक छ । **श्री ५ महाराजाधिराज** सरकारको नेतृत्वको मूल अभिप्राय पनि यही छ । मौसुफ सरकारको प्रत्येक नेपालीलाई आफ्नो नेता आफै भई देशको शासनमा भाग लिने आह्वान छ । यो काम हामीले गर्नुपर्छ औ राम्ररी गर्नुपर्छ भन्ने बुझ्न नेपाली जातिका मनमा पऱ्यो भने यो जाति अवश्य विकासको पथमा पूर्ण निश्चय तथा तत्परताका साथ अगाडि बढ्ने छ । एउटा गाउँ राम्रो भयो भने अर्को गाउँलाई पनि राम्रो हुन करै लाग्छ । एउटा जिल्ला प्रगतिशील भए अर्को जिल्ला चुप लागेर बस्न सक्दैन ।

योभन्दा अघि गरिएको प्रजातान्त्रिक प्रयोग साधारण जनतासम्म नपुगी माथि नै केही व्यक्तिहरूसम्म मात्र सीमित रहेको कुराका अनुभवबाट **श्री ५ महाराजाधिराज** सरकारबाट नेपालमा प्रजातान्त्रिक पद्धतिको वास्तविक विकासको निमित्त प्रत्येक नेपालीका विचारमा परिवर्तन ल्याउनपर्छ भन्ने विचार गरिबक्सी पञ्चायत प्रणालीको परिकल्पना गरिबक्स्यो । हुन त यो प्रणाली समस्त संसार तथा हाम्रो देशमा पनि प्राचीन कालदेखि चलेको थियो तर **श्री ५ महाराजाधिराज** सरकारका परिकल्पनाको यो प्रणालीले प्रणालीको सबैभन्दा तल्लो स्तर गाउँ पञ्चायतलाई पनि शासनाधिकार प्रदान गरी साधारण ग्रामीण जनता तथा उनका प्रतिनिधि दुवैलाई राजनीतिक विचार गर्न करै लाउँछ किनभने गाउँको उन्नति यसै संस्थामा निर्भर गर्छ । यसप्रकार गाउँका साधारण मानिसले पनि विचार गर्न तथा क्रियाशील हुन बाध्य हुनुपर्छ । यसै गरी गाउँबाट छानिएका प्रतिनिधिहरूले जिल्ला पञ्चायतमा गएर जिल्लाको उन्नति गर्नपर्ने हुँदा उनीहरूको कार्यपट्टि सम्पूर्ण जिल्ला जागरूक हुनु आवश्यक हुन्छ ।

यो प्रणाली यसप्रकारले सम्पूर्ण नेपालीहरूमा जागरूकता तथा क्रियाशीलता अत्यन्त अल्प समयमा ल्याउन समर्थ हुने छ भन्ने आशा गरिएको छ । नेपाल अधिराज्यभरिका विविध प्रकारका पञ्चहरूले सामाजिक पृथकताको कुरा आफ्ना मनबाट पूर्णतया झिकी दी सामाजिक वा परम्परागत कुनै प्रकारको अवरोधमा नअल्झी देशको विकास गरून् भनी

नेपाल अधिराज्यको मुलुकी ऐनमा गरिएका महत्त्वपूर्ण परिवर्तनले पञ्चायत प्रणालीको विकासमा ठूलो सहायता गर्ने छ ।

कृषि सुधार ऐनद्वारा पनि हाम्रो देशमा भूमि व्यवस्थामा क्रान्तिकारी परिवर्तन ल्याएको छ तथा हाम्रा पञ्चायतहरूले यस्ता क्रान्तिकारी परिवर्तनका पृष्ठभूमिमा कार्य गर्नपरेको छ । संशोधित मुलुकी ऐन तथा कृषि सुधार ऐनबाट हाम्रो देशमा जो क्रान्तिकारी परिवर्तन सम्भव छन् तिनको व्याख्या गर्ने ठाउँ यहाँ छैन । यी दुवै सुधारद्वारा हाम्रा पञ्चायतहरूलाई विकासको कार्य तथा अरू कार्य गर्ने ठूलो प्रजातान्त्रिक आधार प्राप्त हुने छ भन्ने आशा छ ।

उपर्युक्त कुराहरूबाट पञ्चायत प्रणालीका मुलभूत सिद्धान्त पूर्णतया प्रजातान्त्रिक भएको तथा तिनको आधार स्वतन्त्रता, समानता तथा भ्रातृत्व भएको कुरा स्पष्ट हुन्छ । यसै सैद्धान्तिक आधारमा हामीले पञ्चायत प्रणालीको व्यावहारिक पक्षमा विचार गर्नुपरेको छ । हाम्रा पञ्चायतको यसै सैद्धान्तिक आधार सुहाउँदो प्रगतिशीलतापूर्ण व्यावहारिक विकास शीघ्रातिशीघ्र हुनु नितान्त आवश्यक छ तथा प्रगतिको पथमा पछि परेका हामीहरूले जति सक्यो उति चाँडो हिँड्नुपरेको छ ।

परिच्छेद : २

# आदर्श पञ्चायत

**पौष** २२ गते २०१७ मा **श्री ५ महाराजाधिराज**बाट राष्ट्रको नाममा बक्सेको शाही सन्देशद्वारा सरकारको वर्तमान राजनीतिक व्यवस्थालाई पञ्चायत हुकुम भएको छ । स्थानीय स्वायत्त शासनका संस्थाहरूद्वारा जनतालाई प्रशासनमा सरिक तुल्याउने उद्देश्यले पञ्चायतलाई ग्राम, जिल्ला, अञ्चल र केन्द्रीय स्तरमा विभाजन गरी प्रत्येक स्तरमा एक सभा र एक कार्यपालिकाको स्थापना भएको छ । पञ्चायतको स्थापना गर्दा नै यो मानिएको छ कि स्थानीय सरकारको रूपमा यी विभिन्न पञ्चायतले काम गर्ने छन् । पञ्चायतलाई शक्ति प्रदान गर्दा प्रशासनको विकेन्द्रीकरण अत्यावश्यक छ । राष्ट्रव्यापी समस्यामा जसरी राष्ट्रिय पञ्चायतले ध्यान दिन्छ त्यसरी नै स्थानीय समस्यामा स्थानीय पञ्चायतले दिने छ । ग्राम र जिल्लामा तोकिएको काम दिएर त्यसको सञ्चालनको लागि तोकिएको अधिकार प्रदान गरी एक प्रशासन यन्त्रको स्थापनाले स्वतः स्थानीय सरकारको जग बलियो हुँदै जाने छ । यसरी पञ्चायतलाई प्रदान गरिने अधिकारका सम्बन्धमा विचार गर्दा देशको वर्तमान आर्थिक, सामाजिक, शैक्षिक र प्रशासन कठिनाइहरूलाई पनि ध्यानमा राख्नु जरूरी छ । पूर्ण प्रशासकीय विकेन्द्रीकरण पञ्चायतको लक्ष्य हो तापनि देशभरि एकैपटक यो काम सम्भव छैन । पञ्चायत भन्ने शब्द नेपालीको लागि नयाँ नभए पनि अनेकौँ वर्षदेखि शक्ति केन्द्रित रहेको परम्परामा रहेको हाम्रो देशमा यसको विकेन्द्रीकरण चिताउनेबित्तिकै सम्भव छैन । आदर्श पञ्चायतको स्थापना गर्दा उठेका समस्याहरूको राम्रो अध्ययन तथा समाधानको उपाय पत्ता लगाई बिस्तारबिस्तार पञ्चायतलाई सम्पूर्ण अधिकार दिँदैजानु उपयुक्त देखिन्छ । यसै आधारमा आदर्श पञ्चायतको निर्माण आवश्यक देखिन्छ । यो आदर्श पञ्चायत गाउँ पञ्चायत र जिल्ला पञ्चायत दुवै रूपको हुने छ । स्थानीय योग्यतामा स्थानीय समस्या समाधान गर्न सक्ने शक्ति ठूलो रहन्छ भन्ने विश्वासमा नै पञ्चायत पद्धतिलाई राजनीतिमा प्रयोग गरिएको हो । आफ्नो भरमा उभिने नेपालीको आकाङ्क्षा आजको अवस्थामा प्रतिबिम्बित भएको छ भन्ने **श्री ५** को महान् वाणी हामीले बिर्सिनु हुन्न ।

## आदर्श ग्राम पञ्चायत

सरकारको सबभन्दा तल्लो एकाइ ग्राम पञ्चायतलाई मानिने छ । राज्य सञ्चालनमा आवश्यक पर्ने परराष्ट्र र रक्षाबाहेक अरू सबै आवश्यक अङ्गको अधिकार ग्राम पञ्चायतलाई दिइने छ । यसरी विचार गर्दा ग्राम पञ्चायतको ग्राम सभाले ग्राम संसद्को काम गर्ने छ र ग्राम पञ्चायतले ग्राम मन्त्रिपरिषद्को । वर्षमा दुईपटक भेला भएर ग्राम सभाको ग्राम पञ्चायतका योजनाहरूमाथि छलफल गरी निर्णय दिने छ । देशमा राष्ट्रिय पञ्चायतको जुन अधिकार छ त्यही अधिकार आफ्नो ठाउँभित्रको प्रबन्धलाई ग्राम सभालाई प्राप्त हुने छ । ग्राम पञ्चायतका प्रत्येक पञ्चको अधीनमा निश्चित काम रहने छ । प्रत्येक पञ्चलाई उसको निश्चित कामको लागि ट्रेनिङको व्यवस्था रहने छ र यसरी ट्रेनिङ दिँदा

उसको कामसम्बन्धी विषयमा गाउँको साथसाथै जिल्ला एवं अञ्चलको त्यस विषयसम्बन्धी केही ज्ञान उसलाई गराइन्छ । उदाहरणको लागि ग्राम सुरक्षा, स्वास्थ्य, शिक्षा, यातायात, कृषि, वन, सहकारी, अर्थ, सामाजिक सुधार, न्याय आदि कार्यविभाजनमा गाउँका समस्यालाई बाँड्न सकिन्छ । नौजना पञ्चले यसरी एक काम जिम्मा लिएपछि उनीहरूले आफ्नो आफ्नो काममा ध्यान दिएको नदिएको हेर्ने मौका ग्रामीण जनताले पाउन सक्ने छन् । यो कार्यविभाजन प्रधानपञ्चले पञ्चहरूको योग्यता र रूचि हेरी गर्ने छ र कार्यविभाजन भएपछि आवश्यकतानुसार ट्रेनिङ र पछि रिफ्रेसर कोर्सको पनि व्यवस्था हुनुपर्छ । यसरी एउटा सानो कर्तव्य परायण सरकारको स्थापना गाउँमा हुने छ जसलाई हामी ग्राम सरकार भन्न सक्दछौ । यस ग्राम पञ्चायतलाई सघाउन एक सचिव र चौकीदार रहने छ । साधारणतया यो यस्तो व्यक्ति हुनुपर्दछ यसको जिम्मा पञ्चायतको अफिसियल कामबाहेक मालपोत उठाउने, खेतीसम्बन्धी ज्ञान, प्राथमिक उपचार, हुलाक र पाठशालाको शिक्षक अथवा यस्तै अरू पनि केही काम रहने छन् । निजलाई माथि उल्लेख गरिएका कामको बेग्लै ट्रेनिङ दिने आवश्यकता पर्ने छ । यी सचिवहरू ग्राम पञ्चायतसँग सम्बन्धित भए पनि यिनको नियुक्ति ग्राम पञ्चायतको सिफारिसमा जिल्ला पञ्चायतबाट हुनुपर्दछ । ग्राम पञ्चायतमा गरेको काम र सिफारिसले मात्र यिनीहरूको सरूवा र बढुवा हुनुपर्दछ । चौकीदारले ग्राम रक्षक र पिउनको काम समेत गर्ने छ ।

माथि लेखिएझैँ कार्यविभाजन गरिएका पञ्चहरूले आफ्नो आफ्नो कामको रेकर्ड राख्ने छन् । नयाँ काम गर्दा सम्पूर्ण ग्राम पञ्चायतको स्वीकृति आवश्यक हुने छ । ग्राम सुरक्षाको लागि स्वयंसेवक सङ्गठन गरी उनीहरूलाई आवश्यक तालिम दिन सकिने छ । यो काम युवक सङ्गठनको ग्राम शाखाबाट गराउन सके झन् वेश हुन्छ । सुरूमा ग्राम पञ्चायतहरूले लट्ठी र खुकुरी आदिले स्वयंसेवकलाई तालिम दिने छन् तर पछि आवश्यक देखिएमा १० वटासम्म बन्दुक दिने निर्णय श्री ५ को सरकारको स्वीकृतिले जिल्ला पञ्चायतले गर्न सक्ने छ । जब गाउँका साहुमहाजन र ठूलाठालुलाई बन्दुक राख्ने अधिकार दिन सकिन्छ भने ग्राम पञ्चायतको अनुशासनमा रहेका स्वयंसेवक सङ्गठनलाई हतियार दिन नसकिने कारण नै छैन । जिल्ला पञ्चायतको सुरक्षा समितिलाई चौकीदारद्वारा बराबर खबर पठाइने छ र ग्राम पञ्चायतमा कुनै नयाँ मानिस देखा पर्‍यो भने उसको पूरा हुलिया लिई राखिने छ र आवश्यक भए जिल्ला पञ्चायतलाई खबर दिइने छ ।

स्वास्थ्यको हकमा सफाइ कार्यमा विशेष ध्यान दिइने छ । इनार, पोखरी तथा अरू पानी जम्ने ठाउँ सफा रहनु, कुनै रोग बढेमा त्यसको रोकथाम उपाय, स्वास्थ्यसम्बन्धी प्राथमिक उपचार र आम जनतासँग सम्बन्धित बिफर, हैजा, टाइफाइड आदिको औषधी वितरण कार्यको अवस्था नपर्ने गर्नु नै आदर्श पञ्चायतको सफलताको चिन्ह हो ।

ग्राम पञ्चायतको प्रशासनको विस्तृत वर्णन हामीले गर्‍यौँ तर पञ्चहरूको यस कार्यविभाजन सचिवको र चौकीदारको नियुक्ति आदिले गर्दा एक ठूलो ग्राम पञ्चायत कोषको आवश्यकता पर्ने छ केवल सरकारी सहायताको आधारमा यत्रो काम गर्न सकिने छैन र पञ्चायतको यो उद्देश्य पनि होइन । प्रत्येक ग्राम पञ्चायत आफूमा नै निर्भर हुन सक्ने

हुनुपर्दछ र बाह्य सहायता बढी काम गर्ने साधनको रूपमा मात्र हुनुपर्दछ । यसउसले पञ्चायत कोषतर्फ हामीले ध्यान दिनु अत्यावश्यक छ । निम्नलिखित आयस्ताको बाटो सहजै ग्राम पञ्चायतलाई दिन सकिन्छ :-

(१) मालपोतको १० प्रतिशत (आफ्नो पञ्चायतभित्रको मालपोत उठाउने काम ग्राम पञ्चायतले गर्दछ ।)

(२) आय करको ५ प्रतिशत –आय कर उठाउने काम ग्राम पञ्चायतले गर्दछ)

(३) पञ्चायत वनबाट उठेको आय,

(४) २, ००० रू. सम्मको रजिस्ट्रेसन फिस रेडियो, बन्दुक, सवारी र ड्राइभिङ लाइसेन्सको रिन्यु दस्तुरको ५० प्रतिशत (बाँकी ५० प्रतिशत जिल्ला पञ्चायतलाई),

(५) पञ्चायतले लगाएको विभिन्न कर,

(६) पञ्चायतले चलाएका कामको आयस्ता ।

यी विभिन्न आयका स्रोतबाहेक पनि ग्राम पञ्चायतले जिल्ला पञ्चायतबाट विभिन्न योजनामा केही सहायता रकम पाउने छ । आफ्नो योजना तयार गर्दा ग्राम पञ्चायतले यसलाई दुई भागमा पाउने छ । (क) आफ्नो आयस्ताबाट निर्माण गरिने र चलाइने योजना (ख) जिल्ला पञ्चायतको सहायताबाट निर्माण गरिने योजना । यो दोस्रो किसिमको योजना ग्राम पञ्चायतले आफैले चलाउने किसिमको हुन सक्छ र जिल्ला पञ्चायतले पछिसम्म पूर्ण या केही आंशिक सहायता दिनुपर्ने पनि हुन सक्दछ । जुन अवस्थामा पनि दोस्रो किसिमको योजनाको लागि जिल्ला पञ्चायतको पूर्व स्वीकृति हुने छ । प्रथम योजनाको हकमा ग्राम पञ्चायत पूर्ण स्वतन्त्र रहने छ तर योजनाको पूर्ण रूप र त्यसका आवश्यक तथ्याङ्क जिल्ला पञ्चायतमा पठाउनुपर्ने छ । उदाहरणको लागि एक थप प्राथमिक स्कुल चाहियो । यसको लागि ग्राम पञ्चायतसँग आफ्नै कोष स्कुल बनाउन र पछिसम्म सञ्चालन गर्नु छ भने स्कुलको लागि स्वीकृतिको आवश्यकता छैन तर कतिसम्म दर्जाको कस्तो किसिमको कुन ठाउँमा कति रूपियाँले स्कुल बन्न थालेको हो, कति विद्यार्थी छन् र कति शिक्षक छन् आदि सूचना जिल्ला पञ्चायतलाई दिनुपर्ने छ । अब त्यही स्कुलमा जिल्ला पञ्चायतको सहायता चाहिने भएमा स्कुल दोस्रो सालको योजनामा पर्‍यो र यस अवस्थामा जिल्ला पञ्चायतको स्वीकृति नभई काम थालिनु हुँदैन । पहिलो किसिमको योजनामा पूर्ण अधिकार भए पनि सूचना दिनुपर्ने कारण केन्द्रीय योजनामा सहायता गर्ने हो । दोस्रोको हकमा योजना मन्त्रालयलाई सूचना र साथै जिल्ला पञ्चायतको कोषको अवस्थाबमोजिम निर्णय गर्नलाई सजिलो होस् भन्ना खातिर हो । आदर्श ग्राम पञ्चायतको यस कामकाजमा सहायता गर्नलाई आदर्श जिल्ला पञ्चायतको स्थापना हुने छ ।

# आदर्श जिल्ला पञ्चायत

विभिन्न आदर्श ग्राम पञ्चायतबाट एकएक प्रतिनिधि जिल्ला सभामा आउने छन् । जिल्ला सभाको बैठक कमसेकम सालमा दुईपटक बस्ने छ र यसले जिल्ला संसद्को काम गर्ने छ । जिल्लाको आयव्ययको विवरण र अरू कामकाजको विवरण जिल्ला पञ्चायतले जिल्ला सभाबाट निर्णय गराउनुपर्ने छ । जिल्ला पञ्चायतले जिल्ला मन्त्रिपरिषद्को रूपमा काम गर्ने छ र ग्राम पञ्चायतका झैँ यसका पनि विभिन्न पञ्चहरूको जिल्लामा बेग्लाबेग्लै विभाग रहने छन् । यी पञ्चहरूलाई आफ्नो जिल्लाको समस्यामा पूर्ण ज्ञान रहने छ र साथै अञ्चल र केन्द्रको सम्बन्धित समस्याको पनि जानकारी हुने छ । जिल्ला पञ्चायतको सचिवमा काम गर्न केन्द्रबाटै श्री ५ को सरकारले एउटा अफिसर खटाउने छ । यो सचिवको नियुक्ति श्री ५ को सरकारबाट भए पनि यिनीहरूको सरूवा र बढुवामा सम्बन्धित जिल्ला पञ्चायतको सिफारिसले असर पार्ने छ । जिल्ला स्तरमा श्री ५ को सरकारको प्रतिनिधिको रूपमा सचिवले काम गर्नुपरेकोले सचिवको योग्यता, दक्षता, कर्तव्यपरायणता र इमानदारीमा ध्यान दिनुपर्ने अत्यन्त आवश्यकता छ । सचिवबाहेक जिल्लाका सबै कर्मचारी जिल्ला पञ्चायतका आफ्ना कर्मचारी हुने छन् । यसको नियुक्ति, सरूवा र बढुवामा जिल्ला पञ्चायतको पूर्ण अधिकार रहने छ । जिल्ला पञ्चायतका सचिवालय जिल्ला पञ्चायतका सचिवको रेखदेखमा रहने भए पनि यसका कर्मचारी विभिन्न पञ्चको काममा बाँडिने छन् । यस अवस्थामा स्वास्थ्य, शिक्षा, सहकारी, वन, कृषि प्रसार, यातायात सञ्चार आदि निरीक्षक (इन्स्पेक्टर) हरू बेग्लाबेग्लै अथवा संयुक्त रूपमा पनि हुन सक्दछन्, यी निरीक्षकहरूले विभिन्न पञ्चको अधीनमा रही काम गर्ने छन् । नीतिसम्बन्धी कुरामा जिल्ला पञ्चायतको पूर्ण अधिकार हुने छ । कार्यान्वितिमा सचिव र यो विभिन्न निर्देशकले काम गर्ने छन् । यसरी सचिवको रूप केन्द्रको तुलनामा त्यो मुख्य सचिव हुने छ जसले मन्त्रिमण्डलको सचिवको पनि काम गर्नुपर्थ्यो ।

ग्राम पञ्चायतका लागि प्रशासनको विकेन्द्रीकरण गर्ने विषयको सिलसिलामा परराष्ट्र र रक्षाबाहेक अरू सबै अधिकारको प्रत्यायोजन गर्न सकिन्छ भन्ने कुराको उल्लेख भइसकेको छ । केन्द्रीय सचिवालयको सानो रूपमा सजिलैसँग जिल्ला सचिवालयलाई बनाउन सकिन्छ । यो प्रशासनको पूर्ण खर्च जिल्ला पञ्चायतले बेहोर्ने र यसबाट सकेसम्म बढी काम सकेसम्म छोटो समयमा दिने नै पञ्चायतको उद्देश्य हो । केन्द्रको प्रत्यक्ष शासन अञ्चलसम्म गएर टुङ्गिने छ र जसरी बडाहाकिमको ठाउँमा अञ्चलाधीशको नियुक्ति भएको छ यसै गरी अञ्चल माल, अञ्चल अदालत (वर्तमान जिल्ला अदालत) अञ्चल वन निर्यात अफिस (जिल्लाको लागि चाहिने हर घरसङ्घाको पुर्जी जिल्ला पञ्चायतले दिने हुँदा), अञ्चल शिक्षा, स्वास्थ्य, यातायात आदिका अधिकारीहरू महाविद्यालय, ५० बेडभन्दा माथिको अस्पताल आदिमा केन्द्रीय रेखदेखतर्फ विचार गर्नुपरेको छ । जिल्ला पञ्चायतको अनुरोधमा तथा राम्ररी कामकाज भएको छ या छैन भन्ने कुराको रेखदेखमा बाहेक केन्द्रीय हस्तक्षेप जिल्ला प्रशासनमा हुनु हुँदैन ।

जिल्ला पञ्चायतको आफ्नो आयव्ययको हिसाब हुने छ । आफ्नो आयस्ताबाट गरिने योजनामा जिल्ला पञ्चायत स्वतन्त्र हुने छ र केवल केन्द्रीय प्लानिङको सहायतार्थ यसरी गरिएको कामको पूर्ण विवरण र ग्राम पञ्चायतबाट आएका विवरणको एकएक प्रति केन्द्रमा पठाउनुपर्ने छ । केन्द्रलाई बढी आर्थिक बोझ पर्ने कुरामा भने जिल्ला पञ्चायतले पूर्व स्वीकृति नलिई काम थाल्नु हुने छैन । जिल्ला पञ्चायतको जानकारीको लागि र जनतालाई देशको आयव्ययको पूर्ण ज्ञान होस् भन्ने उद्देश्यले केन्द्रीय बजेटको एकएक प्रति प्रत्येक जिल्ला पञ्चायतलाई उपलब्ध गराइने छ । जिल्ला पञ्चायतले यो कुरा राम्ररी बुझ्नुपरेको छ कि पराइको सहायताको भर गर्न सकिन्न । केन्द्रले उपलब्ध गरेका प्रत्येक बाह्य सहायता जिल्ला पञ्चायतलाई प्राप्त हुने छ । भविष्यमा ठूला ठूला योजनामा बढी से बढी सहायता दिए मात्र देशको आर्थिक स्तर सप्रिने हुनाले विभिन्न सामाजिक काममा लाग्ने बाह्य सहायताको रकम घटाउनुपरेको छ । जिल्ला पञ्चायत यदि राष्ट्रको आधार हो भने राष्ट्र पनि जिल्लाको प्राण हो । दुवैको सम्बन्धलाई हामीले राम्ररी बुझ्नुपरेको छ । जिल्ला पञ्चायत आदर्श भए राष्ट्र आदर्श हुने छ तर राष्ट्र स्वार्थअगाडि कुनै जिल्लाको स्वार्थको बढी महत्त्व हुन सक्दैन ।

जिल्ला पञ्चायतमा गरिने कार्यविभाजनको हकमा ग्राम पञ्चायतको कार्यविभाजनले निकै बुझिन सक्दछ । केन्द्रमा मन्त्रिपरिषद्ले पाएको सबै अधिकार आफ्ना जिल्लाभित्र जिल्ला पञ्चायतले पाउने छ भने पनि सो अझ स्पष्ट होला । जिल्लाको सुरक्षाको लागि हतियारसहित एक इन्सपेक्टर र एक प्लाटुन राख्ने अधिकार जिल्ला पञ्चायतलाई हुने छ र यसबाहेक केन्द्रको गृह रक्षाको अङ्ग जो यसै जिल्लाको अञ्चलको कुनै भागमा बसेको हुन्छ, को पनि सहायता अनुरोधमा जिल्ला पञ्चायतलाई प्राप्त हुने छ । आवश्यक देखेमा केन्द्रीय हस्तक्षेप हुन सक्छ तर यसको औचित्यको सूचना जिल्ला पञ्चायतलाई २४ घण्टाभित्र दिइने छ । यस्तै केन्द्रबाट जिल्लामा आउनेको सूचना र कुनै अरू कामकुराको सूचना पनि जिल्ला पञ्चायतलाई सम्बन्धित केन्द्रीय अङ्गले दिने छ । साधारणतया जिल्लाको कुनै मानिस पक्डिनुपरेमा जिल्ला पञ्चायतले नै पक्डेर बुझाउने छ तर अपर्झट परेमा पकडी यसको सूचना जिल्ला पञ्चायतलाई यथाशक्य चाँडै केन्द्रले दिने छ । यस किसिमबाट राष्ट्रको अभिन्न अङ्गले जिल्लाभित्रको शान्ति सुरक्षामा जिल्ला पञ्चायतको जिम्मेवारीलाई मान्यता दिइएको हो । जिल्ला पञ्चायतको आफ्नो सुधारक बन्दी गृह हुने छ जसमा दुई वर्षभन्दा बढी सजाय पाएका व्यक्ति हुने छैनन् । यसबाहेक माध्यामिक र प्राथमिक स्कुलको सहायता रकम, ५० बेडसम्मको अस्पताल, निर्यात वनबाहेकको अरू सबै वन, हाल आवादीको काम, खोलापहिरा जाँची मिनाहाको लागि जाहेर गर्ने काम, जिल्लाभित्रको हुलाक र बाटो, जिल्लाभित्रको कुलोपैनी, १०० हर्स पावरसम्मको उद्योगधन्धा (स्थानीय उत्पादनमा हुने), बन्दुक रेडियो, सवारी र ड्राइभिङ लाइसेन्स दिने अधिकार, विभिन्न मन्त्रालयको जनतासँगको सम्बन्धित कुनै एक जिल्लामा १० हजारसम्म खर्च हुने काम आदि अनेक कुरा जिल्ला पञ्चायत ऐनमा सुधार गरेर अथवा विभागबाटै लेखापढी गरेर जिल्ला पञ्चायतको जिम्मा लगाइने छ । यी सब कामको राम्ररी देखभाल गर्ने जिम्मेदारी जिल्ला पञ्चायतको हो । केन्द्रले प्राविधिज्ञ सहायताको लागि हरबखत तयार

हुनुपर्दछ । बेलाबेलाको केन्द्रीय जाँचले जिल्ला पञ्चायतलाई सुस्त हुन दिने छैन र अधिकारको दुरूपयोग नहोस् भन्ने उद्देश्यले बचाउको उपाय केन्द्रले गर्न सक्ने छ ।

जिल्ला पञ्चायतमा सभापतिको जिम्मेदारी विशेष रूपमा रहन्छ । यसकारण यसलाई केही मासिक भत्ता प्राप्त हुनुपर्दछ र अरू पञ्चहरूलाई काममा खटिएको बेला दैनिक भत्ता प्राप्त हुनुपर्दछ । यसले पञ्चहरूलाई काम गर्न विशेष प्रेरणा प्राप्त हुन सक्दछ । जिल्ला पञ्चायतमा काम गर्दा आफ्नो गाउँभन्दा बाहिर रहेर काम गर्नुपरेकोले यो अत्यावश्यक पनि छ । जिल्ला पञ्चायतबाट नै केही पञ्च राष्ट्रिय पञ्चायतमा आउने र यसैबाट नै केही जसो पञ्चहरू मन्त्रिपरिषद्मा सामेल हुने मौका पाउने भएकोले प्रत्येक केन्द्रीय स्तरको मन्त्रीको सूक्ष्म रूपमा जिल्ला पञ्चायतको पञ्चले काम गरिरहेको हुन्छ । यसकारण यी विभिन्न जिल्लामा विभिन्न विभागको रूपमा काम गर्ने यी जिल्ला पञ्चका साना साना मन्त्रीलाई केन्द्रीय मन्त्रीको अध्यक्षतामा आवश्यकतानुसार बोलाउन सकिन्छ र राष्ट्रका समस्याहरूमा छलफल गर्न सकिन्छ । यस कुरालाई ध्यानमा राखी प्रत्येक केन्द्रीय स्तरका मन्त्री र निजको मन्त्रालयले बढी से बढी अधिकार जिल्लालाई दिएर केन्द्रलाई ठूला ठूला काममा ल्याउनेतर्फ सोध्नुपर्छ । यसकारण केन्द्रबाट जिल्लामा जाने अधिकारको लागि सम्बन्धित जिल्ला र सम्बन्धित मन्त्रालयको आपसी विश्वासमा पनि धेरै कुरा छाड्नुपर्ने हुन्छ र जिल्ला पञ्चायतको बढी अधिकार नियमभन्दा परम्पराद्वारा प्राप्त भए जिल्ला पञ्चायत बढी कर्तव्यपरायण र लगनशील हुन्छ । आफूपछि सम्भावित मन्त्री अथवा राष्ट्रिय पञ्चायतको रूपमा सहयोगी सदस्यहरूलाई जिल्ला पञ्चायतको सदस्य छँदै बढी जिम्मेदारी दिएर देशका समस्याहरूप्रति बढी जागरूक पाऊँ भन्ने इच्छा प्रत्येक पञ्चायत व्यवस्थासित प्रेम भएको केन्द्रीय स्तरको मन्त्रीको हुने नै छ । जिल्ला जिल्लामा पञ्चायतको सानो सचिवालयको गठन भएर जिल्ला पञ्चायतको सबै कर्मचारीको पूर्ण भक्ति प्राप्त गरेपछि निश्चय नै जिल्ला पञ्चायतको महत्त्व स्वतः नै निकै बढ्ने छ ।

जिल्ला माल र जिल्ला अदालत (वर्तमान इलाका अदालत) जिल्ला पञ्चायतका अधीनमा जाने छन् । जिल्ला पञ्चायत वनको सुरक्षाको लागि बेग्लै कर्मचारीको आवश्यकता पञ्चायतलाई पर्ने छ र यसै गरी जिल्ला स्तरका अरू पनि धेरै कर्मचारीको आवश्यकता जिल्ला पञ्चायतलाई पर्न सक्दछ । यसले गर्दा कर्मचारीको सङ्ख्यामा वृद्धि हुने सम्भावना देखिन सक्तछ । तर वास्तवमा जिल्ला पञ्चायतमा अहिले जतिकै कामको लागि कर्मचारीको सङ्ख्या धेरै घट्ने छ । अहिले केन्द्रीय विभागका प्रतिनिधिका रूपमा बेग्लाबेग्लै नियुक्ति पाएका कर्मचारीको काम जिल्ला पञ्चायतको रेखदेखमा गाभिएपछि यतिका पिउन, टाइपिस्ट, बहिदार, मुखिया र खरिदार आदिको काम नपर्ला जति अहिले जिल्लामा छन् । श्री ५ को सरकारले अहिले पाँच वर्षको लागि यी कर्मचारीलाई जिल्ला पञ्चायतलाई पूर्ण सहायताको रूपमा दिनुपर्ने छ र यसको आर्थिक बोझ पनि बिस्तारैबिस्तारै मात्र जिल्ला पञ्चायतलाई दिन सकिने छ । अहिले एकैपटक जिल्ला पञ्चायतको आयस्ताको ख्याल नगरी यत्रो बोझ जिल्ला पञ्चायतलाई दिनु उचित देखिँदैन । जिल्ला पञ्चायतमा भविष्यको ताकत भए पनि हाल यो बालक छ, यो बिर्सिन सकिँदैन ।

जहाँसम्म जिल्ला पञ्चायत अदालतको कुरा छ, यसको हालको इलाका अदालतको रूपमा केही परिवर्तन हुने छ । यस अदालतको न्यायाधीशको योग्यता तोकी प्रत्येक तीन वर्षको लागि ग्राम र जिल्ला पञ्चायतका पञ्चहरूद्वारा चुनिने परिपाटी हुनुपर्छ । अहिले केही वर्षको लागि योग्य व्यक्ति जिल्लाको परिधिभित्र पाउन कुनै कुनै जिल्लामा मुस्किल पर्ने हुनाले त्यस जिल्लाको अञ्चलभित्रको कुनै व्यक्तिलाई उम्मेदवार हुन दिन सकिने छ । अञ्चलबाट कुनै उम्मेदवार नभए कुनै नेपाली नागरिक उम्मेदवार हुन सक्दछ । वर्तमान इलाका अदालतले पाएको सम्पूर्ण अधिकार यो पञ्चायत अदालतलाई दिन सकिन्छ । यसरी गाउँ पञ्चायतमा न्याय पञ्चको अदालत र जिल्लामा जिल्ला पञ्चायतको अदालतको लागि छुट्टै ऐन बनाउनुपर्ला । यस सम्बन्धमा कानुन विशेषज्ञले पञ्चायतको महान् उद्देश्यलाई ख्यालमा राख्दै विचार गर्नु उत्तम देखिन्छ ।

आदर्श जिल्ला पञ्चायतका विषयमा कुरा टुङ्ग्याउनुभन्दा पहिले यसमा आयका स्रोतमा पनि विचार गर्नु उत्तम देखिन्छ ।

(१) जग्गाको मालपोतको ५० प्रतिशत : जिल्ला पञ्चायतले माल कैफियत हेर्ने,

(२) आय करको २० प्रतिशत आय कर – उठाउने काम पञ्चायतले गर्ने,

(३) अधिकार प्राप्त रजिस्ट्रेसन फिस – ३, ००० देखि ५० हजारसम्मको,

(४) रेडियो, बन्दुक, सवारी, ड्राइभिङ लाइसेन्सको फिस,

(५) पञ्चायत अदालतले लगाएको दण्ड जरिवाना,

(६) अरू अदालतको दण्ड जरिवानाको ५० प्रतिशत,

(७) जिल्लाभित्रको बाटोको रोडसेस,

(८) जिल्लाको रोडसेस बिजुली र नहरको आयको अङ्श,

(९) एक सय हर्स पावरसम्मको रोयल्टी,

(१०) केन्द्रबाट प्राप्त हुने कामसम्बन्धी सहायता,

(११) जिल्ला पञ्चायतको आफ्नो आय,

(क) टेक्सबाट,
(ख) कुनै किसिमको व्यापारबाट ।

जनता आफै सजग, सचेत र सक्रिय नभई जनताको कल्याण सम्भव हुँदैन । यो प्रबल धारणा नै पञ्चायत व्यवस्थाको प्राण हो भन्ने **श्री ५ महाराजाधिराज**का अमर वाणी अनुकूल श्री ५ को सरकारको कर्तव्य जिल्ला पञ्चायतलाई उसको प्रशासनिक कामको लागि चाहिने खर्चमा सकेसम्म चाँडो आत्मनिर्भर बनाउने हो । विकासको काममा जिल्ला पञ्चायत श्रमदान अथवा चन्दाको पनि आशा गर्न सक्दछ तर आफ्नो कर्मचारी पालनमा उसले टेक्स अथवा यसै कामको लागि आउने सरकारी सहायतामा भर पर्नुपर्छ । जिल्ला

पञ्चायतलाई आत्मनिर्भर बनाएर केन्द्रको बोझा धेरै हलुका हुन्छ, यसमा केही शङ्का छैन । गृह मन्त्रालय शान्ति सुरक्षाको प्रश्नबाट मुक्त भएर आफ्नो गुप्तचर र पुलिसलाई अनेक जटिल प्रश्नमा लगाउन र नीतिसम्बन्धी कुरामा ध्यान दिन सक्ने छ । खर्चमा किफायत भए अञ्चल स्तरमा रहने पुलिसलाई धेरै आधुनिक बनाउन सकिने छ । महाविद्यालय र विश्वविद्यालयको झमेलामा मात्र रहन पाए शिक्षा मन्त्रालयले अझ बढी सुदृढ शिक्षा नीति दिन सक्छ । निर्यात वन, भन्सार, बडेबडे उद्योग र व्यापार, अनुसन्धानिक कृषि केन्द्र आदि कुरामा मात्र ध्यान दिन परे यसमा के शङ्का हुन सक्छ कि वर्तमान मन्त्रिपरिषद्को बोझा धेरै हलुका भई सुदृढ शासन व्यवस्थाको जग बस्न सक्छ । कामभन्दा बढी कुरा गर्ने मानिसको ताँती घट्न गयो भने राष्ट्रसम्बन्धी गम्भीर विषयमा छलफल गर्न बढी समय प्राप्त हुने छ । यसकारण आदर्श पञ्चायतको गठन र निकै मात्रामा प्रशासनिक विकेन्द्रीकरण आजको अत्यावश्यक मागका विषय हुन् । यथाशक्य चाँडो पञ्चायतले यस मागको पूर्ति गर्नुपरेको छ । बढी से बढी जनशक्तिलाई विकासमा यथाशक्य चाँडो लगाएर मात्र शताब्दीदेखि पछि परेको नेपाललाई अघि लग्न सकिन्छ यस काममा सबै तहको सहयोग चाहिन्छ । आफूले नसक्ने अधिकारको माग जिल्ला पञ्चायतले गर्नु हुँदैन त जिल्ला पञ्चायतबाट सहजै हुन सक्ने कामलाई प्रभाववश केन्द्रमा राख्ने मनोवृत्ति पनि पञ्चायती होइन । सबै काम आफैं गरूँ भन्ने भावनाले गरेको कुनै पनि काम राम्ररी नभई विभागलाई बदनामीको कारण पनि हुन सक्दछ । हामीले यो बिर्सिनु हुन्न कि जिल्ला र केन्द्र दुवैमा हामी नेपाली नै काम गर्दछौँ र मुलुकलाई सकेसम्म चाँडो प्रजातान्त्रिक वातावरणमा विकास गर्ने **श्री ५ महाराजाधिराज**को सदिच्छाले पञ्चायती व्यवस्थाको जन्म भएको हो । पञ्चायतको सफलतामा नै आज नेपालीको सफलता छ । **श्री ५** बाट हुकुम भएको छ । "अधिकारको विकेन्द्रीकरण गर्ने हाम्रो इच्छा नै प्रजातन्त्रमा हाम्रो अखण्ड विश्वासको परिचायक हो ।"

परिच्छेद : ३

# पञ्चायतहरूलाई दिनुपर्ने अधिकार

पञ्चायतहरूमा शक्तिको विकेन्द्रीकरण कुन तरिकाले गर्नुपर्दछ भन्ने कुराको निर्णय गर्नको निमित्त आयोगले प्रथम उपसमिति तथा द्वितीय उपसमिति दुवैको रिपोर्टहरूमाथि विचार गऱ्यो । प्रथम उपसमितिको रिर्पोट मन्त्रालयहरूले दिएको रायमा आधारित छ र द्वितीय उपसमितिको रिपोर्ट विभिन्न सदस्यहरूले जिल्ला भ्रमण गरी त्यहाँको स्थिति अध्ययन गरी त्यहाँका पञ्चहरू, बुद्धिजीवीहरू र स्थानीय कर्मचारीहरूसँग भेटघाट गरी दिएको रायमाथि आधारित छ । अतः उक्त दुवै रिपोर्टहरूमा प्रायः सबै दृष्टिकोणहरू समावेश भएकाले आयोगलाई आफ्नो निष्कर्षमा पुग्न सजिलो भयो ।

पञ्चायती व्यवस्थाको मूल लक्ष्य सरकारको प्रत्येक तहमा हुने कार्य सो तहका जनप्रतिनिधिहरूको इच्छानुसार सञ्चालित हुने व्यवस्था गर्नु हो । यस दृष्टिबाट जिल्लाहरूमा रहेको सबै स्थानीय स्तरका अफिसहरूको सञ्चालन सम्बन्धित स्तरका पञ्चायतहरूको आदेशानुसार हुनुपर्दछ । तर सबै अधिकारहरू एकैपटक दिँदा पञ्चायतहरू अलमलिन गई अधिकारहरूको प्रयोग राम्रोसँग हुन नसक्ने र त्यसको फलस्वरूप अव्यवस्था उत्पन्न हुने सम्भावना हुन्छ । पञ्चायती व्यवस्थाको उक्त लक्ष्यमा पुग्न समय लाग्दछ । प्रयोग प्रशिक्षण र अनुभवको क्रमिक र लामो बाटोबाट मात्र त्यहाँ पुग्न सम्भव छ । यस दृष्टिबाट अधिकारको विकेन्द्रीकरण क्रमशः हुनुपर्दछ । तर पञ्चायतहरूको कार्यहरूलाई व्यवस्थित गराई थप अधिकार दिने कार्यको प्रारम्भचाहिँ सकभर चाँडै हुनु आवश्यक छ भन्ने आयोगको राय छ । हाम्रो रायमा, पञ्चायतहरूलाई हाललाई सिद्धान्ततः निम्नलिखित किसिमका अधिकारहरू दिनुपर्दछ :

(१) यस्ता अधिकारहरू जसलाई प्रयोग गर्नको निमित्त स्थानीय वस्तुस्थितिको बढी जानकारीको आवश्यकता परोस् ।

(२) यस्ता कार्य जसले गर्दा स्थानीय जनतालाई टाढा रहेको गौंडा, गोस्वारा जाने कष्टबाट छुटकारा मिलोस् ।

(३) यस्ता अधिकारहरू जसलाई जनताको इच्छानुसार प्रयोग गर्न वाञ्छनीय होस् ।

(४) यस्ता कार्यहरू जसलाई पूरा गर्नको निमित्त बढी से बढी जनसहयोगको आवश्यकता होस् ।

उक्त सिद्धान्तको आधारमा पञ्चायतहरूलाई दिनुपर्ने थप अधिकारहरू यसै परिच्छेदको भाग- १ मा दिइएको छ । पञ्चायती व्यवस्थालाई सुहाउने गरी जिल्ला प्रशासन व्यवस्थामा पनि परिवर्तन हुनु हाम्रो विचारमा आवश्यक छ । यसको अरू चर्चा अन्तिम परिच्छेदमा गरिएको छ । उक्त परिच्छेदमा दिइएको सुझावहरूअनुसार जिल्लामा बडाहाकिमको पद

हटाउनुपर्ने हुन्छ । अतः तल दिइएको भाग– १ मा बडाहाकिम शब्दको उल्लेख नगरी अञ्चलाधीश शब्दको प्रयोग गरिएको छ ।

अहिलेसम्मको अनुभवको आधारमा पञ्चायतहरूलाई आफ्नो कामकाज गर्नमा पर्न आएको बाधाहरूलाई हटाउनको निमित्त तथा विभिन्न पञ्चायत ऐनहरूमा सामाञ्जस्य तथा एकरूपता ल्याउने उद्देश्यले तिनीहरूमा केही संशोधनहरू गर्न आवश्यक देखिन्छ । यस सम्बन्धमा आयोगका सिफारिसहरू यसै परिच्छेदको भाग– २ मा दिइएका छन् । उक्त सिफारिसहरू कानुन उपसमितिले दिएको सुझावहरूमाथि आधारित छन् । उक्त उपसमितिले पञ्चायतहरूलाई थप अधिकार दिने दृष्टिबाट गरेका सुझावहरूमध्ये आवश्यक देखिए जतिचाहिँ भाग– १ मा समावेश गरिएका छन् ।

**भाग १**

# पञ्चायतहरूलाई थप अधिकार

## १. शान्ति सुरक्षा

पञ्चायती व्यवस्थाको मुल लक्ष्यअनुसार शान्ति सुरक्षा कायम राख्ने जिम्मेदारी अधिकार पनि, हाम्रो विचारमा, जिल्ला पञ्चायतलाई नै सुम्पिनुपर्दछ । तर यो जिम्मेदारी राम्ररी वहन गर्नको निमित्त पर्याप्त अनुभव र प्रशिक्षणको आवश्यकता पर्ने भएकोले अहिलेको प्रारम्भिक अवस्थामा शान्ति सुरक्षा स्थापना गर्ने काम सम्बन्धित कुनै अधिकार दिनुभन्दा पहिले उक्त कार्यमा जिल्ला पञ्चायतहरूलाई सकभर बढी सम्मिलित गराउन र उनीहरूको सहयोग लिनु बढी उपयोगी हुने छ र पछि उनीहरूलाई अनुभव प्राप्त हुँदै गएपछि मात्र सो अधिकार दिनुपर्दछ । सुरक्षा कानुनअन्तर्गत कसैलाई नजरबन्द गरिएमा, त्यसको सूचना जिल्ला पञ्चायत र सम्बन्धित गाउँ पञ्चायतलाई दिनुपर्ने व्यवस्था गर्नु वाञ्छनीय देखिन्छ । यसबाहेक अञ्चलाधीशहरूले शान्ति कायम गर्ने काममा पञ्चायतहरू अथवा पञ्चायतका सभापतिहरूसँग पनि सरसल्लाह लिई काम गर्ने व्यवस्था हुनुपर्दछ । यसले गर्दा पञ्चायतहरूलाई यस काममा अनुभव र प्रशिक्षण प्राप्त हुँदै जाने छ र पछि यो काम उनीहरूलाई सुम्पिएपछि यसलाई राम्ररी सम्पादन गर्न उनीहरू समर्थ हुने छन् ।

## २. भ्रष्टाचार निवारण

भ्रष्टाचार निवारण गर्ने कामका सम्बन्धमा पनि माथि लेखिएका धेरै कुराहरू लागू हुनेछन् । हाललाई पञ्चायतकै कोषबाट तलब खाने गरी पञ्चायतबाट नै नियुक्त कर्मचारीहरूका सम्बन्धमा यो अधिकार पूर्णतया पञ्चायतहरूमै हुनुपर्दछ । पञ्चायतका अन्तर्गत राखिएका श्री ५ को सरकारका कर्मचारीहरूका सम्बन्धमा चाहिँ उनीहरूले कुनै भ्रष्टाचार गरेको देखिएमा भ्रष्टाचार निवारणसम्बन्धी ऐनअन्तर्गत उनीहरूको विरूद्ध कारबाहीको उठान गर्ने अधिकार सम्बन्धित तहको पञ्चायतलाई हुनुपर्दछ र सजाय दिने अधिकारचाहिँ श्री ५ को सरकारमै रहिरहनुपर्दछ भन्ने हाम्रो धारणा छ । यस दृष्टिबाट विचार गर्दा जति जति कामहरू पञ्चायतहरूलाई सुम्पिँदै जान्छ उति उति नै भ्रष्टाचार निवारणसम्बन्धी उनीहरूको क्षेत्र पनि विस्तृत हुँदै जाने छ । पञ्चायतहरूको कार्यक्षेत्रभन्दा बाहिरका श्री ५ को सरकारका कर्मचारीहरूको सम्बन्धमा चाहिँ पञ्चायतहरूलाई कुनै खास अधिकार तुरून्तै नभए तापनि यदि कुनै पञ्चायतले श्री ५ को सरकारको समक्ष कुनै कर्मचारीहरूको विषयमा आफ्नो लिखित राय पठाउँदछ भने श्री ५ को सरकारले त्यसलाई महत्त्व दिई त्यसमाथि तुरून्त विचार गरी आवश्यक जाँचबुझ गराउनुपर्दछ र आवश्यक देखिएमा त्यस्ता कर्मचारीहरूप्रति कारबाही समेत हुने व्यवस्था गर्नुपर्छ ।

## ३. विकास कार्यमा बाधा दिनेहरूउपर कारबाही

विभिन्न तहका पञ्चायतहरूले आफ्नो क्षेत्रमा गर्न लागेको विकाससम्बन्धी कार्यहरूमा निहित स्वार्थ भएका व्यक्तिहरूले बाधाविरोध तथा अनावश्यक अड्चनहरू हालेमा यस सम्बन्धमा पनि पञ्चायतहरूलाई यस्ता व्यक्तिहरूका विरूद्ध कारबाही गर्ने अधिकार हुनु वाञ्छनीय छ भन्ने कुरा पनि आयोगमा छलफल भयो । यस विषयका विभिन्न पहलुहरूमाथि विचार हुँदा, हाललाई यो अधिकार कस्तो अवस्थामा प्रयोग गर्ने भन्ने स्पष्ट नभई पञ्चायतद्वारा यसको ठीक र उचित प्रयोगमा होला भन्ने कुरा अहिलेको स्थितिबाट भन्न नसकिने र यो काम शान्ति सुरक्षा कायम गर्ने कामसँग पनि सम्बन्धित भएको विकासको काममा कसैले बाधा अडकाउ गर्न नपाओस् त्यसको व्यवस्था गर्ने जिम्मेदारी हाललाई बडाहाकिमलाई दिनु बढी व्यावहारिक होला भन्ने राय भयो ।

## ४. तालुकदारी र जिमिन्दारी प्रथाको अन्त

तालुकदारी र जिमिन्दारी प्रथाको अन्त तुरून्त गरी, जिमिदारी गर्ने काम गाउँ पञ्चायतहरूलाई दिइनुपर्दछ । यसबाट बेठबेगारी तथा सामान्य जनतालाई परिरहेको अरू असुविधाहरू समेतको अन्त हुन जाने छ । मालपोत असुल गर्ने कामचाहिँ जिल्ला पञ्चायतको रेखदेखमा गाउँ पञ्चायतहरूलाई दिनुपर्दछ र गाउँ पञ्चायतहरूले मालपोतको उठतीको सयकडा २० प्रतिशत पाउने व्यवस्था हुनुपर्ने देखिन्छ ।

## ५. रजिस्ट्रेसन

हालै जारी भएको कृषिसम्बन्धी ऐन अन्तर्गत रू. ५० वा सोभन्दा बढी अङ्क सापटी लिएमा त्यसलाई रजिस्ट्रेसन गराउनुपर्ने व्यवस्था छ । यस्तो रजिस्ट्रेसन गर्ने काम गाउँ पञ्चायतहरूलाई दिनुपर्दछ । साथै रू. १, ५०० सम्मका सबै प्रकारका लेनदेन, धितोबन्धक, खरिद विक्री इत्यादिको रजिस्ट्रेसनसम्बन्धी काम पनि गाउँ पञ्चायतहरूलाई दिनुपर्ने देखिन्छ ।

## ६. सर्भे गर्दा पञ्चायतको रोहबरमा गर्ने

सर्भे विभागबाट गरिने कित्ता नापी तथा अन्य किसिमको नापीमा पञ्चायतहरूलाई पनि सम्मिलित गराएमा सर्भे गर्ने अधिकारीहरूलाई वस्तुस्थितिको बढ्ता जानकारी हुने भएकोले सर्भे गर्दा गाउँ पञ्चायतहरूको रोहबरमा गर्नुपर्छ ।

## ७. आवश्यक वस्तुहरूको वितरण

सरकारी स्तरबाट विक्री वितरण गरिने फलाम, कर्कटपाता र सिमेन्ट आदि आवश्यक मालसामानहरू तथा अन्य वस्तुहरूको वितरणको कार्य जिल्ला पञ्चायतहरूलाई सुम्पिनुपर्दछ ।

जिल्ला पञ्चायतहरूले उक्त कार्य सम्बन्धित विभागको सर्त र निर्देशनभित्र रही गर्नुपर्दछ । जिल्ला पञ्चायतहरूले उक्त काम ठीकसँग गरे नगरेको चेकचाहिँ अञ्चलाधीशबाट हुनुपर्दछ र दुरूपयोग गरेको पक्षमा आवश्यक कारबाही समेत हुनुपर्दछ ।

# ८. दैवी प्रकोपबाट पीडित जनतालाई सहायता

१. **सहायताको वितरण** :- आगो, बाढी, खोलो, पहिरो इत्यादिबाट पीडित जनतालाई तत्कालिक सहायता वितरण गर्ने काम जिल्ला पञ्चायतलाई सुम्पिनु आवश्यक छ ।

स्थानीय वस्तुस्थितिको सबैभन्दा बढी ज्ञान पञ्चायतहरूलाई नै भएकोले योभन्दा प्रभावकारी बढी साधन पाइन सकिँदैन । अतः विभिन्न गढी, गौँडा, गोस्वारा इत्यादिलाई यसबापत निकासा भइरहेको रूपियाँ तुरून्त जिल्ला पञ्चायतहरूलाई हस्तान्तरित गरिदिनुपर्दछ । पीडित जनताको पुनर्वासको लागि काठ दिने अधिकार तथा सरकारबाट दिइने भूमि, अन्य वस्तुहरू तथा सुविधाको वितरणको कार्य पनि जिल्ला पञ्चायतलाई नै दिनुपर्दछ ।

२. **मालपोतमा छुट** :- कुनै प्रकारको दैवी प्रकोपको कारणले गर्दा मालपोतमा दिनुपर्ने छुटका सम्बन्धमा सिफारिस गर्ने अधिकार हाल गौँडा, गोस्वाराहरूलाई छ । गौँडा, गोस्वाराहरूद्वारा यो कार्य हाल त्यस कामका निमित्त रहेको जुनियर कर्मचारीहरूद्वारा गरिने गरिएको छ । यसबाट सो काम राम्रोसँग नहुने भएकोले यो कार्य अबिलम्ब जिल्ला पञ्चायतहरूलाई सुम्पिनुपर्दछ । जिल्ला पञ्चायतहरूले उक्त कार्य गाउँ पञ्चायतहरूको सिफारिसमा रूलनियमबमोजिम गर्नुपर्दछ ।

# ९. वन

वन विभागले प्रत्येक जङ्गलबाट दिन सकिने हरघरसङ्घा र दाउराको पुर्जीको सङ्ख्या निर्धारित गरी जिल्ला पञ्चायतलाई पठाइदिनुपर्दछ र जिल्ला पञ्चायतले उक्त सङ्ख्याभित्र रही आफ्नाअन्तर्गतका गाउँ पञ्चायतहरूमा उक्त पुर्जीको कोटा चाँडो दिनुपर्दछ र उक्त कोटाभित्र रही हरघरसङ्घा र दाउराको पुर्जी दिने अधिकार सम्बन्धित गाउँ पञ्चायतहरूलाई हुनुपर्दछ । तर यति मात्र अधिकार दिएर जनतालाई पर्याप्त मात्रामा सुविधा हुँदैन किनकि आफूले पाएर काटेको लकडी वा दाउरालाई पाए गराउन तथा पुर्जीमा दरपिठ गराउन वनपाले भएको ठाउँमा पुग्नुपर्दछ । हाल नेपाल अधिराज्यमा लगभग ८०० वनपालेहरू छन् जब कि गाउँ पञ्चायतहरूको सङ्ख्या ३, ५०० भन्दा बढी छ । यसले गर्दा पुर्जीमा दरपिठ गराउन पहाडी इलाकामा कहीँ कहीँ त २/३ दिनसम्म पनि हिँडनुपर्ने तथा तराई क्षेत्रमा पनि ८/१० कोस पनि हिँड्ने स्थिति पर्न आउँछ । अतः पुर्जीमा दरपिठ गर्ने तथा लकडी पास गर्ने काम पनि गाउँ पञ्चायतका सम्बन्धित वार्डका सदस्यलाई दिन सकेमा जनतालाई ठूलो सुविधा हुन जाने छ । उक्त सदस्यहरूले आफ्नो काम ठीकसँग गरेको छ छैन तथा अधिकारको दुरूपयोग भएको छ छैन समेत हेर्न र तत्सम्बन्धी रेखदेख गर्ने काम वन विभागले आफ्नो अधिकारीहरूद्वारा गरी कुनै भ्रष्टाचार

अथवा अनियमित काम भएको रहेछ भने जिल्ला पञ्चायत तथा गढी, गोस्वारालाई सूचना दिने प्रबन्ध हुनसके बेस हुने छ । साथै आजकल लकडीको नाप क्युबिक फिटमा गरिने भएकोले र त्यसलाई गाउँ पञ्चायतका सदस्यहरूले राम्रोसँग बुझ्न नसक्ने भएकोले उनीहरूले बुझ्न सक्ने गरी त्यसलाई सरल बनाउनुपर्ने देखिन्छ ।

विभिन्न पञ्चायतहरूले अवैध किसिमबाट रूख कटानी भएको, जङ्गल फडानी भएको, हाल आवादी भएको अथवा लकडी निकासी गरेको कुराहरू पत्ता लगाई त्यसको सूचना वन विभागको स्थानीय अफिसलाई दिनुपर्दछ । साथै पञ्चायती वनमा पञ्चायतहरूले अनिवार्य रूपले वृक्षरोपण गर्नुपर्दछ र सरकारी जङ्गलमा यससम्बन्धी कार्यमा सहयोग दिनुपर्दछ ।

प्रचलित वन ऐनमाथि लेखिएबमोजिम आवश्यक संशोधन भएमा अहिलेलाई काम चल्ने देखिन्छ तर पञ्चायतलाई वनसम्बन्धी अझ बढी अधिकार दिनु आवश्यक भएकोले यस सम्बन्धमा निम्नलिखित सुझाव आयोगको रायमा उपयुक्त देखिन्छ :-

**(क)** **पञ्चायत वन :-** तराई इलाकामा पञ्चायती वन छुट्याई दिनुपर्दछ र यस्तो वनको आकारको आधार भार उक्त वनको संरक्षणको काम जिल्ला पञ्चायत वा गाउँ पञ्चायतहरूलाई दिनुपर्दछ । मूल जङ्गलहरूचाहिँ अहिले जस्तै वन विभागकै संरक्षणमा रहनुपर्दछ जसबाट श्री ५ को सरकारले वन सम्पदाको निर्यात गर्छ । पञ्चायती वनको उपयोग र संरक्षणका बारेमा वन विभागले पञ्चायतहरूलाई आवश्यक प्राविधिक सेवा उपलब्ध गराउनुपर्दछ । प्रत्येक जिल्ला पञ्चायतले आफ्नो जिल्लालाई आवश्यक पर्ने वनको संरक्षण र संवर्द्धन पनि गर्नुपर्ने छ ।

**(ख)** **पहाडी क्षेत्रमा वनको संरक्षण :-** पहाडी क्षेत्रमा जहाँबाट वन सम्पदाको निर्यात हुने सम्भावना छैन त्यहाँ वन संरक्षण गर्ने काम सम्बन्धित जिल्ला पञ्चायतहरूलाई पूर्णतया दिनुपर्दछ । हाल यो काम सम्बन्धित गढी, गौँडाबाट भइरहेको छ । वनको संरक्षण गर्ने कार्यमा चाहिँ वन विभागले पञ्चायतहरूलाई समय समयमा सल्लाह दिनुपर्दछ । तर कुनै खास क्षेत्रमा कुनै वन सम्पदाको संरक्षण गर्न श्री ५ को सरकारले आवश्यक सम्झेमा त्यस्तो क्षेत्रको वन जङ्गलमा श्री ५ को सरकारले आफ्नो नियन्त्रण राख्न सक्दछ ।

## १०. कृषि

**(क)** **विकास कार्य :-** कृषि प्रसारसम्बन्धी कार्य उन्नत जातका बीउ, बिरूवा र कुखुराको चल्ला, साँढे, गाई आदिको वितरण तथा अन्य सुविधाहरू पुऱ्याउने काम, विभागीय प्राविधिक निर्देशन र नीतिभित्र रही जिल्ला पञ्चायतको सामान्य प्रशासकीय देखरेखमा गरिने व्यवस्था हुनुपर्दछ । साथै बाँध, पैन, कुलो इत्यादि निर्माण गर्ने काममा विभागले दिने सहायता र अनुदान जिल्ला पञ्चायतमार्फत दिने व्यवस्था हुनुपर्दछ ।

**(ख) हाल आवादी :-** ऐन नियमले हाल आवादी योग्य ठहऱ्याएको जग्गालाई आवादीको निम्ति वितरण गर्ने कार्य पनि जिल्ला पञ्चायतलाई दिनुपर्दछ र जिल्ला पञ्चायतले सरकारी नीति निर्देशनभित्र रही जमिनको वितरण गर्न सक्ने व्यवस्था हुनुपर्दछ ।

**(ग) सुरक्षित किसानहरूको लगत तयार गर्ने :-** सुरक्षित किसानहरूको लगत तयार गर्ने अधिकार र उत्तरदायित्व पञ्चायतहरूलाई दिइएमा यो काम सबभन्दा सन्तोषजनक तरिकाले सम्पन्न हुन सक्ने छ ।

**(घ) पुनर्वास :-** पुनर्वासको योजना पनि सकभर जिल्ला पञ्चायतहरूद्वारा नै कार्यान्वित गराउनु राम्रो हुने छ ।

## ११. स्वास्थ्य

जिल्ला स्तरमा रहेका अस्पतालहरू, स्वास्थ्य केन्द्रहरू, स्वास्थ्य युनिटहरू तथा आयुर्वेदीय औषधालयहरू जिल्ला पञ्चायतअन्तर्गत राख्ने व्यवस्था हुनुपर्दछ । यस्ता अस्पतालहरूको चेक गर्ने, सामान्य देखरेख गर्ने सम्पूर्ण अधिकार जिल्ला पञ्चायतलाई हुनुपर्दछ । जिल्ला स्तरको सबै स्वास्थ्य संस्थाहरूको भवन इत्यादि सबै निर्माण गर्ने कार्य पनि जिल्ला पञ्चायतलाई दिनुपर्दछ ।

हाल विभिन्न जिल्लाहरूमा औषधी पुऱ्याउने काममा कठिनाइको अनुभव भई सम्बन्धित रेल हेडबाट औषधीहरू जिम्मा लिई ठाउँठाउँमा पठाउने कार्यको अभिभारा पनि जिल्ला पञ्चायतलाई दिनुपर्दछ । ढुवानी खर्चचाहिँ स्वास्थ्य विभागबाट सम्बन्धित पञ्चायतहरूलाई प्राप्त हुनुपर्दछ ।

## १२. शिक्षा

**(क) स्कुलहरूको सञ्चालन :-** प्राथमिक स्कुलहरूको सञ्चालन गाउँ पञ्चायतहरूलाई तथा माध्यामिक स्कुलहरूको सञ्चालन जिल्ला पञ्चायतलाई सुम्पिनुपर्दछ ।

**(ख) आर्थिक सहायताको वितरण :** शिक्षा विभागबाट विभिन्न प्राथमिक र माध्यमिक स्कुलहरूलाई वितरण हुने आर्थिक सहायता अब सम्बन्धित जिल्ला पञ्चायतबाट हुनुपर्दछ । यसो भएमा वास्तवमा राम्रोसँग चलिरहेका स्कुलहरूले मात्र सहायता पाउँदछन् र ठीकसँग नचलेको स्कुलहरूको सहायता रोक्न सकिने छ । पञ्चायतहरूलाई स्थानीय स्थितिको राम्रो बोध भइराख्ने हुनाले यो काम पञ्चायतहरूले बढ्ता राम्रोसँग गर्न सक्दछन् । प्राथमिक स्कुलको आर्थिक सहायताको वितरणको कार्यचाहिँ जिल्ला पञ्चायतले गाउँ पञ्चायतलाई नै प्रत्यायोजित गर्नुपर्दछ ।

**(ग) स्कुलको स्थान निर्धारित गर्ने :-** शिक्षा विभागले कुनै जिल्लामा थप स्कुलहरू खोल्न चाहेमा उक्त स्कुलहरूको स्थान निर्धारण गर्ने कार्य, विभागीय नीति र निर्देशनभित्र

रही जिल्ला पञ्चायतले गर्न पाउनुपर्दछ । यसै गरी प्रौढ शिक्षा क्लासहरूको सञ्चालन, नयाँ प्रौढ शिक्षा केन्द्र खोल्ने कार्य, प्रौढ शिक्षकहरू उपलब्ध गराउने कार्य उनीहरूलाई पारिश्रमिक बाँड्ने तथा शिक्षा सामग्रीहरूको वितरण इत्यादि गर्ने सबै कार्य जिल्ला पञ्चायतको रेखदेखमा गराउनुपर्दछ ।

## १३. सडक र पुलहरू

सडक, पुल र अरू बाटोहरूका सम्बन्धमा पञ्चायतहरूलाई सुम्पिने कामहरू दुई श्रेणीमा विभाजित गर्न सकिन्छ ।

(क) पञ्चायतहरूलाई नै अधिकार दिई पञ्चायतकै प्रशासन, अधिकार र बजेटद्वारा गरिने कामहरू ।

(ख) श्री ५ को सरकारको अधिकार क्षेत्रभित्रै रहेका तर पञ्चायतको माध्यमद्वारा गरिने कामहरू पञ्चायतहरूलाई नै अधिकार दिई पञ्चायतकै प्रशासन अधिकार बजेटद्वारा गराउने कामहरू निम्नलिखित छन् :-

(क) राजमार्गहरू र स्थानीय महत्त्व मात्र नभई धेरै जिल्लाहरूको आवागमनको साधनको रूपमा रहेको बढी महत्त्वका मूल बाटोहरूबाहेक अरू सबै मोटर चल्ने गाडा हिँड्ने बाटा र पुलहरूको देखरेख सम्भार ।

(ख) पहाडी इलाकाहरूमा आफ्नो जिल्लामा पर्ने सबै पैदल र खच्चड हिँड्ने बाटोहरू ।

(ग) आफ्नो जिल्लाभित्र पर्ने सबै पैदल बाटाहरूमा पर्ने सबै झोलुङ्गे र अरू किसिमका पुलहरूको देखरेख र सम्भार ।

(घ) पहाड र मधेसका ठूला ठूला नदीनालाहरूमा तारघाटको बन्दोबस्त उक्त कामहरू पञ्चायतको आफ्नो अधिकार क्षेत्रभित्र पर्ने हुनाले सो कामहरू पञ्चायतहरूले आफ्नो प्रशासनअन्तर्गत आफ्नै बजेटद्वारा गर्नुपर्दछ । हाललाई यस्तो कामको निमित्त प्राविधिक सहायता र रेखदेखसम्म सरकारद्वारा दिए पुग्दछ । तर उक्त बाटोहरूको मर्मत वा निर्माणको लागि सरकारको बजेटमा रहेको रूपियाँचाहिँ जिल्ला पञ्चायतहरूलाई दिनुपर्दछ ।

पञ्चायतहरूले उक्त अधिकार क्षेत्रभित्रका बाटो पुलहरू इत्यादिको रोडसेस पुल र पहाडका पैदल मूल बाटाहरूमा हिँड्ने घोडा, खच्चड र अन्य चौपाया पिच्छेको दस्तुर तारघाटहरूको दस्तुर इत्यादि लिन पाउनुपर्दछ । पञ्चायतका उक्त आम्दानी सडक, पुल, तारघाट, पैदल बाटाहरूबाट मात्र हुन सक्ने स्रोत देखाइएका छन् । सोबाहेक अरू किसिमका स्रोतहरू र हाल सुरू सुरूमा सरकारबाट दिइने अनुदान पनि पञ्चायतहरूको आम्दानीको साधनहरू हुन सक्दछन् ।

राजमार्गहरूको निर्माण तथा सम्भारको कामहरू श्री ५ को सरकारले आफै गर्नुपर्दछ । तर जिल्लाभित्र सीमित रहेको मूल बाटोहरूको निर्माण तथा सम्भारको कामहरूमा श्री ५ को सरकाले सरकारको इन्जिनियरहरूको प्राविधिक रेखदेखमा सकभर जिल्ला पञ्चायतद्वारा गराउने प्रयत्न गर्नुपर्दछ । पञ्चायतद्वारा गराइएका यस्ता कामहरूमा पञ्चायतले श्री ५ को सरकारप्रति जवाफदेही हुनुपर्ने छ र सरकारले दिएको रूलनियमबमोजिम काम गरी हिसाबको फाँटवारी पेस गर्नुपर्ने छ ।

जिल्लाका स्थानीय सडकहरूमा बस सर्भिस चलाउन स्वीकृति दिने तथा सोबापत आवश्यक रोयल्टी इत्यादि चार्ज गर्ने अधिकार पनि जिल्ला पञ्चायतलाई दिनु मनासिब छ ।

## १४. खाद्य सङ्कट निवारण

खाद्य सङ्कट भएको इलाकामा श्री ५ को सरकारले दिने सबै सहायता र सुविधाको वितरण विभागीय नीतिअनुसार जिल्ला पञ्चायतद्वारा नै हुनुपर्दछ ।

## १५. जग्गा प्राप्तिसम्बन्धी अधिकार

हाल गाउँ पञ्चायत र जिल्ला पञ्चायतहरूले गर्न लागेको विकास कार्यहरू जस्तै सडक, कुलो इत्यादिको निर्माणमा जिल्ला पञ्चायतहरूलाई जग्गा प्राप्त गर्न अधिकार नभएकोले निकै बाधा परिरहेका छन् । यस बाधालाई हटाउनको निमित्त जिल्ला पञ्चायतहरूलाई आफूले गर्न लागेको विकास कार्यको निमित्त जिल्लाभित्रको जग्गा प्राप्त गर्ने अधिकार हुनुपर्ने देखिन्छ । त्यसका लागि कानुनी व्यवस्था समेत हुनुपर्दछ ।

## १६. अन्य विकास कार्य

जिल्ला पञ्चायत ऐनअनुसार श्री ५ को सरकारको जिल्ला स्तरका सबै विकास योजनाहरूलाई जिल्ला पञ्चायतले कार्यान्वित गर्नुपर्ने छ । यस कानुनी व्यवस्थालाई कार्यरूपमा परिणत गर्नको निमित्त सबै मन्त्रालय र विभागहरूले आफ्ना जिल्ला स्तरका योजनाहरूलाई कार्यान्वित गर्नको लागि चाहिने खर्च अबिलम्ब जिल्ला पञ्चायतहरूलाई पठाइदिनुपर्दछ । साथै उक्त रूपियाँ कुनै प्रकारले कुन काममा कसरी खर्च गर्ने हो, त्यस सम्बन्धमा पनि जिल्ला पञ्चायतलाई आवश्यक निर्देशन दिनुपर्दछ र जिल्ला पञ्चायतले उक्त रूपियाँको हिसाब सम्बन्धित विभागले तोकेको ढाँचामा तयार गरी पठाइदिनुपर्दछ । सरकारले निम्नलिखित किसिमका योजनाहरूलाई जिल्ला स्तरका योजना मान्नुपर्दछ भन्ने हाम्रो राय छ :-

(१) एउटा जिल्लालाई मात्र असर पार्ने योजनाहरू ।

(२) सामान्यतः एक लाखभन्दा बढी खर्च लाग्ने योजनाहरू ।

(३) सामान्यतः जिल्लामा उपलब्ध प्राविधिज्ञहरूद्वारा सम्पन्न हुन सक्ने

तथा उच्च प्राविधिक ज्ञान नचाहिने किसिमका योजनाहरू तर उक्त मापदण्डहरू सामान्य माग प्रदर्शनका लागि मात्र हुन् ।

# १७. रेडियो र बन्दुकको लाइसेन्स तथा नागरिकताको परिचयपत्र

जनतालाई अनावश्यक असुविधाबाट बचाउनको निमित्त निम्नलिखित अधिकारहरू पनि पञ्चायतलाई दिन वाञ्छनीय हुने छ :-

(क) रेडियो लाइसेन्स दिने अधिकार- जिल्ला पञ्चायत

(ख) रेडियो लाइसेन्स रिन्यु गर्ने अधिकार- गाउँ पञ्चायत

(ग) भरूवा बन्दुकको लाइसेन्स दिने अधिकार- जिल्ला पञ्चायत

(घ) भरूवा बन्दुकको लाइसेन्स रिन्यु गर्ने अधिकार- गाउँ पञ्चायत

(ङ) बन्दुक, राइफल, रिभल्वर इत्यादिको लाइसेन्स रिन्यु गर्न अधिकार- जिल्ला पञ्चायत

(च) सम्बन्धित गाउँ पञ्चायतको सिफारिसमा नागरिकताको परिचयपत्र दिने अधिकार- जिल्ला पञ्चायत ।

जुनजुन लाइसेन्स दिने अथवा रिन्यु गर्ने अधिकार जुन तहको पञ्चायतलाई दिइन्छ सो लाइसेन्स दिएको अथवा रिन्यु गर्नेबापत प्राप्त हुने फिस्तुरको रकम पनि उक्त तहकै पञ्चायतलाई नै प्राप्त हुनुपर्दछ ।

# १८. सरजमिन गर्ने, साक्षी राख्ने इत्यादिसम्बन्धी अधिकार

कुनै पनि मुद्दामा सरकार वा अदालतका तर्फबाट सरजमिन गर्नुपर्दा गाउँ पञ्चायतलाई बुझी गाउँ पञ्चायतको रायलाई मान्यता दिने व्यवस्था हुनुपर्दछ । यसले गर्दा गाउँ पञ्चायतहरूको प्रभाव र प्रतिष्ठामा ठूलो वृद्धि हुने छ ।

# १९. न्यायसम्बन्धी अधिकारहरू

गाउँ पञ्चायत ऐन, २०१८ अनुसार केही मुद्दाहरू छिन्ने अधिकार गाउँ पञ्चायतहरूलाई दिइएको छ । तर उक्त अधिकारहरूलाई गाउँ पञ्चायतहरूले प्रयोग गर्न पाएका छैनन् । यस सम्बन्धमा छलफल हुँदा आयोगको राय भयो कि गाउँ पञ्चायतहरूलाई वास्तवमा सक्रिय र प्रभावकारी बनाउने हो भने उनीहरू पञ्चायतलाई न्यायसम्बन्धी अधिकार प्राप्त हुनु आवश्यक छ । तसर्थ हाललाई ऐनमा उल्लेख भए जति मुद्दाहरू र साधारण

गालीबेइजती तथा कुटपिटसम्बन्धी मुद्दाहरू गाउँ पञ्चायतहरूले हेर्न पाउने व्यवस्था हुनुपर्दछ र मुद्दाहरू हेर्ने उक्त अधिकारहरूको प्रयोग उचित रूपले भइरहेको छ भन्ने कुराको यकिन भएपछि अरू पनि थप मुद्दाहरू हेर्ने अधिकार दिनुपर्दछ ।

## २०. योजना

जिल्ला पञ्चायत ऐन, २०१९ अनुसार जिल्ला पञ्चायतहरूलाई श्री ५ को सरकारको जिल्ला स्तरका विकास योजनाहरूलाई कार्यान्वित गर्ने अधिकार दिने व्यवस्था भएको छ । यसबाट योजनाको कार्यान्वितमा जिल्ला पञ्चायतको हात हुने नै भयो । तर योजना कार्यान्वित गर्दा मात्र होइन योजना बनाउँदा पनि जनप्रतिनिधिहरूलाई सरिक गराउन उत्तिकै आवश्यक छ । अतः आयोगको रायमा राष्ट्रिय योजना परिषद् विभागहरूले केन्द्रीय स्तरको योजना बनाउँदा तथा मन्त्रालय र विभागहरूले आफ्नो आयोजनाहरू बनाउँदा जिल्ला पञ्चायतहरूले दिएको आफ्नो जिल्लाको विकासका आवश्यकता र सम्भावनाहरूमाथि विचार गरी बनाउने व्यवस्था हुनुपर्दछ ।

## २१. विविध

(क) **बाँकी बक्यौता असुल गर्ने :-** सरकारी दण्ड जरिवाना इत्यादिबापत जिल्ला जिल्लामा सरकारी बाँकी रूपियाँको ठूलो रकम छ । हालको सरकारी यन्त्रबाट उक्त रकम सबै उठ्न सक्ने देखिँदैन । अतः यो काम जिल्ला र गाउँ पञ्चायतलाई दिएमा यस्ता बाँकी लागेका व्यक्तिहरू पञ्चायतको नजरबाट बच्न मुस्किल छ र बाँकी बक्यौताको रकम धेरै मात्रामा उठ्न जाने छ । यो रकम उठाएबापत पञ्चायतहरूलाई कमसेकम सयकडा ५० दिनुपर्दछ ।

(ख) **मठगुठीहरूको सञ्चालन :-** राष्ट्रिय स्तरका बाहेक जिल्लाका मठ, गुठीहरू इत्यादिको सञ्चालन जिल्ला पञ्चायतको सामान्य रेखदेख र निर्देशनमा भएमा काम सुचारू रूपले चल्ने देखिन्छ ।

(ग) **वारूण यन्त्र :** हाल वारूण यन्त्र श्री ५ को सरकारको सोझै नियन्त्रणमा छन् तर तिनीहरूको सञ्चालन सम्बन्धित नगर पञ्चायतहरूबाट नै हुनु बढ्ता असल देखिएकोले वारूण यन्त्रहरूमाथिको नियन्त्रण तथा तत्सम्बन्धीमा रहेको बजेट नगर पञ्चायतहरूलाई दिनुपर्दछ ।

(घ) **जिल्लासम्बन्धी तथ्याङ्क :** विभिन्न विषयहरूको तथ्याङ्क नभई कुनै किसिमको योजना बनाउन नसकिने हुँदा सरकारबाट सङ्कलन गर्न विभिन्न विषयमा तथ्याङ्कसम्बन्धी काम सम्बन्धित गाउँ पञ्चायत र जिल्ला पञ्चायतहरूलाई सुम्पिनुपर्ने देखिन्छ । यसबापत पञ्चायतहरूलाई पूर्ण वा आंशिक रूपमा अनुदान वा अन्य किसिमको सुविधा उपलब्ध गराउनुपर्ने देखिन्छ ।

(ङ) **मिलहरू खोल्ने लाइसेन्स :-** जिल्ला पञ्चायतहरूलाई आफ्नो जिल्लाभित्र २ हर्स पावरसम्मको मिल, कारखाना इत्यादि खोल्न इजाजत दिने अधिकार हुनुपर्दछ ।

(च) **जेल निरीक्षण** :- सदर जेलखानाबाहेक जिल्लामा रहेका अरू जेलखानाहरूलाई समय समयमा निरीक्षण गरी सुधारको निम्ति सिफारिस गर्ने अधिकार जिल्ला पञ्चायतलाई दिनु राम्रो हुने छ ।

(छ) **पाटीपौवा, धर्मशालाको मर्मत** :- जिल्लाभित्रका सार्वजनिक पाटीपौवा, धर्मशाला आदिको मर्मत र संरक्षणबापत श्री ५ को सरकारबाट गोस्वारा, माल इत्यादिलाई दिइने रकम अब जिल्ला पञ्चायतलाई दिई उक्त काम पनि जिल्ला पञ्चायतलाई सुम्पिनु राम्रो हुने छ । जिल्ला पञ्चायतले हेरी उक्त अधिकार गाउँ पञ्चायतहरूलाई सुम्पिन सक्ने व्यवस्था हुनुपर्दछ । जिल्लाभित्र रहेका अरू पाटीपौवा, धर्मशालाहरूको दुरूपयोग हुन नपाओस् भन्ने व्यवस्था गर्ने अधिकार पनि जिल्ला पञ्चायतहरूलाई हुनुपर्दछ ।

(ज) **पानीघाट र गौचरसम्बन्धी मुद्दा** :- जिल्ला पञ्चायतलाई स्थानीय वस्तुस्थितिको बढी जानकारी हुने भएकाले पानीघाट, गौचर र डगरबाटो सम्बन्धित तथा यस्तै अरू मुद्दामा अपिल हेर्ने अधिकार पनि जिल्ला पञ्चायतलाई दिनुपर्दछ ।

(झ) **हुलाकहरू** :- जिल्लामा रहेका सहकारी र अतिरिक्त हुलाकहरू जिल्ला पञ्चायतहरूको आफ्नो रेखदेखमा सम्बन्धित गाउँ पञ्चायतहरूद्वारा चलाउन पाउने व्यवस्था हुनुपर्दछ ।

(ञ) **का.स. चलाउने** :- विभिन्न पञ्चायतहरूले सम्बन्धी काममा चिठीपत्रहरू चलाउँदा का.स. को सुविधा पाउनुपर्दछ ।

## २२. सदस्यहरूलाई भत्ता

जिल्ला पञ्चायत ऐनअनुसार जिल्ला पञ्चायतको बैठक महिनामा कमसे कम एकपटक गर्नुपर्दछ । जिल्ला पञ्चायतका सस्यहरू जिल्लाका विभिन्न भागमा बस्ने हुँदा उनीहरूलाई जिल्ला पञ्चायतको बैठकमा भाग लिन आउँदा भ्रमण खर्च आवश्यक पर्न सक्दछ । उक्त खर्च स्वयं वहन गर्न धेरै सदस्यहरू आफ्नो आर्थिक अवस्थाले गर्दा नसक्ने स्थितिमा हुन सक्छन् । अतः उनीहरूलाई यस सम्बन्धमा केही भत्ता दिएन भने जिल्ला पञ्चायतको बैठकमा सदस्यहरूको उपस्थिति घट्न गई कोरम समेत नपुग्ने अवस्था पर्न आउन सक्दछ र यसो भयो भने ऐनमा लेखिएको कुरा पूरा हुन नसक्ने हुन आउँछ । अतः आयोगको रायमा जिल्ला पञ्चायतका सदस्यहरूलाई जिल्ला पञ्चायतको बैठकमा भाग लिन आफ्नो घरबाट हिँडेको दिनदेखि जिल्ला पञ्चायतको बैठक समाप्त नभएको दिनसम्म प्रत्येक दिनको रू. १०।- मा नबढाई दैनिक भत्ता दिने व्यवस्था हुनुपर्दछ । दैनिक भत्ताको दरचाहिँ जिल्ला सभाले निर्णय गरेअनुसार हुनुपर्दछ । यसै गरी सभापतिलाई पनि दिनको १०।- मा नबढाई आफूले जिल्ला पञ्चायतको काम गरेको दिनको दैनिक भत्ता प्राप्त हुने व्यवस्था हुनुपर्दछ । तर कुनै सदस्य वा सभापतिले श्री ५ को सरकारबाट कुनै मासिक भत्ता वा पारिश्रमिक पाइरहेको छ भने निजले यो भत्ता पाउने छैन । सभापतिले सकभर सधैँ जिल्ला पञ्चायतमा काम गर्ने व्यवस्था गर्नु राम्रो हुने छ ।

**भाग २**

# पञ्चायत ऐनमा गर्नुपर्ने संशोधनहरू

## (१) गाउँ पञ्चायत ऐन, २०१८

१. गाउँ पञ्चायत ऐन, २०१८ पञ्चायतका विभिन्न दफाहरूमा स्थानीय हाकिम भन्ने शब्दको प्रयोग भएको छ । उक्त ऐन बन्दा जिल्ला पञ्चायतको गठन भई नसकेकोले नै उक्त शब्द राखिएको हुन सक्दछ । तर अब विभिन्न तहका पञ्चायतहरूको गठन भइसकेकोले स्थानीय हाकिमलाई कायम राख्नु वाञ्छनीय छैन । हाम्रो विचारमा स्थानीय हाकिमको सट्टा जिल्ला पञ्चायतका सभापति भन्ने राख्नु बढ्ता युक्तिसङ्गत हुनेछ ।

२. ऐनको दफा ९ (२) अनुसार गाउँ सभाका सदस्यहरूमध्ये सयकडा २० ले मुनासिब माफिकको कारण देखाई दरखास्त दिएमा र गाउँ पञ्चायतले निर्णय गरेमा प्रधानपञ्चले गाउँ सभाको असाधारण बैठक बोलाउनुपर्ने व्यवस्था छ । हाम्रो विचारमा सयकडा २० सदस्यहरूको सङ्ख्या धेरै भएकोले त्यसको सट्टा सयकडा १० भन्ने राख्नुपर्छ ।

३. गाउँ सभाको हक वा सम्पत्ति शीर्षक दफा १३ को उपदफा २ (ख) मा श्री ५ को सरकार वा जिल्ला पञ्चायतले उपयोग गर्न नचाहेसम्म त्यहाँका खानीहरू भन्ने थप्नुपर्ने देखिन्छ ।

४. पञ्चायतले गर्नुपर्ने काम शीर्षक दफा २९ को (श) मा गाउँ पञ्चायतले श्री ५ को सरकार वा जिल्ला पञ्चायतले तोकेको कानुनबमोजिमको काम गर्ने भन्ने भएकोमा जिल्ला पञ्चायतले सुम्पिएको काम गर्ने भन्ने राख्नुपर्ने देखिन्छ ।

५. दफा ४२ मा गाउँ पञ्चायतको समक्ष गरेको मिलापत्रको मान्यता अदालतमा गरेको मिलापत्र सरह हुने छ भन्ने राख्नुपर्ने देखिन्छ ।

६. बक्सौनी र दण्ड सजाय शीर्षक दफा ४६ मा मिलापत्र गरिएबापत सयकडा १ मात्र बक्सौनी लाग्न सक्ने भन्ने लेखिएकोमा त्यसको सट्टा सयकडा ५ सम्म भन्ने राखिनुपर्दछ ।

७. दफा ६५ मा ऐन, नियम, उपनियम बर्खिलाप काम भएकोमा १ आनादेखि १० रूपियाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था भएकोमा हाम्रो विचारमा उक्त रकम कम भएकोले त्यसको सट्टा रू. २५ सम्म राखिनुपर्दछ ।

८. दफा ४१ को (च) मा श्री ५ को सरकारले तोकेको रू. २५ सम्म जरिवाना वा तीन महिनासम्म कैद हुने वा मुद्दा मामिलाहरू पनि गाउँ पञ्चायतहरूले हेर्न पाउने व्यवस्था छ । हाम्रो विचारमा यो व्यवस्था व्यावहारिक छैन । पञ्चायतहरूले हेर्न

पाउने मुद्दा, अपराधमा पाउन सक्ने सजायबाट होइन अपराधको किसिम वा प्रकारबाट निर्धारित हुनुपर्दछ ।

९. ऐनको विभिन्न दफाहरूमा "तोकिएको" वा "तोकिएबमोजिमको" भन्ने शब्दहरू राखिएका छन् । उक्त तोकिएको भनिएका कुराहरू नियमहरूद्वारा तोक्ने व्यवस्था गरिएको छ । हाम्रो विचारमा उक्त शब्दहरू यथासम्भव हटाइदिनुपर्दछ र नियमहरूचाहिँ चाँडै बनाइदिनुपर्दछ ।

१०. गाउँ सभाहरूले उठाउन पाउने करहरूसम्बन्धी दफा १४ मा घर धुरी रकम पनि थप्नुपर्ने छ । यसले गर्दा गाउँ पञ्चायतहरूको आयस्रोतमा ठोस वृद्धि हुन जानेछ ।

११. ऐनको दफा ६२ मा गाउँ पञ्चायतहरूले आफ्नो अधिकारको दुरूपयोग गरेमा वा आफ्नो काम नगरेमा श्री ५ को सरकारले त्यसलाई भङ्ग वा निलम्बन गर्न सक्ने व्यवस्था छ । जिल्ला पञ्चायत खडा भइसके पनि गाउँ पञ्चायतसम्बन्धी उक्त अधिकार अब श्री ५ को सरकारको सट्टा माथिल्लो तहको पञ्चायत अर्थात् जिल्ला पञ्चायतलाई दिनुपर्दछ ।

१२. पञ्चायतले गर्नुपर्ने काम शीर्षक दफा २९ मा निम्नलिखित कुराहरू पनि थप्नुपर्ने देखिन्छ :-

(क) ग्राम पञ्चायत इलाकाभित्र पर्ने हाट, मेला, चौपाया, बजार, तमासा इत्यादिको बन्दोबस्त गर्ने खडा गर्ने र त्यसको नियन्त्रण रेखदेख गर्ने ।

(ख) ग्राम पञ्चायतअन्तर्गतका पसलमा किनबेच गर्ने नापतौलका साधनहरू इत्यादिको घटीबेसीको जाँच गर्ने ।

(ग) अवैध ढङ्गबाट मादक पदार्थको विक्री वितरणमा र भट्टी इत्यादिमाथि नियन्त्रण राख्ने ।

(घ) अनैतिक पेसा गर्ने गराउने र बहुलाएको वा अश्लील रूपमा हिँड्नेलाई पक्राउ गरी आवश्यक कारबाही गर्ने ।

(ङ) सार्वजनिक रूपमा समाजलाई अहित हुने वा जिउज्यान खतरा हुने खाडल, ढुङ्गा, रूख, घर, गारो, पर्खाल इत्यादि भत्काइदिने वा खाडल पुरिदिने वा मर्मत गर्न लगाउने र त्यस्ता प्रकारका रूख पनि छ भने काट्न लगाउने ।

(च) फरार भएका अपराधीहरू शान्ति भङ्ग गर्नेको लगत लिई त्यसप्रकारका अपराधीहरूलाई पक्राउ गरी रिपोर्टसाथ नजिकको पुलिस ठानामा पठाइदिने ।

१३. गाउँ पञ्चायतको प्रधानपञ्च अथवा कुनै सदस्य वा पदाधिकारीले आफ्नो कर्तव्य पालन गर्दा गरेको कुनै कार्यको फलस्वरूप अदालतमा मुद्दा पर्न गएमा निजलाई अरू गैरसरकारी व्यक्ति सरह तारिख बोक्नु नपरी सरकारी अड्डाहरूलाई प्राप्त भए सरहको सुविधा प्राप्त हुने गरी ऐनमा कुनै व्यवस्था गर्न आवश्यक देखिन्छ ।

## (२) नगर पञ्चायत ऐन, २०१८

१. ऐनको दफा १७ मा श्री ५ को सरकारको पूर्व स्वीकृतिले नगर पञ्चायतहरूले केही कामहरू गर्न पाउने भन्ने उल्लेख भएको छ । तर नगर पञ्चायतमाथिको तहको जिल्ला पञ्चायतको गठन भइसकेकोले नगर पञ्चायतले श्री ५ को सरकारसँग सोभै सम्पर्क राख्ने आवश्यकता देखिँदैन । अतः श्री ५ को सरकारको सट्टा जिल्ला पञ्चायतको भन्ने राख्नुपर्ने देखिन्छ ।

२. दफा ८ अनुसार नगर पञ्चायतका निर्वाचित सदस्यहरूले मात्र प्रधानपञ्च र उपप्रधानपञ्च निर्वाचन गर्न पाउँछन् तर दफा ९ को उपदफा ४ को खण्ड (घ) अनुसार भने मनोनित सदस्यहरूले पनि नगरको निर्वाचित सदस्यलाई हटाउने प्रस्ताव पास गर्न पाउने हुँदा सो दुवै दफा परस्पर विरोधी छन् । अतः हटाउने प्रस्तावमा पनि निर्वाचित सदस्यले मात्र मत दिन पाउने व्यवस्था हुनुपर्दछ ।

३. जिल्ला पञ्चायतको गठन भइसकेकोले अब स्थानीय हाकिमको सट्टा "जिल्ला पञ्चायतको सभापति" भन्ने राख्नुपर्दछ ।

४. दफा ६० को उपदफा १ मा "श्री ५ को सरकारको सरकारबाट स्वीकृति भएपछि" को सट्टा जिल्ला पञ्चायतबाट स्वीकृति भएपछि राख्ने ।

५. दफा ३९ को उपदफा (४) मा सवारीहरूमा वार्षिक रू. १००|- मा नबढाई कर लगाउन पाउने व्यवस्था भएकोमा उक्त दरलाई हटाइदिनुपर्दछ ।

६. ऐनको दफा ४४ मा नगर पञ्चायतहरूलाई श्री ५ को सरकारले खारेज गर्न सक्ने व्यवस्था भएकोमा, अब जिल्ला पञ्चायतहरूको गठन भइसकेकोले उक्त अधिकार जिल्ला पञ्चायतको सिफारिसबाट प्रयोग गर्न पाउने व्यवस्था राख्नुपर्दछ ।

## (३) जिल्ला पञ्चायत ऐन, २०१९

१. ऐनको दफा ३१ वा अन्य कुनै उपयुक्त स्थानमा, पञ्चायतका सदस्य वा कर्मचारीहरूले आफ्नो कर्तव्य पालन गर्दा कसैले कुटपिट गरेमा, उनीहरूलाई पनि सरकारी कर्मचारीहरूलाई प्राप्त भए सरहको सुविधा प्राप्त हुने छ भन्ने व्यवस्था गर्नुपर्छ ।

२. ऐनको दफा २४ मा जिल्ला पञ्चायतले आवश्यक सम्झेमा आफ्नो कार्यक्षेत्रभित्र पर्ने कुनै कुरा सम्बन्धमा जाँचबुझ गरी रिपोर्ट पेस गर्नको निमित्त सदस्यहरूबाहेक अरू कुनै व्यक्तिलाई पनि समावेश गरी समिति गठन गर्न सक्ने छ भन्ने कुरा थप्नुपर्ने ।

३. जिल्ला पञ्चायतले आफ्नो जिल्लाअन्तर्गतका नगर पञ्चायत तथा गाउँ पञ्चायतहरूको आम्दानी खर्चको हिसाबकिताब जाँच्न सक्ने व्यवस्था पनि ऐनमा राख्न वाञ्छनीय छ ।

४. गाउँ पञ्चायत वा नगर पञ्चायत अथवा तिनीहरूको कुनै कर्मचारीले ऐन, नियम उपनियमले गर्नुपर्ने कामका सम्बन्धमा दिएको आदेशको विरूद्ध कसैलाई चित्त नबुझी उजुरी गर्न चाहेमा जिल्ला पञ्चायतमा उजुर गर्न सक्ने व्यवस्था पनि ऐनमा हुनु वाञ्छनीय छ ।

५. ऐनको दफा २७ को उपदफा (२) मा सभापतिले आफ्नो अधिकार सचिव वा अन्य कुनै अफिसरलाई सुम्पिन पाउने व्यवस्था भएकोमा, निजले सो अधिकार उपसभापति वा अन्य कुनै सदस्यलाई पनि दिन सक्ने व्यवस्था हुनु राम्रो हुने छ ।

६. ऐनको दफा ३३ को (घ) मा श्री ५ को सरकारबाट निर्धारित भएको मालपोत अथवा अन्य करहरूमध्येको रकम जिल्ला कोषमा आम्दानी बाँधिने व्यवस्था भएकोमा, त्यसको सट्टा मालपोतको सयकडा १० भनी तोकेर राखिदिनु नै हाम्रो विचारमा वाञ्छनीय छ ।

७. जिल्ला सभाले लगाउन पाउने करदस्तुरसम्बन्धी दफा ३५ मा तल लेखिएका कुराहरू पनि थप्नुपर्ने देखिन्छ :-

(१) जिल्लाभरिका विभिन्न जन्तु, जनावरको सिपी, हाड, दाँत, खुर, सिङ, छाला रौँ, प्वाख विक्री हुने वस्तु एकत्रित गर्ने वा विक्री गर्ने ठेक्का दिने ।

(२) व्यापारिक उद्देश्यले चलाइएको कारखाना, पसल इत्यादिमा लगाइने साइनबोर्डमाथि कर लगाउने ।

(३) जिल्ला सभा कोषबाट सहायता गरी खनिएको कुलोपैनले खेतहरूमा सिँचाइ भएको पानीमा पोत लगाउने ।

(४) जिल्लाभित्र बग्ने नदीहरूको डुङ्गा, टुइन लाग्ने घाट ठेक्काको व्यवस्था र माछा आदि जलजन्तु, ढुङ्गा, मुढा, दहत्तर बहत्तर समेतमा ठेक्का लगाउने ।

(५) विशेष चाडपर्वमा लाग्ने ठूला ठूला मेलामा बजार बसाली मेला, विक्री कर र कुनै प्रदर्शनीको खास व्यवस्था मिलाई मनोरञ्जन कर लगाउने ।

८. दफा ३५ को उपदफा (४) मा घरहरूमाको "सट्टा घर वा सम्पत्तिमा भनी" राख्नु पर्ने देखिन्छ ।

९. ऐनको दफा ३५ को उपदफा (५) मा जिल्ला सभाले नगर पञ्चायतको क्षेत्रभन्दा बाहिरको ठाउँहरूमा राखिएको सवारीहरूउपर कर लगाउन सक्ने भन्ने उल्लेख भएको छ । सवारीहरूउपर कर लगाउने अधिकार गाउँ सभाहरूलाई पनि भएकोले दोहोरो पर्न गएको छ । हाम्रो विचारमा यो कर लगाउने अधिकार वास्तवमा गाउँ पञ्चायतहरूलाई हुनुपर्ने भएकोले उपदफा (५) झिकिदिनुपर्दछ ।

१०. जिल्ला पञ्चायतको कामसम्बन्धी दफा २३ मा निम्नलिखित कुराहरू पनि थप्नु बेस हुने छ :-

(१) पर्यटकहरूको सुविधासम्बन्धी व्यवस्था मिलाउने ।

(२) श्री ५ को सरकारबाट जिल्लाका सम्बन्धमा भएका ठेक्कापट्टासम्बन्धी एग्रिमेन्टका प्रतिहरू राखी सोबमोजिम काम भए, नभएको देखरेख गर्ने ।

(३) बेवारिसी सम्पत्तिको बन्देवस्त गर्ने ।

## करसम्बन्धी दफाहरू

विभिन्न ऐनका करसम्बन्धी दफाहरूमा सामान्य दृष्टिबाट आवश्यक देखिएका संशोधनसम्बन्धी सुझावहरू माथि दिइएका छन् । यस सम्बन्धमा हामीहरू एउटा अर्को सुझाव पनि पेस गर्न चाहन्छौँ । पञ्चायतहरूले कस्तो किसिमको कर लगाउन पाउनुपर्दछ, उक्त करहरूको दर राख्नु वाञ्छनीय छ छैन, विभिन्न किसिमका करहरूले सरकारी आर्थिक नीतिमाथि के कस्तो प्रभाव पार्दछन् इत्यादि कुराको विशेषज्ञहरूद्वारा राम्रो अध्ययन जाँचबुझ हुनुपर्दछ र उनीहरूद्वारा तयार गरिएका सुझावहरूमाथि अध्ययन गरी करसम्बन्धी दफाहरूमा आवश्यक संशोधनहरू हुनुपर्दछ ।

**परिच्छेद : ४**

# अञ्चल पञ्चायत

राष्ट्रिय पञ्चायत र जिल्ला पञ्चायतको बीचमा रहेको अञ्चल पञ्चायतको आफ्नो बेग्लै महत्त्व छ । प्रशासनको विकेन्द्रीकरण गर्दा जिल्ला पञ्चायतमा रहेको प्रशासन एवं विकाससम्बन्धी गहन जिम्मेदारी अञ्चल पञ्चायत नभए पनि पञ्चायत दर्शनको विकास र प्रचारमा यसको ठूलो हात रहने छ । एक अञ्चलमा सरदर पाँच विकास जिल्ला पर्दछ । घटीमा ४ र बढीमा ८ विकास जिल्लाको अञ्चलहरू आफ्नो भौगोलिक परिस्थितिले गर्दा आकारप्रकारमा भिन्न भए पनि यी एक एकाइहरूमा सकेसम्म पूर्ण छन् ।

अञ्चल पञ्चायतलाई प्रशासन र विकास सम्बन्धित विशेष अधिकारहरू नदिएकोले यसमा केही आकर्षण कम हुन सक्छ । अञ्चल पञ्चायतको सभापतिमा अञ्चलाधीशलाई मनोनित गर्ने कुरा समितिको बैठकमा उठेको थियो । तर आयोगको रायमा यो व्यवस्थाले फाइदा देखिँदैन । पञ्चायती व्यवस्थाका विभिन्न तहमा जनप्रतिनिधिले प्राप्त गरेको प्रतिष्ठाको अनुकूल यो काम हुने छैन । निर्वाचित सभापतिलाई नै अञ्चलाधीश मान्ने अथवा अञ्चलाधीशको नै कुनै व्यवस्थाद्वारा अञ्चलमा निर्वाचन गराउनेतर्फमा पनि छलफल भयो । हाम्रो रायमा यस सम्बन्धमा पनि अहिले प्रोत्साहन दिनु उचित देखिएन । अञ्चलको भर्खरै निर्माण भएको छ र अञ्चलबासीको आपसमा अहिले एक एकाइको भावना पनि जमिसकेको छैन । यस प्रशासकीय एकाइलाई अझै केही वर्ष केन्द्रको नै अधीनमा सङ्गठित हुनुपर्दछ । २५/३० वर्षमा यस रूपबाट सङ्गठित भएपछि र साथै नेपालको आवागमन र सञ्चारको साधनमा अभिवृद्धि भएपछि सम्भव छ । त्यस पृष्ठभूमिमा अञ्चलाधीशको निर्वाचन गर्न सकियोस् र अञ्चललाई पनि प्रशासन र विकाससम्बन्धी बढी अधिकार दिन सकियोस् । अहिले त अञ्चल पञ्चायतले पञ्चायत दर्शनको सम्बन्धमा विचार गर्नुपरेको छ । राष्ट्रिय पञ्चायतको व्यवस्थापनसम्बन्धी अधिकतम बोझा र जिल्ला पञ्चायतको प्रशासन तथा विकासको जिम्मेदारी अञ्चल पञ्चायतमा नभएकोले अञ्चल पञ्चायत सहजै राजनीतिक, आर्थिक र सामाजिक विभिन्न विषयमा छलफल गर्ने प्रशस्त मौका पाउन सक्दछ । उभय पक्षको त्रुटिहरू केलाउन अञ्चल पञ्चायत एक उपयुक्त ठाउँ हुन सक्छ । देशभरिमा यदि १४ ठाउँमा पञ्चायतसम्बन्धी खोज चल्यो र विभिन्न विद्वान्हरूको जमघट गराएर सेमिनार, सानोतिनो गोष्ठी, पुस्तकपुस्तिका प्रकाशन तथा अरू अनेक खोजीद्वारा पञ्चायतसम्बन्धी अनुसन्धान भयो भने पञ्चायत दर्शनको एक ठूलो खाँचोको पूर्ति हुन सक्दछ । राष्ट्रिय पञ्चायतमा भएका निर्णयका सम्बन्धमा छलफल गर्ने र यसको प्रचार गर्ने र अञ्चल पञ्चायत एक ठूलो साधन हुन सक्दछ । राष्ट्रिय पञ्चायतको सदस्यता अञ्चल पञ्चायतमा अनिवार्य गरी जिल्ला पञ्चायतबाट उनीहरूलाई मुक्त गर्न सकिन्छ । जुन गहन जिम्मेदारी जिल्ला पञ्चायतले बोक्नुपर्छ त्यो हेरी राष्ट्रिय पञ्चायतका सदस्यहरूलाई जिल्ला पञ्चायतको काम दिनु पनि हुँदैन । अञ्चल पञ्चायतको सदस्यताबाट अञ्चल सभाको सदस्यता स्वतः कायम हुनाले राष्ट्रिय पञ्चायतको पुनः निर्वाचनमा पनि यसले बाधा हुने छैन ।

पञ्चायत दर्शनसम्बन्धी अनुसन्धान गर्ने कामबाहेक जिल्ला पञ्चायतले काम गरेको नगरेको जाँच गर्ने तथा आवश्यक निर्देशन समेत दिने अधिकार पनि अञ्चल पञ्चायतलाई हुनुपर्दछ । तर यो काम वर्षमा ३/४ पटकभन्दा बढी हुनु हुँदैन । अञ्चल स्तरको विभिन्न निर्माण कार्यमा एक सल्लाहकारको रूपमा अञ्चलाधीशलाई सहयोग गर्ने पनि अधिकार दिन सकिन्छ । अञ्चल पञ्चायतका सदस्यहरूको पूर्ण मर्यादा हुनुपर्दछ र प्रत्येक सरकारी उत्सवमा निम्त्याउने व्यवस्था हुनुपर्दछ । अञ्चल पञ्चायत पञ्चायत व्यवस्थाको बडो नै महत्त्वपूर्ण अङ्ग हो भन्ने कुरा राम्ररी बुझ्नुपरेको छ । यसको लागि बेलाबेलामा मन्त्रीहरू र अरू बुद्धिजीवीहरूको भ्रमण कार्य आवश्यक पर्ने छ । अञ्चल स्तरीय ठूला ठूला सम्मेलनमा **श्री ५ महाराजाधिराज** सरकारको सवारी चलाउन सकिने छ । अनुसन्धानिक कार्यमा आवश्यक परे जिल्ला पञ्चायतमा सभापतिको मातहत सानो एक अङ्ग खडा गर्न सकिन्छ र यस्तै सम्भव छ केन्द्रमा पनि कुनै पञ्चायत अनुसन्धान केन्द्र खोल्नुपरोस् । तर अहिलेलाई अञ्चल पञ्चायतबाट नै यो महत्त्वपूर्ण कामको थालनी गरे हुन्छ ।

आफ्नो यस कामको लागि अञ्चल पञ्चायतलाई एक निजी कोषको अत्यन्त ठूलो आवश्यकता पर्ने छ । यसको लागि निम्नलिखित व्यवस्था हुनुपर्ने देखिन्छ :-

(१) प्रत्येक जिल्लाले आफ्नो निजी आम्दानीको १० अञ्चल कोषमा सहयोग गर्ने,
(२) केन्द्रीय सहायता,
(३) चन्दा,
(४) अञ्चल पञ्चायतबाट प्रारम्भ गरिएको कुनै कार्यबाट हुन आएको मुनाफा आदि ।

यसबाहेक कुनै पत्रिका निकालेर प्रचार विभागबाट केही मासिक विज्ञापन उपलब्ध गराउन सकिन्छ र विभिन्न मन्त्रालयले पनि समय समयमा विशेष कामको लागि अञ्चल पञ्चायतमार्फत आर्थिक सहायता गरी आफ्नो काम गराउन सक्दछ ।

आयोगको यो दृढ विश्वास छ कि पञ्चायत दर्शनको खोजीका लागि अञ्चल पञ्चायत एकदम नै उपयुक्त ठाउँ हुने छ । अञ्चल पञ्चायतलाई पञ्चायत व्यवस्थाको एक बुद्धिजीवी क्षेत्रको रूपमा लिन सकिन्छ । जसको अथक परिश्रमबाट एक ठूलो खाँचोको पूर्ति सहजै हुन सक्ने छ ।

**परिच्छेद : ५**

# महानगर पञ्चायत

नेपालको महत्त्व दिनौँ अन्तर्राष्ट्रिय जगतमा बढ्दो छ र यसको साथै यसको राजधानीको पनि कुनै बेला दुनियाँबाट बेग्लै राखिएको काठमाडौँका समस्या धेरै सीमित थिए । तर यसको आधुनिकीकरण र बढ्दो जनसङ्ख्याले गर्दा काठमाडौँ मात्र होइन यसवरिपरिका क्षेत्रफलका बारेमा पनि विचार गर्नुपर्ने भएको छ । भौगोलिक दृष्टिबाट पाटनलाई बेग्लै सहर भन्न गाह्रो पर्न थालेको छ र भोलि बढ्दो जनसङ्ख्यामा भादगाउँ पनि आजभैँ टाढा रहन सक्तैन । यी तीन सहर कुनै बेला तीन राज्यका तीन राजधानी भए पनि, आज हर दृष्टिकोणबाट एक आधुनिक राज्यको संयुक्त रूपबाट राजधानी हुन सक्ने मात्र छन् । उपत्यकाका तीन नगर पञ्चायत मात्र होइन यस वरिपरिका अरू ग्राम पञ्चायतहरूको पनि बेग्लाबेग्लै रूपमा विकास सम्भव छैन । उपत्यकाको चारैतिर मोटर हिँड्छ । बाटो पुल कसले हेर्ने ? नगरमा नेपालीलाई शिक्षित र स्वस्थ बनाएर त्यससँग जोडिएको ग्रामीणलाई स्कुल र अस्पतालको आवश्यकता छैन भन्न सकिन्न । थोरै क्षेत्रफल तर धेरै आवादी यस उपत्यकाका समस्यामध्ये एक हुन् । जनसङ्ख्यालाई सुविधामा राख्नु पञ्चायतका कर्तव्य हुन् तर जुन किसिमबाट आधुनिक मानवको माग बढेका छन् त्यसलाई साधारण आर्थिक बोझले पूरा गर्न असम्भव छ । यसको लागि चाहिने बृहत् योजना र ठूलो धनराशिको अभाव छ । उपत्यकाभरिको सम्मिलित जनशक्ति र धनशक्ति लगायो भने मात्र उपत्यकाको छिटो विकास सम्भव देखिन्छ ।

यद्यपि जिल्ला विभाजनको रूपमा यो उपत्यका १६६ ग्राम पञ्चायत, ३ नगर पञ्चायत र ३ जिल्लामा विभाजित छ र नेपालको संविधानको अनुसूची ४ ले यस जिल्ला विभाजनलाई मान्यता प्रदान गर्दै राष्ट्रिय पञ्चायतमा चार स्थान पनि प्रदान गरेको छ । तर राजधानीको जुन द्रुततर निर्माण आवश्यक छ त्यसमा २०० वर्गमिलको क्षेत्रलाई यसरी विभाजन गरेर काम होला जस्तो देखिँदैन । यस क्षेत्रलाई एक एकाइ मानेर त्यसैअनुसार यहाँको सङ्गठन हुनु आवश्यक देखिन्छ ।

यसरी यो कुरा सहजै भन्न सकिन्छ कि लन्डन सिटी काउन्सिलको बेलायतको स्थानीय स्वायत्त शासनको विभाजनमा बेग्लै अस्तित्व भएझै यहाँ पनि राजधानीमा हुने यससम्बन्धी बेग्लै व्यवस्था गर्नु आवश्यक छ । एक एकाइको रूपमा यहाँको पञ्चायत सङ्गठित हुनुपर्‍यो । पूरा उपत्यकाको एउटै नामकरण हुनु आवश्यक छ । यस एक एकाइको रूपमा नै यसलाई स्वीकार गरी राष्ट्रिय पञ्चायतमा सोझै प्रतिनिधित्व प्रदान गर्न सकिन्छ । सम्भव छ, यसबाट बाग्मती अञ्चलको पनि समस्या घट्ला । उपत्यकाभित्रका तीनै नगर पञ्चायत र १६६ ग्राम पञ्चायतहरूले आफ्ना प्रतिनिधि यस महानगर पञ्चायतमा पठाउने छन् । सुविधाको लागि नगर र ग्राम पञ्चायतको प्रतिनिधि सङ्ख्यालाई अहिले बराबर पनि पार्न सकिन्छ । बराबर प्रतिनिधि भएको सभाबाट निर्वाचित भएर यस महानगर पञ्चायतले सम्पूर्ण उपत्यकाको लागि योजना तयार पार्ने छ र उसको कोषबाट पनि बढी ठूला ठूला कामको समेत आयोजना सम्भव हुनेछ । यस्तो एक पञ्चायतको निर्माण यस उपत्यकाभित्र हुनसके यस पञ्चायतलाई अधिकार पनि निकै मात्रामा प्रदान गरी स्थानीय व्यक्तिलाई एक आदर्श स्थानीय सरकारको काममा सहयोगी बनाउन पाइने थियो ।

**परिच्छेद : ६**

# विकेन्द्रीकरणका केही समस्याहरू

पञ्चायती व्यवस्थाको मूल उद्देश्य नै जनप्रतिनिधिहरूलाई शासनको प्रत्येक तहमा सम्मिलित गराएर एउटा जागृत, सक्रिय र विकासोन्मुख समाजको स्थापना गर्नु हो । केवल केन्द्रीय तहमा मात्र निर्वाचित विधायिका अथवा मन्त्रिपरिषद् राखेर मात्र वास्तवमा प्रजातन्त्रको लक्ष्य प्राप्त गर्न सकिँदैन । सरकारद्वारा प्रत्येक तहमा गरिने कार्य त्यस तहमा रहेका जनप्रतिनिधिहरूद्वारा सञ्चालित हुने व्यवस्था हुन सकेमा मात्र वास्तविक प्रजातन्त्र आउँछ । पञ्चायती व्यवस्थाको मूल सिद्धान्त पनि यही हो । अतः विकेन्द्रीकरणको आवश्यकता स्पष्ट र निर्विवाद छ ।

तर विकेन्द्रीकरण गर्नको निमित्त कागतमा एउटा आदेश दिएर मात्र पञ्चायती व्यवस्थाको उद्देश्य हासिल गर्न सम्भव छैन । विकेन्द्रीकरणतर्फ अग्रसर हुनुपर्ने लक्ष्य स्पष्ट भए तापनि विकेन्द्रीकरणको बाटो अत्यन्त कठिन छ । सयौँ वर्षसम्म अशक्त, निष्क्रिय अशिक्षित र शोषित गरी राखिएको जनतालाई केवल अधिकार दिएर मात्र जागरूक बनाउन सकिन्न । कुनै पनि अधिकारको विकेन्द्रीकरण गर्नुभन्दा पहिले उक्त अधिकार प्रत्यायोजित गर्ने संस्थाको क्षमतामाथि विचार गर्नु आवश्यक छ । क्षमताभन्दा बाहिरको अधिकार दिनु विकेन्द्रीकरण गर्नु होइन, अव्यवस्था उत्पन्न गर्नु हुन जान्छ । यस दृष्टिबाट विचार गर्दा क्षमताअनुसारको अधिकार दिनु मात्र वास्तविक विकेन्द्रीकरण हुने छ । साथै अधिकारहरू नदिई पञ्चायतहरूमा चेतना उत्पन्न गर्न कठिन छ भन्ने कुरा पनि सत्य छ, अतः यस जटिल अवस्थामा यस समस्यामाथि बडो सावधानी र गम्भीरतापूर्वक विचार गर्नुपर्ने आवश्यकता छ ।

अधिकारको उचित प्रयोगको निमित्त सर्वप्रथम पञ्चायतहरूलाई अनुभव र प्रशिक्षणको आवश्यकता पर्ने छ । अधिकारहरूको उचित प्रयोग गर्ने शक्ति सहज र चाँडै प्राप्त गर्न सकिने कुरा होइन । यसको निमित्त विभिन्न तहका पञ्चायतका सदस्यहरूलाई सरकारका विभिन्न विभागीय कार्य गतिविधि तथा तिनीहरूको महत्त्वका सम्बन्धमा राम्रो जानकारी हुनुपर्दछ । साथै विभिन्न पञ्चायतहरूले आफैले गर्नुपर्ने कार्यहरू कुन प्रकारले गर्नुपर्दछ त्यसको पनि ज्ञान हुनु आवश्यक र सबभन्दा बढी, अधिकारको प्रयोग जिल्ला वा गाउँको सामूहिक हितको निमित्त प्रयोग गर्नुपर्दछ र अधिकारको साथै त्यसमा जिम्मेवारीहरू पनि निहित हुन्छन् र उक्त जिम्मेदारीहरूलाई राम्ररी बुझी अधिकारको दुरूपयोग गर्नु हुँदैन इत्यादि पञ्चायतका आधारभूत सिद्धान्तहरूलाई सदस्यहरूले राम्ररी महसुस गरेको हुनु पर्दछ । यो हुनलाई तालिम र अनुभव चाहिन्छ जो कि क्रमशः मात्र प्राप्त गर्न सकिन्छ ।

पञ्चायतहरूको सफलताको निमित्त यससँग सम्बन्धित सबैमा मनोवैज्ञानिक परिवर्तन हुनु पनि आवश्यक छ । यो परिवर्तन पञ्चहरूमा सरकारी कर्मचारीहरूमा तथा केही अङ्शमा जनतामा पनि आउनुपर्दछ । प्रथमतः पञ्चहरूले यस कुराको अनुभव गर्न सक्नुपर्दछ कि

उनीहरूलाई पञ्चायती व्यवस्थाअन्तर्गत प्राप्त भएको अधिकार र शक्ति उनीहरूको लाभका लागि होइन, जिल्ला वा गाउँका लाभका लागि मात्र हो । दोस्रो, जिल्लास्थित सरकारी कर्मचारीहरूले यो बुझ्नुपर्दछ कि पञ्चायती व्यवस्थाअन्तर्गत वास्तविक शक्ति चुनिएका पञ्चहरूमा रहन्छ र कर्मचारीहरूको मुख्य काम र कर्तव्य जनताका प्रतिनिधिहरूको इच्छानुसार शासन चलाउनमा सहायता गर्नु हो । अहिलेसम्म जिल्लास्थित कर्मचारीहरूले केन्द्रबाट नै आदेश पाइरहेको बानीले गर्दा तथा जिल्लामा आफ्ना आफ्ना अड्डाका उनीहरू स्वयं प्रमुख भएर बसेकोले जनताद्वारा चुनिएका पञ्चहरूले अब उनीहरूको कार्य र गतिविधिलाई निर्दिष्ट गर्न सक्दछन् भन्ने कुरा धेरैलाई नरूच्नु आश्चर्यको कुरा होइन । अतः यस विषयमा प्रत्येक मन्त्रालय वा विभागले आफ्नो जिल्लास्थित कर्मचारीहरूलाई पञ्चायती व्यवस्थाको महत्त्व तथा त्यसमा उनीहरूले गर्नुपर्ने र उनीहरूको स्थानका सम्बन्धमा बराबर जानकारी गराई यस व्यवस्थाको आशयअनुसार कार्य सञ्चालन हुने व्यवस्था मिलाउनुपर्दछ । तेस्रो, जनताको मनस्थितिमा पनि परिवर्तन हुनु आवश्यक छ । पञ्चायतहरू उनीहरूकै संस्था हो र यसले दिएका आदेशहरूको निष्क्रिय पालन गर्ने मात्र होइन यसले उठाएका कदमहरूमा सक्रिय र सहर्ष योगदान गर्नुपर्दछ भन्ने कुराको अनुभव र चेतना जनतामा आउनुपर्दछ । यो दुई तरिकाले आउन सक्दछ । पहिला, पञ्चायतको प्रयत्नस्वरूप जिल्लामा भएको विकास कार्य जनताले स्वयं देखेर यस कुराको अनुभव गर्न सक्दछन् । दोस्रो, व्यापक प्रचारद्वारा पनि उनीहरूलाई यो कुरा बुझाउन सकिन्छ । यी दुवै दिशातर्फ प्रयत्नशील हुनुपर्दछ ।

पञ्चायतहरूको सफलताको निमित्त अर्को ठूलो आवश्यकता छ बराबर निरीक्षण र मार्ग प्रदर्शनको । पञ्चायतहरूलाई अधिकार दिएपछि स्वयं सबै कुरा ठीक भइहाल्दछ भन्ठान्नु ठीक हुँदैन । नयाँ व्यवस्थाको यस प्रारम्भिक अवस्थामा पञ्चायतहरूले आफ्नो कामका सम्बन्धमा अलमलिनु अस्वाभाविक होइन । ऐन नियमहरूको राम्रो व्याख्या गर्न नसकेर तथा बजेट बनाउने योजना तयार गर्ने, करहरू लगाउने सिद्धान्त र तरिका तथा यस्तै अरू कुराहरूको राम्ररी मेलो नपाएर यसो हुन सम्भव छ । अतः हाललाई विभिन्न तहका पञ्चायतहरूले गरेका कार्यहरूको बराबर निरीक्षण गरी उनीहरूलाई मार्ग प्रदर्शन गर्ने व्यवस्था हुन अत्यन्त आवश्यक छ । यसका लागि हाम्रो विचारमा अरू कुराहरूको अतिरिक्त एउटा पत्रिकाको प्रकाशन पनि वाञ्छनीय छ । पत्रिकामा पञ्चायत दर्शनसम्बन्धी लेखहरूको अतिरिक्त विभिन्न पञ्चायतहरूले गरेको विकासकार्यहरू तथा उनीहरूले गरेका तत्सम्बन्धी नयाँ प्रयोगहरूको समेत वर्णन हुनुपर्दछ । यसले गर्दा विचार अनुभवको पारस्परिक आदानप्रदान सम्भव हुने छ र सबै पञ्चायतहरू यसबाट लाभान्वित हुन सक्ने छन् ।

माथि उल्लेख गरिएका कुराहरूबाट स्पष्ट छ कि अधिकारको विकेन्द्रीकरण बिस्तारै तथा क्रमिक रूपले गर्दै जानुपर्ने छ । यस कुरालाई समेत विचार गर्दा, हाम्रो रायमा विकेन्द्रीकरण हाल निम्नलिखित सिद्धान्तहरूमा आधारित हुनुपर्दछ :-

(१) पञ्चायतहरूले प्रयोग गर्दा कामको दक्षता र प्रभावकारिता नघट्ने किसिमका सबै अधिकारहरू उनीहरूलाई प्रत्यायोजित गर्नुपर्दछ ।

(२) अधिकारहरूको विकेन्द्रीकरण पञ्चायतहरूको क्षमताअनुसार गर्नुपर्दछ । अधिकारको प्रयोग गर्ने संस्थाको क्षमताभन्दा बढी अधिकारहरू दिइएमा अधिकारको उचित प्रयोग हुन नसकी झन् अव्यवस्था उत्पन्न हुने सम्भावना हुन्छ । अतः विभिन्न उपायहरूद्वारा पञ्चायतहरूको क्षमता बढाउँदै लगी तथा उनीहरूलाई सुसङ्गठित गर्दै गई अनि अधिकारहरू दिँदै जानुपर्दछ ।

(३) अधिकारको विकेन्द्रीकरण क्रमिक र योजनाबद्ध रूपले हुनुपर्दछ । पञ्चायती व्यवस्थाको मूल लक्ष्य जनतालाई सबै तहको शासनमा सम्मिलित गराएर प्रशासनमा जनतालाई सक्रिय सहयोगी बनाउनु र साथै विकासको निमित्त सदैव प्रयत्नशील रहने एउटा चेतनशील र जागृत समाजको स्थापना गर्नु हो । तर अन्तिम लक्ष्य यो हुँदाहुँदै पनि विकाससम्बन्धी कार्यहरू नै व्यवस्थित ढङ्गले विभिन्न पञ्चायतले गर्न नसक्दै अरू सामान्य प्रशासकीय अधिकार समेत उनीहरूलाई दिँदा उक्त अधिकारहरूको प्रयोगमा नै उनीहरूको समस्त ध्यान केन्द्रित भई उनीहरूले गर्नुपर्ने विकाससम्बन्धी कार्यमा शिथिलता आउने सम्भावना हुन्छ । तर ग्रामीण समाजमा चेतना उत्पन्न गर्नको निमित्त गाउँ तथा जिल्लाका जनताको आफ्नै श्रम र साधनले भ्याउने कार्यहरू प्रारम्भ गर्न उनीहरूलाई प्रोत्साहन गर्नुपर्ने भएकोले पञ्चायती व्यवस्थाको यस प्रारम्भिक अवस्थामा विकास कार्यहरूमा कुनै किसिमको ढिलाइ आउन दिनु वाञ्छनीय छैन । यसबाहेक प्रशासनको दृष्टिबाट प्रारम्भमा पञ्चायतहरूलाई उनीहरूले सम्हाल्न सक्नेभन्दा बढी उत्तरदायित्व र अधिकार दियो भने अव्यवस्था उत्पन्न भई कुनै पनि काम राम्रोसँग चल्न नसक्ने स्थिति उत्पन्न हुने सम्भावना हुन्छ । अतः सर्वप्रथम अहिले जिल्ला पञ्चायत ऐन तथा गाउँ पञ्चायत ऐनमा उल्लेख गरिएका अधिकार र कर्तव्यको पालन व्यवस्थित ढङ्गले हुन, गराउनेतर्फ विशेष जोड दिनुपर्दछ र उक्त अधिकारहरूको प्रयोग व्यवस्थित ढङ्गले हुन थालेपछि अरू अधिकारहरू क्रमशः दिँदै आदर्श पञ्चायतमा उल्लेख गरिएको लक्ष्य प्राप्तितिर अगाडि बढ्दै जानुपर्दछ भन्ने आयोगको राय छ ।

अत्यन्त विकसित अवस्थाको गाउँ पञ्चायत र जिल्ला पञ्चायतको अधिकार र कार्यपद्धति कस्तो हुनुपर्दछ भन्ने कुराको उल्लेख आदर्श पञ्चायतसम्बन्धी परिच्छेदमा गरिसकिएको छ । तर त्यसमा लेखिएअनुसारको काम हुन पर्याप्त समय लाग्ने छ । उक्त परिच्छेद पञ्चायती व्यवस्थालाई पूर्ण रूपले लागू गर्नको निमित्त कुन दिशातर्फ कस्तो प्रयत्न हुनुपर्दछ भन्ने कुराको मार्गदर्शनका लागि राखिएको हो । यसतर्फ निरन्तर प्रयत्न हुँदै जानु आवश्यक छ । निकट भविष्यमा पञ्चायतहरूलाई दिन सकिने अधिकारका सम्बन्धमा आयोगको दुवै उपसमितिहरूले दिएका रिपोर्टहरू तथा त्यसका आधारमा आयोगले गरेका सिफारिसहरू पनि परिच्छेद ३ मा दिइसकिएका छन् ।

माथि उल्लेख गरिएका सिद्धान्तहरूको आधारमा विकेन्द्रीकरणको एउटा क्रमबद्ध योजना तयार गरिनुपर्दछ । उक्त योजनामा विकेन्द्रीकरणको अन्तिम लक्ष्यमा २/३ खुडकिलो गरी पुग्ने व्यवस्था हुनुपर्दछ । प्रारम्भिक अवस्थामा ऐनद्वारा प्रदत्त अधिकारमा केही सामान्य अधिकारहरू थप गर्ने, दोस्रो अवस्थामा सोभन्दा बढी अधिकारहरू दिने, तेस्रो अवस्थामा त्यसभन्दा अझ बढी अधिकार दिई पञ्चायतहरूको क्षमता बढाउँदै लगी अनि अन्तिम अवस्थामा पुग्ने योजना हुनुपर्दछ । कुन अवस्थामा कति अधिकारहरू हुनुपर्दछ । प्रत्येक अवस्थामा बढी अधिकार दिनुभन्दा पहिले उक्त अधिकारहरूको प्रयोग पञ्चायतहरूद्वारा कुन प्रकारले गरिन्छ, त्यसबाट केके समस्याहरू उठ्न सक्दछन्, ती समस्याहरूको कसरी समाधान हुन सक्दछ, इत्यादिको अध्ययन गरी थप अधिकारहरूको प्रयोग व्यवस्थित ढङ्गले हुने प्रबन्ध गर्न सकियोस् भन्नका लागि प्रत्येक अञ्चलको एकएक जिल्लामा थप अधिकारहरूको प्रयोगमा परीक्षण गर्नु वाञ्छनीय हुने छ र उक्त परीक्षणको नतिजाको आधारमा अरू जिल्लाहरूमा पनि सो अधिकारहरू दिइनुपर्दछ भन्ने आयोगको राय छ ।

यस सिलसिलामा हामी अर्को एउटा कुराका सम्बन्धमा पनि सुझाव पेस गर्न उचित ठान्दछौं, त्यो हो जिल्ला प्रशासनको भावी रूपरेखा । आयोगको रायमा "जिल्लामा बडाहाकिमको जस्तो शक्तिशाली पद रहिरहुन्जेलसम्म एउटा जनप्रतिनिधि संस्थाको रूपमा पञ्चायतहरू राम्रोसँग विकसित हुन सक्दैनन्" भन्ने हाम्रो धारणा छ । अतः शान्ति सुरक्षाको कार्य तुरून्त पञ्चायतहरूलाई नदिए तापनि बडाहाकिमको पदको चाहिँ अन्त गर्ने सिद्धान्त स्वीकार गर्नु आवश्यक छ । तर साथै यस्तो प्रभावकारी पदलाई तुरून्त समाप्त गर्न पनि सम्भव वा वाञ्छनीय नभएकाले यस सम्बन्धमा एउटा क्रमबद्ध योजना बनाई आगामी केही वर्षभित्रमा बडाहाकिमको पद सबै जिल्लाहरूबाट क्रमशः समाप्त गरिसक्नुपर्दछ भन्ने हाम्रो राय छ । तर बडाहाकिमको पद अन्त गरेर एउटा शून्यावस्था उत्पन्न गरिदिनु तथा बडाहाकिमको पदको सबै कार्यहरू कुनै न कुनै संस्थाले गर्ने व्यवस्था हुनुपर्दछ ।

बडाहाकिमले हाल गरिरहेको कार्यहरूलाई स्थूल रूपले तल लेखिएअनुसार विभाजित गर्न सकिन्छ :-

(क) जिल्लामा शान्ति सुरक्षा र स्थिरता कायम गर्ने,
(ख) भ्रष्टाचार निवारण गर्ने,
(ग) आवश्यक मालसामानहरूको वितरण गर्ने,
(घ) जिल्लास्थित सरकारी विभिन्न अफिसहरूको रेखदेख र नियन्त्रण गर्ने
(ङ) विविध ।

आयोगको रायमा आदर्श पञ्चायतको लक्ष्य प्राप्त गर्न नसकिएसम्म अथवा कुनै विशेष पञ्चायतलाई प्रयोगात्मक रूपमा बढी अधिकार दिने निर्णय नभएसम्म उक्त कार्यहरू निम्नलिखित कर्मचारी अथवा संस्थाहरूलाई सुम्पिनु वाञ्छनीय र व्यावहारिक हुने छ :

(१) जिल्लामा शान्ति सुरक्षा र स्थिरता कायम गर्ने सामान्य जिम्मेदारी अञ्चलाधीशहरूलाई दिनुपर्ने छ । अञ्चलाधीशले उक्त अधिकारहरूको प्रयोग जिल्ला पञ्चायतको सिफारिसलाई समेत ध्यानमा राखी स्वयं वा जिल्ला पुलिस अफिसरद्वारा गर्नु वा गराउनुपर्ने छ ।

(२) भ्रष्टाचार निवारण गर्ने जिम्मेदारी पनि हाल अञ्चलाधीशमा नै रहनु वाञ्छनीय हुने छ । अञ्चलाधीशले यो अधिकार स्वयं वा जिल्ला पञ्चायतद्वारा प्रयोग गर्नु वा गराउनुपर्दछ ।

(३) शेष अधिकारहरू कारबाही जिल्ला पञ्चायतलाई नै दिनुपर्दछ ।

माथि लेखिएबमोजिम गरिएपछि पञ्चायतहरूले विकसित हुने र फल्नेफुल्ने अवसर पाउने छन् । तर पञ्चायती व्यवस्थाको राम्रो र बलियो जग बसाल्नको निमित्त प्रारम्भको ४/५ वर्षसम्म विभिन्न तहका पञ्चायतहरूको कार्य र गतिविधिलाई बराबर निरीक्षण गरी उनीहरूलाई मार्गप्रदर्शन गरिरहनुपर्दछ भन्ने विचार हामी पुनः दोहऱ्याउन चाहन्छौँ । यस कार्यको विशेष उत्तरदायित्व अञ्चलाधीशहरूलाई दिनु वाञ्छनीय छ ।

पञ्चायती व्यवस्था मूलतः एउटा प्रजातान्त्रिक व्यवस्था हो । यसको सफलता नै यसले जनतालाई सजग र सक्रिय गरी देशमा रहेको जनबल र धनबललाई परिचालन गरी सबैलाई देश निर्माणको महान् कार्यमा इच्छुक र सक्रिय सहयोगी बनाउन सक्ने शक्तिमा छ । अधिनायकवादी व्यवस्थामा झैँ यस व्यवस्थामा देशनिर्माणको काम करबल र एकतर्फी निर्देशनको भरमा हुँदैन जनताको जागृत चेतना र इच्छा र चाहको फलस्वरूप हुन्छ । यस मूलभूत सिद्धान्तलाई सबै पञ्चहरूले सदैव स्मरणमा राख्नुपर्दछ र उनीहरूको जुनसुकै कार्यको सञ्चालन पनि पारस्परिक छलफल र विचारहरूको आदानप्रदानको आधारमा हुनुपर्दछ । पञ्चायतहरूको निर्णयहरू कार्यान्वित गर्दा शक्ति होइन, तर्क र विश्वासलाई बढी प्रयोग गरिनुपर्दछ र जनतालाई विभिन्न उपायहरूद्वारा उनीहरूलाई चित्त बुझाई उक्त निर्णयहरू लागू गर्नमा इच्छुक सहयोगी बनाउनेतर्फ बढ्ता ध्यान दिनुपर्दछ भन्ने आयोगको विचार छ । शक्ति विकेन्द्रीकरणको उच्च आदर्श यही हो र पञ्चायतको सफलता यसैमाथि निर्भर छ ।

**(विश्ववन्धु थापा)**
अध्यक्ष

(खड्गबहादुर सिंह)
सदस्य

(सूर्यविक्रम ज्ञवाली)
सदस्य

(नरेन्द्रकुमार प्रधान)
सदस्य

(ज्ञानेन्द्रबहादुर कार्की)
सदस्य

(मोतिलाल राजभण्डारी)
सदस्य

(भोजराज घिमिरे)
सदस्य

(जयप्रकाश)
सदस्य

(गेहेन्द्रबहादुर राजभण्डारी)
सदस्य

(वेदबहादुर पन्त)
सदस्य

(तेजेन्द्रबहादुर खड्का)
सदस्य

(गोकर्णराज शास्त्री)
सदस्य

(भुवनेश्वर प्रसाद उपाध्याय)
सदस्य

(नीरविक्रम शाह)
सदस्य

(शेखर शर्मा)
सदस्य

(चन्द्रजङ्गबहादुर सिंह)
सदस्य

(कर्णबहादुर राई)
सदस्य

(दिलबहादुर श्रेष्ठ)
सदस्य

(नारायणदत्त भट्ट)
सदस्य

(छेत्रविक्रम राणा)
सदस्य

(कुलशेखर शर्मा)
सदस्य

**अनुसूची १**

# राजदरबार प्रमुख सचिवालयको विज्ञप्ति

प्रशासन व्यवस्थालाई विकेन्द्रीकरण कुन तरिकाबाट क्रमशः गर्दै लैजादा ठीक हुन्छ भन्ने विषयमा सुझावका लागि राष्ट्रिय पञ्चायतका अध्यक्ष श्री विश्ववन्धु थापाको अध्यक्षतामा देहायका व्यक्तिहरू भएको एक आयोग **श्री ५ महाराजाधिराज**बाट गठन गरिबक्सेको छ :

१. श्री विश्ववन्धु थापा, अध्यक्ष राष्ट्रिय पञ्चायत
अध्यक्ष
२. श्री गृह एवं मन्त्री, सदस्य राष्ट्रिय पञ्चायत
सदस्य
३. श्री सूर्यविक्रम ज्ञवाली, सदस्य राष्ट्रिय पञ्चायत
सदस्य
४. श्री नरेन्द्रकुमार प्रधान, सदस्य राष्ट्रिय पञ्चायत
सदस्य
५. श्री ज्ञानेन्द्रबहादुर कार्की, सदस्य राष्ट्रिय पञ्चायत
सदस्य
६. श्री मोतिलाल राजभण्डारी, सदस्य राष्ट्रिय पञ्चायत
सदस्य
७. श्री भोजराज घिमिरे, सदस्य राष्ट्रिय पञ्चायत
सदस्य
८. श्री जयप्रकाश सदस्य राष्ट्रिय पञ्चायत
सदस्य
९. श्री गेहेन्द्रबहादुर राजभण्डारी, सदस्य राष्ट्रिय पञ्चायत
सदस्य
१०. श्री वेदबहादुर पन्त, सदस्य राष्ट्रिय पञ्चायत
सदस्य
११. श्री तेजेन्द्रबहादुर खड्का, सदस्य राष्ट्रिय पञ्चायत
सदस्य
१२. श्री गोकर्णराज शास्त्री, सदस्य राष्ट्रिय पञ्चायत
सदस्य
१३. श्री भुवनेश्वरप्रसाद उपाध्याय, सदस्य राष्ट्रिय पञ्चायत
सदस्य
१४. श्री नीरविक्रम शाह, सदस्य राष्ट्रिय पञ्चायत
सदस्य
१५. श्री शेखर शर्मा, सदस्य राष्ट्रिय पञ्चायत
सदस्य

१६. श्री चन्द्रजङ्गबहादुर सिंह, सदस्य राष्ट्रिय पञ्चायत
सदस्य
१७. श्री कर्णबहादुर राई, सदस्य राष्ट्रिय पञ्चायत
सदस्य
१८. श्री दिलबहादुर श्रेष्ठ, सदस्य राष्ट्रिय पञ्चायत
सदस्य
१९. श्री नारायणदत्त भट्ट, सदस्य राष्ट्रिय पञ्चायत
सदस्य
२०. श्री सचिव, गृह मन्त्रालय
सदस्य
२१. श्री सचिव, पञ्चायत मन्त्रालय
सचिव

सम्बन्धित मन्त्रालयसम्बन्धी शक्ति विकेन्द्रीकरणको कुरा हुँदा सम्बन्धित मन्त्रालयका सचिवहरूलाई पनि आयोगमा उपस्थित गराउनु ।

हुकुम बक्सेबमोजिम,
(द. सरदार हंसमान सिंह)
२०।१।२९।१
प्रमुख सचिव

## अनुसूची २

# सदस्यहरूको भ्रमणसम्बन्धी विवरण

| सदस्यहरूको नाम | भ्रमण गर्नुभएको अञ्चल | जानुभएको मुख्य ठाउँहरू | सदस्यहरूले भ्रमण गर्नुभएको माइल सङ्ख्या | भ्रमण गर्नुभएको दिन सङ्ख्या |
|---|---|---|---|---|
| श्री नीरविक्रम शाह | सगरमाथा अञ्चल | भोजपुर, राजविराज, सप्तरी, भीमनगर र म्याटा | ४८९ | २५ |
| श्री कर्णबहादुर राई | जनकपुर अञ्चल | रामेछाप, चरिकोट, दोलखा, विजुलीकोट, सिन्धुली र जनकपुर | ३३६ | २६ |
| श्री ज्ञानेन्द्रबहादुर कार्की | जनकपुर अञ्चल | जलेश्वर, मलङ्गवा र जनकपुर | २२९ | १५ |
| श्री जयप्रकाश | बाग्मती अञ्चल | बनेपा, धुलिखेल, पनौती, भक्तपुर, ठिमी, ललितपुर | ९१ | ८ |
| श्री गोकर्णराज शास्त्री | बाग्मती अञ्चल | त्रिशूली, नुवाकोट र धादिङ | ९३ | ८ |
| श्री गेहेन्द्रबहादुर राजभण्डारी<br>श्री वेदबहादुर पन्त<br>श्री नारायणदत्त भट्ट | कोसी र मेची अञ्चल | विराटनगर, धरान, धनकुटा र घोणलाई, महेन्द्रनगर, चक्रघटी, इनरवा रङ्गेली, झापा, चन्द्रगढी, शनिश्चरे, आइतबारे, इलाम | ४२९ | २९ |
| श्री भोजराज घिमिरे | सगरमाथा अञ्चल | सिराहा, लाहान बजार, उदयपुर गढी र राजविराज | २१७ | २३ |
| श्री भुवनेश्वर उपाध्याय<br>श्री मोतीराज राजभण्डारी<br>श्री शेखर शर्मा | लुम्बिनी र गण्डकी अञ्चल | भैरहवा, तौलिहवा, कृष्णनगर, बुटवल, पाल्पा, तानसेन, स्याङजा, नुवाकोट, पोखरा, लमजुङ, कुन्छा, दुराडाँडा, तनहुँ | २६१ | २२३ |
| श्री चन्द्रजङ्गबहादुर सिंह | नारायणी अञ्चल | भीमफेदी, हेटौँडा, कलैया, गौर, वीरगन्ज, भरतपुर | ३९४ | ९ |
| श्री तेजेन्द्रबहादुर खड्का | नारायणी अञ्चल | , , , , | ३९४ | ९ |

## अनुसूची ३

# सदस्यहरूले भ्रमणमा विभिन्न व्यक्तिहरूसँग सोध्ने प्रश्नहरू

गाउँ पञ्चायत, जिल्ला पञ्चायत तथा अञ्चल पञ्चायतलाई ऐनमा उल्लेख भएबमोजिम बाहेक अरू के कति अधिकार दिन सकिन्छ भन्ने कुराको अध्ययन गर्नको निमित्त प्रशासन व्यवस्था विकेन्द्रीकरण समितिका विभिन्न सदस्यहरूले विभिन्न अञ्चलहरूको भ्रमण गर्नुहुनेछ । सदस्यहरूले आफ्नो भ्रमणमा निम्नलिखित व्यक्तिहरूसँग भेटघाट गर्नुहुने छ :

१. अञ्चलाधीश,

२. बडाहाकिम,

३. अञ्चल पञ्चायतका सभापति,

४. जिल्ला पञ्चायतका सभापति र सदस्यहरू,

५. जिल्ला पञ्चायतका सचिवहरू (पी.डी.ओ.),

६. गाउँ पञ्चायत र नगर पञ्चायतका प्रधानपञ्च र सदस्यहरू,

७. जिल्ला वा अञ्चल स्तरीय अन्य सरकारी कर्मचारीहरू,

८. बुद्धिजीवीहरू तथा अन्य विशिष्ट व्यक्तिहरू,

९. गाउँमा बस्ने सामान्य व्यक्तिहरू ।

### १. अञ्चलाधीश र बडाहाकिमहरूसँग सोध्ने

बडाहाकिमहरूद्वारा हुने कार्यहरूमध्ये,

(क) कति तुरून्त जिल्ला पञ्चायत वा गाउँ पञ्चायतलाई दिन सकिन्छ ?

(ख) कति केही समयपछि दिन सकिन्छ ?

(ग) कति दिन सकिँदैन ? र किन?

(घ) हाल विभिन्न ऐनहरूद्वारा प्राप्त अधिकारहरू पञ्चायतहरूले राम्ररी प्रयोग गरिरहेका छन्, छैनन ?

### २. जिल्ला तथा अञ्चल स्तरका सरकारी अड्डाका प्रमुखहरू

(क) उक्त अडडाहरूद्वारा गरिने मुख्य कार्यहरू के हुन् ?

(ख) उक्त कार्यहरूमध्ये कति कार्यहरू, कुन स्तरका पञ्चायतहरूलाई दिन सकिन्छ ?

## ३. अञ्चल तथा जिल्ला पञ्चायतका सभापति, सदस्य र सचिवहरूले

(क) हाल पञ्चायतहरूलाई प्राप्त अधिकार पर्याप्त छन्, छैनन ?

(ख) पञ्चायतहरू अरू कार्य सम्हाल्न सक्ने स्थितिमा छन्, छैनन ?

(ग) भए, अरू कुन कुन कार्यहरू सुम्पिएमा सुचारू रूपले चलाउन सक्दछन् ?

## ४. बुद्धिजीवीहरू, गण्यमान्य व्यक्तिहरू तथा जनसाधारण

(क) हाल विभिन्न तहका पञ्चायतहरूलाई प्राप्त अधिकार उनीहरूद्वारा सुचारू रूपले प्रयोग भइरहेका छन्, छैनन् तथा जनतालाई त्यसबाट मर्का परेको छ छैन ?

(ख) विभिन्न सरकारी अधिकारहरू (जस्तै कोटा बाँड्ने रेडियो लाइसेन्स दिने इत्यादि) सरकारी कर्मचारीलाई वा जिल्ला या गाउँ पञ्चायत कसलाई दिँदा जनतालाई बढी सुविधा हुने छ

(ग) सामान्य प्रशासन तथा शान्ति सुरक्षा कायम गर्ने काम पनि जिल्ला पञ्चायतलाई दियो भने काम बढ्ता राम्रोसँग चल्ने सम्भावना छ अथवा त्यसको दुरूपयोग भई स्थिति बिग्रने सम्भावना बढी छ ?

उक्त प्रश्नावलीअनुसार विभिन्न व्यक्तिहरूसँग सोधपुछ गर्नाको अतिरिक्त सदस्यहरूको सानोतिनो विचार गोष्ठीको आयोजना गर्न लगाई विचार विमर्श गर्नु उपयोगी हुने छ ।

सदस्यहरूको भ्रमणको अवधि लगभग ३ हप्ताको हुने छ ।

## अनुसूची ४

# प्रथम उपसमितिको रिपोर्ट

पञ्चायती व्यवस्थालाई दिगो बनाउनको निमित्त पञ्चायतहरूलाई बढी सुसङ्गठित, प्रभावकारी र प्रतिष्ठायुक्त संस्था बनाउन आवश्यक छ । पञ्चायतहरू सुदृढ नभई, देश निर्माणको कार्यमा, सुशुप्तावस्थामा रहेका तथा असीम सम्भावनाहरूले परिपूर्ण स्थानीय साधनहरूको मानविक र भौतिक दुवै परिचालन गर्न सम्भव छैन । पञ्चायतहरूलाई जिल्ला र गाउँमा प्रतिष्ठायुक्त स्थान दिलाउन तथा उनीहरूलाई सबल र सुदृढ बनाउनका लागि उनीहरूलाई बढ्ता अधिकार र उत्तरदायित्व दिनु आवश्यक छ । विकास कार्यहरूको माध्यम अब पञ्चायतहरू नै हुने भएकोले बढी अधिकारयुक्त पञ्चायतहरूले जनतालाई विकासको काममा जति अग्रसर गराउन सक्दछन् त्यति केवल विकास कार्य मात्र गर्ने अधिकार पाएका पञ्चायतहरूले गर्न सक्दैनन् भन्ने कुरा अहिलेसम्मको अनुभवले सिद्ध गरिसकेको छ । साथै शासनको प्रत्येक तहमा जनताका प्रतिनिधिहरूलाई सम्मिलित गराई एउटा यस्तो चेतनशील समाजको स्थापना गर्नु जहाँ प्रत्येक व्यक्तिलाई आफ्नो कर्तव्य र अधिकारको राम्रो जानकारी भएर वास्तविक प्रजातन्त्रको जग बस्दछ पञ्चायती व्यवस्थाको उद्देश्य हो । अतः शक्तिको विकेन्द्रीकरण गरी पञ्चायतहरूलाई सकभर बढी अधिकार दिनु पञ्चायती व्यवस्थाको सफलताका लागि आवश्यक छ । यस दृष्टिकोणबाट विचार गर्दा अन्तिम लक्ष्यको रूपमा सम्बन्धित स्तरका सबै सरकारी अफिसरहरूलाई सम्बन्धित स्तरका पञ्चायतको रेखदेख र निर्देशनमा राख्ने व्यवस्था हुनुपर्दछ ।

तर देशमा वर्तमान रूपको पञ्चायती व्यवस्थाको स्थापना भरखरै मात्रै भएको छ । यसभन्दा अघि स्थानीय स्तरको प्रशासनमा जनताको प्रत्यक्ष हात कहिले पनि थिएन यद्यपि सानातिना मुद्दा मामिलाहरू पहिले पञ्चायतहरूद्वारा छिनिने चलन थियो । पञ्चायतहरूलाई कानुनद्वारा अहिले दिइराखिएको अधिकारहरू कुन किसिमबाट प्रयोग हुने छ भन्ने कुरा अहिलेसम्म राम्रोसँग निश्चित गर्न सकिएको छैन भने यस स्थितिमा उनीहरूलाई अझ बढी कति अधिकार दिन सकिन्छ भन्ने कुरा निर्णय गर्नु निश्चय नै एउटा अत्यन्त कठिन कार्य हो । अर्कोतिर पञ्चायतहरूलाई बढी अधिकार प्रत्यायोजित गरी यस संस्थालाई सकभर दृढ र मजबुत बनाउनेतर्फ अबिलम्ब ध्यान जानु जरूरी छ । यस स्थितिमा एउटा कुराको विचार राख्नु अत्यन्त आवश्यक छ । एकातिर बढी शक्ति र अधिकार नदिई कुनै पनि संस्था सुदृढ र मजबुत हुन सक्दैन तर अर्कोतिर अधिकार प्रयोग गर्ने तथा जिम्मेवारी वहन गर्ने क्षमताभन्दा बढी शक्ति कुनै संस्थालाई दियो भने पनि अधिकारको राम्रो प्रयोग गर्न नसकी उक्त संस्थाको प्रतिष्ठा र प्रभावकारिता घटन गई संस्था झन् निर्बल हुँदै जाने छ । अतः पञ्चायतहरूलाई कति अधिकार दिने हो भन्ने कुराको निर्णय बहुतै गम्भीरतापूर्वक विचार गरी गर्नुपर्ने हुन्छ । वर्तमान स्थितिमा एउटैपटक बढी अधिकार दिनुभन्दा अधिकारको प्रत्यायोजन क्रमक्रम गर्दै पञ्चायतहरूलाई हुर्काउँदै लैजानु नै बढी व्यावहारिक र वाञ्छनीय हुन्छ । अन्तिम लक्ष्यचाहिँ बढी से बढी अधिकार दिनु हो भन्ने कुराचाहिँ स्पष्ट हुनुपर्दछ ।

उपर्युक्त कुराहरूको आधारमा यस विषयमा निम्नलिखित सिद्धान्त अपनाउनुपर्ने देखिन्छ :

१. प्रथम, स्थानीय आधारमा हुने यस्ता सबै कार्यहरू पञ्चायतहरूलाई सुम्पिनु पर्दछ जसलाई पञ्चायतहरूले प्रयोग गर्दा उक्त अधिकारको प्रभावकारिता घटन नजाओस् । विकेन्द्रीकरणको उद्देश्य हो कुनै कार्यमा सम्बन्धित तहका जनतालाई सरिक गराई उक्त कार्यहरू यसप्रकार गराउनु जसबाट जनतालाई बढी से बढी लाभ हुन जाओस् । विकेन्द्रीकरण स्वयं एक लक्ष्य नभई त्यसबाट निस्कने फल अथवा हुने लाभको प्राप्ति नै विकेन्द्रीकरणको उद्देश्य हुन्छ ।

२. द्वितीय, अधिकारको प्रत्यायोजन अधिकारको प्रयोग गर्ने संस्थाको क्षमताअनुसार हुनुपर्दछ । क्षमताभन्दा बढी अधिकारको प्रत्यायोजन गरिएमा, अधिकारको दुरूपयोग भई अव्यवस्था उत्पन्न हुन जाने सम्भावना हुन्छ । अतः अधिकारहरूको क्रमिक प्रत्यायोजनद्वारा पहिले पञ्चायतहरूको क्षमता बढाउँदै लगी तथा उनीहरूलाई बढी सुसङ्गठित गर्दै गई अनि मात्र बढी अधिकार दिँदै जानुपर्दछ ।

यस दृष्टिकोणबाट विचार गर्दा हाललाई पञ्चायतहरूलाई निम्नलिखित किसिमका अधिकारहरू दिनु युक्तिसङ्गत हुने छ र पछि पञ्चायतहरू सुसङ्गठित हुँदै आएपछि अरू पनि अधिकारहरू सुम्पिँदै जानुपर्ने देखिन्छ :

१. यस्ता अधिकारहरू जसलाई प्रयोग गर्नको निमित्त स्थानीय वस्तुस्थितिको बढी जानकारीको आवश्यकता परोस् ।

२. यस्ता कार्य जसले गर्दा स्थानीय जनतालाई टाढा रहेको गौँडा, गोस्वारा जाने कष्टबाट छुटकारा मिलोस् ।

३. यस्ता अधिकारहरू जसलाई जनताको इच्छानुसार प्रयोग गर्न वाञ्छनीय होस् ।

४. यस्ता कार्यहरू जसलाई पूरा गर्नको निमित्त बढी से बढी जनसहयोगको आवश्यकता होस् ।

माथि उल्लेख गरिएका सिद्धान्तहरूलाई ध्यानमा राखी निम्नलिखित विषयहरूमा निम्नलिखित काम, अधिकार र जिम्मेदारी पञ्चायतहरूलाई सुम्पिनुपर्दछ भन्ने समितिको सिफारिस छ । यो सिफारिस विभिन्न मन्त्रालयहरूबाट प्राप्त रायको आधारमा गरिएको हो । यी रायहरूको सङ्कलन परिशिष्ट १ मा गरिएको छ ।

समितिले प्राप्त गरेका रायहरूका आधारमा छलफल गर्दा हाललाई शान्ति सुरक्षा तथा भ्रष्टाचार निवारणसम्बन्धी अधिकार जिल्ला पञ्चायतलाई दिनु वाञ्छनीय छैन तापनि त्यस सम्बन्धमा निम्नलिखित कार्यहरू विभिन्न तहका पञ्चायतहरूद्वारा गराउनु राम्रो हुने छ :

## १. सार्वजनिक सुरक्षा

१. प्रचलित नेपाल कानुनले बन्देज गरेको राजनीतिक वा राजनीतिले प्रेरित सभा, जुलुस, नारा, भाषण, पर्चाबाजी आदि आफ्नो वडाभित्र कसैलाई गर्न नदिने गर्नबाट रोक्ने । कसैले त्यस्तो गर्ने प्रयास गरे भने तत्काल नजिकको पुलिसलाई थाहा भएसम्मको खबर दिने र बढी खबर दिन कोसिस गर्ने छ । कसैले त्यस्तो गरिहाले भने त्यस्तो गर्ने मुख्यमुख्य व्यक्तिहरूलाई पक्राउ गर्न पुलिसलाई सुराक र चाहिने मद्दत समेत दिई पक्राउ गराउने ।

२. राजनीतिक सङ्गठन गर्न नदिने, गर्नबाट रोक्ने, कसैले गर्ने प्रयत्न गरे वा गरिहाले भने नजिकको पुलिसलाई खबर दिने । त्यस्तो सङ्गठन गर्ने व्यक्तिलाई पक्राउ गर्नुपर्दा माथि उपदफा १ मा लेखिएबमोजिमका मद्दत पुलिसलाई दिने ।

३. गाउँघरमा कुनै किसिमको हुल, हुज्जत, लुटपिट, चोरीडकैती रहजनी, खुन आदि हुन नदिई शान्ति र व्यवस्था कायम राख्ने र जनताको जिउज्यान र धनसम्पत्तिको संरक्षण गर्ने । जनताका जिउज्यान र धनसम्पत्तिमा खतरा पर्न लाग्यो भने हुन सकेसम्मको बचाउको प्रबन्ध गर्दै रही नजिकको पुलिसलाई खबर गर्ने र त्यस्ता समाज विरोधीहरूलाई पक्राउ गराउन पुलिसलाई चाहिने मद्दत गर्ने ।

४. फरार रहेका खुनी, डाँका, चोर अरू जघन्य अपराधीहरूलाई पक्राउ गरी पुलिसलाई बुझाउने वा पक्राउ गर्न पुलिसलाई चाहिने सबै सहयोग दिने ।

५. गाउँघरमा अपरिचित व्यक्ति वा विदेशी आए भने तिनीहरूउपर निगरानी राख्ने र तिनीहरूका चालचलनमा शङ्का लाग्यो भने तुरून्त पुलिसलाई खबर दिने ।

६. रक्सीभट्टीमा निगरानी राख्ने । कारण, ठूलठूलो अपराध हुने कुरो भट्टीमा रक्सी खान आएकाबाट खुल्न सक्दछ ।

## २. भ्रष्टाचार निवारण

१. कुनै सरकारी कर्मचारीले कसैको मुद्दा वा काममा घुस अथवा रिसवत खान खोजेमा सो कुराको सुराक समेत बडाहाकिमलाई बेलामा दिई त्यस्ता कर्मचारीलाई पक्राउ गराउने प्रबन्ध गर्ने ।

२. कुनै गैरसरकारी व्यक्ति कसैका मुद्दा वा काममा सरकारी कर्मचारीलाई भनसुन गरेर मिलाई दिन्छु भनी ठगी गर्न खोजेमा सो कुराको सुराक बडाहाकिमलाई बेलामा दिई त्यस्ता व्यक्तिलाई पक्राउ गराउने प्रबन्ध गर्ने ।

३. पसलमा ढक, माना, पाथी आदि ठीक परिमाणको छ छैन, जोख, तौल, नपाइ र भराइ ठीक छ छैन भनी चेक गर्ने र ठीक नदेखिएमा सबुत समेत कारबाहीको निमित्त पुलिसमा बुझाउने ।

४. सरकारबाट मोल निर्धारित गरिएको वस्तुहरू निर्धारित भाउमा विक्री भएको छ छैन र यस किसिमको विक्री वितरण गर्नु भनी तोकिएको वस्तुहरू सो किसिमले विक्री वितरण भएको छ छैन भनी चेक गर्न निर्धारित मोलमा

अथवा तोकिएको बमोजिम विक्री वितरण नभएको देखिएमा सबुत समेत कारबाहीको निमित्त पुलिसमा बुझाउने ।

५. सरकारले कुनै आवश्यक पदार्थ यतिभन्दा बढी मौज्दात नराख्नुभन्ने आदेश गरेकोमा कालोबजार गर्न कसैले सो पदार्थ राखेको थाहापत्ता लागेमा सो राख्ने व्यक्तिको घर वा गोदाम खानतलासी गराउन बडाहाकिम छेउ रिपोर्ट गर्ने ।

## ३. अराष्ट्रिय तत्त्वको निर्मूलन

(क) सिमाना नजिकको पञ्चायतहरूले नजिकका भारतको भूमिमा अराष्ट्रिय तत्त्वहरूका गतिविधि बुझ्दै गरी पुलिसलाई खबर दिने ।

(ख) अराष्ट्रिय तत्त्वसँग मुकाबिला गर्न जनसङ्गठन गर्ने ।

(ग) अराष्ट्रिय तत्त्व अधिराज्यभित्र प्रवेश गर्ने खबर पाएमा तत्काल पुलिस र गोस्वारामा खबर गर्ने

(घ) अराष्ट्रिय तत्त्व र तिनीहरूका दलाल प्रवेश गरेमा पक्राउ गरी पुलिसलाई बुझाउने ।

(ङ) अराष्ट्रिय तत्त्वको चिठ्ठीपत्र, पर्चा, पुस्तिका र अखबार आदि ल्याउन नदिने र ल्याउनेलाई पक्राउ गरी पुलिसलाई बुझाउने ।

(च) अराष्ट्रिय तत्त्व दमन गर्ने काममा सरकारलाई सक्रिय मद्दत गर्ने ।

## ४. तालुकदारी र जिमिदारी प्रथाको अन्त

पहाडमा तालुकदारी प्रथाको अन्त तुरून्त गरी तालुकदारले गर्ने काम गाउँ पञ्चायतहरूलाई दिइनुपर्दछ । यसबाट बेठबेगारी तथा सामान्य जनतालाई परिरहेको अरू धेरै असुविधाहरू समेतको अन्त हुन जाने छ ।

## ५. सरजमिन गर्न साक्षी राख्ने इत्यादिसम्बन्धी अधिकार

गाउँ पञ्चायतहरूको कार्यविधि, कार्यप्रणाली इत्यादिको राम्रो जग नबसी तथा उनीहरूले व्यवस्थित ढङ्गले काम गर्न नथालुन्जेलसम्म गाउँ पञ्चायत ऐनमा उल्लेख भएको मुद्दासम्बन्धी अधिकार अहिले नै उनीहरूलाई दिइहाल्नु मुनासिब देखिँदैन तर मुद्दा मामिलासम्बन्धी अधिकार नदिए तापनि कुनै पनि मुद्दामा सरकार वा अदालतको तर्फबाट सरजमिन गर्दा गाउँ पञ्चायत वा मुद्दा भएका वार्डका गाउँ पञ्चायतका सदस्यलाई बुझी निजको रायलाई मान्यता दिने व्यवस्था हुनुपर्दछ । यसले गर्दा गाउँ पञ्चायतहरूको प्रभाव निकै बढ्न जाने छ ।

## ६. आवश्यक वस्तुहरूको वितरण

फलाम, कर्कटपाता, सिमेन्ट आदि आवश्यक मालसामानहरू तथा सरकारी स्तरबाट विक्री वितरण गरिने अन्य वस्तुहरूको वितरणको कार्य जिल्ला पञ्चायतहरूलाई सुम्पिनुपर्दछ । जिल्ला पञ्चायतहरूले उक्त कार्य सम्बन्धित विभागको सर्त र निर्देशनभित्र रही गर्नुपर्दछ । जिल्ला पञ्चायतहरूले उक्त काम ठीकसँग गरे, नगरेको चेकचाहिँ बडाहाकिम अथवा अञ्चलाधीशबाट गरिनुपर्दछ र दुरूपयोग गरेको पक्षमा आवश्यक कारबाही समेत हुनुपर्दछ ।

## ७. हाल आवादी

श्री ५ को सरकारले हाल आवादी योग्य ठहऱ्याएको जग्गालाई हाल आवादको निम्ति वितरण गर्ने कार्य पनि जिल्ला पञ्चायतलाई दिनुपर्दछ र जिल्ला पञ्चायतले सरकारी नीति र निर्देशनभित्र रही जमिनको वितरण गर्ने सबै व्यवस्था हुनुपर्दछ ।

## ८. दैवी प्रकोपबाट पीडित जनतालाई सहायता

१. **सहायताको वितरण–** आगो, बाढी, खोलो, पहिरो इत्यादिबाट पीडित जनतालाई तात्कालिक सहायता वितरण गर्ने काम जिल्ला पञ्चायतलाई सुम्पिनु आवश्यक छ । स्थानीय वस्तुस्थितिको सबभन्दा बढी ज्ञान पञ्चायतहरूलाई नै भएकोले योभन्दा बढी प्रभावकारी साधन पाइन सकिँदैन । अतः विभिन्न गढी, गौँडा, गोस्वारा इत्यादिलाई यसबापत निकासा भइरहेको रूपियाँ तुरून्त जिल्ला पञ्चायतहरूलाई हस्तान्तरित गरिदिनुपर्दछ । पीडित जनताको पुनर्वासका लागि काठ दिने अधिकार तथा सरकारबाट दिइने भूमि, अन्य वस्तुहरू तथा सुविधाको वितरणको कार्य पनि जिल्ला पञ्चायतलाई दिनुपर्दछ ।

२. **मालपोतमा छुट, दैवी प्रकोपः** खोलो, पहिरो, बाढी, नदीकाट बालुबुर्ज इत्यादिको कारणले गर्दा मालपोतमा दिनुपर्ने छुटकारा सम्बन्धमा सिफारिस गर्ने अधिकार हाल गौँडा, गोस्वाराहरूलाई छ । गौँडा गोस्वाराहरूद्वारा यो कार्य हाल त्यस कामका निमित्त रहेका जुनियर कर्मचारीहरूद्वारा गरिने गरिएको छ । यसबाट सो काम राम्रो नहुने भएकोले यो कार्य अबिलम्ब जिल्ला पञ्चायतहरूलाई सुम्पिनुपर्दछ । जिल्ला पञ्चायतहरूले उक्त कार्य गाउँ पञ्चायतहरूको सिफारिसमा रूलनियमबमोजिम गर्नुपर्दछ ।

## ९. पाटी, पौवा इत्यादिको संरक्षण र मर्मत

विभिन्न जिल्लाहरूमा अनेकौँ पाटी, पौवा इत्यादि आवश्यक मर्मत र देखरेखको अभावमा दिनौ भत्किँदै छन् । यो काम जिल्ला पञ्चायतलाई सुम्पी त्यसको निमित्त रहेको आवश्यक रूपियाँ समेत दिनुपर्दछ । जिल्ला पञ्चायतले पनि हेरी उक्त कार्य गाउँ पञ्चायतलाई सुम्पिन सक्दछ ।

## १०. सडक र पुलहरू

सडक, पुल र अरू बाटोहरूका सम्बन्धमा पञ्चायतहरूलाई सुम्पिने कामहरू दुई श्रेणीमा विभाजन गर्न सकिन्छ ।

(१) पञ्चायतहरूलाई नै अधिकार दिई पञ्चायतकै प्रशासन अधिकार र बजेटद्वारा गरिने गरिएको छ ।

(२) श्री ५ को सरकारको अधिकार क्षेत्रभित्रै रहेका तर पञ्चायतको माध्यमद्वारा गराइने कामहरू । पञ्चायतलाई नै अधिकार दिई पञ्चायतकै प्रशासन अधिकार बजेटद्वारा गराइने कामहरू निम्नलिखित छन् :

(क) राजमार्गहरू र स्थानीय महत्त्वका मात्र नभई धेरै जिल्लाहरूका आवागमनको साधनको रूपमा रहेका बढी महत्त्वका मूल बाटोहरूबाहेक अरू सबै मोटर चल्ने, गाडा हिँड्ने र पुलहरूको रेखदेख सम्भार ।

(ख) पहाडी इलाकाहरूमा आफ्नो जिल्लामा पर्ने सबै पैदल र खच्चर हिँड्ने बाटोहरू ।

(ग) आफ्नो जिल्लाभित्र पर्ने सबै पैदल बाटोहरूमा पर्ने सबै झोलुङ्गे र अरू किसिमका पुलहरू देखरेख र सम्भार ।

(घ) पहाड र मधेसका ठूला ठूला नदीनालाहरूमा तारघाटको बन्दोबस्त उक्त कामहरू पञ्चायतको आफ्नै अधिकार क्षेत्रभित्र पर्ने हुनाले सो कामहरू पञ्चायतहरूले आफ्नै प्रशासनअन्तर्गत आफ्नै बजेटद्वारा गरिनुपर्दछ । हाललाई यस्तो कामको निमित्त प्राविधिक सरसल्लाह र रेखदेखसम्म सरकारद्वारा दिइने छ । तर उक्त बाटोहरूको मर्मत वा निर्माणका लागि बजेटमा रहेका रूपियाँचाहिँ जिल्ला पञ्चायतहरूलाई दिनुपर्दछ ।

पञ्चायतहरूले उक्त अधिकार क्षेत्रभित्रबाट ट्याक्स, करहरू असुल गर्न सक्ने छन् । जस्तै उक्त क्षेत्रभित्र चल्ने मोटर, गाडाहरू उपर रोडसेस, पुल, पहाडका पैदल मूल बाटाहरूमा घोडा, खच्चर र अन्य चौपाया पिच्छे दस्तुर (भीमफेदी थानकोट बाटोमा लागेका भरिया नाइके दस्तुर जस्तै) तारघाटहरूका आम्दानी इत्यादि । तर एउटा ।

पञ्चायतका उक्त आम्दानी सडक, पुल, तारघाट, पैदल बाटोहरूबाट मात्र हुन सक्ने स्रोतहरू देखाइएका हुन् । सोबाहेक अरू किसिमका स्रोतहरू र हाल सुरू सुरूमा सरकारबाट दिइने ग्रान्ट पनि पञ्चायतहरूको आम्दानीको साधनहरू हुन सक्दछन् ।

साधारणतया माथि लेखिएका कामहरूको निमित्त सरकारले खर्च बेहोर्ने छैन (पञ्चायतहरूलाई सरकारले दिएको ग्रान्टबाहेक) तापनि सरकारले आवश्यक ठहराएको कुनै खास कामको निमित्त उदाहरणार्थ, पहाडी मूल बाटोमा पर्ने कुनै ठूलो नदीमा झोलुङ्गे पुल बनाउन अथवा कुनै विकसित हुन लागेको नगर इलाकाभित्रका सडकलाई पक्का गर्न वा सरकारले पञ्चायतलाई कुनै नगर पञ्चायतको निमित्त सडक पेल्ने रोलर किनिदिने इत्यादि अनुदान दिन अथवा

पञ्चायतकै माध्यमबाट निर्माण गर्न अथवा आफ्नै निर्माण गरी सम्बन्धित पञ्चायतलाई सुम्पिदिनुपर्दछ ।

राजमार्गहरूको निर्माण तथा सम्भारको कामहरू श्री ५ को सरकारले आफै गर्नु पर्दछ । तर जिल्लाभित्र सीमित मूल बाटोहरूको निर्माण तथा सम्भारको कामहरूमा श्री ५ को सरकारले सरकारको इन्जिनियरहरूको प्राविधिक र रेखदेखमा सकभर जिल्ला पञ्चायतद्वारा गराउने प्रयत्न गर्नुपर्दछ । पञ्चायतद्वारा गराइएका यस्ता कामहरूमा पञ्चायतले श्री ५ को सरकारप्रति जवाफदेही हुनुपर्ने छ र सरकारले दिएको रूलनियमबमोजिम काम गरी हिसाबको फाँटवारी पेस गर्नुपर्ने छ ।

## ११. शिक्षा

१. **आर्थिक सहायताको वितरण :-** शिक्षा विभागबाट विभिन्न प्राथमिक र स्कुलहरूलाई वितरण हुने आर्थिक सहायता अब सम्बन्धित जिल्ला पञ्चायतबाट हुनुपर्दछ । यसो भएमा वास्तवमा राम्रोसँग चलिरहेका स्कुलहरूले मात्र सहायता पाउँदछन् र ठीकसँग नचलेका स्कुलहरूको सहायता राख्न सकिने छ । पञ्चायतहरूलाई स्थानीय स्थितिको राम्रो बोध भइराख्ने हुनाले यो काम पञ्चायतहरूले बढ्ता राम्रोसँग गर्न सक्दछन् । प्राथमिक स्कुलको आर्थिक सहायताको वितरणको कार्यचाहिँ जिल्ला पञ्चायतले गाउँ पञ्चायतलाई नै प्रत्यायोजित गर्नुपर्दछ ।

२. **स्कुलको स्थान निर्धारण गर्ने :-** शिक्षा विभागले कुनै जिल्लामा थप स्कुलहरू खोल्न लागेमा उक्त स्कुलहरूको स्थान निर्धारण गर्ने कार्य, विभागीय नीति र निर्देशनभित्र रही जिल्ला पञ्चायतले गर्न पाउनुपर्दछ । यसै गरी प्रौढ शिक्षा क्लासहरूको सञ्चालन, नयाँ प्रौढ शिक्षा केन्द्र खोल्ने कार्य, प्रौढ शिक्षकहरू उपलब्ध गराउने काम, उनीहरूलाई पारिश्रमिक बाँड्ने तथा शिक्षा सामग्रीहरूको वितरण इत्यादि सबै कार्य जिल्ला पञ्चायतको रेखदेखमा गराउनुपर्दछ ।

३. **जिल्ला स्तरका शिक्षा अधिकारी :** जिल्ला स्तरका सबै शिक्षा अधिकारीहरूलाई जिल्ला पञ्चायतअन्तर्गत राखिनुपर्दछ । उनीहरूले आफ्नो कार्य विभागीय प्राविधिक निर्देशनअनुसार जिल्ला पञ्चायतको सामान्य रेखदेखमा रही गर्नुपर्दछ ।

## १२. वन

१. **वन :** तराई इलाकामा पञ्चायती वन छुट्याइदिनुपर्दछ र यस्तो वनको आधार (साइज) को आधारमा उक्त वनको संरक्षणको काम जिल्ला पञ्चायत वा गाउँ पञ्चायतहरूलाई दिनुपर्दछ । मूल जङ्गलहरूचाहिँ अहिले जस्तै वन विभागकै संरक्षणमा रहनुपर्दछ । पञ्चायती वनको उपयोग र संरक्षणका बारेमा वन विभागले पञ्चायतहरूलाई आवश्यक सल्लाह र सुझाव दिनुपर्दछ ।

२. **पहाडी क्षेत्रमा वनको संरक्षण :** पहाडी क्षेत्रमा जहाँ वन विभागको कुनै डिभिजन अफिसको स्थापना भएको छैन त्यहाँ सो काम सम्बन्धित जिल्ला पञ्चायतहरूलाई पूर्णतया दिनुपर्दछ । हाल यो काम सम्बन्धित गढी, गौँडाबाट भइरहेको छ । वनको संरक्षण गर्ने कार्यमा चाहिँ वन विभागले पञ्चायतहरूलाई समय समयमा सल्लाह दिनुपर्दछ ।

३. **हरघरसङ्घा र दाउराको पुर्जी :-** वन विभागले प्रत्येक जङ्गलबाट दिन सकिने हरघरसङ्घा र दाउराको पुर्जीको सङ्ख्या निर्धारित गरी जिल्ला पञ्चायतलाई पठाइदिनुपर्दछ र जिल्ला पञ्चायतले उक्त सङ्ख्याभित्र रही आफ्नो अन्तर्गतका गाउँ पञ्चायतहरूमा उक्त पुर्जीको कोटा बाँडिदिनुपर्दछ र उक्त कोटाभित्र रही हरघरसङ्घा र दाउराको पुर्जी दिने अधिकार सम्बन्धित गाउँ पञ्चायतहरूलाई हुनुपर्दछ । तर यति मात्र अधिकार दिएर जनतालाई पर्याप्त मात्रामा सुविधा हुँदैन किनकि आफूले पुर्जी पाएर काटेको लकडी वा दाउरालाई पास गराउन तथा पुर्जीमा दरपीठ गराउन वनपाले भएको ठाउँमा पुग्नुपर्दछ । हाल नेपाल अधिराज्यमा लगभग ८०० वनपालेहरू छन् जब कि गाउँ पञ्चायतहरूको सङ्ख्या ३,५०० भन्दा बढी छ । यसले गर्दा पुर्जीमा दरपीठ गराउन पहाडी इलाकामा कहीँ कहीँ त २।३ दिनसम्म हिँड्नुपर्ने तथा तराई क्षेत्रमा पनि ८।१० कोस पनि हिँड्ने स्थिति पर्न आउँछ । अतः पुर्जीमा दरपीठ गर्ने तथा लकडी पास गर्ने काम पनि गाउँ पञ्चायतका सम्बन्धित बोर्डका सदस्यलाई दिन सकेमा जनतालाई ठूलो सुविधा हुन जाने छ । उक्त सदस्यहरूले आफ्नो काम ठीकसँग गरेको छ छैन तथा अधिकारको दुरूपयोग भएको छ छैन समेत हेर्ने र तत्सम्बन्धी देखरेख गर्ने काम वन विभागले आफ्नो अधिकारीहरूद्वारा गरी कुनै भ्रष्टाचार अथवा अनियमित काम भएको रहेछ भने जिल्ला पञ्चायत तथा गढी, गोस्वारालाई सूचना हुने प्रबन्ध हुनसके बेस हुने छ । साथै आजकल लकडीको नाप क्युबिक फिटमा गरिने भएकोले र त्यसलाई गाउँ पञ्चायतका सदस्यहरूले राम्रोसँग बुझ्न नसक्ने भएकाले उनीहरूले बुझ्न सक्ने गरी त्यसलाई सरल बनाउनुपर्ने देखिन्छ ।

४. **वन संरक्षण कार्यमा सहयोग :** विभिन्न पञ्चायतहरूले अवैध किसिमबाट रूख कटानी भएका, जङ्गल फडानी भएको, हाल आवादी भएको अथवा लकडी निकासी गरेको कुराहरू पत्ता लगाई त्यसको सूचना वन विभागका स्थानीय अफिसलाई दिनुपर्दछ साथै पञ्चायती वनमा पञ्चायतहरूले अनिवार्य रूपले वृक्षरोपण गर्नुपर्ने छ र सरकारी जङ्गलमा यससम्बन्धी कार्यमा सहयोग दिनुपर्ने छ ।

## १३. कृषि

कृषि विभागका जिल्ला स्तरका सबै कर्मचारीहरू जिल्ला पञ्चायतको मातहतमा राख्नुपर्दछ तथा कृषि प्रसारसम्बन्धी कार्य, उन्नत जातका बिरूवा र कुखुराका चल्लाहरू, साँढे, गाई, सुँगुर आदिको वितरण तथा अन्य सुविधाहरू पुऱ्याउने काम,

विभागीय प्राविधिक निर्देशन र नीतिभित्र रही जिल्ला पञ्चायतको सामान्य प्रशासकीय देखरेखमा गरिने छ । साथै बाँधपैन, कुलो इत्यादि निर्माण गर्ने काममा विभागले दिने सहायता र अनुदान जिल्ला पञ्चायतमार्फत दिने व्यवस्था हुनुपर्दछ ।

## १४. खाद्य

खाद्य सङ्कट भएको इलाकामा श्री ५ को सरकारले दिने सबै सहायता र सुविधाको वितरणको काम जिल्ला पञ्चायतद्वारा नै विभागीय नीतिअनुसार हुनुपर्दछ ।

## १५. स्वास्थ्य

जिल्ला स्तरमा रहेका अस्पतालहरू, स्वास्थ्य केन्द्रहरू, स्वास्थ्य युनिटहरू तथा आयुर्वेदीय औषधालयहरू जिल्ला पञ्चायतअन्तर्गत राख्ने व्यवस्था हुनुपर्दछ । यस्ता अस्पतालहरूको चेक गर्ने सामान्य देखरेख गर्ने सम्पूर्ण अधिकार जिल्ला पञ्चायतलाई हुनुपर्दछ । जिल्ला स्तरको सबै स्वास्थ्य संस्थाहरूको भवन इत्यादि सबै निर्माण गर्ने कार्य पनि जिल्ला पञ्चायतलाई दिनुपर्दछ ।

हाल विभिन्न जिल्लाहरूमा औषधी पुऱ्याउने काममा कठिनाइको अनुभव भइरहेकोले सम्बन्धित रेल हेडबाट औषधीहरू जिम्मा लिई ठाउँठाउँमा पठाउने कार्यको अभिभारा पनि जिल्ला पञ्चायतलाई दिनुपर्दछ । ढुवानी खर्च चाहिँ स्वास्थ्य विभागबाट सम्बन्धित पञ्चायतहरूलाई प्राप्त हुनुपर्दछ ।

## १६. अन्य विकास कार्य

जिल्ला पञ्चायत ऐनअनुसार श्री ५ को सरकारको जिल्ला स्तरका सबै विकास योजनाहरू जिल्ला पञ्चायतले कार्यान्वित गर्नुपर्ने छ । यस कानुनी व्यवस्थालाई कार्य रूपमा परिणत गर्नको निमित्त सबै मन्त्रालय र विभागहरूले आफ्ना जिल्ला स्तरका योजनाहरूलाई कार्यान्वित गर्नको लागि चाहिने खर्च अबिलम्ब सम्बन्धित जिल्ला पञ्चायतहरूलाई पठाइदिनुपर्दछ । साथै उक्त रूपियाँ कुन प्रकारले कुन काममा, कसरी खर्च गर्ने सम्बन्धमा पनि जिल्ला पञ्चायतलाई आवश्यक निर्देशन दिनुपर्दछ र जिल्ला पञ्चायतले उक्त रूपियाँको हिसाब सम्बन्धित विभागले तोकेको ढाँचामा तयार गरी पठाइदिनुपर्दछ । अब प्रश्न आउँछ श्री ५ को सरकारले कस्तो योजनाहरूलाई जिल्ला स्तरका योजना मान्ने, यस सम्बन्धमा निम्नलिखित किसिमका योजनाहरूलाई जिल्ला स्तरको योजना मान्नुपर्ने देखिन्छ :

१. एउटा जिल्लालाई मात्र असर पार्ने योजनाहरू ।
२. सामान्यतः एक लाखभन्दा बढी खर्च नलाग्ने योजनाहरू ।

३. सामान्यतः जिल्लामा उपलब्ध प्राविधिकहरूद्वारा सम्पन्न हुन सक्ने तथा उच्च प्राविधिक ज्ञान नचाहिने किसिमका योजनाहरू । उक्त तीन मापदण्डहरू सामान्य मार्ग प्रदर्शनका लागि मात्र हुन् ।

## १७. प्राचीन स्मारक र पुरातात्त्विक वस्तुहरूको संरक्षण

१. **संरक्षण–** प्रत्येक जिल्ला पञ्चायतद्वारा आफ्नो क्षेत्रअन्तर्गतका पुरातात्त्विक र ऐतिहासिक स्थलहरूको संरक्षणका लागि प्रबन्ध गरिने तथा ग्राम पञ्चायतहरूलाई सक्रिय गर्न र तिनीहरूको जीर्णोद्धार समेत गराउनुपर्दछ । हाल यो काम बडाहाकिमहरूलाई सुम्पिएको भए तापनि अर्थको अभावले गर्दा हुन सकेको छैन । अतः पञ्चायतहरूले आफ्नो कोषबाट यो काम गर्नुपर्नेहुन्छ ।

२. **ऐतिहासिक महत्त्वका कुराहरू–** कुनै विशेष महत्त्वको भग्नावशेषको मन्दिरको र मूर्तिहरूका बारे विभागलाई सूचना दिने र त्यसको सुरक्षाका लागि प्रबन्ध गर्ने काम पनि पञ्चायतहरूले गर्नुपर्दछ ।

३. **सांस्कृतिक कार्यक्रम–** सांस्कृतिक विकास गर्ने उद्देश्यले क्षेत्रीय र राष्ट्रिय संस्कृतिको प्रचारका लागि जिल्ला पञ्चायतले गाउँ गाउँलाई सक्रिय पार्नु पर्दछ । सदरमुकाममा सांस्कृतिक मेला गर्न र केन्द्रसँग सम्पर्क राखी अधिराज्यका अन्य अञ्चलहरूमा प्रतिनिधि मण्डल समेत पठाउनु वाञ्छनीय छ ।

४. **भवन निर्माणः** प्रत्येक जिल्ला पञ्चायतद्वारा आफ्नो क्षेत्रको सांस्कृतिक कार्यक्रम गर्न र आफ्नो क्षेत्रको कलात्मक वस्तुहरू सङ्कलन गरी प्रदर्शन गर्न तथा सङ्ग्रहालय खोल्न भवन निर्माण गराउनुपर्दछ ।

५. **अर्थको प्रबन्धः** जिल्ला पञ्चायतहरूले उपर्युक्त कामका लागि गर्नुपर्ने कार्यहरूको सूची पुरातत्त्व विभागमा पठाउनुपर्दछ र विभागले आवश्यक खर्चको प्रबन्ध गरी जिल्ला पञ्चायतहरूद्वारा उक्त कार्यहरू गराउन लगाउने छ ।

## १८. जग्गा प्राप्तसम्बन्धी अधिकार

हाल जिल्ला पञ्चायतहरूले गर्न लागेको विकास कार्यहरू जस्तै सडक, कुलो इत्यादिको निर्माणमा जिल्ला पञ्चायतहरूलाई जग्गा प्राप्त गर्ने अधिकार नभएकोले निकै बाधाहरू परिरहेको छ । यस बाधालाई हटाउनको निमित्त जिल्ला पञ्चायतहरूलाई पनि जिल्ला पञ्चायतले गर्न लागेको विकास कार्यको निमित्त जिल्लाभित्रको जग्गा प्राप्त गर्ने अधिकार हुनुपर्ने देखिन्छ । यसका लागि कानुनी व्यवस्था समेत हुनुपर्दछ ।

## १९. दिनुपर्ने सुविधाहरू

जिल्ला पञ्चायतहरूलाई उपयुक्त कार्यहरू सुम्पिएपछि सो कार्य गर्नका लागि पर्याप्त सुविधाहरू पनि उनीहरूलाई दिनु आवश्यक छ । माथि लेखिएका विभिन्न कार्यहरू गर्दा जिल्ला पञ्चायतहरूमार्फत प्रशस्त रूपियाँ खर्च हुने हुन्छ । उक्त रूपियाँको

राम्रोसँग हिसाबकिताब राख्ने तथा उक्त हिसाबलाई राम्रोसँग जाँच गर्ने व्यवस्था हुनु अत्यावश्यक छ । यसका लागि पञ्चायतहरूलाई बढ्ता स्टाफको सुविधा दिनुपर्दछ । साथै हिसाब जाँच गर्नलाई समयमै श्री ५ को सरकारबाट लेखापरीक्षकहरू खटाउनुपर्दछ ।

## २०. विविध

१. **बन्दुकहरूको लाइसेन्स रिन्यु गर्ने** : हाल बन्दुकहरूको लाइसेन्स लिनको निमित्त जिल्लाका विभिन्न भागबाट जनसाधारणलाई गढी, गौँडा, गोस्वाराको केन्द्रमा आउनुपर्ने भई कहीँ कहीँ त ३/४ दिनसम्मको पनि सफर गर्नुपर्ने हुन्छ र यस काममा निजहरूका अनावश्यक खर्च हुन्छ । यस असुविधालाई हटाउनको निमित्त भरूवा वन्दुकहरूको लाइसेन्स रिन्यु गर्ने काम गाउँ पञ्चायतलाई हुनुपर्दछ ।

२. **रेडियो इत्यादिको लाइसेन्स दिने-** श्री ५ को सरकारको नियम र निर्देशनबमोजिम रेडियो लाइसेन्स दिने तथा रिन्यु गर्ने काम पनि जिल्ला पञ्चायतले गर्न सक्ने व्यवस्था हुनुपर्दछ । जिल्ला पञ्चायतले यसबापत प्राप्त भएको रकम मालमा जम्मा गरिदिनुपर्दछ र लाइसेन्स फिको सयकडा दशसम्म थप चार्ज पाउनुपर्दछ ।

३. **पानीघाट र गौचरसम्बन्धी मुद्दा-** जिल्ला पञ्चायतलाई स्थानीय वस्तुस्थितिको बढ्ता जानकारी हुने भएकाले पानीघाट र गौचर, डगरबाटोसम्बन्धी मुद्दामा अपिल हेर्ने अधिकार पनि जिल्ला पञ्चायतलाई दिनुपर्दछ ।

४. **बाँकी बक्यौता असुल गर्ने-** सरकारी दण्ड, जरिवाना इत्यादिबापत जिल्ला जिल्लामा सरकारी बाँकी रूपियाँको रकम करोडौँ पुगेको छ । हालको सरकारी यन्त्रबाट उक्त रकम सबै उठ्न सम्भव देखिँदैन । अतः यो काम जिल्ला र गाउँ पञ्चायतलाई दिएमा यस्ता बाँकी लागेका व्यक्तिहरू पञ्चायतको नजरबाट बच्न मुस्किल छ र बाँकी बक्यौताको रकम धेरै मात्रामा उठ्न जाने छ । यो रकम उठाएबापत पञ्चायतहरूलाई सयकडा २५ देखि ५० सम्म दिन सकिने छ ।

५. **जिल्लासम्बन्धी तथ्याङ्क-** विभिन्न विषयहरूको तथ्याङ्क नभई कुनै किसिमको योजना बन्न नसक्ने हुँदा सरकारबाट सङ्कलन गर्ने विभिन्न विषयका तथ्याङ्कसम्बन्धी काम सम्बन्धित गाउँ र जिल्ला पञ्चायतहरूलाई सुम्पिनुपर्ने देखिन्छ । यसबापत पञ्चायतहरूलाई पूर्ण वा आंशिक रूपमा अनुदान वा अन्य किसिमको सुविधा उपलब्ध गराउनुपर्ने देखिन्छ ।

६. **धितो बन्धक र लेनदेनसम्बन्धी रजिस्ट्रेसन-** हालै जारी भएको कृषिसम्बन्धी ऐनअन्तर्गत रू. ५० वा सोभन्दा बढी अङ्कको सापटी लिएमा त्यसलाई रजिस्ट्रेसन गर्ने गराउनुपर्ने व्यवस्था छ । यस्तो रजिस्ट्रेसन गर्ने काम गाउँ पञ्चायतहरूलाई दिनुपर्दछ । साथै अन्य प्रकारको लेनदेन, धितो बन्धक

इत्यादिको रजिस्ट्रेसनसम्बन्धी काम पनि अङ्क तोकी जिल्ला पञ्चायतलाई दिनुपर्ने देखिन्छ ।

७. **बस सर्भिस चलाउन स्वीकृति दिने-** राष्ट्रिय तथा अन्य राजमार्गहरूबाहेक अरू सडकहरूमा बस सर्भिस चलाउन स्वीकृति दिने तथा सोबापत आवश्यक रोयल्टी इत्यादि चार्ज गर्ने अधिकार पनि जिल्ला पञ्चायतलाई दिनु मुनासिब छ ।

८. **मठ-गुठीहरूको सञ्चालन** - राष्ट्रिय स्तरकाबाहेक जिल्लाका अरू मठ-गुठीहरू इत्यादिको सञ्चालन जिल्ला पञ्चायतको सामान्य रेखदेख र निर्देशनमा भएमा काम सुचारू रूपले चल्ने देखिन्छ ।

९. **जेल निरीक्षण-** जिल्ला पञ्चायतहरूलाई सेन्ट्रल जेलबाहेक सो जिल्लामा रहेका अरू जेलहरूलाई निरीक्षण गरी तिनीहरूमा गर्नुपर्ने सुधारका सम्बन्धमा श्री ५ को सरकारलाई राय दिने अधिकार हुनुपर्दछ ।

## २१. पाइलट प्रोजेक्टहरू

श्री ५ को सरकारले भूमि सुधारसम्बन्धी योजनाहरू हाल केही पञ्चायतहरूमा प्रयोगात्मक रूपमा चलाउने विचार गरेको छ । उक्त प्रयोग भूमि सम्बन्धमा मात्र नगरी पञ्चायतहरूमा शक्ति विकेन्द्रीकरण गर्ने सम्बन्धमा पनि गर्नु वाञ्छनीय छ तथा उक्त प्रयोगबाट भएका अनुभवको आधारमा त्यसलाई अरू पञ्चायतहरूमा विस्तृत गर्दै लैजानुपर्ने देखिन्छ ।

भूमि सुधारसम्बन्धी सबै योजनाहरूलाई सकभर र गाउँ पञ्चायतद्वारा अथवा जिल्ला पञ्चायत र गाउँ पञ्चायतको अधिकतम जिल्ला पञ्चायत सहयोगबाट लागू गरिने व्यवस्था हुनुपर्दछ । भूमि सुधारको कार्य अत्यन्त व्यापक र महत्त्वपूर्ण भएकोले उक्त जिल्लाका सचिव पदमा चाहिँ श्री ५ को सरकारको एकजना सिनियर कर्मचारीलाई नियुक्त गर्नुपर्ने छ जसबाट जिल्ला पञ्चायतलाई परिपक्व र अनुभवयुक्त सल्लाह प्राप्त हुन सकोस् ।

पाइलट प्रोजेक्टका जिल्लाहरूमा शान्ति सुरक्षाबाहेक जिल्ला स्तरका अरू सबै कार्यहरू गर्ने अफिसहरू जिल्ला पञ्चायतको सामान्य रेखदेख राखी दिनुपर्दछ जस्तै माल, भन्सार, सर्भे इत्यादि ।

भूमि सुधार तथा शान्ति सुरक्षाका समस्याहरूको पारस्परिक सम्बन्ध भएकोले उक्त दुई विषयहरूसँग सम्बन्धित अधिकारीहरूको कार्यको समन्वय हुन नसकेमा दुवै कुराहरू गर्नमा बाधा पर्ने भएकाले भूमि सुधारसम्बन्धी योजनालाई लागू गर्दा जिल्ला पञ्चायतले अनुभव गरेको कठिनाइलाई हल गर्नमा पूर्ण सहयोग दिनु भन्ने निर्देशन जिल्ला स्तरका पुलिस अधिकारीलाई सरकारले दिनपर्ने देखिन्छ ।

## २२. जिल्ला प्रशासन व्यवस्थामा परिवर्तन

पञ्चायती व्यवस्थाको उद्देश्य जनतालाई बढी से बढी मात्रामा प्रशासन र विकाससम्बन्धी कार्यमा सरिक गराएर पञ्चायतको संस्थालाई बढी मजबुत र सुदृढ बनाई जनतालाई आफ्नो कर्तव्य र अधिकार र उत्तरदायित्वको बढी से बढी मात्रामा बोध गराई एउटा चेतनशील र जागरूक समाजको स्थापना गर्नु हो । यस व्यवस्थाकै अनुसार जिल्ला प्रशासन व्यवस्थामा पनि अब आवश्यक परिवर्तन गर्नु आवश्यक हुन गएको छ ।

वर्तमान जिल्ला प्रशासन व्यवस्थामा बडाहाकिमको सबभन्दा प्रभावकारी स्थान छ । वर्षौंदेखि चलिआएको हुनाले जिल्लामा बडाहाकिम पदको ठूलो धाक र प्रभाव छ र उक्त पदले सरकारी अधिकार शक्ति र मर्यादालाई प्रतिबिम्बित गर्दछ । जिल्लामा यस्ता बहुतै कम कार्यहरू हुन्छन् जसलाई बडाहाकिमले, आफ्नो प्रभावको प्रयोग गरेर गर्न वा गराउन नसकोस् । यस्तै अवस्थामा देशमा शक्तिको प्रजातान्त्रिक विकेन्द्रीकरणमा आधारित व्यवस्थाको सूत्रपात भएको छ । भर्खरै रोपिएको यस बिरूवालाई हुर्काएर यसलाई जरो हाल्न दिएर सबल र सुदृढ बनाउनुपरेको छ । पञ्चायतहरूलाई क्रमशः बढी जिम्मेदारी र अधिकारहरू दिँदै गई उनीहरूमा आफ्नो अधिकार कर्तव्यप्रति चेतना जागृत गर्दै लैजान सके मात्र यो सम्भव छ । तर बडाहाकिमको यस्तो प्रभावशाली पद जिल्लामा रहुन्जेलसम्म पञ्चायतहरू बलियो हुन नसक्नु स्वाभाविक नै छ । अतः अहिलेसम्म बडाहाकिमद्वारा भइरहेका कार्यहरूमध्ये धेरै कार्यहरू विभिन्न स्तरका पञ्चायतहरूलाई सुम्पिने सुझावमाथि गरिसकिएको छ । उक्त सबै अधिकारहरू सुम्पिसकेपछि बडाहाकिमहरूको लागि पर्याप्त काम पनि बाँकी रहन जाने छैन र निजहहरूको पदलाई क्रमशः लोप गर्दै जानुपर्ने छ तर यो काम क्रमशः तथा सुनियोजित ढङ्गले गरिनुपर्दछ । कुनै पनि संस्थाको लोप गर्नुभन्दा अघि उक्त संस्थाले गरिआएको काम राम्रोसँग चल्ने व्यवस्था गरेर मात्र पुरानो संस्थाको अन्त गर्नुपर्दछ र पुरानो व्यवस्थाको अन्त र नयाँ व्यवस्थाको प्रारम्भको बीचको अवधिमा कुनै प्रकारको शून्यावस्था आउन दिनु हुँदैन ।

बडाहाकिमहरूको पदको अन्त गरिएपछि बाँकी रहन आएको काम अञ्चलाधीशहरूले सहजै गर्न सक्दछन् । अञ्चलको आधार हेरी अञ्चलाधीशहरूलाई आफ्नो कार्य सञ्चालन गर्नका लागि सहायक अञ्चलाधीशहरूको नियुक्त गर्न सकिने छ ।

**परिशिष्ट १ (अनुसूची ४)**

# शिक्षा मन्त्रालय

## शिक्षा

(१) **आर्थिक सहायताको वितरण :-** शिक्षा विभागबाट विभिन्न प्राइमरी स्कुलहरूलाई वितरण हुने आर्थिक सहायता विभागीय नीति र निर्देशानुसार अब सम्बन्धित जिल्ला पञ्चायतबाट हुनुपर्दछ । यसो भएमा वास्तवमा राम्रोसँग चलिरहेका स्कुलहरूले मात्र सहायता पाउँदछन् र ठीकसँग नचलेका स्कुलहरूको सहायता रोक्न सकिने छ । पञ्चायतहरूलाई स्थानीय स्थितिको राम्रो बोध भइराख्ने हुनाले यो काम पञ्चायतहरूले बढ्ता राम्रोसँग गर्न सक्दछन् । प्राइमरी स्कुलहरूलाई आर्थिक सहायताको वितरण गरी त्यसको सूचना सम्बन्धित ग्राम पञ्चायतहरूमा जानुपर्दछ ।

(२) **स्कुलको स्थान निर्धारण गर्ने :-** शिक्षा विभागले कुनै जिल्लामा थप प्राइमरी स्कुलहरू खोल्न लागेमा उक्त स्कुलहरूको स्थान निर्धारण गर्ने कार्य विभागीय नीति र निर्देशनभित्र रही जिल्ला पञ्चायतले गर्न पाउनुपर्दछ । यसै गरी विभागीय नीति र निर्देशानुसार प्रौढ शिक्षा क्लासहरूको सञ्चालन, नयाँ प्रौढ शिक्षा केन्द्र खोल्ने कार्य, प्रौढ शिक्षकहरू उपलब्ध गराउने काम, उनीहरूलाई पारिश्रमिक बाँड्ने तथा शिक्षा सामग्रीहरूको वितरण इत्यादि सबै कार्य जिल्ला पञ्चायतको रेखदेखमा गराउनुपर्दछ ।

(३) **जिल्ला स्तरका शिक्षा अधिकारी :-** जिल्ला स्तरका सबै शिक्षा अधिकारीहरूलाई जिल्ला पञ्चायतअन्तर्गत राखिनुपर्दछ । उनीहरूले आफ्नो कार्य विभागीय प्राविधिक निर्देशनअनुसार जिल्ला पञ्चायतको सामान्य रेखदेखमा रही गर्नुपर्दछ ।

## प्राचीन स्मारक र पुरातात्त्विक वस्तुहरूको संरक्षण

१. **संरक्षण :-** प्रत्येक जिल्ला पञ्चायतद्वारा आफ्नो क्षेत्रअन्तर्गत पुरातात्त्विक र ऐतिहासिक स्थलहरूको संरक्षणका लागि प्रबन्ध गरिने तथा ग्राम पञ्चायतहरूलाई सक्रिय गर्ने र तिनीहरूको जीर्णोद्धार समेत गराउनुपर्दछ । हाल यो काम बडाहाकिमहरूलाई सुम्पिएको भए तापनि अर्थको अभावले गर्दा हुन सकेको छैन । अतः पञ्चायतहरूले आफ्नो कोषबाट यो काम गर्नुपर्ने हुन्छ ।

२. **ऐतिहासिक महत्त्वको कुराहरू :** कुनै विशेष महत्त्वको भग्नावशेष, मन्दिर र मूर्तिहरूका बारे विभागलाई सूचना दिने र त्यसको सुरक्षाका लागि प्रबन्ध गर्ने काम पनि पञ्चायतहरूले गर्नुपर्दछ ।

३. **सङ्ग्रहालय भवन निर्माण :** प्रत्येक जिल्ला पञ्चायतद्वारा आफ्नो क्षेत्रको कलात्मक वस्तुहरू सङ्कलन गरी प्रदर्शन गर्न तथा सङ्ग्रहालय खोल्न भवन निर्माण गराउनुपर्दछ ।

४. **अर्थको प्रबन्ध :** जिल्ला पञ्चायतहरूले उपयुक्त कामका लागि गर्नुपर्ने कार्यहरूको सूची पुरातत्त्व विभागमा पठाउनुपर्दछ र विभागले यथाशक्य आवश्यक खर्चको प्रबन्ध गरी जिल्ला पञ्चायतहरूद्वारा उक्त कार्यहरू गराउन लगाउने छ । तर प्रथमतः जिल्ला पञ्चायतद्वारा पनि अर्थको स्थानीय सङ्कलनका लागि प्रयत्न गर्नुपर्छ ।

# निर्माण तथा सञ्चार मन्त्रालय

सडक, पुल र अरू बाटोहरू सम्बन्धमा पञ्चायतहरूलाई सुम्पिने कामहरू दुई श्रेणीमा विभाजन गर्न सकिन्छ ।

१. पञ्चायतलाई औ अधिकार दिई पञ्चायतकै प्रशासन अधिकार बजेटद्वारा गरिने कामहरू ।

२. श्री ५ को सरकारको अधिकार क्षेत्रभित्र रहेका तर पञ्चायतको माध्यमद्वारा गराइने कामहरू

## १. पञ्चायतलाई नै अधिकार दिई पञ्चायतकै प्रशासन अधिकार र बजेटद्वारा गराइने कामहरू

(क) राजमार्गहरू र स्थानीय महत्त्व मात्र नभई धेरै जिल्लाहरूको आगमनको साधनको रूपमा रहेको बढी महत्त्वका मूल बाटोहरूबाहेक अरू सबै मोटर चल्ने, गाडा हिँड्ने बाटो र पुलहरूको रेखदेख सम्भार ।

(ख) पहाडी इलाकाहरूमा आफ्नो जिल्लामा पर्ने सबै पैदल र खच्चर हिँडने बाटोहरू ।

(ग) आफ्नो जिल्लाभित्र पर्ने सबै पैदल बाटाहरूमा पर्ने झोलुङ्गे र अरू किसिमका पुलहरूको रेखदेख र सम्भार ।

(घ) पहाड र मधेसका ठूलठूला नदीनालाहरूमा तारघाटको बन्दोबस्त ।

उक्त कामहरू पञ्चायतको आफ्नै अधिकार क्षेत्रभित्र पर्ने हुनाले सो कामहरू पञ्चायतले आफ्नै प्रशासनअन्तर्गत आफ्नै बजेटद्वारा गर्ने छन् । हाललाई यस्तो कामको निम्ति प्राविधिक सरसल्लाह रेखदेखसम्म सरकारद्वारा दिइने छ ।

पञ्चायतले उक्त अधिकार क्षेत्रभित्रबाट टयाक्स, करहरू असुल गर्न सक्ने छ, जस्तो उक्त क्षेत्रभित्र चल्ने मोटर, गाडाहरू उपर रोडसेस तथा पुल पहाडका पैदले

मूल बाटोहरूमा गाडी पिच्छे दस्तुर (भीमफेदी-थानकोट बाटोमा लागेको भरियानाइके दस्तुर जस्तै) तारघाटहरूको आम्दानी इत्यादि ।

पञ्चायतका उक्त आम्दानी सडक, पुल, तारघाट, पैदले बाटोहरूबाट मात्र हुन सक्ने स्रोतहरू देखाइएका हुन् । सोबाहेक अरू किसिमका स्रोतहरू र हाल सुरू सुरूमा सरकारबाट दिइने ग्रान्ट पनि पञ्चायतहरूको आम्दानीको बाटोहरू हुन सक्तछन् ।

साधारण तथा उक्त कामहरूको निम्ति सरकारले खर्च व्यहोर्ने छैन । पञ्चायतहरूलाई सरकारले दिएको ग्रान्टबाहेक, तापनि सरकारले आवश्यक ठहऱ्याएको कुनै खास कामको निम्ति (उदाहरणार्थ पहाडी मूल बाटोमा पर्ने कुनै ठूलो नदीमा झोलुङ्गे पुल बनाउन अथवा कुनै विकसित हुन लागेको नगर इलाकाभित्रको सडकलाई पक्का गर्ने या सरकारले पञ्चायतलाई कुनै नगर पञ्चायतको निम्ति सडक पेल्ने रोलर किनिदिने इत्यादि) अनुदान दिन अथवा पञ्चायतकै माध्यमद्वारा निर्माण गर्न अथवा आफै निर्माण गरी सम्बन्धित पञ्चायतलाई सुम्पिदिन सक्ने छ ।

### २. श्री ५ को सरकारको अधिकार क्षेत्रभित्र रहेका तर पञ्चायतका माध्यमद्वारा गराउने कामहरू

'क' मा देखाइएको राजमार्गहरूको निर्माण तथा सम्भारको कामहरू श्री ५ को सरकारले आफै गर्ने छ तर अनुसूची 'ख' मा देखाइएका मूल बाटोहरूको निर्माण तथा सम्भारको कामहरूमा श्री ५ को सरकारले आफै वा पञ्चायतद्वारा गराउन सक्ने छ । पञ्चायतद्वारा गराइएका यस्ता कामहरूमा पञ्चायतले श्री ५ को सरकारप्रति जवाफदेही हुनुपर्ने छ र सरकारले दिएको रूलनियमबमोजिम काम गरी हरहिसाबको फाँटवारी पेस गर्नुपर्ने छ ।

## काठमाडौँ उपत्यकाभित्रका सडकहरू

उक्त दफा १ बमोजिम गरी ग्राम पञ्चायत इलाकाहरू, सहरी इलाकाहरू र जिल्ला स्तरभित्र सडक बाटाहरू सम्बन्धित जिल्ला पञ्चायतअन्तर्गत सार्नलाई काठमाडौँ उपत्यकाबाहेक अरू ठाउँहरूमा यी सडकहरूको निम्ति ठेकिएका दरबन्दीहरू केही नभएकाले कुनै किसिमको झन्झट देखिँदैन ।

उपत्यकाभित्र सहर र जिल्ला पञ्चायत इलाकाभित्र अरू ठाउँहरूमा भन्दा केही बढी मात्रामा सडकहरू भएकोले र ठेकिएका सालबसाली मर्मती कुल्लीहरू पनि केही भएकाले सूचना सायद उक्त ठेकिएका कुल्लीहरूको खर्चसम्म सम्बन्धित पञ्चायतहरूलाई दिइने अनुदानमा गाभी दिन मनासिब हुने छ ।

# अनुसूची (क)

## राजमार्गहरू

१. वीरगन्ज-भैंसे-थानकोट-त्रिपुरेश्वर-शीतलनिवास ।
२. हेटौंडा-नारायणगढ ।
३. काठमाडौं टुँडिखेल-भक्तपुर-बनेपा-कोदारी ।

# अनुसूची (ख)

१. विराटनगर-धरान ।
२. कुनौली-राजविराज ।
३. लालबेनिया-जनकपुर-जलेश्वर ।
४. भैंसे-भीमफेदी ।
५. सुनौली-बुटवल ।

# स्वास्थ्य, नहर तथा विद्युत् मन्त्रालय

## स्वास्थ्य

१. जिल्ला स्तरमा रहेका स्वास्थ्य केन्द्रहरू (डाक्टर नभएका स्वास्थ्य केन्द्रहरू) स्वास्थ्य युनिटहरू तथा आयुर्वेदीय औषधालयहरू जिल्ला पञ्चायतअन्तर्गत रहने छन् । यस्ता स्वास्थ्य संस्थाहरूले स्वास्थ्य सेवा विभागको प्राविधिक निर्देशनअनुसार काम गर्ने छन् ।

२. जिल्ला स्तरका स्वास्थ्य संस्थाहरूको भवन निर्माणको काम जिल्ला पञ्चायतमार्फत सम्पन्न गर्ने व्यवस्था हुने छ । अन्य अस्पतालहरूको भवन निर्माणको काम पनि जिल्ला पञ्चायतलाई दिन सकिने छ ।

३. विभिन्न जिल्लाहरूमा रहेका स्वास्थ्य संस्थाहरूमा औषधी र अरू स्वास्थ्यसम्बन्धी सामग्रीहरू पठाउने कामको जिम्मा जिल्ला पञ्चायतलाई दिइने छ र यसको लागि आवश्यक ढुवानीको खर्च स्वास्थ्य सेवा विभागबाट प्राप्त हुने छ ।

४. जिल्ला पञ्चायतअन्तर्गत रहने स्वास्थ्य संस्थाहरूका साथै जिल्ला पञ्चायतको क्षेत्रभित्र पर्ने अन्य अस्पतालहरू (५ बेडको अस्पतालबाहेक) को व्यवस्थाको सम्बन्धमा सामान्य रेखदेख गर्ने अधिकार जिल्ला पञ्चायतलाई सुम्पिने छ । यस सम्बन्धमा जिल्ला पञ्चायतबाट प्राप्त हुने रिपोर्टको आधारमा स्वास्थ्य सेवा विभागले आवश्यक कारबाही गर्ने छ ।

५. स्वास्थ्य सेवा विभागका शाखाहरू र जिल्ला पञ्चायतको बीच परस्परमा सहयोग तथा सामञ्जस्य स्थापित गरी जिल्लाहरूमा स्वास्थ्य कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था हुने छ । खास गरी जिल्ला पञ्चायतको माध्यमबाट जनस्वास्थ्य कार्यक्रमहरू प्रभावकारी ढङ्गले कार्यान्वित गर्ने व्यवस्था गरिने छ ।

## नहर तथा खानेपानी

१. हाल श्री ५ को सरकारबाट कार्यान्वित भएका सानातिना खानेपानी योजनाहरूको, व्यवस्था सम्भार तथा सञ्चालन गर्ने अभिभारा जिल्ला पञ्चायतहरूलाई प्रदान गरिने छ । जिल्ला पञ्चायतहरूले आफ्नो जिल्लाभित्रको नदीझर्नाको र भूगर्भको पानी निकाली स्वच्छ खानेपानीको व्यवस्था गर्न सक्ने छन् । यसको निमित्त आवश्यक पर्ने प्राविधिक सहायता तथा निर्देशन नहर विभागबाट प्राप्त हुने छ ।

२. हाल निर्माण भइरहेका सानातिना खानेपानी योजनाहरू जिल्ला पञ्चायतहरूद्वारा निर्माणको काम सम्पूर्ण गर्ने व्यवस्था गरिने छ । यसको लागि आवश्यक पर्ने आर्थिक तथा प्राविधिक सहायता नहर विभागबाट प्राप्त हुने छ ।

३. काठमाडौँ उपत्यकामा चलिरहेका राजकुलोहरूको व्यवस्था, सम्भार तथा सञ्चालन गर्ने काम सम्बन्धित जिल्ला पञ्चायतहरूलाई सुम्पिइने छ ।

# गृह मन्त्रालय

## १. सार्वजनिक सुरक्षा

(१) प्रचलित नेपाल कानुनले बन्देज गरेको राजनीतिक वा राजनीतिले प्रेरित सभा, जुलुस, नारा, भाषण, पर्चावाजी आदि आफ्नो वडाभित्र कसैलाई गर्न नदिने, गर्नबाट रोक्ने । कसैले त्यस्तो गर्ने प्रयत्न गरे भने तत्काल नै नजिकको पुलिसलाई थाहा भएसम्मको खबर दिने र बढी खबर दिन कोसिस गर्ने । कसैले त्यस्तो गरिहाले भने त्यस्तो गर्ने मुख्यमुख्य व्यक्तिहरूलाई पक्राउ गर्न पुलिसलाई सुराक र चाहिने मद्दत समेत दिई पक्राउ गराउने ।

(२) राजनीतिक सङ्गठन गर्न नदिने, गर्नबाट रोक्ने । कसैले गर्ने प्रयत्न गरे वा गरिहाले भने नजिकको पुलिसलाई खबर दिने । त्यस्तो सङ्गठन गर्ने व्यक्तिलाई पक्राउ गर्नुपर्दा माथि उपदफा (१) मा लेखिएबमोजिमको मद्दत पुलिसलाई दिने ।

(३) गाउँघरमा कुनै किसिमको हुलहुज्जत, लुटपिट चोरीडकैती रहजनी खुन आदि हुन नदिई शान्ति र व्यवस्था कायम राख्ने र जनताको जीउज्यान र धनसम्पत्तिको संरक्षण गर्ने । जनताको जीउज्यान र धनसम्पत्तिमा खतरा पर्न लाग्यो भने हुन सकेसम्मको बचाउको प्रबन्ध गर्दै रही नजिकको पुलिसलाई खबर गर्ने र त्यस्ता समाज विरोधीहरूलाई पक्राउ गराउन पुलिसलाई चाहिने मद्दत गर्ने ।

(४) फरार रहेका खुनी, डाँका, चोर र अरू जघन्य अपराधीहरूलाई पक्राउ गरी पुलिसलाई बुझाउने वा पक्राउ गर्न पुलिसलाई चाहिने सबै सहयोग दिने ।

(५) गाउँघरमा अपरिचित व्यक्ति वा विदेशी आए भने तिनीहरूउपर निगरानी राख्ने र तिनीहरूका चालचलनमा शङ्का लाग्यो भने तुरून्त पुलिसलाई खबर दिने ।

(६) रक्सी भट्टीमा निगरानी राख्ने । कारण, ठूला ठूला अपराध हुने कुरो भट्टीमा रक्सी खान आएकाबाट खुल्न सक्तछ ।

(७) अराष्ट्रिय तत्त्वको सम्बन्धमा :-

(क) सिमाना नजिकको पञ्चायतहरूले नजिकको भारतको भूमिमा अराष्ट्रिय तत्त्वहरूका गतिविधि बुझ्दै गरी पुलिसलाई खबर दिने ।

(ख) अराष्ट्रिय तत्त्वसँग मुकाबिला गर्न जनसङ्गठन गर्ने ।

(ग) अराष्ट्रिय तत्त्व अधिराज्यभित्र प्रवेश गर्ने खबर पाएमा तत्काल पुलिस र गोस्वारामा खबर गर्ने ।

(घ) अराष्ट्रिय तत्त्व र तिनीहरूका दलाल प्रवेश गरेमा पक्राउ गरी पुलिसलाई बुझाउने ।

(ङ) अराष्ट्रिय तत्त्वको चिठ्ठीपत्र, पुस्तिका र अखबार आदि ल्याउन नदिने र ल्याउनेलाई पक्राउ गरी पुलिसलाई बुझाउने ।

(च) अराष्ट्रिय तत्त्व दमन गर्ने काममा सरकारलाई सक्रिय मद्दत गर्ने ।

## २. भ्रष्टाचार निवारण

१. कुनै सरकारी कर्मचारीले कसैको मुद्दा वा काममा घुस अथवा रिसबत खान खोजेमा सो कुराको सुराक समेत बडाहाकिमलाई बेलैमा दिई त्यस्ता कर्मचारीलाई पक्राउ गराउने प्रबन्ध गर्ने ।

२. कुनै गैरसरकारी व्यक्तिले कसैको मुद्दा वा काममा म सरकारी कर्मचारीलाई भनसुन गरेर मिलाइदिन्छु भनी ठगी गर्न खोजेमा सो कुराको सुराक बडाहाकिमलाई बेलैमा दिई त्यस्ता व्यक्तिलाई पक्राउ गराउने ।

३. पसलमा ढक, माना, पाथी आदि ठीक परिमाणको छ छैन, जोख, तौल नपाइ र भराइ ठीक छ छैन भनी चेक गर्ने र ठीक नदेखिएमा सबुत समेत कारबाहीको निमित्त पुलिसमा बुझाउने ।

४. सरकारबाट मोल निर्धारित गरिएका वस्तुहरू निर्धारित भाउमा विक्री भएको छ छैन र यस किसिमको विक्री वितरण गर्नु भनी तोकिएका वस्तुहरू सो किसिमले विक्री वितरण भएको छ छैन भनी चेक गर्ने । निर्धारित मोलमा अथवा तोकिएबमोजिम विक्री वितरण नभएको देखिएमा सबुत समेत कारबाहीको निमित्त पुलिसमा बुझाउने ।

५. सरकारले कुनै आवश्यक पदार्थ यतिभन्दा बढी मौज्दात नराख्नु भन्ने आदेश गरेकोमा कालोबजार गर्न कसैले सो पदार्थ बढी राखेको थाहापत्ता लागेमा सो राख्ने व्यक्तिको घर वा गोदाम खानतलासी गराउन बडाहाकिम छेउ रिपोर्ट गर्ने ।

## ३. लरी, मोटर, जिप आदिको सम्बन्धमा

(१) लरी, मोटर, जिप समेतका सबै गाडीहरू एकपटक श्री ५ को सरकारबाट दर्ता भई नम्बर पाइसकेपछि सो गाडीको मासिक दस्तुर पञ्चायतले बुझिलिने र असुल भएको रूपियाँ लगत सम्बन्धित अड्डामा पञ्चायतले पठाउने छ ।

(२) ती गाडीहरूका विक्रीको रजिस्ट्रेसन र नामसारी नेपाली नागरिकहरूका बीच पञ्चायतमा गर्ने । असुल भएको दस्तुर नामसारीको लगत सम्बन्धित अड्डामा पञ्चायतले पठाउने ।

(३) गाडीको धनीले गाडीको लगत कट्टा गर्न खोजेमा सो लगत कट्टा गर्ने काम पनि पञ्चायतले गरी सूचना सम्बन्धित अड्डालाई दिने छ ।

(४) मोटर हाक्ने लाइसेन्सको नवीकरण पनि पञ्चायतले नै गर्ने छ । श्री ५ को सरकारले कसैको लाइसेन्स खारेज गर्ने निर्णय गरेको छ भने सो निर्णयले मान्यता पाउने छ ।

## ४. रेडियो, ट्रान्जिस्टर रेडियो ग्रामको सम्बन्धमा

वायरलेस सेटबाहेक रेडियो, ट्रान्जिस्टर रेडियो ग्राम आदिको दर्ता लाइसेन्स वार्षिक दस्तुरको असुली नामसारी र विक्रीको दर्ता आदि सबै काम पञ्चायतले गर्ने छ । पञ्चायतले असुल भएको रूपियाँ र लगत सम्बन्धित अड्डामा पठाउने छ ।

## ५. बन्दुकको सम्बन्धमा

भरूवा बन्दुक जति र सो भरूवा बन्दुकलाई चाहिने केप, बारूद र छर्रा, गोली जतिको राख्ने र सिकार खेल्ने लाइसेन्सको नवीकरण पञ्चायतले गर्ने छ । पञ्चायतले नवीकरण गरेको यो लाइसेन्स आफ्नो जिल्लाको निमित्त मात्र हुने छ । यस सम्बन्धमा जिल्ला भन्नाले बडाहाकिमका जिल्ला मानिने छ । असुल भएको दस्तुर लगत पञ्चायतले सम्बन्धित अड्डामा पठाउने ।

## ६. बन्देज

(१) माथि दफा ३, ४ र ५ मा उल्लेख गरिएको काम कारबाही पञ्चायतले सम्बन्धित नेपाल कानुनअनुसार गर्ने छ ।

(२) माथि दफा ३, ४ र ५ मा उल्लेख गरिएको काम कारबाही कसैले सम्बन्धित अड्डाद्वारा गराउन खोजेमा माथिका कुराले बाधा पुर्‍याउने छैन ।

## ७. नागरिकता

(१) नेपालको जन्मसिद्ध नागरिक हुँ भन्नेलाई नागरिकताको प्रमाणपत्र दिनुपरेमा सम्बन्धित अधिकारीले पञ्चायतको राय मागेमा पञ्चायतले राय दिने छ ।

(२) कुनै अनागरिकले नेपालको नागरिकता लिन खोजेमा सम्बन्धित ऐनको सबै विधि पुगे नपुगेको व्यहोरा प्रष्ट खोली ठहराई पञ्चायतले सिफारिस गर्नुपर्ने छ ।

## ८. सिनेमाको सम्बन्धमा

नगरभित्र सिनेमा खोली नगर पञ्चायतको राय ठहर दिने जस्तै अन्यत्र सिनेमा हल खोल्न जिल्ला पञ्चायत वा ग्राम पञ्चायतको राय ठहर चाहिने छ ।

## ९. सरजमिन मुचुल्का

सरकारी कामकाजको सम्बन्धमा सरजमिन मुचुल्का गर्दा गराउँदा सकभर गाउँ पञ्चायतका धेरै सदस्यहरू सरिक हुनुपर्ने ।

### १०. दैवी प्रकोप परेमा

दैवी प्रकोप परेमा पञ्चायतले तत्कालीन सहायता गर्ने र आफूले गर्न नसक्ने कामको लागि आफ्नो ठहरसहित तुरून्त सम्बन्धित गढी, गौँडा, गोस्वारालाई सूचना गर्ने ।

### ११. आवश्यक वस्तुको संरक्षण

धाराको पाइप, बिजुली, पुल, टेलिफोन आदि आवश्यक वस्तुको स्थानीय पञ्चायतले सकभर संरक्षण गर्ने र त्यस्ता वस्तुको नोक्सान भएमा वा हुने सम्भावना या सङ्केत देखेमा वा थाहा पाएमा सम्बन्धित अफिसमा सूचना गर्ने ।

१२. आफ्ना क्षेत्रभित्रका प्राचीन स्मारकहरू वा पुरातात्त्विक वस्तुहरूको सम्भार या संरक्षण सम्बन्धित पञ्चायतले गर्नुपर्ने ।

## अर्थ मन्त्रालय

१. मठ, गुठीहरूको सञ्चालन जिल्ला स्तरीय समिति गठन गर्ने नियम (गुठी) बन्न लागेको र त्यस समितिमा जिल्ला पञ्चायतका सभापति समेतको बोर्ड गठन हुने हुँदा साधारणतः जिल्ला सभापति बसेको हुनाले प्रतिनिधित्व गर्छ भने पनि हुन्छ र सो गुठीसम्बन्धी गैरकार्य जिल्ला स्तरीय बोर्डबाट नै हुने हुँदा जिल्ला सभापति पनि त्यसमा रहने नै भएकोले विशेष अरू व्यवस्था गर्नपर्ने देखिँदैन ।

२. धितो, बन्धक र लेनदेनसम्बन्धी रजिस्ट्रेसन प्रत्येक ग्राम पञ्चायतलाई गाउँका व्यक्तिको सम्पादन वा लेनदेन व्यवहारका बारेमा पूरै जानकारी भएमा पनि प्रत्येक ग्राम पञ्चायतद्वारा रजिस्ट्रेसनसम्बन्धी काम गराई त्यसको लगत राख्न सम्बन्धित जिल्ला अड्डाले सूचना गर्ने र सूचना पाएपछि अड्डाले लगत राख्ने काम निकै गाह्रो हुने देखिन्छ । साथै यो काम केन्द्रीय प्रशासनसम्बन्धी विषय पनि हो ।

३. सबै किसिमको बाँकी बक्यौता असुल गर्न गराउन पञ्चायतबाट मिल्दैन भनी कानुन मन्त्रालयबाट २०/१/२२/१ मा राय भइआएको छ । यस्तो व्यापक दृष्टिकोण अपनाउनुभन्दा पहिले कुनै १/२ जिल्लामा प्रयोगको रूपमा हेरेपछि मात्र काम चालू गर्न उपयुक्त पर्ने देखिन्छ ।

# वन, कृषि तथा खाद्य मन्त्रालय

## वन

(१) डी.एफ.ओ. ले निर्धारित गरेको पुर्जीको सङ्ख्याभित्र रही हरघरसङ्घा र दाउराको पुर्जी दिने कार्य जिल्ला पञ्चायतलाई दिने ।

उपरोक्त निर्णय कार्यान्वित गर्नु जिल्ला पञ्चायतबाट सिजन सुरूअगावै डी.एफ.ओ. अफिससित सम्पर्क राखी निम्न जङ्गली पैदावार विक्री वितरणलाई चाहिने पुर्जी उपलब्ध गर्न तथ्याङ्क पेस गरी डिभिजनबाट वनक्षेत्र पुर्जी इत्यादिको सङ्ख्या किटाइसक्नुपर्दछ ।

वन विभागको वन पैदावार विक्री वितरण नियमावलीबमोजिम दस्तुर लिई डिभिजनबाट प्राप्त पुर्जीलाई निम्न कुराहरूमा जिल्ला पञ्चायतबाट पुर्जी वितरण गर्ने र पुर्जी वितरण भएको सङ्ख्या तथा दस्तुर प्रत्येक १ महिनाको महिना भुक्तानीको ३ दिनभित्र डिभिजनमा दाखिल गर्नुपर्दछ ।

(१) घरसङ्घा र पुर्जीको विवरण
  (क) साल समेत लिएमा रू. ५। तर दैवी परेकालाई रू. १। मात्र
  (ख) साल नलिएमा रू. २ तर ऐ ऐ लाई ५० पैसा ।
(२) हरघरसङ्घा र पुर्जीमा दस्तुर रू. १।
(३) ढोड, घोघर जामुन, जमनको पुर्जीको दस्तुर रू. ।५०
(४) दाउरा, वनकस, खर, ढड्डी, जडीबुटी, बाँस, पात र बेतको पुर्जीको विवरण :–
  (क) पन्ध्र हात लम्बाइ भएको फुसको घर बनाउन घरसङ्घाको काठ

| घरसङ्घाको काठ | लम्बाइ बढीमा | गोलाइ थान | बढीमा |
|---|---|---|---|
| (१) साखु, सल्लो वा अन्य कुनै जातको लम्बा | १५ फुट | ३ फुट | ३ |
| (२) साखु वा अन्य कुनै जातको काठको धनी | ९ फुट | ३ फुट | ६ |

साखु, सल्लो, सिसौ, विजयसाल, सतिसाल, ओखर, चाँपदार, कुसुम, सिमल, खैर जातको काठबाहेक अरू जातको काठबाट दिइने

| | | | | |
|---|---|---|---|---|
| (३) | थुनी | ९ फुट | ३॥ फुट | १० |
| (४) | नरही | २२॥ फुट | ३॥ फुट | १ |
| (५) | बतर्खा | १०॥ फुट | ३॥ फुट | ४ |
| (६) | पास पगरौट | २२॥ फुट | ३॥ फुट | २ |

बाटथङ्गेरो, पाजन, अस्मा, कर्मा, तुन, जामुन, साखु, सिसौ, विजयसाल, ओखर, चाँपदार चिलाउने, सतिसाल, कुसुम, सिमल, खैरबाहेक अरू जातको काठबाट दिइने

(७) डाँडा अर्थात् कोराबाता १२० गोटा

(ख) पन्ध्र हात लम्बाइ भएको ढुङ्गाको गारो भएको घर बनाउन घरसङ्घाको काठ चाँपदार र ओखरबाहेक अरू जातको काठबाट दिइने ।

(१) ढोका, झ्याल, दलिन, भऱ्याङ, निदाल र छानासमेतलाई बढीमा १५० क्युबिक फुट

(२) डाँडाभाटा अर्थात् कोराबाता १२० गोटा

(३) फल्याकको छानो हाल्ने ठाउँमा छानामा हाल्न पुग्ने फल्याकको निमित्त चाहिने काठ ।

हरसङ्घाको काठ ओखर, चाँपदार, सतिसाल र विजयसालबाहेक अरू जातबाट दिने

हर १ के हर बिछी जम्मा थान - ५

हर १ के १ जोरदेखि दरकारअनुसार दिने

| | | |
|---|---|---|
| हरिस | थान | १ |
| पालो | , , | १ |
| परिहट | , , | १ |
| हेगा | , , | १ |
| जुवा | , , | १ |

| जङ्गली पैदावारको नाम | जङ्गली पैदावारको मोल |
|---|---|
| (१) दाउरा | एउटा मानिसले बोक्न सक्ने दाउरा भारी १ विना मोलमा दिइने छ ।<br>दाउरा गाडा के रू. १।<br>दाउरा ट्रक के रू. ४०।<br>२० फुट लामो ५ फुट चौडा ५ फुट अग्लो दाउरा चट्टा १ के रू. १२५। |
| (२) बेत | एउटा मानिसले बोक्न सक्ने बेत भारी १ के रू. ३।<br>बेत गाडा १ के रू. ४०।<br>बेत ट्रक १ के रू. २००। |
| (३) गाभा (अर्किड) | एउटा मानिसले बोक्न सक्ने गाभा १ के रू. ३।<br>गाभा गाडा १ के रू. २०।<br>गाभा ट्रक १ के रू. १००। |
| (४) वनकस | एउटा मानिसले बोक्न सक्ने वनकस भारी १ के रू. १। |

वनकस गाडा १ के रू. ५।
वनकस ट्रक १ के रू. २५।

(५) सर्पगन्धाको वा एउटा मानिसले बोक्न सक्ने सर्पगन्धा भारी १ के रू. ५०। जडीबुटीसम्बन्धी अन्य एउटा मानिसले बोक्न सक्ने सर्पगन्धाबाहेक कुनै रूखको जरा, बोक्रा, अन्य कुनै जडीबुटी सम्बन्धित रूखको जरा, फलफूल, कोपिला, डाँठ बोक्रा, फलफूल, कोपिला, डाँठ र लहरा लहरा के रू. १।२५

| | |
|---|---|
| (६) घाँसपात | एउटा मानिसले बोक्न सक्ने भारी १ विना मोलमा दिइने छ । |
| (७) बाँस | बाँस साधारण गोटा १ के रू. १०।<br>बाँस, निगालो वा मालिङ्ली विनामोलमा दिइने छ । |
| (८) खर | खर विनामोलमा दिइने छ । |
| (९) ढडी | ढडी विनामोलमा दिइने छ । |
| (१०) सिमलको भुवा | सिमलको भुवा एउटा मानिसले बोक्न सक्ने भारी १ के रू. १।<br>सिमलको भुवा गाडा १ के रू. ८।<br>सिमलको भुवा ट्रक १ के रू. ४०। |
| (११) चुन पोल्ने ढुङ्गा | चुन पोल्ने ढुङ्गा १०० क्युबिक फुट के रू. ५। |
| १२) ग्राभेल बालुवा | ग्राभेल बालुवा १०० सय क्युबिक फुट के रू. २। |
| (१३) छाप्ने ढुङ्गा | छाप्ने ढुङ्गा १०० सय वर्ग फुट के रू. ५। |
| (१४) साधारण ढुङ्गा | साधारण ढुङ्गा १०० सय क्युबिक फुट के रू. ३। |
| (१५) गोल | गोल प्रति मन के रू. २।५० |

पञ्चायत क्षेत्रभित्रको नागरिक जनताको आफ्नो घरसारको लाई मात्र उपरोक्तबमोजिम हुने र कसैले व्यवसाय गर्नलाई माग गर्नुपरेमा डिभिजनलाई मात्र पुर्जी हुने गरिएको छ ।

उपरोक्तबमोजिमको पुर्जीको दुरूपयोग गरेमा पञ्चायतले जाँची ठहरेमा कारबाही गरी सजाय गर्न सम्बन्धित रेन्ज अफिसमा कसुरदारलाई पठाउने छ ।

डिभिजन अफिस नखुलेको ठाउँमा डिभिजनको बदला गोस्वारा र डी.एफ.ओ. को बदला बडाहाकिमसँग सम्पर्क गर्ने ।

(२) ग्रामीण जनतालाई वृक्षरोपण गर्न नर्सरी भएको ठाउँमा बिरूवाको वितरण गर्ने व्यवस्था र गाउँहरूमा वृक्षरोपणको काम जिल्ला पञ्चायतले मिलाउने । त्यस कामको क्षेत्र पूर्व १ नं., पश्चिम १ नं. काठमाडौँ उपत्यका र पोखरा तोकिएको छ ।

उपरोक्त कुरालाई कार्यान्वित गर्न वृक्षरोपणको समयअगावै जिल्ला पञ्चायतले कुन कुन ठाउँमा के कति वृक्षरोपण गर्ने वा ग्रामीण इलाका प्रति वेलानौमा के कति बिरूवाको माग गर्ने हो, डी.एफ.ओ. सँग सम्पर्क गरी पूर्ण विवरण पेस गर्ने र

वृक्षरोपण तथा संरक्षण पञ्चायतबाटै गर्ने तथा प्राविधिक सल्लाह र बिरूवाको काम डिभिजनले पूर्ति गरिदिने व्यवस्था छ । यसरी जिल्ला पञ्चायतले प्रस्तावित गरेको कुनै क्षेत्रमा बिरूवाका संरक्षण पञ्चायतबाट तारको वा सिउँडीको बारबाट भने पनि बिरूवालाई चरनबाट बचाउन सकिन्छ भन्ने डी.एफ.ओ. को चित्तमा लाग्यो भने मात्र बिरूवा दिने व्यवस्था हुने छ ।

यसरी लागेका बिरूवाहरू कालगतिबाट मरेकोमा सरकारी नर्सरीबाट बिरूवा लिई पञ्चायतले नै पुनः बिरूवा लगाउने छ ।

(३) वन संरक्षण कार्यलाई नियमित गर्न अवैध किसिमबाट यस कटानी, जङ्गल फडानी र हाल आवादी, निकासी आदि रोक्ने काम गर्ने र मुद्दा चलाउन परेमा प्रचलित ऐन कानुनअनुसार वन विभागका मातहत अफिसमार्फत गर्ने दिने उपर्युक्त वन ऐनअनुसारको सबै कसुर गर्नेहरूलाई पञ्चायतले पक्रन वा सम्पर्क राखी, फ.गा. , फरेस्टर रेन्जर, डी.एफ.ओ. लाई पक्राउ गरेको कसुरदार हो भने निज र बिगो समेत कानुनी कारबाही गराउन रेन्ज अफिसमा बुझाइदिने छ । रेन्ज अफिसले प्रचलित वन ऐनबमोजिम गर्ने छ ।

(४) पञ्चायती वन छुट्याइएको स्थानमा प्राविधिक नियन्त्रणमा पञ्चायती वन संरक्षण वनपथको निर्माण, अग्निरेखाको निर्माण, वन सिमाना निर्धारण इत्यादि विकास कार्यहरू देशभरि नै गर्न जिल्ला पञ्चायतलाई दिने ।

(५) तर केन्द्रीय सरकारको स्तरमा गरिने जिल्लाको कार्यहरूमा पूर्णतया केन्द्रीय सरकारकै नियन्त्रणमा राख्ने ।

# कृषि

कृषि विभागअन्तर्गत केन्द्रबाट कार्यान्वित गरी केन्द्रबाट नियन्त्रण गरिने एकथरि र जिल्ला स्तरमा केन्द्रको नियन्त्रणमा कार्यान्वित गरिने अर्कोथरि समेत २ किसिमका योजनाहरू चालू गर्ने गरिआएको छ । पहिलो किसिमको योजना ठूलो र बढी प्राविधिक किसिमको हुँदा जिल्ला स्तरमा जिल्ला पञ्चायतको रेखदेखमा चलाउन मिल्दैन । दोस्रो किसिमका योजना यस विभागका प्रसार स्तरीय हुँदा हाल यस्ता योजनाहरू केन्द्रको निर्देशन र नियन्त्रणमा विभागीय जे.टि.ए. हरूद्वारा कार्यान्वित गरिआएको छ । जे.टि.ए. हरूले आफ्नो कर्तव्य राम्रोसँग पूरा गरे नगरेको, हाजिरको रिकर्ड हिसाब, कामको रिकर्ड आदि राम्रोसँग राखे नराखेको र कृषकहरूसँग राम्रो हेलमेल राखी काम गरे नगरेको समेत कुराको निगरानी राख्ने काम यस विभगबाट भन्दा जिल्ला पञ्चायतबाट राम्रोसँग हुन सक्ने देखिएकोले सो र निजहरूलाई समय समयमा तलब भत्ता खान पाउने, बराबर काममा जान चाहिने सुविधा आदिको व्यवस्था मिलाइदिने कार्य समेत सम्बन्धित जिल्ला पञ्चायतबाटै हुनुपर्ने देखिन्छ ।

आफ्नो जिल्लालाई के कस्तो योजना बढी लाभदायक हुन्छ, सो कुराको केन्द्रलाई भन्दा स्थानीय जिल्ला पञ्चायतलाई नै बढी ज्ञान हुने हुँदा जिल्लालाई चाहिने योजनाहरू सम्बन्धित पञ्चायतले नै तयार गर्नु मनासिब देखिन्छ । यस्तो योजनाहरू तयार गरी आर्थिक वर्ष सुरू हुनुअगावै विभागमा प्राप्त भएमा प्राविधिक दृष्टिबाट जाँचिदैन, उपयुक्त देखाएमा प्राविधिज्ञ, अर्थ आदिको दृष्टिबाट प्राथमिकताका क्रम तयार गरी क्रमानुसार कार्यान्वित गर्ने व्यवस्था मिलाउन सजिलो पर्ने हुँदा सो कुरालाई पनि विचार गर्नुपर्ने देखिन्छ ।

नोट :- वन ऐन, २०१८ र वन पैदावार विक्री वितरण नियमावली, २०१८ को गजेट ( किताब) गाउँ तथा नगर पञ्चायत अफिसमा राखेमा वनसम्बन्धी काम गर्न सजिलो पर्दछ ।

## अनुसूची ५

# द्वितीय उपसमितिको रिपोर्ट

**श्री ५ महाराजाधिराज सरकार**बाट २०१७ साल पौष १ गते उठाइबक्सेको कदमपछि नै हाम्रो सामु पञ्चायती व्यवस्था तथ्यको रूपमा आएको छ । यस व्यवस्थालाई आधार, पूर्ण सुव्यवस्थित र सुसङ्गठित गर्ने दिशातिर हामी कटिबद्ध भई अघि बढिरहेका छौँ । पञ्चायती व्यवस्थाको लक्ष्य प्राप्तिको लागि विकेन्द्रीकरणद्वारा विभिन्न तहका पञ्चायतहरूलाई शक्ति प्रदान गरी जनताले आफ्ना आफ्ना समस्या आफ्नै बीच छलफल र कार्यान्वित गराउने आवश्यकतामा दुई मत होओइन ।

राणा कालको जहानियाँ शासनमा आफू सुत्ने कोठामा बिन्तीपत्रहरू सुन्ने र आफ्नै तालमा मात्र यो देशको शासन प्रणाली सञ्चालन गर्ने गरेर शक्तिको अत्यधिक केन्द्रीकरण गरेका थिए । परिणामस्वरूप सरकारका कार्यहरू जनभावना विपरीत हुन गई जनताको पिरमर्का हट्नुसट्टा जनतालाई झन् बढी मात्रामा थपिन गयो । यो स्थिति पैदा हुनुको मुख्य कारण जनतामा उनीहरूको अविश्वास र जनतालाई प्रशासनमा कुनै पनि प्रकारले सरिक नगराउनु हो । यही कारण हो कि राणाहरूले बेलाबेलामा पञ्चायतहरू खडा गरेका भए तापनि त्यसको मूल्य रहन गएन । सामाजिक स्तरमा पञ्चायतीको प्रचलन नभएको होइन तर केन्द्रीय शक्तिमा त्यसको कुनै राजनीतिक मूल्य थिएन ।

२००७ सालको क्रान्तिले नेपालमा प्रजातन्त्रको उद्घाटनका साथै एक हुल नेता र पार्टीहरू देशमा ल्यायो । नेताहरूले नेपाल राम्ररी चिन्न सकेनन् । नेपाल राम्ररी नचिन्नेले हाम्रो एकताको प्रतीक राजमुकुटको सही अर्थमा मूल्याङ्कन गर्न पनि सकेनन् । हाम्रो जस्तो मुलुकमा पराइले हात्तीमा चढ्यो भन्दैमा आफू धुरीमा चढ्ने प्रयत्न गरेझैँ आफ्नो स्थितिको सही मूल्याङ्कन नगरी ल्याएको कुनै पनि व्यवस्थामा व्यवस्थित रूपले काम चल्न सक्दैनथ्यो भन्ने कुरा कार्य रूपमा नै देखियो । यसै १० सालको बीचमा विभिन्न राजनीतिक प्रयोगहरू भए तर यी प्रयोगहरू जनभावना अनुकूल भएनन, कारण राजनीतिक नेताहरू स्वार्थपूर्ण तथा अव्यावहारिक कार्यहरूद्वारा जनताले जेजस्तो उत्साह, उमङ्ग लिई आफ्नो उन्नतिको स्वप्न देखेका थिए त्यसको विपरीत हुन गई जनताको इच्छा तथा आकाङ्क्षाहरू चकनाचुर भए ।

१०४ वर्षको राणा शासन काल र २००७ सालदेखि १० वर्षसम्मको हाम्रो कटु अनुभवहरूमा आधारित जनताको ज्यादाभन्दा ज्यादा कल्याण र सच्चा प्रजातन्त्रको स्थापना होस् भनेर **श्री ५ महाराजाधिराज सरकार**बाट पञ्चायती व्यवस्थाको स्थापन गरिबक्स्यो । राष्ट्रिय पञ्चायतलाई सम्बोधन गरिबक्सदा र समय समयमा प्रशासन विकेन्द्रीकरण गरी देशको प्रशासनमा विभिन्न तहका पञ्चायतको माध्यमद्वारा जनतालाई सरिक गराउने कुरा हुकुम भएको छ । तद्नुसार **श्री ५ महाराजाधिराज सरकार**बाट प्रशासन शक्ति विकेन्द्रीकरण आयोग गठन गरिबक्स्यो ।

स्थानीय जनताले नै आफ्ना समस्याहरू राम्ररी बुझेका हुन्छन् उनीहरू बीच नै आपसी छलफलद्वारा ती समस्याहरूको समाधान खोजी उनीहरूद्वारा नै कार्यान्वित गर्ने पञ्चायती व्यवस्थाको गुण हो र त्यसको लागि प्रशासन शक्ति विकेन्द्रीकरणको आवश्यकता परेको हो । शक्ति विकेन्द्रीकरण गर्दा शक्ति बहन गर्न सक्ने विभिन्न तहको क्षमतालाई ध्यानमा राख्नुपर्दछ । अशिक्षा र पिछडिएको मन तर छिटै सिक्न सक्ने छरितो नेपालीलाई आफ्नो प्राकृतिक क्रममा मात्र उन्नति गरोस् भनेर छाड्दा धेरै नै समय लाग्दछ । त्यसै कारण बेलाबेलामा **श्री ५ महाराजाधिराज सरकारको "अरूले गरेको १०० वर्षको कामलाई हामीले १०/२० वर्षमा गर्न परेको छ"** भन्ने कथनलाई राम्रो बुझ्नुपरेको छ । यो तब सम्भव छ जब हामी त्यो अशिक्षित पिछडिएको नेपालीलाई उसको आफ्नो ढिलो क्रममा मात्र हिँड्न नछोडेर र त्यसलाई सहारा दिई छिटो अघि बढाउनमा मद्दत गर्दछौं । हेर्दा बोक्न नसक्ला भन्ने लागेको भरियाले बसेर नाम्लो थाप्लामा हालेर गह्रौं भारी पिठिउँमा अड्काउँदा लचक्क परेर थिचिएको भरिया तोक्माको आड्मा नजिकैको साथीले थोरै सहारा दिँदा पनि धरखरिएर लड्ला जस्तो उठेको मानिसले पाइला चाल्न थालेपछि निकै पर गएर बिसाउला र निसन्देह बेलुकीको बास बिहान निर्णय गरेकै पाटीमा बस्न पुग्ला । शक्ति विकेन्द्रीकरण गर्दा हाम्रो वास्तविक अवस्थाको ख्याल नगरी वहनै गर्न नसक्ने गरी ज्यादा शक्ति प्रदान गर्न न्यायोचित पनि हुने छैन । साथसाथै अहिलेको अवस्थाअनुसार शक्ति दिन हुँदैन भनेर पञ्चायतलाई आवश्यक अधिकार दिई दरिलो बनाउनपट्टि हाम्रो ध्यान नजानु पनि हामीले पञ्चायती व्यवस्थाको मर्म नबुझेको ठहर्छ । शक्ति विकेन्द्रीकरण गर्दा गाउँ पञ्चायतलाई आफ्ना समस्याहरूको समाधान गाउँमै गर्न सक्ने हुनुपर्दछ ।

जिल्ला स्तरमा ब.हा. नै सरकारको सबभन्दा उच्च प्रतिनिधि मानिन्छ र जिल्ला पञ्चायत आफ्नो क्षेत्रमा जनप्रतिनिधिहरूको सबभन्दा ठूलो तह हो । शक्ति विकेन्द्रीकरण गर्दा यो यी दुईका बीच शक्ति विभाजनमा यसप्रकारले गर्न हुने छैन कि जि.पं. र ब.हा. बीच समानान्तरको भावना आई सहयोग र मेलको बदला झगडा र सङ्घर्ष हुन जाओस् । प्रशासन पछिपछि गएर जिल्ला पञ्चायतमा पूर्णतया हस्तान्तरित हुन जाने हो तापनि त्यो अवस्था नआउन्जेल जिल्लामा केन्द्रीय सरकारको मुख्य प्रतिनिधि र जि.पं. का बीच सामञ्जस्यता ल्याई जि.पं. लाई क्रमशः प्रशासनको पूर्ण अभिभारा लिन समर्थ गराउनु पर्दछ । जि.पं. जिल्लामा जनताको प्रतिनिधिहरूको सर्वोच्च अङ्ग भएको हुनाले आफ्नो जिल्लामा परेका समस्या सामाधानमा उनीहरूको बढी चाख र ज्ञानको विषय हुन्छ । जनप्रतिनिधित्व भएको जि.पं. को विचारलाई केन्द्रीय सरकारको सर्वोच्च प्रतिनिधिले आदर गर्नुपर्दछ र तद्नुसार कार्यान्वित गर्नुपर्दछ । यसो भएमा जिल्ला स्तरमा जनताहरूले सक्रिय रूपले जि.पं. को स्थापनाको उद्देश्य पूर्ति हुन जाने छ । यिनै भावनाले प्रेरित भई सब कमिटीले सदस्यहरूको ज्यादाभन्दा ज्यादा विचार र सिफारिसहरूको आदर गर्ने आफ्नो सुझावहरू पेस गरेको छ । केही सदस्यहरूको रिपोर्टमा पञ्चायतहरूलाई विभिन्न तहमा विभाजन गरी शक्ति प्रदान गर्ने उल्लेख गर्नुभएको छ तापनि सबकमिटीले सम्पूर्ण रिपोर्टलाई यसप्रकारले विभाजन गरेको छैन । विभिन्न तहका पञ्चायतहरूलाई दिनपर्ने अधिकारहरू सबै उसै तहको पञ्चायतमा समावेश गरिएको छ । यस रिपोर्टमा तीन भाग छन् – पहिलो भागमा गाउँ पञ्चायतको अधिकारहरू, दोस्रो भागमा जिल्ला पञ्चायतको

अधिकारहरू, तेस्रो भागमा अञ्चल पञ्चायतको अधिकारहरू र परिशिष्टमा सदस्यहरूको रिपोर्टहरू राखिएको छ ।

आयोगका माननीय अध्यक्षज्यूले विभिन्न अञ्चल भ्रमणमा जानुभएको सदस्यहरूको रिपोर्ट सङ्कलन गरी एक रिपोर्ट तयार गर्ने कामको लागि यो सबकमिटी गठन गर्नुभयो । सबकमिटीको विभिन्न मिटिङ्हरूमा रिपोर्टहरू सङ्कलन गर्ने तरिकाहरू, विकेन्द्रीकरण सिद्धान्तमा छलफल, हाम्रा सिफारिसका ढाँचा औ आधार आदि कुराहरूमा सबै सदस्यहरूले सक्रिय भाग लिनुभयो । रिपोर्टमा एक्यता आओस् भन्ने उद्देश्यले भ्रमणमा जानुभएका विभिन्न टोलीको सदस्यहरूलाई सबकमिटीको बैठकमा निम्त्याई भरसक धेरै फरक विचारहरूबारे छलफल गरी निष्कर्षमा पुग्ने पनि यो सबकमिटीले प्रयास गर्‍यो ।

## गाउँ पञ्चायत

प्रशासन सम्बन्धमा प्रायः सबै सदस्यहरू निम्नलिखित कुराहरूमा प्रायः जस्तै विचार राख्नुहुन्छ :

(क) नागरिकताको प्रमाणपत्र दिनेमा सिफारिस गर्ने ।

(ख) रेडियो लाइसेन्स, भरूवा बन्दुकको लाइसेन्स रिन्यु ।

(ग) पञ्चायतको काम गर्दा मुद्दा परेमा सो पञ्चले तारेख बोक्न नपरोस् ।

(घ) का.स. चलाउने व्यवस्था होस् ।

(ङ) उपनियम बनाउन पाउने ।

(च) पञ्चायत विरोधीहरू वा विकासको काममा बाधा पार्नेहरूलाई दण्ड सजाय गर्न पाउने अधिकार ।

(छ) सार्वजनिक संस्थाहरू जस्तो शिशु गृह, अनाथालयको स्थापना र सबैले सार्वजनिक संस्थाहरूको निरीक्षण ।

(ज) कृषि गणना, जन गणना गरी रेकर्ड राख्ने ।

(झ) सर्भे गर्दा पञ्चायतको रोहबरमा गराउनुपर्ने ।

(ञ) ग्राम पञ्चायत ऐनमा उल्लिखित अधिकारमा थप यी माथि लेखिएका अधिकार गाउँ पञ्चायतलाई दिने कुरामा सबकमिटीको पनि सहमति छ ।

## अर्थ

(ट) प्रायः सबै सदस्यहरूले आफ्नो रिपोर्टमा जिमिनदारी प्रथा, तालुकदारी, थरी मुखिया प्रथा खारेज गरी मालपोत गाउँ पञ्चायतले उठाउने उनीहरूले पाएको रकम

पञ्चायतले पाउने साथै उठेको रकमबाट सयकडाको हिसाबले पञ्चायतलाई दिनुपर्नेमा विभिन्न विचार छ ।

(१) मालपोतको १० प्रतिशत ।
मालपोतमा थप १० र त्यसबाट आएको रकम ।
(२) १० प्रतिशत ।
(३) ५ प्रतिशत ।
(४) सबकमिटीको विचारमा सयकडा १० प्रतिशत गाउँ पञ्चायतलाई दिने ।

(ठ) गाउँ पञ्चायतको हिसाब किताव जि.पं. ले जाँचबुझ गर्ने ।

(ड) आर्थिक स्रोतहरू -

(१) रेडियो लाइसेन्स, भरूवा बन्दुक लाइसेन्स र रिन्युबाट आएको रकम ।
(२) मुद्दा मामिलामा दण्ड सजायबाट आएको रकम ।
(३) मनोरञ्जन करबाट आएको रकम ।

(ढ) अरू कुनै कर जिल्ला पञ्चायतलाई सूचना दिई लाउन पाउने उक्त सुझावहरूमा पनि सबकमिटीको एकमत छ ।

(ण) रजिस्ट्रेसन पास सम्बन्धमा विभिन्न विचार पाइन्छ ।

(१) गाउँ पञ्चायतलाई रजिस्ट्रेसन पास गर्न दिने थैली २००० ।
(२) २५०० सम्मको रजिस्ट्रेसन पास अधिकार दिएर त्यो आम्दानीको ५० गा.पं. लाई दिने ।

(त) सबकमिटीको राय २००० सम्मका रजिस्ट्रेसन पास गर्न आएको आम्दानी ५० प्रतिशत गाउँ पञ्चायतलाई दिने ।

(थ) सरकारी बाँकी बक्यौता र दण्ड जरिवाना असुल तहसिल गरी त्यसको केही प्रतिशत सम्बन्धित पञ्चायतहरूले पाउनुपर्छ भन्ने पनि केही सदस्यहरूको राय छ ।

## न्याय

(क) गाउँ पञ्चायतलाई न्याय अधिकार दिने विषयमा तीनजना सदस्यहरू हाल ऐनमा भएको अधिकार मात्र दिनुपर्दछ भन्ने पक्षमा हुनुहुन्छ ।

(ख) एकजना सदस्यले न्याय अधिकार ज्यादा दिनु ठीक सम्झी आफ्ने रिपोर्टमा विस्तृत प्रकारले दिनुभएको छ । बाँकी अरू सदस्यहरूले थप अधिकार हुनुपर्दछ भन्ने मन्तव्य प्रकट गर्नुभएको छ । धेरैजसो सदस्यहरूको थप अधिकारमा मौलिक मतभेद देखिन्न । जनताले उनीहरूका दैनिक जीवनमा परिआउने समस्याहरूमा आफू बीचबाटकै पञ्चहरूद्वारा न्याय प्रदान गरिने व्यवस्था हुने हुँदा धेरै न्यायोचित न्याय र कम खर्च कम समय लाग्ने हुनाले गाउँ पञ्चायत अदालतले फौज्दारी र देवानी

दुवै थरिका मुद्दाहरूमा एकसय १०० सम्म जरिवाना र ३ तीन महिनासम्म कैद गर्ने अधिकार पाउनुपर्दछ । पञ्चायती अदालतको रूपरेखाबारे धेरैजस्तो सदस्यहरूले अहिले ऐनमा उल्लिखित व्यवस्थालाई मान्यता दिनुभएको र दुई सदस्यहरूले मात्र बोर्ड गठन गर्ने प्रस्ताव राख्नुभएको छ । पञ्चायतमा छलफल हुने मुद्दाहरूमा पनि पञ्चहरूको बीच राम्रो छलफल (खुला रूपले) हुनु राम्रो देखिन्छ ।

(ग) मुद्दा पञ्चायतमा नै मिलापत्र हुन सकेमा सबै तहका न्यायालयहरूले मान्यता दिनुपर्दछ र सुरू तहमा मिलापत्र हुन नसके उसै माफिकको पञ्चायतको सिफारिस लिई न्यायलयमा जानुपर्दछ भन्ने मतमा प्रायः यी माथि उल्लिखित सहमत सदस्यहरूको विचारमा सबकमिटी पनि सहमत छ ।

## कृषि

यस सम्बन्धमा धेरैजसो सदस्यहरूले ऐनमा उल्लिखित अधिकारलाई मान्यता दिनुभएको छ । साथै बढी अधिकार दिन चाहनुहुने सदस्यहरूको पनि साधारणतः मिल्दोजुल्दो विचार पाइन्छ र त्यसमा सबकमिटी आफ्नो समर्थन जनाउँछ ।

(क) जोताहाको लगत खडा गर्ने ।

(ख) पर्ती जमिन सुकुमबासीहरूलाई वितरण गराउने ।

(ग) सुरक्षित किसानको सुरक्षित हकको सम्बन्धमा परेको मुद्दा पञ्चायतले हेर्ने र निर्णय दिने ।

(घ) तिरो, दपोट जग्गा, ढपोट हेर्ने, हाल आवादी दर्ता गर्ने, गौचर बाटो सर्पन छुट्याउने ।

(ङ) मोहियानी हक, कुलोपैनी, बाटोघाटो रोक्का गरेकोमा, साँधसिमाना मिचेको बाली नष्ट गरेको मुद्दा हेर्ने ।

## उद्योग वाणिज्य

(क) गाउँभित्र साना साना उद्योगधन्धा खोल्ने जस्तो पावरबाट चलाउने धान कुट्ने, तेल पेल्ने, पीठो पिँध्ने मिलहरूको लाइसेन्स गाउँ पञ्चायतको सिफारिसमा जि.पं.ले दिने ।

(ख) गाउँ पञ्चायत एरियाभित्रको ढुङ्गा खानी, स्टिल ढुङ्गाको खानी, बालुवामा पञ्चायतको आफ्नो अधिकार हुनुपर्दछ ।

(ग) गाउँका किसानहरूलाई आवश्यक दैनिक उपभोग सामानहरू उपलब्ध गराउन पञ्चायतले सहकारी दोकान खोल्ने ।

(घ) सबकमिटीले यी माथिका सुझावहरूलाई मान्यता दिन्छ ।

## स्वास्थ्य

स्वास्थ्य सम्बन्धमा दुईजना सदस्यहरूले मात्र आफ्नो रिपोर्टमा उल्लेख गर्दै भन्नुभएको छ स्वच्छ र सफाइको प्रशासकीय पूर्ण अधिकार दिने र एरियाभित्र परेका औषधालय, डिस्पेन्सरीको व्यवस्था र रेखदेख गर्ने ।

## यातायात

गाउँका सडकहरूको संरक्षण मरम्मत गर्ने र त्यसबाट आएको आम्दानी लिने, प्रत्येक गाउँ पञ्चायतमा सहकारी हुलाक हुनुपर्दछ औ पञ्चायत हुलाकलाई सरकारले मान्यता दिनुपर्दछ । यसमा पनि सबकमिटी सहमत छ ।

## वन

वनको वर्गीकरण गरी राष्ट्रिय वन जङ्गल छुट्याई अरू वन जङ्गल ग्राम पञ्चायतलाई दिनुपर्दछ र यस्तो वन जङ्गलको संरक्षणसम्बन्धी रेखदेख, विकास गर्ने र जनताको दैनिक जीवनमा आवश्यक हरघरसङ्घ एवं काठदाउरा घाँसपातको पुर्जी गाउँ पञ्चायतले दिने कुरामा सबै सदस्यहरूको मत प्रायः एकै खालको देखिन्छ । सदस्यहरूको यो विचारमा यो सबकमिटी पनि आफ्नो पूर्ण समर्थन जनाउँदछ ।

## विकास

स्थानीय विकासको लागि गाउँ पञ्चायत सक्रिय रहने आफ्नो समस्याहरूको छलफल गरी योजना बनाउने कुरामा सबै सदस्यहरूका बीच एक विचार पाइन्छ । खाली एकजना सदस्य सिँचाइ, बाँध, शिक्षा, स्वास्थ्य आदि कुराहरूको लागि १००० खर्च गर्ने अधिकार गाउँ पञ्चायतलाई हुनुपर्दछ भन्ने कुरा उल्लेख गर्नुभएको छ । आआफ्नो आयअनुसार खर्च गरिने र गर्न सकिने हुनाले अङ्क तोक्नुबाहेक सबै माथिका सुझावहरूलाई सबकमिटी स्वीकार गर्दछ ।

## शान्ति सुरक्षा

निम्नलिखित सिफारिसहरूमा सबकमिटी आफ्नो समर्थन जनाउँदछ ।

(क) स्वयंसेवक दल खडा गर्ने ।

(ख) चौकीदार राख्ने ।

(ग) पुलिसलाई सक्दो सहयोग दिने ।

(घ) फरार भएका, शान्ति भङ्ग गर्नेहरूको लगत खडा गर्ने, पक्राउ गरी चलानी साथ पुलिस अफिस पठाइदिने ।

(ङ) सुरक्षा कानुन प्रयोग भएपछि ठीक प्रयोग नभएको लागेको खण्डमा जुन वडाको व्यक्ति पक्राउ परेको छ उसै वडाका सदस्य र प्रधानपञ्चले जिल्ला स्तरीय बोर्डमा यथाशीघ्र सूचना गर्ने ।

## शिक्षा

प्राथमिक शिक्षाको लागि हरेक गाउँ पञ्चायतमा अनिवार्य रूपमा एउटा प्राइमरी स्कुल स्थापना गर्ने र अरू नयाँ स्कुलहरू पनि खोल्ने, सञ्चालन गर्ने, निरीक्षण गर्ने अरू अरू व्यवस्था मिलाउन पाउनुपर्दछ । सबकमिटीले पनि यो कुराको समर्थन गर्दछ ।

## विविध

(क) दैनिक भत्ता पञ्चायत कोषबाट गाउँ सभाको स्वीकृति लिई पञ्चहरूले लिन पञ्चायत ऐन र अरू सरकारी अड्डाको अधिकार बाझेमा अड्डाखानाको अधिकार खारेज हुनुपर्दछ ।

(ख) पञ्चायतको काममा हस्तक्षेपको रूपमा अरू अड्डाहरू जान हुँदैन ।

(ग) सरकारी अड्डाहरूले हरप्रकारले पञ्चायतलाई सहयोग गर्ने आदेश हुनुपर्दछ ।

(घ) पञ्चायत सदस्यहरू र वर्गीय सङ्गठनका सदस्यहरूलाई पक्राउ गर्न पर्दा राय लिनपर्ने व्यक्तिहरू

जि.पं. सभापति,
प्रधानपञ्च
वडा पञ्च,
वर्गीय सङ्गठन सभापति ।

(ङ) योजना तल्लै तहबाट हुनुपर्दछ ।

(च) भ्रष्टाचार निर्मूल गर्ने– पञ्चायतका प्रतिनिधिहरू, वर्गीय सङ्गठनका सभापतिहरू र ब.हा. को बोर्ड हुनपर्दछ ।

(छ) पञ्चहरूलाई तालिम दिने व्यवस्था हुनुपर्दछ ।

(ज) एकजना सदस्यले गौंडा, गोस्वारालाई दिएको विभिन्न अधिकारहरू विभिन्न तहका पञ्चायतलाई दिई उक्त अड्डाहरू खारेज गरिनुपर्दछ भन्ने सुझाव राख्नुभएको छ । यो सुझाव धेरै पछिको लागि कार्य रूपमा लैजान सकिने हो र यसतर्फ क्रमशः काम हुँदै जाने छ । अरू उल्लिखित सुझावहरूमा सबकमिटी सहमत छ ।

भाग ३

# जिल्ला ऐनमा थप अधिकारबारे भ्रमणमा जानुभएका सदस्यहरूको सिफारिस र सबकमिटीको राय

१. राष्ट्रिय दिवसहरू मनाउने, मनाउन लगाउने प्रबन्ध गर्ने ।

२. बन्दुकहरू (भरूवाबाहेक) मोटर, बस सर्भिस चलेको ठाउँमा बस, टेक्टर आदिको लाइसेन्स रिन्यु गर्ने, ड्राइभिङ लाइसेन्स दिने, बन्दुकहरूबाहेक अरू उल्लिखित कुराहरूको जिल्ला पञ्चायतले नै लाइसेन्स दिने ।

३. जिल्लामा ननगजेटेड निजामती कर्मचारीहरूको नियुक्ति गरिने बोर्डमा जिल्ला पञ्चायतका सभापति वा निजले खटाएका जिल्ला पञ्चायतका पदाधिकारीलाई पनि समावेश गर्नुपर्दछ ।

४. गाउँ पञ्चायतमा कुनै पनि पञ्चले नाजायज तरिकाले काम गरिरहेको छ भन्ने गाउँका जनताको उजुर पर्न आएमा जिल्ला पञ्चायतका सभापतिले एक ट्रिबुनल गठन गरी उक्त कुरामा राम्रो जाँचबुझ गरी फैसला गर्न लगाउनुपर्दछ ।

५. जन गणना, कृषि गणना आदि आवश्यक तथ्याङ्कहरू गाउँ पञ्चायतद्वारा सङ्कलन गराई राख्ने व्यवस्था गर्ने ।

६. सिनेमा सेन्सर गर्ने } नगर नभएको ठाउँमा

७. वारूणयन्त्र राख्ने }

८. देवागत सङ्कट परिआएमा आवश्यक कदम उठाउने । केन्द्रबाट प्राप्त हुने रकम जिल्ला पञ्चायतमा दिइनुपर्दछ ।

९. पञ्चायत म्यानुयल बनाउनुपर्दछ । (केन्द्रीय सरकारले)

१०. वर्गीय सङ्गठनलाई अञ्चलमा जस्तै जिल्ला पञ्चायतमा पनि स्थान दिइनुपर्दछ ।

११. पञ्चहरूलाई पारिश्रमिक (भत्ता) को व्यवस्था हुनुपर्दछ ।

१२. सार्वजनिक संस्थाहरूको मर्मत र निरीक्षण ।

१३. प्रशासनमा बिस्तारोबिस्तारो जिल्ला पञ्चायतलाई बानी पार्दै जानुपरेकोले योग्य जिल्ला पञ्चहरू छानी बडाहाकिम हटाएर जिल्ला अञ्चलाधीश र अञ्चल पञ्चायतको निर्देशनमा राखी प्रशासनको काम दिनुपर्दछ कुनै कुनै रिपोर्टमा शान्ति सुरक्षा छोडी सबै प्रशासकीय अधिकार दिने उल्लेख भएको भए तापनि सबै जिल्लामा सम्भव नहुनाले परीक्षणको रूपमा योग्य जिल्लाहरूलाई प्रशासकीय अधिकार दिने मत यो सबकमिटीले प्रकट गर्दछ ।

## भ्रष्टाचार

भ्रष्टाचार सम्बन्धमा रिपोर्टहरूमा भनिएको छ– भ्रष्टाचार सम्बन्धमा कुनै पनि सरकारी कर्मचारी अथवा गैरसरकारी व्यक्तिसँग शङ्का लागेमा स्पष्टीकरण माग्न सक्ने अथवा प्रमाणसहित पत्राउ परे बडाहाकिम सरह राय गर्न पाउनुपर्दछ । जिल्ला पञ्चायत र बडाहाकिमको राय बाझेमा अञ्चल पञ्चायत र अञ्चलाधीशको बोर्डमा जाने, त्यहाँ पनि निर्णय नभए केन्द्रमा पठाइदिने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

अर्को एक बोर्डको प्रस्ताव एक रिपोर्टमा निम्नप्रकार उल्लिखित छ :

| **जिल्ला पञ्चायत सभापति** | **बोर्डको काम** |
|---|---|
| वर्गीय सङ्गठनका सभापतिहरू | भ्रष्टाचार उन्मूलनको योजना बनाउने रेखदेख र कार्यान्वित गर्ने |

अर्को एक रिपोर्टमा उल्लिखित – बडाहाकिममा निहित भ्रष्टाचार निवारण अधिकार जिल्ला पञ्चायतलाई दिनुपर्दछ ।

अर्को एक सदस्यको विचार – भ्रष्टाचारसम्बन्धी मुद्दाहरूको छानबिन गरी रायसहित सम्बन्धित अड्डामा पठाउने अख्तियार जिल्ला पञ्चायतलाई दिनुपर्दछ । जिल्लामा भ्रष्टाचार निवारण बोर्ड निम्नप्रकार गठन गरी सबै प्रकारका भ्रष्टाचार निवारण बोर्ड गठन गर्ने :

| | |
|---|---|
| जिल्लाका सभापति | अध्यक्ष |
| बडाहाकिम र वर्गीय सङ्गठनका सभापतिहरू | सदस्यहरू |

## शान्ति सुरक्षा

शान्ति सुरक्षा सम्बन्धमा निम्नलिखित कुराहरू रिपोर्टहरूमा उल्लिखित छन् :

१. शान्ति सुरक्षामध्ये शान्ति भङ्ग हुने, मुलुकलाई हानी हुने कुराको सुराक लगाउने र त्यसबारे आवश्यक सल्लाह सम्बन्धित अधिकारीलाई दिने ।

२. विकास विरोधी, विरोधी तत्त्वहरूलाई पुलिसद्वारा गिरफ्तार गर्ने र गराउन लगाउने ।

३. चोरी, डाँका र बद्चलन मानिसहरूको लिस्ट लिने ।

४. शान्ति सेना खडा गर्ने र नियन्त्रणमा राख्ने ।

५. सुरक्षा कानुन प्रयोग गर्ने अधिकारीले कानुनको दुरूपयोग गरेको उजुर परेमा वडा मेम्बर, जिल्ला सभापति र वर्गीय सङ्गठनका सभापति समेतको समितिले जाँच गर्ने व्यवस्था हुनुपर्दछ ।

६. पञ्चायत वर्गीय सङ्गठनका कार्यकर्ताहरू पक्राउन पर्दा सम्बन्धित संस्थाहरूसँग सल्लाह लिने व्यवस्था हुनुपर्दछ । अर्को रिपोर्टमा उल्लिखित छ :- सुरक्षा-कानुनको दुरूपयोग भएको खण्डमा जिल्ला पञ्चायतले पक्राउ परेको व्यक्ति निर्दोष छ भन्दाभन्दै बडाहाकिमले सो कानुन प्रयोग गरेमा जिल्ला पञ्चायतको रिपोर्टबमोजिम अञ्चल पञ्चायत र अञ्चलाधीशको कमिसनबाट जाँचपडताल गरी ७ दिनभित्र निर्णय गर्नुपर्दछ । सो कुराको निर्णय नभए केन्द्रमा पठाउने र केन्द्रले निर्णय गर्ने ।

एक अर्को रिपोर्टमा जिल्ला पञ्चायतलाई शान्ति सुरक्षा गर्ने अधिकार हुनुपर्दछ र जिल्लामा रहेको पुलिस, ब्यारेक, फौजी समेतले जिल्ला पञ्चायतले दिएको आदेश पालन गर्नु भन्ने विभागबाट आदेश हुनुपर्दछ ।

### सबकमिटीको राय

१. जिल्लामा श्री ५ को सरकारको सर्वोच्च प्रतिनिधि भएको हुनाले आफ्नो जिल्लामा शान्ति सुरक्षा कायम राख्ने सम्पूर्ण जिम्मेदारी बडाहाकिमकै हो । जिल्ला पञ्चायत जिल्ला स्तरमा जनप्रतिनिधिहरूको सबभन्दा उच्च अङ्ग भएको हुनाले जिल्लाका सबै समस्याहरूमा जागरूक रही काम गर्नुपर्दछ । स्वभावतः शान्ति सुरक्षा कायम राख्नु पनि जिल्ला पञ्चायतको एउटा ठूलो चाखको विषय हुनुपर्दछ । जिल्ला पञ्चायतलाई केही समयसम्म पुलिस अधिकार दिन मनासिब नहुने हुनाले पुलिस अधिकार बडाहाकिममै निहित रहनुपर्दछ । तर जिल्ला पञ्चायतले जिल्लामा शान्ति सुरक्षा कायम राख्न बडाहाकिमलाई हरप्रकारले सहयोग गर्नुपर्दछ । बडाहाकिमले सार्वजनिक सुरक्षा ऐनअन्तर्गत कुनै पनि अधिकार प्रयोग गर्दा कहिलेकाहीँ न्यायोचित हिसाबले प्रयोग नभएको पनि देखिएकोले सो कानुन ठीकसँग प्रयोग भयो भएन भन्ने निर्णय गर्न निम्नलिखित व्यक्तिहरूको बोर्ड बनाउने :

| | |
|---|---|
| बडाहाकिम | अध्यक्ष |
| जिल्ला पञ्चायत सभापति | सदस्य |
| वर्गीय सङ्गठनका सभापतिहरू | सदस्यहरू |

२. स्वयंसेवक दलले विकासको काममा विशेष ध्यान दिने छ । शान्ति सुरक्षा कायम गर्नु पनि उनीहरूको मुख्य कर्तव्य हुने छ ।

## उद्योग वाणिज्य

एक रिपोर्टमा उल्लेख छ–

१. जिल्लामा उद्योग कारखाना जिल्ला पञ्चायतको रायले गोस्वाराबाट नै स्थापित गर्न पाउने व्यवस्था हुनुपर्दछ ।

२. मेसिनहरूको लागि उद्योग विभागसँग माग्ने व्यवस्था हुनुपर्दछ ।

३. कलकारखाना राख्दा कम्पिटिसनको रूपमा नराखी फल्नेफुल्ने हिसाबसँग राख्ने व्यवस्था हुनुपर्दछ ।

४. एक सदस्यको राय छ कि नेपाली नागरिकलाई उद्योगधन्धा खोल्ने प्रोत्साहन दिनुपर्छ, उद्योगधन्धाको वर्गीकरण गरी स्थानीय पञ्चायतले नै लाइसेन्स दिने व्यवस्था हुनुपर्दछ ।

५. पञ्चायतले सम्बन्धित विभागमा सूचना दिनुपर्दछ ।

जिल्लाको कोटाको लाइसेन्स सिफारिसहरू र मूल्य निर्धारण गर्ने कार्य जिल्ला सभापति, वर्गीय सङ्गठनका सभापति समेतका बोर्डले गर्ने व्यवस्था हुनुपर्दछ ।

जिल्लाको कोटाको लाइसेन्स वितरण जिल्ला पञ्चायतको सिफारिसको आधारमा गरिनु पर्दछ । त्यसको दरभाउ निश्चयका साथै कालाबजार हुन नपाउने नियन्त्रण गर्ने दण्ड जरिवाना गर्न सक्ने व्यवस्था हुनुपर्दछ ।

### सबकमिटीको राय

जिल्ला पञ्चायतका सभापतिको अध्यक्षतामा जिल्ला पञ्चायतले बोर्ड गठन गर्ने र सो गर्दा वर्गीय सङ्गठनका प्रतिनिधि समेतलाई समावेश गर्नुपर्दछ । सो बोर्डले लाइसेन्स दिने सिफारिस गर्ने कोटा र इम्पोर्ट लाइसेन्समा आएका सामानहरूको वितरण गर्ने कालाबजार रोक्ने आदि काम गर्ने ।

## कृषि

रिपोर्टको आधारमा सबकमिटीको सिफारिस

१. कृषि केन्द्रहरूको निरीक्षण गर्ने ।

२. कृषि प्रसारसम्बन्धी कामहरू जस्तै आधुनिक तरिकाबाट खेती गर्ने ।

३. कृषि औजारहरू, उन्नत किसिमका बीउहरू, उन्नत जातका पशुहरू र अरू आवश्यक सामानहरूको वितरण गर्ने ।

४. सहकारितालाई प्रोत्साहन दिने ।

५. सहकारी ऋण संस्थाहरू खोल्ने ।

६. जिल्ला पञ्चायतअन्तर्गत कृषि प्रसार तालिम कार्यक्रम चालू गराउने ।

७. रू. ५,००० सम्मको रजिस्ट्रेसन पास जिल्ला पञ्चायतले गर्ने र त्यसबाट आएको रकम जिल्ला पञ्चायतले लिने ।

८. बन्दुक, मोटर गाडीहरू, ट्राक्टर, ड्राइभिङ लाइसेन्स आदिबाट आएको रकम ।

९. जिल्ला पञ्चायतको आफ्नो करबाट आएको रकम ।

१०. मालपोतको केही प्रतिशत जिल्ला पञ्चायतलाई दिनुपर्दछ ।

११. गाउँ पञ्चायतहरूले लगाएको करहरू, दण्ड जरिवाना (जस्तो कान्जी हाउसमा लगाएको रकमहरू) मा एकता ल्याउने ।

## यातायात

यातायात सम्बन्धमा एक सदस्यले लेख्नुभएको छ–

जिल्ला र अञ्चल स्तरका सडकहरूको संरक्षण गर्ने अधिकार सम्बन्धित तहका पञ्चायतहरूले पाउनुपर्दछ र त्यसबाट आएको आम्दनी पनि सम्बन्धित तहको पञ्चायतको हुने छ र उक्त सडकहरूको विस्तार गर्नुका साथै मर्मत आदि पनि गर्नुपर्दछ र जिल्ला जिल्लामा रहेका बनाउने सवारी कर रोडसेस अफिसहरू जिल्ला पञ्चायतको अधीन हुनुपर्दछ ।

### सबकमिटीको सिफारिस

जिल्लाभित्र पर्ने सडकहरू र पुलहरूको निर्माण, मर्मत, रेखदेख आदि गर्ने र त्यसबाट उठ्ने रोडसेस कर जिल्ला पञ्चायतले लिने ।

जिल्लामा भएका बनाउने अड्डा र रोडसेस अफिसहरू जिल्ला पञ्चायत अधीनमा रहनुपर्दछ ।

## वन

वनसम्बन्धी उल्लेख गरिएका रिपोर्टमा सदस्यहरूले लेख्नुभएका सुझावहरू

जङ्गलको वर्गीकरण गरी राष्ट्रिय वन र गाउँ पञ्चायतको अधीनमा रहने साना साना वन जङ्गल छोडेर अरू वन जिल्ला पञ्चायतअन्तर्गत रहनुपर्दछ । यस्तो जङ्गलहरूको प्रशासन समेत जिल्ला पञ्चायतअन्तर्गत हुनुपर्दछ । घर बनाउनको लागि घरसङ्घा, हरसङ्घा जिल्ला पञ्चायतबाट दिने प्रबन्ध हुनुपर्दछ विकास कार्यको लागि चाहिने लकडी जिल्ला पञ्चायतको सिफारिसमा राष्ट्रिय वनबाट दिने व्यवस्था हुनुपर्दछ तर जिल्ला पञ्चायतअन्तर्गतमा रहेका जङ्गलहरूमा पनि सरकारद्वारा निर्धारित राष्ट्रिय नीतिहरूको पूर्णतया जिल्ला पञ्चायतले लागू गर्न अनिवार्य हुनुपर्दछ ।

सबकमिटी उक्त सुझावहरूमा आफ्नो पूर्ण सहमति जनाउँछ ।

## शिक्षा

धेरैजसो सदस्यहरूले माध्यामिक शिक्षा (हाइस्कुलसम्म) को व्यवस्था जिल्ला शिक्षा निरीक्षकहरू जिल्ला पञ्चायतको अधीनमा रहनुपर्ने भन्ने राय प्रकट गर्नुभएको छ ।

सबकमिटीको राय पनि हाइस्कुलसम्मको शिक्षाको व्यवस्था रेखदेख र जिल्ला स्तरमा नियुक्त हुने शिक्षा अधिकारीहरू जिल्ला पञ्चायतको अधीनमा राख्न मनासिब छ ।

## स्वास्थ्य

धेरैजसो सदस्यहरूले जिल्लामा भएका अस्पताल, आयुर्वेदीय औषधालय, हेल्थ सेन्टर, डिस्पेन्सरी आदि जिल्ला पञ्चायतको रेखदेखमा रहनुपर्दछ औ बजेटमा छुट्याइएको रकम जिल्ला पञ्चायतको स्वास्थ्य शाखाको माध्यमबाट औषधी आदि आवश्यक सामानको व्यवस्था गर्न पाउने अधिकार हुनुपर्दछ भन्ने राय प्रकट गर्नुभएकोमा सबकमिटीको सहमति छ ।

## विकास

केन्द्रबाट सञ्चालित योजनाहरूबाहेक जिल्ला पञ्चायतले आफ्नो आम्दानीबाट लागू गरेका अथवा केन्द्रको सहयोगमा बनेका जिल्ला स्तरीय योजनाहरूको पूर्ण जिम्मेवारी जिल्ला पञ्चायतको हुने छ र आवश्यक विशेषज्ञहरू केन्द्रबाट प्रदान गरिनुपर्दछ ।

गाउँ पञ्चायतद्वारा सञ्चालित योजनाहरूको आवश्यक निरीक्षण र निर्देशन जिल्ला पञ्चायतले दिने । योजना तलबाट हुँदै आए मात्र योजनाबद्ध कामहरू हुने र यस्तो गरिएको खण्डमा सर्वसाधारण जनतालाई पनि योजना विषयमा चेतनशील बनाई राष्ट्रिय योजनाहरू समेतमा पूर्ण सहयोग लिन सकिने हुनाले जिल्ला स्तरीय योजना आयोग गठन गरी जिल्ला पञ्चायत सभापतिको सभापतित्त्वमा पञ्चायतमा नभएका तर प्रतिष्ठित औ अनुभवी व्यक्तिहरूलाई समावेश गर्नुपर्दछ । केन्द्रीय योजनाहरू पनि तल्लो तहका योजनाहरूको अध्ययनबाट तयार गरिएको खण्डमा सम्पूर्ण राष्ट्रमा योजनाबद्ध हिसाबले देशको चौतर्फी विकास हुन सुलभ हुने छ ।

जिल्ला पञ्चायतलाई एक इन्जिनियर र दुईजना ओभरसियर दिन अत्यन्त आवश्यक देखिन्छ ।

रिपोर्टहरूमा उल्लिखित उक्त कुराहरूमा सबकमिटीको पूर्ण समर्थन छ ।

**भाग ४**

# जिल्ला पञ्चायतको अधिकार

प्रशासन विकेन्द्रीकरण आयोगका विभिन्न सदस्यहरूले विभिन्न स्थानको भ्रमण गरेर फर्केपछि दिएको प्रतिवेदन र सबकमिटीको राय

१) जिल्ला पञ्चायतहरूको न्यायको रेखदेख र हिसाब जाँच गर्ने जिल्लाहरूको बीच सामञ्जस्य ल्याउन आवश्यक निर्देशन दिने अधिकार अञ्चल पञ्चायतको हुनुपर्दछ र केही तहका अञ्चल पञ्चायतलाई अरू पनि अधिकार दिनु आवश्यक छ ।

२) जिल्ला पञ्चायतको आम्दानीको १० प्रतिशत अञ्चल पञ्चायतले पाउनुपर्दछ । साथै अञ्चलअन्तर्गतका विभिन्न जिल्ला एवं गाउँमा सतत भ्रमण गर्ने काम पनि अञ्चल पञ्चायतको हुनु आवश्यक छ ।

३) आफ्ना अञ्चलअन्तर्गतका जिल्लामा योजनाहरूमा समन्वय ल्याउने सतत विकास कार्यको निरीक्षण तथा सक्रियता ल्याउने र श्री ५ को सरकारका उद्देश्यहरू जनतासम्म पुऱ्याउने जिल्ला पञ्चायतउपर कसैको उजुरी पर्न आयो भने त्यसको समाधान गर्न सधैं कटिबद्ध एवं प्रयत्नशील रहने ।

प्रत्येक अञ्चलमा पञ्चायती दर्शन एवं साहित्यको प्रकाशन गर्ने र सके साप्ताहिक, नसके पाक्षिक बुलेटिन प्रकाशित गरी अञ्चलमा व्यापक गराउनुपर्ने छ । अञ्चल स्तरीय ठूला ठूला सम्मेलनमा **श्री ५ महाराजाधिराज** सरकारको सवारी चलाउन सकिने छ । अनुसन्धानिक कार्यमा आवश्यक परे जिल्ला पञ्चायतमा सभापतिको मातहत सानो एक अङ्ग खडा गर्न सकिन्छ र यस्तै सम्भव छ केन्द्रमा पनि कुनै पञ्चायत अनुसन्धान केन्द्र खोल्नुपरोस् । तर अहिलेलाई अञ्चल पञ्चायतबाट नै यो महत्त्वपूर्ण कामको थालनी गरे हुन्छ ।

आफ्नो यस कामको लागि अञ्चल पञ्चायतलाई एक निजी कोषको अत्यन्त ठूलो आवश्यकता पर्ने छ । यसको लागि निम्नलिखित व्यवस्था हुनुपर्ने देखिन्छ :

(१) प्रत्येक जिल्लाले आफ्नो निजी आम्दानीको १० अञ्चल कोषमा सहयोग गर्ने ।

(२) केन्द्रीय सहायता ।

(३) चन्दा ।

(४) अञ्चल पञ्चायतबाट प्रारम्भ गरिएको कुनै कार्यबाट हुन आएको मुनाफा आदि ।

यसबाहेक कुनै पत्रिका निकाले प्रचार विभागबाट केही मासिक विज्ञापन उपलब्ध गराउन सकिन्छ र विभिन्न मन्त्रालयले पनि समय समयमा विशेष कामको लागि अञ्चल पञ्चायतमार्फत आर्थिक सहायता गरी आफ्नो काम गराउन सक्दछ ।

आयोगको यो दृढ विश्वास छ कि पञ्चायत दर्शनको खोजीका लागि अञ्चल पञ्चायत एकदम नै उपयुक्त ठाउँ हुने छ । अञ्चल पञ्चायतलाई पञ्चायत व्यवस्थाको एक बुद्धिजिवी क्षेत्रको रूपमा लिन सकिन्छ जसको अथक् परिश्रमबाट एक ठूलो खाँचोको पूर्ति सहजै हुन सक्ने छ ।

**परिशिष्ट (अनुसूची ५)**

# आयोगका सदस्य श्री जयप्रकाशले दिनुभएको बाग्मती अञ्चलको

**आफ्नो भ्रमणसम्बन्धी रिपोर्ट**

**श्री ५ महाराजाधिराज सरकार**बाट गठन गरिबक्सेको प्रशासन व्यवस्था विकेन्द्रीकरण आयोगको उद्देश्य र श्री ५ को सदिच्छा साकार गर्नुपर्ने महत्त्वपूर्ण उत्तरदायित्वको कर्तव्य निभाउन बाग्मती अञ्चलअन्तर्गत विभिन्न गाउँ, जिल्ला, अञ्चल स्तरका सरकारी कर्मचारी पञ्चायतका निर्वाचित पञ्च एवं बुद्धिजीवीसँग सम्पर्क गरी स्थितिको अध्ययन गर्दा अञ्चलाधीश, मेजिस्ट्रेट, अड्डा प्रमुखहरूको र अञ्चल सभापति, अञ्चल पञ्चायत, जिल्ला सभापति र जिल्ला पञ्चायत राष्ट्रिय पञ्चायतका सदस्यको साथै ग्राम तथा नगर पञ्चायतका प्रधानपञ्च, उपप्रधानपञ्च, सदस्य गण र गाउँ सभाका सदस्य, जिल्लाका बुद्धिजीवी, गन्यमान्य व्यक्तिको साथै विभिन्न कलेज, हाइस्कुल र वर्गीय सङ्गठनहरूको विचार गोष्ठीको आयोजना गरी प्राप्त भएको तथ्यपूर्ण सुझाव र २०२० साल ज्येष्ठ १५ गतेदेखि ३० गतेसम्म नारायण भवन जाउलाखेल ल.पु. मा ७५ जिल्लाको ऐतिहासिक पञ्चायत विकास सम्मेलनमा भाग लिनुभएको मेरा सहयोगी सभापति र सचिवहरूको छुट्टाछुट्टै प्रशासन विकेन्द्रीकरणसम्बन्धी सुझाव र सम्मेलनको ठोस निष्कर्षलाई ध्यानमा राखी प्रशासनको क्रमशः विकेन्द्रीकरण गर्दै लैजाने **श्री ५** बाट समय समयमा बक्सेको सिद्धान्त र निर्देशन तथा जिल्ला पञ्चायत ऐनको दफा ४ मा उल्लिखित जिल्ला सभा एक सङ्गठित र स्वशासित संस्थाको आधारभूत सिद्धान्तलाई जिल्ला पञ्चायतद्वारा कार्य रूपमा परिणत गर्ने उत्तरदायित्व निहित भएको हुँदा जिल्ला प्रशासनको सबै अङ्गप्रत्यङ्गहरूको पूर्णतया उत्तरदायित्व बहन गर्ने क्षमताअनुसार प्रशासनको पूर्ण विकेन्द्रीकरण गर्दै लैजानुपरेकोले तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाउनुपर्ने अत्यावश्यक महसुस गरी जनभावनाअनुसार निम्नलिखित राय प्रस्तुत गर्दछ :

## तत्कालीन

१. बडाहाकिम वा मेजिस्ट्रेटको अधिकारमध्ये परीक्षण कालको अवधि ६ महिनादेखि १ वर्षसम्म जिल्ला पञ्चायतको निमित्त :-

(क) कोटाको मालसामान विक्री वितरण ।
(ख) रेडियोको लाइसेन्स र रिन्यु ।
(ग) संस्था रजिस्टर्ड गर्ने ।
(घ) बाली खाएको चौपाया लिलाम ।
(ङ) प्राचीन स्मारक रेखदेख ।

(च) मूल बाटो रेखदेख ।
(छ) बन्दुक, पेस्तोल रिन्यु गर्ने ।
(ज) भत्केका पाटीपौवा बनाउन लगाउने ।
(झ) सिनेमा सेन्सर गर्ने ।
(ञ) मठ सञ्चालन (सरकारी)
(ट) देवालय सङ्कट निवारण कार्य ।
(ठ) अस्पताल र औषधालयको नियन्त्रण र सङ्क्रामक रोगबाट बचाउ ।
(ड) वन जङ्गलउपर रेखदेख ।
(ढ) योजना तथा विकास ।
(ण) हाल आवादी गर्ने वा आवाद गरेको बझ्याउने ।
(त) शान्ति सुरक्षामध्ये शान्ति भङ्ग हुने मुलुकलाई हानी हुने कुराको सुराक लगाउने र त्यसबारे आवश्यक सल्लाह सम्बन्धित अधिकारीलाई दिने ।
(थ) विकास विरोधी र पञ्चायत व्यवस्था विरोधी तत्त्वलाई पुलिसबाट गिरफ्तार गर्न, गराउनु लगाउने ।
(द) जिल्लाको हालखबरहरू लिने ।
(ध) ऐन सवाल विरूद्ध गरी दुःख दिए जिल्ला स्तरका पुलिस अफिसरउपर उजुरी लिई तुरून्त गृह मन्त्रालय पठाउने ।
(न) कुटपिट बेइज्जती मुद्दामा पुलिसले पत्री ल्याएको उपर आवश्यक कारबाही गर्ने ।
(प) खेलतमासामा विलास कर लिने ।
(फ) मादक खाई बेहिसाब गर्नेउपर कारबाही ।
ब) मेलापर्वमा बेकाइदा गर्नेउपर कारबाही ।
(भ) चोरीडाँका, बद्चलनका मानिसहरूको लिस्ट लिने ।
(म) तथ्याङ्क राख्ने ।
(य) डेरा वा बहालको कन्ट्रोल ।
(र) नागरिकताको परिचयपत्र दिने ।
(ल) सन्धिसर्पन परेमा कारबाही गर्ने ।
(व) कामसम्बन्धी गोप्य रिपोर्ट (कर्मचारी वर्ग) ।
(श) नाबालक, लुलालङ्गडा तथा असहायहरूको उजुर परेमा अदालतसम्बन्धी भए ठाडै कारबाही गर्न सम्बन्धित अदालतसँग सिफारिस गर्ने ।
(ष) पानीको वितरण व्यवस्था मिलाउने ।
(स) यात्रामा रथ चलाउने ।
(ह) वारूणयन्त्र ।
(क्ष) ट्याक्टर लाइसेन्स ।
(त्र) विकास कामका लागि जग्गा प्राप्त गर्ने, लगत कट्टी गर्ने ।
(ज्ञ) सांस्कृतिक, साहित्यिक संस्थाहरू जस्तोमा निर्देशन गर्ने ।
(अ) जिल्लाका परोपकार संस्थाहरू जस्तामा निर्देशन गर्ने ।
(आ) खानी पत्ता लगाउने र रेखदेख ।

(इ) शान्ति सेना खडा गर्ने र नियन्त्रणमा राख्ने ।
(ई) मोटर ड्राइभरको लाइसेन्स दिने ।
(ए) श्री ५ को सरकारले सञ्चालन गर्ने जिल्ला स्तरका विकास योजना र तत्सम्बन्धी सरकारी कर्मचारीहरू जिल्ला पञ्चायतको नियन्त्रणमा रहने ।
(ऐ) बडाहाकिम वा मेजिस्ट्रेटमाथि जिल्ला पञ्चायतले नियन्त्रण राख्ने ।

६ महिना वर्ष दिनको परीक्षणकाल समाप्त भएको दिनदेखि लागू हुने मध्यकालीन योजना :-

१. न्यायपालिका र सेवाबाहेक जिल्लामा विकास र प्रशासनको कार्य मुख्य रूपले देखिएको हुँदा जिल्लामा दुई मात्र मुख्य अफिसर जस्तो– विकास र निर्माणसम्बन्धी कार्यलाई विकास अफिसर, प्रशासनसम्बन्धी कार्यलाई प्रशासन अफिसर राखी प्रचलित ऐन नियम, सरकारी नीति र निर्देशनभित्र रही दैनिक कार्य सञ्चालन गर्ने गराउनमा स्वतन्त्र रहने छन् । तर जिल्ला सभाप्रति उत्तरदायी हुनुपर्ने छ ।

## २. जिल्ला प्रशासन अफिसरको काम, कर्तव्य र अधिकार :-

जिल्ला सभा, जिल्ला पञ्चायतको नीति र प्रशासनसम्बन्धी कार्य गर्दा जिल्ला पञ्चायतको सचिव भई सभापतिको सामान्य रेखदेख तथा नियन्त्रणमा रही श्री ५ को सरकारको नीति विभिन्न मन्त्रालय र विभागहरूले सामान्य वा निर्दिष्ट रूपमा निर्देशन गरेको कुराहरू र बडाहाकिम वा मेजिस्ट्रेटले प्रयोग गरेको अधिकारहरू र अरू कुनै कानुनबाट दिएको अधिकार प्रयोग गर्ने ।

## ३. विकास अफिसरको काम, कर्तव्य र अधिकार :-

जिल्ला पञ्चायत ऐन नियम आदेश र जिल्ला सभाले बनाएको नीति र श्री ५ को सरकारले निर्धारित गरेको विकाससम्बन्धी नीतिलाई सभापतिको सामान्य नियन्त्रणमा रही जिल्ला विकास अफिसर सचिव भई जिल्लाका सबै प्रकारको विकाससम्बन्धी अधिकार प्रयोग गर्ने ।

## ४. सभापतिको काम, कर्तव्य र अधिकार :-

जिल्लाको विकास तथा प्रशासनको उत्तरदायित्व जिल्ला पञ्चायतको हुने छ र न्यायपालिका र सेवाबाहेक अरू सबै विभागीय अड्डाखानाहरूको निरीक्षण गर्ने अधिकार हुने छ । निरीक्षण गर्दा देखिएको त्रुटिहरूमा सुधार गराउने र अधिकारबाहिरको भए आफ्नो राय सम्बन्धित मन्त्रालयमा पठाइदिने ।

(क) प्रशासन र विकाससम्बन्धी अफिसहरूको निरीक्षण गर्दा तत्सम्बन्धी कानुन नीति अपनाउनुपर्ने छ । अफिसहरूमा काम ठीकसँग भए नभएको हेर्ने । प्राप्त भएको त्रुटि मूल्याङ्कन गर्नलाई जिल्ला पञ्चायतमा पेस गरी निर्णय भएबमोजिम गर्ने ।

(ख) जिल्ला स्तरका सरकारी कर्मचारीहरूको नेकीबदी गरेको गोप्य रिपोर्ट राख्ने ।

(ग) विशेष पुलिसको अधिकारको प्रयोग गर्ने ।

(घ) जनमतको सञ्चालन र प्रचार ।

(ङ) पाक्षिक रिपोर्ट दिने ।

(च) कानुनले दिएको अरू कुनै अधिकार प्रयोग गर्ने ।

## ५. अञ्चल पञ्चायतको काम, कर्तव्य र अधिकार :-

(क) अञ्चलाधीशबाहेक अञ्चल स्तरका सबै कर्मचारी अञ्चल पञ्चायतको सामान्य नियन्त्रणमा रही काम गर्ने छन् ।

(ख) जिल्ला पञ्चायतको कामको निरीक्षण र आवश्यक निर्देशन दिने ।

(ग) वर्गीय सङ्गठन र पञ्चायतको सम्बन्ध समन्वय गर्ने ।

(घ) अञ्चलभित्रका राजनीतिक गतिविधिको मूल्याङ्कन गर्ने ।

(ङ) विभिन्न तल्लो तहका पञ्चायतहरूमा सक्रियता ल्याउने ।

## प्रशासनको पूर्ण विकेन्द्रीकरणको सिद्धान्त लागू गर्ने दीर्घकालीन योजना

१. जिल्लाभित्रमा रहेका विभिन्न विभागीय अफिस जिल्ला पञ्चायतका मातहतमा गरी निम्न लेखिएबमोजिम दैनिक कार्य सञ्चालन गर्ने :-

(क) जिल्ला पञ्चायतले सम्बन्धित विभिन्न अफिसहरूको दैनिक सञ्चालनमा हस्तक्षेप नगरी पूर्ण स्वतन्त्र राख्ने ।

(ख) जिल्ला पञ्चायतले विभिन्न अफिसका कार्य राम्रोसँग चलाउने र नियन्त्रण पनि राख्ने नीति अपनाउनुपर्ने भएकोले प्रत्येक अफिस सञ्चालन गर्ने एक उपसमिति गठन गरी समितिको सचिवमा सम्बन्धित अड्डा प्रमुखलाई राख्नु पर्छ ।

(ग) प्रत्येक समितिका अध्यक्षले दैनिक प्रशासनमा हस्तक्षेप नगरी सामान्य रेखदेख गर्ने छन् र त्रुटि देखिएका कुरा सभापतिसमक्ष पेस गर्नुपर्छ र प्रत्येक अध्यक्ष सभापतिप्रति उत्तरदायी हुने छ ।

(घ) जिल्ला पञ्चायतको सचिवको प्रशासकीय अधिकारमा विभिन्न समितिको सचिव रहने छन् तर आफ्नो अड्डामा आफ्नै दर्जा (पद) मा सम्बन्धित हुने छन् ।

(ङ) जिल्ला पञ्चायतको सचिव सभापतिको मातहतमा रही जिल्ला पञ्चायतको उपसमिति विभिन्न विभागीय अफिसको नियन्त्रण, निरीक्षण आवश्यक निर्देशन दिन सक्ने छन् ।

(च) विभिन्न उपसमिति र त्यसका सचिवहरूको कार्यको मूल्याङ्कन जिल्ला पञ्चायतको बैठकमा गरिनेछन् र जिल्ला पञ्चायतको निर्णय अन्तिम हुनेछन् ।

(छ) जिल्ला पञ्चायतले बनाएको नीति कानुनको विपरीत छैन भने जिल्लाभित्रका सबै अड्डा अफिसले कार्यान्वित गर्नुपर्ने छ ।

(ज) जिल्लाको प्रशासन र विकासको पूर्ण उत्तरदायित्व सभापतिको नै भएकोले आफ्ना मातहतका सबै अफिसको निरीक्षण गर्दा कानुनबमोजिम गरे नगरेको जाँच गरी कानुनबमोजिम गर्न लगाउने र कानुनमा लेखिएदेखि बाहेकका कुरामा आवश्यकतानुसार निर्देशन दिने ।

(झ) वर्तमान कानुननियमले बडाहाकिमलाई भएको अधिकार सभापतिले र सभापतिको अनुपस्थिति भएमा उपसभापतिको र उपसभापतिको अनुपस्थिति भए उपसमितिको अध्यक्ष पनि नभए जिल्ला पञ्चायतका सचिव ऊ पनि नभए उपसमितिका सचिवले प्रयोग गर्ने छ ।

(ञ) बडाहाकिम वा मेजिस्ट्रेट अफिस, गोस्वारा खारेज गर्ने ।

## अञ्चल पञ्चायत र अञ्चलाधीशको काम कर्तव्य अधिकार :-

(क) अञ्चलभित्रका विकासको पूर्ण उत्तरदायित्व अञ्चल पञ्चायतको रहने छ ।

(ख) विकाससम्बन्धी कार्यमा अञ्चलाधीश अञ्चल पञ्चायतको सल्लाहकार रही पूर्ण रूपले सहयोगी भई काम गर्नुपर्ने छ ।

(ग) दैनिक प्रशासनबाहेक अञ्चलभित्रका प्रशासनसम्बन्धी मूल्याङ्कन अञ्चल पञ्चायतले गर्न सक्ने छ ।

(घ) दैनिक प्रशासनबाहेक अञ्चलभित्रका प्रशासकीय कामसम्बन्धी अञ्चल पञ्चायतले अञ्चलाधीशलाई पूर्ण रूपले सहयोग र सल्लाह दिनुपर्ने छ ।

(ङ) प्रशासनसम्बन्धी उत्तरदायित्व अञ्चलाधीशको रहने छ ।
(जिल्ला पञ्चायतको तत्कालीनमा छुट भएको)

२. जिल्ला स्तरका निम्नलिखित कर्मचारीहरू जिल्ला पञ्चायतका मातहत रही विभागीय नियमबमोजिम गर्ने र तुरून्तै नै परिपत्र जारी गर्नुपर्ने :

(१) जे.टि.ए. हरू,
(२) घरेलु उद्योग केन्द्र,
(३) शिक्षा निरीक्षक,
(४) सहकारी इन्स्पेक्टर,

प्रजातन्त्रको जग ग्राम पञ्चायत भएकोले ग्राम पञ्चायतलाई सुदृढ शक्तिशाली नबनाई माथिल्लो स्तरका पञ्चायतहरू सुसङ्गठित एवं मजबुत नहुने देखिएकोले प्रजातन्त्रको मुख्य तीन अङ्ग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको पूर्ण अधिकार ग्राम पञ्चायत (राजराज्य) ग्राम राज्यलाई तुरून्त दिनुपर्दछ ।

(क) ग्राम पञ्चायत ऐनमा उल्लिखित मुद्दासम्बन्धी अधिकार ।
(ख) प्रशासनसम्बन्धी नियम बनाइदिने ।

(ग) वन जङ्गलको रेखदेख हरघरसङ्घा जलाउने काठ दिने ।
(घ) बालविवाह निषेध कानुन प्रयोग गर्ने ।
(ङ) ग्रामीण स्तरका शिक्षा, स्वास्थ्य, कृषि सहकारी, निर्माणकार्य पूर्ण रूपले दिने ।
(च) जोताहाको लगत खडा गर्ने ।
(छ) घरेलु उद्योग ।
(ज) सन्धिसर्पन छुट्याइदिने ।
(झ) स्वच्छता तथा सफाइको प्रशासकीय पूर्ण अधिकार दिने ।
(ञ) मादक पदार्थ खाई हिँड्नेमाथि कारबाही ।
(ट) सिँचाइ र जल निकासको संरक्षण नियन्त्रण ।
(ठ) बन्जर भूमिलाई आवादी गर्ने वा भूस्वामीले आवाद नगरी छाडिराखेको आवाद गर्न लगाउने ।
(ड) अनैतिक पेसामा नियन्त्रण ।
(ढ) सरकारी, गैरसरकारी मेलाहाटमा नियन्त्रण ।
(ण) जिमिदारी, पटवारी, अमाली खारेज नहुन्जेल उनीहरूले रैतीलाई दिएको दुःख पिरपिराउको उजुरी सुन्ने ।
(त) गाउँ पञ्चायत इलाकाभित्र चोरी, डाँका, कुटपिट, मेला, धाम, बजारहाटमा कुनै हुलदङ्गा गर्ने गराउनेको सुराक लिने, पक्राउ गर्ने, सम्बन्धित अधिकारीमा बुझाइदिने ।
(थ) शान्ति वा कानुन भङ्ग गर्नेलाई गिरफ्तार गरी सम्बन्धित अधिकारीलाई बुझाइदिने ।
(द) गाउँका चौकीदार, द्वारेलाई नियन्त्रणमा राख्ने ।
(ध) ग्राम स्वयम्सेवक दललाई पुलिसको अधिकार दिने र नियन्त्रणमा राख्ने ।
(न) माना, पाथी, ढक, तौलसम्बन्धी जाँच गर्ने ।
(प) चौपायाउपर क्रूर व्यवहार रोक्ने प्रबन्ध गर्ने ।
(फ) बेवारिसी जीवजन्तु जथाभावी हिँड्न नदिने प्रबन्ध गर्ने ।
(व) जिउज्यानलाई खतरा हुने धाप, खाडल, रूख, घर, ठाउँहरू भत्काउने, पुर्ने हटाउने वा मर्मत गर्ने गर्न लगाउने ।
(भ) बहुलाएका वा अश्लील रूपमा हिँड्नेलाई पक्राउ गर्ने ।
(म) नयाँ घर बनाउन, थप्न वा बदल्न अनुमति दिने ।
(य) विकास कार्यको लागि जग्गा प्राप्त गर्ने ।
(र) ग्राम पञ्चायत इलाकामा रहेका सार्वजनिक संस्थाको निरीक्षण र रेखदेख ।
(ल) ग्राम पञ्चायत इलाकाभित्रमा कुनै प्रकारको देवानी, फौज्दारीसम्बन्धी सरजमिन नाप नक्सा आदि गर्दा भए, प्रधानपञ्च र नभए उपप्रधानपञ्च वा दुवै नभए पञ्चलाई काम तामेली वा साक्षी राख्न अनिवार्य हुने छ ।

# आयोगका सदस्य श्री गोकर्णराज शास्त्रीले दिनुभएको बाग्मती अञ्चलको भ्रमणसम्बन्धी रिपोर्ट

**श्री ५ महाराजाधिराज सरकार**बाट प्रशासन व्यवस्था विकेन्द्रीकरण आयोगको सदस्यको अभिभारा मलाई पनि सुम्पिबक्सिएकोले माननीय अध्यक्षज्यूको आदेशानुसार मेरा मातहतमा परेका ३ जिल्ला नुवाकोट, धादिङ र ललितपुरमा क्रमशः प्रशासन विकेन्द्रीकरण के, कति, कस्तो किसिमबाट गर्दा पञ्चायतहरू सक्रिय र जागरूक हुन सक्दछ भन्ने कुरा बुझ्नको निमित्त ज्येष्ठ ७ गते म पनि उक्त जिल्लातिर प्रस्थान गरेको थिएँ । उक्त क्षेत्रमा पुगी हेर्दा सीमित क्षेत्रलाई छोडेर पञ्चायतको उद्देश्य बुझेका मानिस कमै देखिए ।

स्थानीय सबै सरकारी अड्डाका अधिकारी वर्ग पनि पञ्चायती व्यवस्थालाई कसरी सफल पार्न सकिन्छ भन्ने विषयमा चिन्तित भएको देखिएन तर केही साक्षर सर्वसाधारण जनता एवं पञ्चायतका कार्यकर्ता भने **श्री ५ बाट** उठाइबक्सेको पञ्चायती राजनीतिक दर्शन र उक्त व्यवस्थाको पूर्व रूप बुझ्ने कोसिसमा तीव्र आकाङ्क्षा राखेका देखा परेका थिए । सम्पत्तिसहित निर्देशनको अभावले पञ्चायतहरू निष्क्रिय जस्ता भएर बसेका छन् । हरेक गाउँको वातावरणमध्ये नजरले हेर्दा अझपनि शोषणले महत्त्वपूर्ण स्थान प्राप्त गरिरहेकै छ । अड्डा, अदालतमा पनि भ्रष्टाचार हद मात्रामा पुगेको छ तापनि न केवल यसका दोष भागी सरकारी अधिकारी मात्र छन् बल्कि गाउँलेहरू पनि दोषका भागी छन् । किनभने सरकारी कर्मचारीहरूद्वारा गाउँलेले पनि नाजायज तरिकाबाट कार्यहरू गराउन संलग्न भइरहेका हुन्छन् । अतः यस्ता प्रचलनको पहाडतिर र अन्तर्गत घुसखोरी समाप्त गर्ने उत्पीडित जनतालाई त्रास दिने अड्डा, अदालतमा मुद्दा कम गर्ने एउटा उपाय छ त्यो यो हो कि पहाडमा सदाको लागि तालुकदारी प्रथामा आमूल परिवर्तन ल्याउनु ।

## तालुकदारको शोषणका मार्ग

बेठबेगारी, ठेकी र चारदाम लिने प्रचलन अझ पनि छ । अधिकांश साक्षर ऐन कानुनका ज्ञाता पनि यिनै छन् । फटाहा, निर्दयी, शोषकहरू पनि तिनीहरू नै । एउटा जमिनको साँध मिची व्यक्तिका नाममा दर्ता गरिदिने हुनाले तालुकदार नै मुद्दा मामिलाका स्रष्टा भई मत प्रतीक कोही सभा खडा भएका छन् । गौचर सन्धिसर्पनमा पैसा लिएर नाजायज रूपले दर्ता गरिदिने बानी पनि तिनीहरूको जागृत अवस्थामा छ । असामयिक रूपबाट ब्याज बढी लिने तालुकदारको नैसर्गिक परम्परा हो ।

पञ्चायती व्यवस्थाको प्रगतिमा अनावश्यक बाधा उत्पन्न गराई हुर्कन नदिने आचरण पनि तिनीहरूमा व्याप्त छ । यिनै तालुकदारले गर्दा त्यस क्षेत्रमा प्रायशः पञ्चायतहरू सुषुप्त अवस्थामा छन् । आफ्नो अधिकार पञ्चायतमा जाला भन्ने भयले अनवरत आफूहरू निर्दोष बन्ने र पञ्चायतका सदस्यलाई काल्पनिक लाञ्छना लगाउने कार्यमा तल्लीन र प्रदीप्त भइरहेको कुरा मैले मात्र अवगत गरेको होइन कि पहाडतिरका सबै महानुभावले अवगत गर्नुभएको होला । स्मरणीय छ, केन्द्रबाट पनि पञ्चायती राजनीतिक दर्शनको सम्बन्धमा

लेखिएको प्रचारका सामग्रीहरू केही रूपमा निर्दिष्ट स्थानमा पठाइएका छन् तापनि ती सामग्रीहरू तल्लो तहका जनतासम्म पुऱ्याउने प्रवृत्ति सम्बन्धित मानिसको छैन । यस क्षेत्रमा शिक्षाको ज्यादै अभाव छ । किनभने सम्पन्न परिवार काठमाडौँमा आएर बस्ने हुनाले आर्थिक अभावका कारणहरूले गर्दा गरिबहरूका सहयोगले मात्र विद्यालयहरू चल्न सक्ने स्थितिमा छैनन् । चलेका शिक्षालयहरू पनि उन्नत अवस्था पुगेको देखिँदैन । स्थानीय सानातिना बजारहरूमा पनि मूल्यको स्थिरता छैन । बजारियाबाट गाउँका जनता अत्यधिक मात्रामा ठगिएका छन् । राजनीतिक चेतानाबाट वञ्चित भएका हुनाले स्थानीय जनता अन्य पहाडको अपेक्षा ज्यादै गिरेका छन् भन्नुमा अत्युक्ति नहोला ।

त्रिशूली योजना देखेका हुनाले यसैप्रकारबाट सबै काम सरकारले नै निर्माण गरिदिने छ भनी सरकारको मुख ताकेर बसिरहेका छन् । स्वाबलम्बी हुने दिशापट्टि न त सोच्ने प्रवृत्ति छ न त बुझ्ने नै । साधनको अभावमा त्यस इलाकाका जनतालाई जगाउन न कोही मन्त्री पुगेको छ न त प्रमुख राजनीतिक चेतना भएका मानिसहरू नै । यहाँको गरिबी सीमादेखि बाहिर पुगेको छ । यस क्षेत्रमा परस्परको सहयोगको भावना लुप्त प्रायः छ । यहाँको हावापानी, माटोले राजनीतिक चेतनाले परिपूर्ण भएको व्यक्ति उत्पन्न गर्न सकेको रहेनछ जसबाट जागृति पैदा गराउन सकोस् ।

गाउँ गाउँमा सरकारी अधिकारी वर्गले भ्रमण गर्दा जनतालाई अनाहकमा सताउने चलन पनि व्यापक रूपमा रहेछ । धनी वा फटाहाहरूले गरिबको उपर मुद्दा लगाई आर्थिक शोषण गर्ने एक प्रकारको परम्परागत पेसा नै जस्तो बनेको छ । यहाँको जनताको रहनसहन उन्नाइसौँ शताब्दीको दोस्रो एवं तेस्रो चरणको जस्तो छ भनी मान्नुपर्दछ ।

यहाँ बुद्धिजीवीहरू नभएकोले स्थानीय ३०/४० जना प्रमुख मानिससँग प्रशासन विकेन्द्रीकरण सम्बन्धमा सरसल्लाह लिई ८ दिनसम्म भ्रमण गरी धादिङ कल्लेरी, लुम्बिचौर, केवलपुर, जीवनपुर, भैँगा हुँदै काठमाडौँ फर्कें तर मेरा सहयोगी श्री जयप्रकाश ललितपुर भ्रमण गर्नुभएकोले त्यहाँ जान आवश्यक सम्झिनँ ।

त्यसै बखत सबै महानुभावहरूसँग बुझेका कुराहरू सङ्कलन गरी प्रतिवेदन बनाई पहिले नै मैले आयोगका समक्ष प्रस्तुत गरेको थिएँ । सबै सदस्य वृन्दले प्राप्त गरेकै हुनुपर्दछ ।

हाल मेरो व्यक्तिगत अनुभवको आधारमा १ वर्षको लागि प्रयोगको रूपमा तीन तहका पञ्चायतलाई के कति कस्तो किसिमको अधिकार व्यवस्थित रूपबाट वितरण गर्दा वहन गर्न सक्तछन् भन्ने अभिप्रायले आवश्यक कुराहरू मात्र यस प्रतिवेदनमा राख्ने प्रयत्न गरेको छु । तथ्याङ्क, योजना, अधिकांश आर्थिक स्रोत र तालिम विषयमा १५ दिने विकास सम्मेलनबाट पास भएका सुझावहरू श्री ५ को सरकारमा पेस भइसकेका हुनाले सम्भवतः ती सुझावहरू पनि यस आयोगमा आउला भन्ने सम्झेर माथि उल्लिखित कुरा यस प्रतिवेदनमा सङ्केत गर्नु अनावश्यक सम्झेको हुँदा लेख्ने प्रयास गरिनँ ।

(१) आजसम्म तालुकदारले उपभोग गरिआएका सबै अधिकारहरू र उक्त काम गर्दा पाउने रकम ग्रा.पं. ले पाउनुपर्दछ ।

(२) पञ्चायत क्षेत्रभित्रका अड्डामा परेका किम्बा नपरेका मुद्दाहरूमा ऐनले मिल्न हुनेसम्मका पं. बाहेक अरूले मिलाउन नपाउने हुनु अनिवार्य छ । किनभने गाउँका शोषणका मुहानहरू यिनै हुन् ।

(३) ग्रा.पं. ऐनमा उल्लिखित विकासका कार्यहरू ग्रा.पं. ले नै गर्न पाउनुपर्दछ र ग्रा.पं. बाट पठाइने सबै प्रकारका चिट्ठीपत्र का.स. द्वारा चलाउनुपर्दछ ।

(४) पञ्चायती जङ्गल पृथक् गरी उक्त जङ्गल ग्रा.पं. को जिम्मा लगाइदिनुपर्दछ र गाउँको लागि सार्वजनिक कार्यमा लाग्ने आवश्यक लकडी विनामूल्यमा र व्यक्तिगत कार्यको निमित्त चाहिने लकडी उचित मोलमा दिन पाउने अधिकार ग्रा.पं. लाई हुनुपर्दछ ।

१. जिल्ला पञ्चायत ऐनमा उल्लिखित सबै विकासका कार्य जिल्ला पञ्चायतले गर्न पाउने सबै प्रकारको व्यवस्था हुनु आवश्यक छ ।
२. दैवी प्रकोपसम्बन्धी सबै कार्य र जिल्लाको लागि गरिने शिक्षासम्बन्धी कार्यहरू पनि जिल्ला पञ्चायतमार्फत हुनुपर्दछ ।
३. आवश्यक वस्तुहरूको विक्री वितरणको प्रबन्ध जि.पं. बाट हुनुपर्दछ ।
४. कालोबजार रोक्ने र भ्रष्टाचार रोक्ने अधिकार १ वर्षका लागि जि.पं. र ब.हा. को संयुक्त प्रयासबाट हुनुपर्दछ ।

(१) अञ्चल पञ्चायतलाई पहिले दिएको प्रतिवेदन नै पर्याप्त हुने हुनाले यहाँ अञ्चल पञ्चायतको निमित्त उल्लेख गर्ने प्रयास गरिनँ ।

**श्री ५ महाराजाधिराज सरकार**को सदिच्छानुसार देशमा आएको पञ्चायती व्यवस्थालाई शाश्वत एवं अक्षुण्ण रूपमा कायम राख्न एवं पञ्चायत नै नेपाली जनताको जीवन दर्शन गराउन सबै नेपालीलाई आफ्नो आफ्नो तहमा कर्तव्यप्रति जागरूक गराउनु अनिवार्य छ भन्ने बुझी **श्री ५ महाराजाधिराज सरकार**बाट प्रशासन विकेन्द्रीकरण के कति कस्तो किसिमबाट भन्ने कुराको तर्जुमा गर्न शाही प्रशासन विकेन्द्रीकरण आयोग गठन गरिबक्सियो ।

१. यस व्यवस्थालाई दिगो गराउन शक्ति एवं अधिकारको विकेन्द्रीकरण अनिवार्य छ । किनभने जबसम्म गाउँले तहका नेताहरूलाई गाउँमै विदित क्रियाकलापमा व्यस्त गराइन्न तबसम्म तिनले पुरानु संसदीय व्यवस्था र अहिलेको पञ्चायती व्यवस्थामा फरक पाउने छैनन् । अतः **श्री ५ महाराजाधिराज सरकार**बाट घोषणा गरिबक्सेबमोजिम प्रशासन एवं अधिकारको विकेन्द्रीकरण सबै ग्राम पञ्चायतहरूमा हुनै पर्छ । विकेन्द्रीकरण नै पञ्चायती दर्शनको प्राण हो । विकेन्द्रीकरण आदर्श प्रजातन्त्रको चरम विन्दु हो किनभने संसारका विदित व्यवस्थामा शासन कहिल्यै कुनै व्यक्ति विशेष, कहिल्यै गुट र अरू शासक तमाम जनता शासित हुन्छन् । तर पञ्चायती व्यवस्थाले शासक र शासित भन्ने कुराको कल्पनासम्म पनि नगरी

जनतालाई एकनाससँग कर्तव्यप्रति जागरूक गराउन चाहन्छ र यस व्यवस्थाले 'सर्वे भवन्तु सुखिनः' भन्ने सुभाषितलाई चरितार्थ गर्न चाहन्छ जसको निम्ति सबैले केही वर्षको लागि त्याग र तपस्या गर्न केही कष्ट सहन गर्न तयार रहनुपर्छ ।

उपर्युक्त लेखिएबमोजिम गर्नको लागि तमाम जनता शिक्षित, चेतनशील, कर्तव्यपरायण हुनु अनिवार्य छ । तर हाम्रो देशमा शिक्षित व्यक्तिहरूको सङ्ख्या पुग नपुग १० प्रतिशत छ । हामीले यिनै जनताबाट आफ्नो यस व्यवस्थालाई सफल पार्नु छ । अतः जे भए पनि प्रशासन एवं अधिकारको विकेन्द्रीकरण यिनै जनताबाट हुनै पर्छ ।

**श्री ५ महाराजाधिराज सरकार**को क्रमशः प्रशासन विकेन्द्रीकरण गर्ने सदिच्छा भएकोले प्रयोगको रूपमा अधिराज्यभरको जिल्लाहरूमा र यस वर्षको निमित्त केही जिल्लाहरूमा मात्र पूर्ण प्रशासन विकेन्द्रीकरण गरी जिल्लाका सबै विकास, प्रशासन एवं न्यायिक कार्य ग्राम एवं जिल्ला पञ्चायतमार्फत हुनुपर्दछ ।

अतः यस आयोगको सदस्यको अभिभारा मलाई पनि सुम्पिबक्सेकोले मैले आफ्नो क्षेत्रभित्रका बुद्धिजीवी, विभिन्न वर्गीय सङ्गठनका अगुवा तथा सम्बन्धित सरकारी अड्डाका अड्डा प्रमुख एवं कर्मचारी वर्गसँग वर्तमान व्यवस्थालाई क्रियाशील गराउन यस व्यवस्थाको शैशव कालमा के कति अधिकार दिनाले हाम्रो गाउँले दाजुभाइले वहन गर्न सक्तछन् भन्ने कुरामा परामर्श एवं छलफल गर्दा तलको निर्णयमा पुगेको छु ।

## ग्राम पञ्चायतले गर्न पाउने काम र ग्राम पञ्चायतको अधिकार

१. रेडियो, भरूवा बन्दुकको रिन्यु गराउने अधिकार ग्रा.पं. लाई हुनुपर्दछ । साइकल, गाडा, घोडा, हात्ती र गाउँमा चल्ने अरू सानातिना सवारीहरू रिक्सा, टमटम आदिमा ग्राम पञ्चायतले स्थानीय विकास कार्यको निम्ति कर लगाउन पाउनुपर्छ ।

२. ढुङ्गा खानी, स्टिल ढुङ्गाको खानी, वालुवामा आफ्ना क्षेत्रभित्र ग्राम पञ्चायतको अधिकार हुनुपर्छ ।

३. राष्ट्रिय वनबाहेक ग्राम पञ्चायत क्षेत्रभित्रका अरू सानातिना वन जङ्गलमा ग्राम पञ्चायतको नियन्त्रण रहनुपर्दछ । यस्ता वनहरूको संरक्षण, संवर्द्धन र विकासको काम ग्रा.पं. ले गर्ने छन् । यी जङ्गलहरूको जडीबुटी र काठपातको विक्रीबाट भएको आम्दानी ग्राम सभाको कोष हुनुपर्दछ ।

४. ग्राम पञ्चायतले सुरक्षित किसानको लगत राख्न पाउनुपर्दछ । सुरक्षित किसानको सुरक्षित हकको सम्बन्धमा परेको मुद्दा पनि ग्राम पञ्चायतले हेर्न, छिन्न पाउनुपर्दछ ।

५. जग्गा सुत्रीविक्री र ऋणको लेनदेन ग्राम पञ्चायतको रोहबरमा हुनुपर्छ ।

६. राजकाज एवं पञ्चायतका मुद्दाबाहेक अरू मुद्दाहरूमा पञ्चायतले मिलापत्र गराएको खण्डमा त्यस्ता मिलापत्रहरूलाई सबै अड्डा अदालतले मान्यता दिनुपर्छ ।

७. ग्राम पञ्चायती क्षेत्रअन्तर्गतका मुद्दाहरू मिलाउनुपरेमा पञ्चायतले मात्र मिलाउन पाउनुपर्छ ।

८. प्रत्येक ग्राम पञ्चायतद्वारा आदानप्रदान हुने कागजपत्रहरू का.स. द्वारा चलाइनु पर्दछ ।

९. ग्राम पञ्चायतसम्बन्धी ग्राम पञ्चायत ऐनमा उल्लिखित मुद्दाहरूमा ग्राम पञ्चायतले हेर्न पाउनुपर्छ र ती मुद्दाबाहेक अरू मुद्दाहरूमा इलाका अदालत, माल वा गोस्वाराले मुद्दा छिन्नुभन्दा पहिले ग्राम पञ्चायतसँग बुझी कारबाही गर्नुपर्दछ ।

१०. आफ्नो नाममा खरिद गरी भोगचलन गरेका जङ्गलहरू यति तिरो उठाई पञ्चायती जङ्गलमा गाभी दिनुपर्छ या खरिद गर्नेले नै भोगचलन गर्न पाउनुपर्छ ।

११. दण्डकुण्ड, जरिवाना, कैद इत्यादिको सबै लगतहरू ग्राम पञ्चायतलाई दिएमा लुकीछिपी ठाउँ सरिबसेका व्यक्तिहरूको विषयमा ग्राम पञ्चायतलाई राम्रो ज्ञान हुने हुनाले त्यस्ता व्यक्तिको पत्ता ग्राम पञ्चायतले सजिलैसँग लगाउन सक्ने र दण्ड आदि असुल समेत गर्नसक्ने भएकोले उक्त अधिकार ग्राम पञ्चायतलाई मिल्नुपर्छ ।

१२. ग्राम पञ्चायतका रोहबरमा भएका कागजपत्रहरूलाई वैधानिक मान्यता मिल्नुपर्छ ।

१३. सार्वजनिक हितको दृष्टिबाट गरिने कुनै पनि काममा ग्राम पञ्चायतले आफ्ना ग्राम सभाका सदस्यहरूबाट गराउन पाउने । यस्तो श्रमदान गर्न नमान्ने व्यक्तिलाई श्रमदान गर्ने व्यक्तिलाई भड्काउने व्यक्तिलाई केही दण्डको व्यवस्था ग्राम पञ्चायतले गर्न पाउने छ ।

१४. कुनै पनि ग्राम पञ्चायतअन्तर्गतको बाँझो प्लट पर्ती जग्गा कसैको नाउमा दर्ता गराउनुपर्दा पञ्चायतको पूर्व स्वीकृति आवश्यक छ । यदि पञ्चायतले यस्तो जग्गा कुनै व्यक्ति विशेषको नाममा दर्ता नगरी सार्वजनिक हितको दृष्टिले पञ्चायतकै अन्तर्गत रहनुपर्दछ भन्छ भने सोहीबमोजिम हुनुपर्दछ ।

१५. उपर्युक्त कामहरू सुचारू रूपले सञ्चालन गर्नको निम्ति ग्राम पञ्चायतले उपनियमहरू बनाउन पाउनुपर्छ ।

१६. उपर्युक्त कामहरू गर्न गराउनको निम्ति ग्राम पञ्चायतलाई पुलिस, माल आदिको सहयोगको आवश्यकता भएमा नजिकको पुलिस चौकी अथवा मालले आवश्यक सहयोग तुरून्त गर्नुपर्छ ।

१७. आजसम्म मुखिया, जिम्मावाल, थरी आदिले उठाउने गरेको जग्गा मालपोत ग्राम पञ्चायतले उठाउन पाउनुपर्छ, मालपोत उठाएबापत जिम्मावाल आदिले खाईपाई आएको दस्तुर ग्राम पञ्चायतको हुनुपर्छ ।

१८. सबै ग्राम पञ्चायतको सीमा निर्धारण गर्न र पञ्चायतहरूलाई फोड्ने र गाभ्ने अधिकार ग्राम पञ्चायतको सिफारिसबमोजिम जिल्ला पञ्चायतबाट हुने छ ।

## जिल्ला पञ्चायतको उत्तरदायित्व एवं अधिकार

१. केन्द्रीय सरकारको आदेश निर्देशनमा गढी, गौंडा, गोस्वारामार्फत हुने काम शान्ति सुरक्षाबाहेक जिल्लामार्फत हुनुपर्छ ।

२. श्री ५ को सरकार शि.मं. शिक्षा विभागबाट जिल्ला जिल्लाको निम्ति दिइने शिक्षण संस्थाको कोटा जिल्ला पञ्चायतमा जानुपर्छ । कुन स्कुल कुन स्थानमा वा कुन पञ्चायतमा रहनुपर्छ भन्ने कुरामा निर्णय, जि.पं. ले गर्ने छ ।

३. स्कुलहरूलाई प्राप्त हुने सरकारी आर्थिक सहायता जि.पं. को सिफारिसको आधारमा हुनुपर्छ ।

४. कोटा र लाइसेन्सहरू जिल्ला पञ्चायतलाई दिँदा सर्वसाधारण जनतालाई सुविधा हुने छ र यसको दस्तुर जिल्ला पञ्चायतले तोक्न सक्ने छ ।

५. न्यायाधीश एवं जिल्लाधीशबाहेक अन्य सबै अफिसर कर्मचारीको कामसम्बन्धी गोप्य रिपोर्ट जि.पं. मा रहनुपर्छ ।

६. ननगजेटेड दोस्रो श्रेणीसम्मका निजामती कर्मचारीहरूको भर्ना तरक्की समेत गर्ने जिल्लाधीश, जिल्ला पञ्चायतका सभापति समेत र सम्बन्धित अड्डाका प्रमुख समेत भएको बोर्ड गठन गरी नेपाल लोक सेवा आयोगको अधीनमा रही उक्त अधिकार जिल्ला स्तरमा हुनुपर्छ ।

७. जिल्ला पञ्चायतअन्तर्गत गाउँ बजारहरूमा विक्री हुन आउने वस्तुहरूको दरभाउको निर्धारण समायानुसार गर्ने अधिकार जिल्ला पञ्चायतलाई हुनुपर्दछ ।

८. नेपाली नागरिकताको परिचयपत्र दस्तुर लिई दिन सक्ने अधिकार जिल्ला पञ्चायतलाई हुनुपर्दछ । तर नागरिकताको प्रमाणपत्र दिन भने श्री ५ को सरकार गृह मन्त्रालयलाई हुने छ

९. सवारी कर र मोटर ट्याक्टर आदिको लाइसेन्स दिने अधिकार जिल्ला पञ्चायतलाई हुनुपर्दछ

१०. जिल्ला पञ्चायतहरूले पास गरेका नियमहरू लागू गर्नको लागि सबै अड्डा अदालतले मद्दत दिनुपर्दछ ।

११. श्री ५ को सरकारले तोकिदिएको अफिस अड्डा वा कर्मचारीहरू जिल्ला पञ्चायतको मातहतमा रहने छन् भनी जिल्ला पञ्चायत ऐनमा उल्लिखित दफाको मनसाय स्पष्ट हुने गरी मातहतमा आउने भनेका अड्डाहरूको नाम तोकिदिनुपर्छ ।

१२. भ्रष्टाचार निवारण सम्बन्धमा जिल्लाधीशलाई प्राप्त अधिकार जिल्ला पञ्चायतलाई प्रदान गर्नुपर्दछ ।

१३. कालोबजार नियन्त्रण गर्ने अधिकार जिल्ला पञ्चायतलाई हुनुपर्दछ ।

१४. हाल भइरहेका सरकारी पाटीपौवा, देवालयशिवालय आदि वस्तुहरूको जीर्णोद्धार नयाँ निर्माण गरिने त्यस्ता घरहरूको बजेट जिल्ला पञ्चायतलाई जिम्मा लगाई ती वस्तुहरू पनि जि.पं. को नियन्त्रणमा रहनुपर्दछ ।

१५. सवारी नियन्त्रण गर्ने अधिकार जि.पं. लाई हुनुपर्दछ ।

१६. शैक्षिक संस्था वा सरकारले जुन जागरणको निम्ति प्रदर्शन वा आयोजना गरिने मनोरञ्जनबाहेक आर्थिक दृष्टिले आयोजित मनोरञ्जन कार्यक्रमहरूबाट कर उठाई उपभोग गर्ने अधिकार जिल्ला पञ्चायतलाई हुनुपर्छ ।

१७. पुलिसहरू केन्द्रीय प्रशासनअन्तर्गत रहे तापनि जिल्लाको हितको निम्ति जिल्ला पञ्चायतबाट गरिएका आदेश निर्देशनबमोजिम सहयोग गर्नु अनिवार्य हुने छ ।

१८. प्रत्येक ग्राम पञ्चायतले आफ्नो क्षेत्रमा बसोबास गर्ने वयस्क मताधिकाहरूसँग वार्षिक ३ देखि ७ दिनसम्म श्रम लिन सक्ने छ । श्रमदान दिन नसक्नेसँग त्यही अनुपातमा अनाज, रूपियाँ दिनुपर्दछ । आइमाईहरूलाई भने श्रमदानमा प्रशस्त सहुलियत दिनुपर्दछ ।

१९. हाल जिल्ला पञ्चायतका सभापति र बडाहाकिममा समन्वय हुनु जरूरी देखिन्छ र जिल्ला सभापतिको राय सल्लाह प्रशासन क्षेत्रमा ग्राह्य हुनुपर्दछ ।

२०. जिल्ला पञ्चायतलाई मुख्यतया आफ्नो क्षेत्रमा विकाससम्बन्धी कार्य शिघ्रतापूर्वक लागू गर्न विशेष अधिकार हुनुपर्दछ ।

२१. जिल्ला पञ्चायतको प्रशासन व्यवस्थामा जिल्ला पञ्चायतकै रायमुताबिक काम हुनुपर्छ ।

२२. होटल तथा रेस्टुराको रजिस्ट्रेसन दिने र कर लगाउने, उठाउने अधिकार जिल्ला पञ्चायतलाई हुनुपर्दछ ।

२३. बनौषधीहरूको निकासी पैठारी गर्दा जिल्ला पञ्चायतको स्वीकृति आवश्यक हुने छ ।

२४. विक्रीको निम्ति लगिने वस्तुहरूको निकासी पैठारीमा नियन्त्रण र कर दस्तुर उठाउने अधिकार जिल्ला पञ्चायतलाई हुनुपर्दछ ।

२५. राष्ट्रिय वनको संरक्षण सम्बन्धमा जिल्ला पञ्चायतको पूर्व अधिकार हुनु आवश्यक छ ।

२६. हरेक विकास जिल्लाको आफ्नो १ सदस्य राष्ट्रिय पञ्चायतमा पठाउनुपर्नेमा हाल अञ्चल सभाबाट बहुमतद्वारा विजयी व्यक्ति मात्र राष्ट्रिय पञ्चायतमा जान पाउने भएकोले जिल्लाका सही प्रतिनिधित्व हुन नसक्ने हुँदा विकास जिल्लाको एक सदस्य कोटा र अतिरिक्त सिटको कोटा सोही विकास जिल्लामा सभाद्वारा छानी पठाउने व्यवस्था भएमा जिल्लाको सही प्रतिनिधित्व हुनु स्पष्ट देखिन्छ ।

२७. स्नातक प्रतिनिधिहरूको सिट ज्यादै कम भएकोले राष्ट्रिय पञ्चायतमा जाने स्नातक प्रतिनिधि कम से कम पनि ३ अञ्चलको एकजना सदस्य हुनुपर्दछ । तसर्थ निर्वाचित गर्दा अञ्चलीय स्तरमा स्नातक चुनाउ लड्ने व्यवस्था हुनुपर्दछ ।

२८. स्थानीय विकास कार्यको निम्ति केन्द्रीय सरकारको आम्दानीमा कुनै किसिमको हानी नोक्सानी नहुने गरी जिल्ला पञ्चायतले विभिन्न वस्तुहरूमा पञ्चायतलाई आत्मनिर्भर गराउने दृष्टिबाट केही ट्याक्स (कर) लगाउन पाउनुपर्दछ ।

२९. दैवी सङ्कट परेको बखत गढी, गौँडा, गोस्वारामार्फत हुने आर्थिक सहायता जिल्ला पञ्चायतमार्फत हुनुपर्दछ ।

३०. राष्ट्रिय स्तरका केन्द्रीय योजनाहरूबाहेक अरू जिल्लामा लागू गरिने सानातिना योजनाहरूको लगत जिल्ला पञ्चायतले बनाई श्री ५ को सरकारमा पेस गरिने छ । ती योजनाहरूको कार्यान्वयनमा लाग्ने खर्चको केही प्रतिशत श्री ५ को सरकारले जिल्ला पञ्चायतलाई एक मुष्ट दिने र नपुग पैसा जिल्ला पञ्चायतले स्थानीय जनतालाई पिरमर्का नपर्ने गरी तिनीहरूबाट कर उठाई पूरा गर्ने अधिकार पाउनुपर्दछ ।

३१. कुनै पनि ग्राम पञ्चायतअन्तर्गतका जनताद्वारा ग्राम पञ्चायतका सदस्यहरूले नाजायज तरिकाबाट काम गरिरहेको छ भन्ने सिकायत पर्न आएमा त्यसको वास्तविक कुरा पत्ता लगाउन ग्राम सभाको सदस्य, जिल्ला पञ्चायत वा जिल्ला सभाका सदस्य र एक सरकारी कर्मचारी समेत भएको बोर्ड गठन गरी त्यसको निरीक्षण गर्न ७ दिनभित्र उक्त क्षेत्रमा पठाउनुपर्ने छ । त्यस्ता बोर्डहरूले उक्त स्थानको प्रतिवेदन सङ्कलन गरी १० दिनभित्र जिल्ला पञ्चायत अफिसमा दिनुपर्ने छ । यस्ता प्रतिवेदनहरूको जाँचपडताल गर्न एउटा ट्रिब्युनल गठन गरी एक महिनाभित्र पूर्ण रूपले छानबिन गर्नु अनिवार्य हुने छ ।

३२. जे.टि.ए. र ओभरसियरले प्राविधिज्ञ कुराबाहेक अन्य सबै काम जिल्लामार्फत गराउनु गर्ने छ ।

३३. जस्तो जिल्ला पञ्चायतमा सचिवको अधिकार हुन्छ तद्नुरूप ग्राम पञ्चायतमा ग्राम पञ्चायतको सचिवको हुनुपर्दछ तर ग्राम पञ्चायत सचिव तालिम प्राप्त व्यक्ति हुनुपर्दछ र त्यस्ता व्यक्तिलाई केन्द्रीय सरकारबाट नियुक्ति गर्नु आवश्यक छ ।

## अञ्चल पञ्चायतको अधिकार र कर्तव्य

१. अञ्चल सभाको बैठक वर्षको ३ पटक हुनुपर्दछ र १/४ सदस्य हाजिर भएमा कोरम पुगेको मान्नुपर्दछ ।

२. अञ्चल पञ्चायतले आफ्नो अञ्चलअन्तर्गतका जिल्लाहरूको आयोजनामा समन्वय ल्याउने, विकास कार्यको निरीक्षण तथा सक्रियता ल्याउने ।

३. अञ्चल पञ्चायतले पञ्चायती दर्शनसम्बन्धी साहित्यको प्रकाशन गर्ने ।

४. अञ्चलको विचारको प्रतिनिधित्व हुने किसिमको सकेसम्म साप्ताहिक होइन भने पाक्षिक पत्रिका प्रकाशन गर्ने ।

५. अञ्चलअन्तर्गतका जिल्लाहरूमा सेमिनार, गोष्ठी आदि के आयोजना गरिकन जागरण गराउने र वर्तमान पञ्चायत दर्शन र साथै श्री ५ को सरकारको उद्देश्य जनतालाई अवगत गराउने ।

६. यदि कुनै जिल्ला पञ्चायतले अन्याय अत्याचार एवं भ्रष्टाचार गर्‍यो भन्ने प्रतिवेदन पर्न आएमा अञ्चलबाट एउटा कमिसन गठन गरी त्यसको छानबिन गर्न १० दिनभित्र जिल्लामा पठाउनुपर्दछ । अञ्चलीय कमिसनले सङ्कलन गरेको रिपोर्ट केन्द्रमा पठाई केन्द्रबाट त्यसको निर्णय गरी पठाउनुपर्ने छ । अञ्चल पञ्चायतको आर्थिक व्यवस्था अञ्चल पञ्चायत ऐनमा उल्लेख भएबमोजिम प्रत्येक जिल्लाको आम्दानीबाट १० प्रतिशत दिने, होइन भने केन्द्रीय सरकारले अर्थ व्यवस्था अञ्चलको लागि वहन गर्नुपर्ने छ ।

## आयोगका सदस्य श्री कर्णबहादुर राईले दिनुभएको जनकपुर अञ्चलको आफ्नो भ्रमणसम्बन्धी रिपोर्ट

प्रशासन व्यवस्था विकेन्द्रीकरण विषयमा जिल्ला जिल्लाको वस्तुस्थितिको अध्ययन गर्न जनकपुर अञ्चलअन्तर्गत खटिइगएको र जिल्ला भ्रमणको सिलसिलामा वस्तुस्थितिको अध्ययन गर्दा ज्ञात भएसम्मको सङ्क्षेपमा निम्नलिखित बमोजिमको ग्राम पञ्चायत, नगर पञ्चायत, जिल्ला पञ्चायतलाई अधिकार भएमा जनतामा समेत हरेक कार्यमा सुविधा हुने र कार्य पनि सूचारू रूपले नै चालू हुने छ भन्ने लागि सुझाव पेस गर्दै छु ।

### सुझाव

ग्राम पञ्चायत, नगर पञ्चायतलाई हाल निम्नलिखित बमोजिमको अधिकार भएमा र ग्राम पञ्चायत, नगर पञ्चायतहरूले इमानदारीपूर्वक कार्य गरेमा साँचो सक्कली कुरा पत्तो लागि जनतालाई पनि सुविधा हुने र जस्तोको तस्तो हुने कसैलाई दुःख समेत नपाउने र पञ्चायती प्रजातन्त्रको उपभोग गर्न समेत पाउने हुँदा ग्राम पञ्चायत, नगर पञ्चायतको अधिकारको लागि सुझाव पेस गर्दै छु ।

१) वन जङ्गलको संरक्षण गर्न रेखदेख गर्न आफ्नो एरियाभित्रको र साथै घर बनाउन निमित्त घरसङ्घाको पुर्जी दिने ।

२) रेडियो लाइसेन्स र रिन्यु गर्ने ।

३) पिस्तोल, रिभल्भर, बन्दुक, हावादारी र भरूवाको रिन्यु गर्ने ।

४) लिनु दिनु गरिएको मुलुकी ऐनले पास गर्नपर्ने देखिएको सम्पूर्ण पास गर्ने ।

५) पिस्तोल, रिभल्भर, बन्दुक, हावादारी र भरूवा जुन ग्राम पञ्चायतको एरियाभित्रको हुन्छ सोही ग्राम पञ्चायतले सिफारिस गर्ने ।

६) जिम्मावाल, तालुकदार, थरी, मुखिया, पटवारी, जिमिदारी प्रथा खारिज गरी मालपोत रकम असुल तहसिल गर्ने ।

(क) मालबाट ग्राम पञ्चायत एरियाभित्रको साबिक मोठ लगतबमोजिम प्रत्येक ग्राम पञ्चायत एरियाभित्रको लगत खडा गरी ग्राम पञ्चायतलाई दिइयोस् ।

७) नागरिकताको प्रमाणपत्र ग्राम पञ्चायतको सिफारिसबमोजिम मात्र दिइयोस् ।

(क) जुन ग्राम पञ्चायत एरियाभित्रको हो सोही ग्राम पञ्चायतबाट सिफारिस गरियोस् ।

८) आफ्नो ग्राम पञ्चायत एरियाभित्र शान्ति सुरक्षा राख्ने जिम्मेदारी हुँदा आवश्यकताबमोजिम पुलिसको मरमद्दत मागेमा शीघ्रातिशीघ्र दिनू भन्ने होस् ।

९) प्रत्येक ग्राम पञ्चायतबाट कागजपत्र चलाउदा का.स. गरी चलाउन पाउने ।

**न्यायसम्बन्धी**

१०) ग्राम पञ्चायत ऐनमा उल्लेख भएबमोजिम मात्र हाललाई फैसला गर्ने तर ग्राम पञ्चायत ऐन ४१ मा लेखिएबमोजिम मुद्दामा र पञ्चायतबाहेकका मुद्दामा जेजति बिगो भए तापनि ग्राम पञ्चायतमा दरखास्त दिएमा मेलमिलाप गराइदिन नमिले सोही बेहोरा ग्राम पञ्चायतले सुनाई दिएपछि यो कुरा जनाई मात्र इलाका अदालतबाट नालेस लिइयोस् ।

११) कुनै अड्डाखानाबाट मौका तैकात सरजमिन हुँदा जुन ग्राम पञ्चायतको एरियाभित्र परेको छ सो पञ्चायतको वडाका सदस्य र प्रधानपञ्च राखी कारणवश अनुपस्थित भएमा नजिक वडाको सदस्य र उपप्रधानपञ्च राखी मात्र कार्य भएकोलाई मान्यता दिइयोस् ।

**जिल्ला पञ्चायतको लागि**

१) ग्राम पञ्चायतले आफ्नो एरियाभित्रको सिफारिस गरेकोमा सिफारिसको आधारले पेस्तोल, रिभल्भर, बन्दुक, हावादारी भरूवाको लाइसेन्स दिइयोस् ।

२) नागरिकताको प्रमाणपत्र पनि उपर्युक्तबमोजिम सिफारिस भएमा मात्र नागरिकताको प्रमाणपत्र दिइयोस् ।

३) श्री ५ को सरकारले तोकेको बजेटबमोजिम जिल्लाभरका शिक्षण संस्थाहरूलाई स्वीकृति दिने अथवा अस्वीकार गर्ने अधिकार होस् ।

४) जिल्ला पञ्चायतलाई जिल्लाको शान्ति सुरक्षा गर्ने अधिकार पनि हुनुपर्छ र जिल्लामा रहेको पुलिस ब्यारेक फौजीहरूले समेत जिल्ला पञ्चायतले दिएको आदेश पालन गर्नू भन्ने विभागबाट आदेश हुनुपर्छ ।

५) श्री ५ को सरकारले कुनै काम योजनाबद्ध भई गरेको छ भने सो योजना जुनजुन जिल्लाको हो उसैउसै जिल्लाले सम्पन्न गर्नुपर्छ ।

## विविध सुझावहरू

१) ग्राम पञ्चायतका प्रधानपञ्चलाई र जिल्ला पञ्चायतको सभापतिलाई तलबको रूप नभई पाकेट खर्चको रूपमा केही भत्ता हुनुपर्छ । उपप्रधानपञ्च, उपसभापति र सदस्यहरूमा मिटिङ भत्ता निर्धारित होस् ।

२) गौँडा, गोस्वारा पहिलो जिल्ला स्तरले रहेको र हाल अधिराज्यभर ७५ जिल्ला रहेको सोउपर १४ अञ्चलमा १४ अञ्चल पञ्चायतहरू रहेकोले गौँडा गोस्वाराले गरेको कार्यहरू केही ग्राम पञ्चायत, नगर पञ्चायत, जिल्ला पञ्चायतमा र बाँकी अञ्चल पञ्चायतमा विभाजित गरी गौँडा गोस्वारा खारेज होस् ।

३) माल अड्डाले जिम्मावाल, तालुकदार, पटवारी, जिमिदारीबाट असुल तहसिल गर्दा धेरै स्याहा स्रेस्ता खडा गर्नुगर्ने र जिम्मावारी तालुकदार, थरी, मुखिया, पटवारी, जिमिदारी खारिज गरी ग्राम पञ्चायतबाट आफ्नो एरियाभित्र असुल तहसिल भएमा मालहरूमा थोरै काम पर्ने र जनतामा समेत सुविधा पर्ने हुँदा छरितोबाट राखियोस् वा राष्ट्र बैङ्कमा परिणत होस् ।

४) ग्राम पञ्चायत, नगर पञ्चायत, जिल्ला पञ्चायतहरूले कानुनमा उल्लेख भएबमोजिम नयाँ करहरू लगाउन स्विकृति लिई लगाउन पाउने र योभन्दा अघि नगर पञ्चायतले लगाएको करबाहेक अब उप्रान्त केही वर्षको लागि मालपोत रकमको आधारबाट र चौपाया, दोपायामा पशु, पक्षीहरूमा नयाँ कर रकम नलगाइयोस् ।

(क) कारणः पहाड खण्डमा मालपोत रकम मा ४० प्रतिशत र मधेसमा बिगाहा १ के. रू. १५।– र रू. २० सम्म मालपोत लागेको र अरू जिन्सी धानमा अधिराज्यभर धान पाथी ५ के रू. १।– का दरले लागेको र साबिकमा पाथी ९ के. रू. १।– का दरले बुझाएको र हालमा ग्राम पञ्चायत, जिल्ला पञ्चायत, नगर पञ्चायतले पनि कानुनबमोजिम नै करहरू लगाएमा जनतामा धेरै बोझ पर्ने हुँदा केही अवधिसम्म नलगाइयोस् ।

५) अञ्चल पञ्चायत, जिल्ला पञ्चायत, ग्राम पञ्चायतहरूको मर्यादाक्रम हुन अति आवश्यकता छ ।

६) श्री ५ को सरकारको सेवामा रहेको कर्मचारीहरूमा अझ पनि भावना यस्तोसम्म देखिन्छ हामी कर्मचारी नोकरीदार हुँ, हामीलाई स्वतः मान्नुपर्छ भन्ने घमन्ड लिराखेका केही व्यक्तिको भावना रहिरहेको र पञ्चायतका कार्यकारिणीप्रति प्रयोग गर्न नहुने शब्दहरू पनि गरिएको सुनिएको र मर्यादाक्रमबमोजिम ख्याल नगरी पञ्चायतका कार्यकारिणीप्रति घृणा दृष्टिले हेरेकोले अबदेखि मर्यादाअनुसार अनुशासनमा रही श्री ५ को सरकारका कर्मचारीहरू रहनु कारण **श्री ५ महाराजाधिराज** सरकारको सदिच्छाबमोजिम पञ्चायती व्यवस्थामा जनताले कत्रो विश्वास लिई कार्य गर्दै आएका छन् सोही विश्वास कर्मचारीहरूले पनि देखाउनुपर्दछ ।

७) ग्राम पञ्चायतका प्रधानपञ्चदेखि अन्य सदस्यहरू समेतलाई जिल्ला पञ्चायतबाट पालोपालोको रूटिन मिलाई ट्रेनिङ दिलाइयोस् ।

मैले भ्रमण गरेको सिलसिलामा पाएको सुझावहरू निम्नप्रकार छन् :-

ग्राम पञ्चायतमा रामेछाप जिल्ला पञ्चायतका र ग्राम पञ्चायतका कार्यकर्ताहरू गन्यमान्यहरूले दिनुभएको सुझाव :

१) ग्राम पञ्चायतबाट नै घर बनाउने आदि काममा काठको पुर्जी दिने ।
   (क) ग्राम पञ्चायतमा पर्याप्त जङ्गल नभएमा जिल्ला पञ्चायतद्वारा अर्को ग्राम पञ्चायतद्वारा दिलाउने ।
   (ख) कुनै जिल्लामा नभएमा अर्को जिल्लाबाट दिलाउने ।
२) बन्दुक आदिको र रेडियोको रिन्यु पास गर्ने ।
३) जिम्मावाल, तालुकदार मार्फत उठाउने मालपोत रकम ग्राम पञ्चायतले उठाउने ।
४) रजिस्ट्रेसन पास गरी आउने दस्तुर ग्राम पञ्चायतकै कोषमा रहोस् ।
५) खोटा ढक, मानापाथी निर्मूल पार्ने विषयमा सरकारबाट प्रमाणित मानापाथी, ढकको उपलब्ध नभएसम्म ठीक नापतौल भएको छ भन्ने पञ्चायतले प्रमाणित गरेको कुनै ट्वाक आदि कच्ची भाँडाबाट नापतौल चलाउने ।

### न्यायसम्बन्धी

१) गाउँ पञ्चायत ऐनमा उल्लेख भएअनुसारको मुद्दा मामिलामा ग्राम पञ्चायतलाई अख्तियार हुनुपर्ने र अड्डाखानाबाट मौका तहकिकात आदि सरजमिन हुँदा वडाका सदस्य र प्रधानपञ्च राखी मात्र सरजमिन होस् ।
२) जिल्ला पञ्चायतलाई :- बन्दुक आदि हतियार रेडियो आदिका लाइसेन्स जिल्ला पञ्चायतबाट दिने हुनुपर्छ ।

## चरिकोट जिल्ला पञ्चायतअन्तर्गत ग्राम पञ्चायतका गण्यमान्य व्यक्तिहरूको सुझाव

### (ग्राम पञ्चायत अधिकार)

१) गाउँ पञ्चायतले पञ्चखतबाहेकका सम्पूर्ण मुद्दाहरू हेर्न पाउनुपर्दछ । त्यस्ता मुद्दा मामिलाहरू रू. ५,०००/-सम्म बिगो भएको गाउँ पञ्चायतले नै फैसला गर्ने र सोभन्दा बढी बिगोको मुद्दा मिले ग्राम पञ्चायतमै मिलाउने र नमिले जिल्ला पञ्चायतले हेर्न पाउनुपर्दछ । त्यस्तो मुद्दा उक्त मुद्दा मामिलाको कारबाही गर्न निमित्त एउटा सरकारी कर्मचारी सरह प्रत्येक ग्रामपञ्चायतमा रहन अत्यावश्यक छ ।

२) न्याय र विकास समिति गठन गर्नेको निमित्त ग्राम पञ्चायतको ऐनअनुसार गर्न गराउनपर्ने छ ।

३) पञ्चायतभित्रका मुद्दा मामिलाहरू इलाका अदालतबाटै हुनुपर्दछ तर सरकारी कर्मचारीहरू छरितो सङ्ख्यामा रहनुपर्दछ ।

४) गाउँ पञ्चायतले आफ्नो एरियाभित्रको मालापोत असुल गर्ने रजिस्ट्रेसन पास गर्ने, बन्दुकको रिन्यु पास गर्ने रेडियो सेट दर्ता गर्ने अधिकार पाउनुपर्दछ र जसको विवरण ६/६ महिनामा जिल्ला पञ्चायतमा पठाउनुपर्ने छ ।

५) ग्राम पञ्चायतका प्रधानपञ्च, उपप्रधानपञ्च र अन्य सदस्यहरूलाई निजहरूको मर्यादाक्रमअनुसार पञ्चायतको बैठक भएको दिनको मिटिङ भत्ता प्राप्त हुनुपर्दछ ।

## जिल्ला पञ्चायतको अधिकार एवं विशेष अधिकार

१) आज जनतालाई दुःख तकलिफ र पिर, बाधा, कठिनाइबाट मुक्त गराउन पञ्चायत तहमा शक्तिको विकेन्द्रीकरण गराइबक्सने राष्ट्रनायक **श्री ५ महाराजाधिराज**का सदच्छिानुसार जिल्ला पञ्चायतले स्थानीय हाकिमको अधिकार शतप्रतिशत पाउनुपर्दछ र गोस्वारा खारेज हुनुपर्दछ ।

२) जिल्ला पञ्चायतले जिल्ला विकास निर्माणको अभिवृद्धिको निमित्त र वार्षिक बजेट पास गर्ने गाउँ पञ्चायतउपरको अपिल सुन्ने, विकास एवं प्रशासनसम्बन्धी अन्याय विषयमा माल तहमा ग्राम पञ्चायतहरूलाई निर्देशन दिने र बढी तहमा अनुशासित विकासप्रिय र प्रशासन कुशल बनाउन पूर्ण अधिकार पाउनुपर्दछ ।

(क) सामाजिक शोषण र भ्रष्टाचार निर्मूल गर्ने अधिकार जिल्ला पञ्चायतलाई पूर्णरूपेण हुनुपर्दछ र विकास जिल्लामा असुल हुने मालपोत आम्दानीबाट ५० प्रतिशत जिल्ला पञ्चायत कोषमा दाखिल हुनुपर्छ जुन रकम विकास निर्माणसम्बन्धी कार्यहरूमा खर्च गर्न प्रत्येक ग्राम पञ्चायतहरूलाई समानुभौतिक आधारमा वितरण गरिनुपर्दछ ।

३) जिल्ला पञ्चायतका सभापति, उपसभापति र अन्य सदस्यहरूलाई मासिक भत्ता प्राप्त हुनुपर्दछ ।

४) शक्ति विकेन्द्रीकरणको सम्बन्धमा पञ्चायतहरूका निर्वाचित प्रतिनिधिहरूको सुझावलाई मान्यता दिनुपर्दछ ।

५) मुद्दा मामिलासम्बन्धी विषयमा र आवश्यक परेमा जिल्ला पञ्चायतले इलाका न्यायाधीशलाई झिकाई सरसल्लाह लिन सक्ने छ ।

६) ग्राम पञ्चायतलाई मुद्दा मामिलासम्बन्धी म्याद पुर्जी र अन्यान्य विषयमा आवश्यक सूचनाहरू जिल्ला र ग्राम पञ्चायतहरूमा आदानप्रदान गर्न र पालोपहरा गर्न समेत २ जना पिउन नियुक्त गरिने छ जसको तलब श्री ५ को सरकारको तर्फबाट पाउनुपर्दछ ।

७) मुद्दा मामिलासम्बन्धी र अरू कुनै विषयमा परस्परको विचार र सहयोगको आदानप्रदान गर्न एक ग्राम पञ्चायतले अरू २ या ३ पञ्चायतहरूसँग संयुक्त समिति गठन गरी गतिलो ढङ्गबाट कार्य सञ्चालन गर्ने छ ।

८) उपरोक्त अधिकार र सहुलियत प्राप्त नभएमा जिल्ला र ग्राम पञ्चायतहरू आम तवरले अनुत्साही हुने छन् ।

## सिन्धुली माडी जिल्ला पञ्चायत विकासका कार्यकर्ता र ग्राम पञ्चायतका प्र.पं. र अरू गण्यमान्य व्यक्तिहरूको सुझाव निम्नप्रकारका छन् :

१) आज प्रचलित कानुनले खाईपाई आएको रकम कलम लिन निषेध गरिएको र साना साना मुखियाली, जिम्मावाली व्यवस्थाबाट माललाई कार्य गर्न पनि असुविधा परी जिमीदार मुखियाली उठाई आएको रकम कलम गाउँ पञ्चायतलाई उठाउने अधिकार हुनुपर्छ भन्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्छ ।

२) प्रत्येक गाउँ पञ्चायतले आआफ्नो पञ्चायत वडाको जग्गा रजिस्ट्रेसन पास गर्ने अधिकार पञ्चायतलाई हुनुपर्छ भन्ने सर्वसम्मतिबाट पारित गर्छ ।

३) बन्दुक तथा रेडियो लाइसेन्स तथा रिन्यु अधिकार गाउँ पञ्चायतलाई हुनुपर्छ भन्ने प्रस्ताव पारित गर्छ ।

४) वन संरक्षण तथा घरसङ्घा पुर्जी गाउँ पञ्चायतबाट हुनुपर्छ । जङ्गल नभएका पञ्चायतमा जिल्ला पञ्चायतका निर्णयअनुसार अर्को पञ्चायतबाट प्रदान गरिनुपर्छ भन्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्छ ।

५) गाउँ पञ्चायतको कागजपत्रहरू का.स. द्वारा चलाउन पाउनुपर्छ भन्ने प्रस्ताव पारित गर्छ ।

६) यस सिन्धुली विकास जिल्लाको मालपोत रघुनाथपुर, सर्लाही, ओखलढुङ्गा रामेछाप, मकवानपुर आदि मालमा दाखिला हुने र यस विकास जिल्लाका गाउँ पञ्चायतहरूलाई उक्त लिखित मालहरूमा दाखिल गर्न असुविधा पर्ने हुनाले यस विकास जिल्लाका मालपोत यसै जिल्लाको सदरमुकाम सिन्धुलीमा मालपोत व्यवस्था खारेज गरी राष्ट्र बैङ्कको व्यवस्था गरिनुपर्छ भन्ने प्रस्ताव पारित गर्छ ।

## न्याय सम्बन्धबारे

७) गाउँ पञ्चायत कानुनमा उल्लिखित अधिकार गाउँ पञ्चायतले न्याय गर्ने र गाउँ पञ्चायतले न्याय गर्न नमिल्ने मुद्दाहरूमा गाउँ पञ्चायतको सिफारिस नभई इलाका अदालतमा मुद्दा दायर नगरियोस् कारण गाउँ पञ्चायतलाई वास्तविक वस्तुस्थिति ज्ञात हुने भएबाट गाउँ पञ्चायतको सिफारिस अनिवार्य हुनुपर्छ भन्ने प्रस्ताव पारित गर्छ ।

८) जिल्लाको व्यवस्थापिकाको कार्य जिल्ला पञ्चायतबाट हुनुपर्छ ।

(क) साबिकदेखि सुरक्षा व्यवस्थामा रहेका फौजी पुलिसहरू अधिकारवालाले सम्बन्धित विभागको तैनाथमा रही कार्य गर्ने ।
तर–
जिल्लाको शान्ति सुरक्षा र जिल्लामा पर्ने सङ्कटहरू आजअघि बडाहाकिमहरूले पाएको अधिकार जिल्ला पञ्चायतले पाउनुपर्छ ।

९) श्री ५ को सरकारद्वारा तोकिएको बजेटअनुसार जिल्लाभित्रका शिक्षण संस्थाहरूलाई स्वीकृति दिने अथवा अस्वीकृत गर्ने अधिकार जिल्ला पञ्चायतलाई प्राप्त हुनुपर्छ भन्ने प्रस्ताव पारित गर्दछ ।

१०) केन्द्रीय तहका योजनाहरू जुनजुन जिल्लामा ती योजनाहरू पर्दछन् तिनैतिनै जिल्लालाई र उक्त योजना पूरा गर्ने अधिकार जिल्ला पञ्चायतलाई हुनै पर्छ ।

## जनकपुर अञ्चलका अञ्चलाधीश श्री छिरिङ तेन्जिङ लामाज्यूको सुझाव

१. ग्राम पञ्चायतहरूबाट मालपोत रकम कलम असुल तहसिल गरियोस् ।

२. अधिकारबमोजिम ट्याक्सहरू लगाइयोस्

३. न्यायसम्बन्धी अधिकार कुनै दिनु हुँदैन ।

## आयोगका सदस्य श्री तेजेन्द्रबहादुर खड्काले दिनुभएको नारायणी अञ्चलको आफ्नो भ्रमणसम्बन्धी रिपोर्ट

**श्री ५ महाराजाधिराज** सरकारबाट पञ्चायती व्यवस्थाको माध्यमद्वारा जनताको शासन जनताबाटै गरून् भन्ने मौसुफको महान् आकाङ्क्षाले मौसुफ सरकारबाट गठन गरिबक्सेको प्रशासन विकेन्द्रीकरण आयोगको सदस्य श्री तेजेन्द्रबहादुर खड्का, चन्द्रजङ्गबहादुर सिंहले भ्रमण गरेको नारायणी अञ्चलभरका विभिन्न तहका पञ्चायत सदस्य, बुद्धिजीवी वर्ग, श्री ५ को सरकारका कर्मचारी तथा सर्वसाधारण जनतासँगको सम्पर्कमा विचार विमर्श गरी प्राप्त भएको सुझाव र विकेन्द्रीकरणसम्बन्धी हामीहरूमा भएको ज्ञान समेतलाई समावेश गरी निम्नलिखित सुझाव पेस गरेका छौँ । सोबमोजिम हाललाई शक्तिको विकेन्द्रीकरण भए गरेमा पञ्चायती व्यवस्थाको जग दरिलो एवं खँदिलो हुनुको साथै पञ्चायती व्यवस्था संसारको अगाडि नमुनाको रूपमा देखा पर्ने छ भन्ने हामी आयोगका सदस्यले विश्वास प्रकट गर्दै यो रिपोट पेस गरेका छौँ ।

१. पञ्चायती व्यवस्थाको प्रादुर्भाव भएपछि देशभरमा विभिन्न पञ्चायतहरूको गठन भइसकेको छ तर पञ्चायतहरूलाई आजसम्म काम गर्ने कानुनी अधिकार पूर्ण रूपमा प्राप्त नभएकोले पञ्चायतहरू अलमलिएको पाइन्छ । त्यसकारण सर्वप्रथम विभिन्न

तहको पञ्चायती ऐनहरू पूर्ण रूपमा लागू गरी पञ्चायतहरूलाई सक्रिय बनाउन आवश्यक देखिन्छ ।

२. विभिन्न तहका पञ्चायतलाई प्रदान गरिएको कानुनी एवं काम कर्तव्यसम्बन्धी अधिकार अपर्याप्त देखिन्छ, किनकि वर्तमान पञ्चायती व्यवस्था सफीलभूत पार्ने माध्यम विभिन्न तहका पञ्चायतहरू नै हुने हुँदा गाउँदेखि लिएर राष्ट्रसम्मको सम्पूर्ण विकास निर्माण मात्र होइन कि अरू कतिपय कुव्यवस्था जस्तै अन्याय, अत्याचार, भ्रष्टाचार, दुराचार समेतलाई निर्मूल पारी सर्वसाधारण जनजीवनको जीवन स्तर उठाई जनतामा बौद्धिक, शैक्षिक एवं नैतिक वृद्धि गराई कानुन तथा अनुशासनको पनि परिपालना गर्ने गराउने दिशातर्फ पनि ध्यान दिनु पञ्चायतहरूको प्रथम कर्तव्य भएकोले हाल विभिन्न तहका पञ्चायतलाई प्रदत्त कानुनी अधिकार अपर्याप्त छ । भइराखेको गाउँ तथा जिल्ला पञ्चायत ऐनहरूमा थप अधिकार प्रदान गरी विकेन्द्रीकरणलाई अलमल्याउनु अनुपयुक्त हुन जाने छैन र थप अधिकार हुनु आवश्यक देखिन्छ ।

## गाउँ पञ्चायतलाई थप दिनुपर्ने अधिकार

हाल माल अड्डाबाट हालमा हेर्ने गरिआएको कामहरू :-

१. गाउँ पञ्चायत एरियाभित्रको सरकारी मालपोत गाउँ पञ्चायतबाटै असुल तहसिल गर्ने र तहसिल भएको १० प्रतिशत गाउँ सभाको कोषमा जम्मा हुने व्यवस्था हुनु आवश्यक देखिन्छ ।

२. तालुकदार, जिम्मावाली प्रथा तुरून्तै खारेज गरी तालुकदारहरूले गर्ने गरिआएको काम कारबाही गाउँ पञ्चायतलाई सुम्पिदिनु आवश्यक देखिन्छ ।

३. रैती दुनियाँको लेनदेन व्यवहारमा रू. ५० देखि लिएर २,००० सम्म थैली भएको रजिस्ट्रेसन पास गाउँ पञ्चायतबाटै गरिदिने अधिकार प्राप्त हुनु आवश्यक देखिन्छ ।

४. रैती दुनियाँको नासो, ढरौट अथवा धितो बन्धकसम्बन्धी व्यवहारमा रू. २००० सम्मको थैली बुझी लिनेले बुझी लिएन, बुझाई पाउँ भन्ने उजुरी गाउँ पञ्चायतबाटै लिई किनारा गरिदिने अधिकार प्राप्त हुन आवश्यक देखिन्छ ।

५. सार्वजनिक सन्धिसर्पन गौचरण लोप गरे, गराए भन्ने विषयको उजुरी लिई किनारा गरिदिने अधिकार प्राप्त हुनुपर्ने देखिन्छ ।

६. रैती दुनियाँको जग्गा जमिन नामसारी गर्ने र १० वर्षे जाँच अर्थात् १० वर्षे घरदर समेत पञ्चायतहरूबाटै गर्ने व्यवस्था हुनु राम्रो देखिन्छ ।

७. रैती दुनियाँले किनबेच गर्दा हकवालाले हक सकार गर्न दिएन, हक सकार गरी पाऊँ भन्ने रू. २,००० दुई हजारसम्मको थैली भएको हक सकार मुद्दाको उजुरीको किनारा गरिदिने अधिकार प्राप्त हुन आवश्यक देखिन्छ ।

८. बिर्ता, गुठी राज्य, जग्गा ढपोटसम्बन्धी मुद्दा मामिलाहरूमा रू. ५०० सम्मको उजुरी लिई किनारा गरिदिने अधिकार प्राप्त हुन आवश्यक देखिन्छ ।

९. गाउँ पञ्चायत एरियाभित्रको प्रति जग्गा दर्ता गर्नपर्दा वा सुकुम्बासीका नाममा वितरण गर्नुपर्दा पञ्चायतको सिफारिस भएको जति मात्र दर्ता र वितरण भएको कानुन मान्यता दिने व्यवस्था हुनु राम्रो देखिन्छ ।

१०. सरकारी बाँकी बक्यौताहरू गाउँ पञ्चायतबाटै असुल तहसिल गर्ने र असुल हुन आएको रकमको ५० प्रतिशत गाउँ सभा कोषमा राखी दिने व्यवस्था भए राम्रो हुने छ ।

## हालमा अदालतबाट हेर्ने गरिआएको काम कारबाही

११. फौजदारीतर्फ : साधारण चोरी, जारी धनमाला, कुटपिट, गाली बेइज्जती, बिजाइ विद्युत्, ठगी, सुध्याइको पतिया गाउँ भन्ने र देवानीतर्फ लुटपिट, जग्गा खिचोला, लेनदेन रजिस्ट्रेसन पास गरी दिएन, गराई पाऊँ भन्ने र ठेक्का दिएन भन्ने, बिगो भराई पाऊँ भन्ने, करकाप छली भुक्याई कागज गरे भन्ने मुद्दाहरूमा बिगो दण्ड रू. १००० सम्मको र जग्गातर्फ जग्गाको मोल बिगो रू. १०००/– दण्ड रू. १०० सम्म हुने देवानी मुद्दातर्फ र कैद वर्ष १ र दण्ड रू. ५०० सम्म हुने फौज्दारीतर्फको मुद्दा मामिला पञ्चायतबाटै हेरी किनारा गरिदिने अधिकार प्राप्त हुन आवश्यक देखिन्छ ।

१२. माथि उल्लेख गरिएको मुद्दाहरूबाहेक अरू ज्यानसम्बन्धी, डाँका, हाडनाता करणी समेतको पञ्चखतका मुद्दाबाहेक अदालतमा दायर हुन आउने देवानी फौज्दारी मुद्दाहरू पञ्चायतको सिफारिसद्वारा मात्र दायर हुने व्यवस्था भएमा राम्रो देखिन्छ ।

## हालमा गौंडा गोस्वाराबाट गर्ने गरिआएको काम

१३. श्री ५ को सरकारले तोकिदिएको एवं राष्ट्रिय वन जङ्गलको देखरेख एवं संरक्षण र पञ्चायती वन जङ्गलबाट जनतालाई आवश्यक बाँस, घाँसपात, स्याउला समेतको पुर्जी गाउँ पञ्चायतबाटै दिने व्यवस्था हुनु आवश्यक छ ।

१४. कानुनद्वारा बन्देज गरिएको राष्ट्रिय वन जङ्गल वा पञ्चायती वन जङ्गलमा गैरकानुन तवरले काटे, कटाए भन्ने वन जङ्गलसम्बन्धी कुरामा रू. १, ००० सम्म दण्ड बिगो हुने मुद्दाको उजुरी पञ्चायतबाटै लिई किनारा गरिदिने व्यवस्था हुन आवश्यक देखिन्छ ।

१५. हातहतियार पास रिन्यु पास गराउने र लाइसेन्स दिने अथवा खारेज गरिदिने सम्बन्धमा हातहतियारमध्येको साधारण हतियार मृज लोडिङ अर्थात् भरूवा बन्दुकको सुरू लाइसेन्स दिने वा रिन्यु गरिदिने वा खारेज गरिदिने र नियन्त्रण समेत राख्न सक्ने अधिकार गाउँ पञ्चायतलाई हुनु आवश्यक देखिन्छ ।

१६. गाउँ पञ्चायत एरियामा देखाइने अथवा प्रदर्शन गराइने नाटक, सिनेमा थिएटर र सर्कस आदि कानुनद्वारा निर्धारित मनोरञ्जन कर पञ्चायतले लिई गाउँ सभा कोषमा जम्मा गराउने व्यवस्था हुनु आवश्यक देखिन्छ ।

१७. रेडियोको लाइसेन्स वितरण गर्ने र कर असुल गर्ने र नागरिकताको परिचयपत्र समेत वितरण गर्ने अधिकार पञ्चायतलाई प्राप्त हुनु आवश्यक देखिन्छ ।

१८. पञ्चायत एरियाभित्र खरिद विक्री हुने माल जस्तै नुन, तेल मट्टितेल, ध्यू, चिनी, मिश्री, पेट्रोल, डिजेल इत्यादि दैनिक उपयोगका सामग्रीहरू कुनै कसैले नाजायज तरिकाले फाइदा उठाउने उद्देश्य राखी दबाई, लुकाई राख्ने राख्न लगाउने गरेको देखिन, बुझिन आएमा त्यस्तो गर्ने कुनै पनि व्यापारी र व्यक्तिसँग भएको मालसामान जाँचबुझ गर्न र खानतलासी लिन पञ्चायतले सक्ने र त्यस्ता गैरकानुनी नाजायज तवरबाट दबाई छिपाई राखेको देखिन भेटिन आएमा त्यस्तो मालसामान राख्ने व्यक्तिहरूउपर मुद्दा चलाउन पञ्चायतले सक्ने र मुद्दाको तैकात नभएसम्म खानतलासीबाट बरामद हुन आएको मालसामान विक्री वितरणबाट मुल्तबी राख्न वा पञ्चायतले तोकिदिएको दरभाउमा विक्री गर्ने, गराउने अधिकार पञ्चायतलाई प्राप्त हुन आवश्यक देखिन्छ ।

१९. पञ्चायत एरियाभित्रको स्थिति के कस्तो, छ सो स्थितिलाई ध्यानमा राखी पञ्चायत एरियाभित्रको खाद्यान्न जस्तो जुनसुकै वस्तुको निकासी पैठारीमा प्रतिबन्ध लगाई वस्तु नियन्त्रण गर्ने, गर्न लगाउने अधिकार पञ्चायतहरूलाई प्राप्त हुनु आवश्यक देखिन्छ ।

२०. पञ्चायत एरियाभित्रको श्री ५ को सरकाले तोकिदिएको अथवा बाँडिदिएको कोटाको मालसामानहरू र श्री ५ को सरकारको स्वीकृति प्राप्त गरेको कम्पनीद्वारा विक्री वितरण हुने मालसामान इत्यादि तोकिएको दरभाउमा भन्दा बढी दरभाउमा विक्री गरी कालोबजार गर्ने कुनै पनि व्यक्तिउपरको रू. १००० सम्म दण्ड बिगो हुने कालाबजारसम्बन्धी मुद्दाको उजुरी लिई किनारा गरिदिने अधिकार पञ्चायतलाई प्राप्त हुनु आवश्यक देखिन्छ ।

२१. अञ्चल तथा जिल्ला पञ्चायतहरू र श्री ५ को सरकारको जुनसुकै अड्डाखानाबाट रैती दुनियाँका काम कारबाही हुँदा र गर्दा जुनसुकै कार्यमा पनि गाउँ पञ्चायतको प्रतिनिधि राखी गरेको कारबाहीलाई मात्र कानुनी मान्यता दिने व्यवस्था हुनु आवश्यक देखिन्छ ।

२२. श्री ५ को सरकारको जुनसुकै अड्डाखाना र खास गरी पुलिस थाना चौकीहरूसँग गाउँ पञ्चायतले मद्दत मागेमा तुरून्तै मद्दत दिने र पञ्चायतले दिएको आदेश निर्देशलाई पालना गर्ने, गराउने व्यवस्था हुनु आवश्यक देखिन्छ ।

२३. गाउँ पञ्चायत एरियाभित्रका जनतालाई दुःख, पिर, बाधा दिने जाली फटाहा गर्ने, सिधासाधा जनतालाई फुल्याई ठगठाग गरी लिनेखाने, घुस खाने खुवाउने पेसा गर्ने, अन्य विकास र निर्माणको कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सदैव विरोध गरी

हिँड्ने नैतिक एवं चरित्रहीनताको कार्य गर्ने सरकारी वा गैरसरकारी जुनसुकै व्यक्तिको पनि पञ्चायतले रिकर्ड राख्न सक्ने र प्रतिलिपि जिल्ला पञ्चायतमा पठाउन सक्ने अधिकार प्राप्त हुनु आवश्यक देखिन्छ ।

२४. गाउँ पञ्चायतबाट सार्वजनिक हितको लागि उठाइने जुनसुकै कार्यमा बाधा, अड्चन दिने वा मुखले बोलेर वा लेखेर पञ्चायतप्रति घृणा, द्वेष फैलाई समाजमा भ्रम पैदा गर्न लागेको छ वा गराउन प्रोत्साहन दिएको छ भन्ने पञ्चायतलाई प्रमाणित हुन आएमा त्यसको रोकथामको लागि त्यस्ता व्यक्तिलाई १ महिनासम्म कैद वा रू ५० दण्ड वा दुवै गर्न सक्ने अधिकार पञ्चायतलाई प्राप्त हुन आवश्यक छ ।

२५. पञ्चायतसम्बन्धी कार्य गर्दा कुनै व्यक्तिले पञ्चायतका कुनै पनि सदस्यलाई अथवा सदस्यउपर उजुर गरेमा त्यस्ता मुद्दा मामिलाहरूमा पञ्चायतका कुनै पनि सदस्य तारिखमा रहनु नपरी इन्क्वायरी गर्न पाउने कानुनी सुविधा प्राप्त हुनु आवश्यक देखिन्छ ।

२६. पञ्चायतबाट किनारा भएका मुद्दाहरूको अपिल, विकास निर्माणतर्फको जिल्ला पञ्चायतले र जनताको अरू व्यक्तिगत तेरो, मेरो, हकबाहेक सम्बन्धी अपिल जिल्ला अदालतले सुन्ने व्यवस्था हुनु आवश्यक देखिन्छ ।

२७. गाउँको विकास नभई विकास हुन सक्तैन भन्ने कुरामा दुई मत हुन सक्तैन होला । त्यसकारण गाउँ पञ्चायतलाई गाउँ पञ्चायत एरियामा सिँचाइ, बाँध, पैन, यातायात, शिक्षा, स्वास्थ्य इत्यादि कुराहरूका योजना र व्यवस्था गर्ने काममा पञ्चायतका निर्णयले सालको कमसेकम १०,०००। खर्चगर्ने अधिकार प्राप्तहुनु आवश्यक देखिन्छ ।

## जिल्ला पञ्चायतहरूलाई हुनुपर्ने थप अधिकार

१. जिल्ला पञ्चायतलाई जिल्लाको दैनिक प्रशासनमा सरिक गराई निम्नलिखित अधिकार प्राप्त हुनु आवश्यक देखिन्छ :

(क) हालमा गौँडा गोस्वारा, गढीहरूबाट गर्ने गरिआएको जिल्ला स्तरीय सम्पूर्ण प्रशासनिक काम कारबाही र बडाहाकिमहरूलाई भएको अधिकार एवं कर्तव्य जिल्ला पञ्चायतलाई सुम्पिदिएमा सो कार्यहरू सुचारू रूपले चलाउन सक्ने जिल्ला पञ्चायत देखिन्छ ।

(ख) हाल माल अड्डाहरूबाट हेर्ने गरिआएको गुठी, बिर्ता राज्यसम्बन्धी मुद्दाहरूमा रू ५०० भन्दा माथिको बिगो उक्त विषयको उजुरी लिई किनारा गरिदिने अधिकारहरू हुनु उचित देखिन्छ । रू २००० भन्दा माथिका जनताको हक सकार गरी पाऊँ भन्ने वा बन्धकी थैली बुझाइपाऊँ भन्ने र रजिस्ट्रेसन पास गराइपाऊँ भन्ने समेत उजुर लिई किनारा गरिदिने अधिकार प्राप्त हुनु आवश्यक देखिन्छ ।

(ग) रू २००० भन्दा माथि थैली भएको जनताको खरिद बिक्रीसम्बन्धी रजिस्ट्रेसन पास गाउँ पञ्चायतको सिफारिसमा जिल्ला पञ्चायतले गर्नु उचित हुने छ ।

(घ) जिल्लाभरमा चाहिने आवश्यक उपभोगका वस्तुहरू विदेश वा स्वदेशबाट आउने जस्तै नुन, तेल, मट्टितेल तथा चिनीहरू जिल्लाको आवश्यकता हेरी कोटा बाँडिदिने अथवा लाइसेन्स वितरण गर्ने व्यवस्था जिल्ला पञ्चायतबाटै हुनु आवश्यक छ ।

(ङ) कृषि सुधार, पशुपालन, घरेलु उद्योग, सहकारी र स्वास्थ्य आदि सबै संस्था जिल्ला पञ्चायतको मातहतमा रही जिल्ला पञ्चायतको निर्देशन तथा नियन्त्रणमा सञ्चालित हुनु राम्रो देखिन्छ ।

(च) जिल्लामा पर्न आउने दैवी आपत्ति जस्तै आगलागी, खोलो, पहिरो लागि बेघरबार भएकालाई तत्कालै सहायता पुऱ्याउन सालभरमा २५,००० रूपियाँ जिल्ला पञ्चायतबाटै सहायता दिन सक्ने व्यवस्था हुनु राम्रो देखिन्छ ।

(छ) जिल्लाको विकास गर्ने र निर्माण गर्ने पूर्ण उत्तरदायित्व जिल्ला पञ्चायतहरूमा नै हुने हुँदा प्रत्येक जिल्लामा पाँच लाखको बजेट तयार पार्न सक्ने र सोही बजेटको आधारमा योजना लागू गर्न, गराउन सक्ने अधिकार जिल्ला पञ्चायतलाई नभएसम्म जिल्लाको विकास ठोस रूपमा होला भन्न नसकिने हुँदा सालको कमसे कम पाँच लाख रूपियाँ विकास र निर्माणतर्फ प्रत्येक जिल्लामा जिल्ला पञ्चायतको माध्यमबाट खर्च गर्ने अधिकार हुनुपर्ने देखिन्छ ।

(ज) जिल्ला पञ्चायतले तयार पारेको बजेट र योजना तालिकाहरू अञ्चल सभाको बैठकबाट स्वीकृति हुने र गरिदिने व्यवस्था हुनु राम्रो देखिन्छ ।

(झ) जिल्ला पञ्चायतहरूमा एक इन्जिनियर र एक ओभरसियरहरू राख्ने व्यवस्था हुनु अत्यन्त जरूरी देखिन्छ ।

(ञ) जिल्ला पञ्चायतका सभापतिहरूले तथा जिल्ला पञ्चायतहरूले जिल्लाको दैनिक प्रशासनमा भाग लिने व्यवस्था भएमा निजहरूलाई तलब या भत्ताको व्यवस्था हुनु जरूरी देखिनुको साथै जिल्ला पञ्चायतका अरू सदस्यहरूलाई पनि मिटिङमा जाँदा आउँदाको भ्रमण भत्ता र मिटिङ भएको दिनको मिटिङ भत्ता समेत हुनु आवश्यक देखिन्छ ।

(ट) जिल्ला पञ्चायतबाट किनारा भएका सबै प्रकारका मुद्दाहरूको अपिल सिधै सर्वोच्च अदालतबाट हेर्ने व्यवस्था हुनुपर्ने देखिन्छ ।

अञ्चल पञ्चायतहरूले अञ्चलभरको विकास निर्माण कार्यको रेखदेख गरी जिल्लामा हुनुपर्ने विकाससम्बन्धी आवश्यकीय कुराको खाँचो पूरा गरिदिनु र अञ्चल पञ्चायतको मुख्य काम भएको हुँदा जिल्ला पञ्चायतहरूले तयार पारेको बजेट र योजनाहरूको छानबिन गरी योजना र बजेट स्वीकृति गरिदिने अधिकार अञ्चल सभाको बैठकलाई दिइनुपर्दछ र यसमा अञ्चल सभाबाट गरेको निर्णयप्रति केन्द्रको हस्तक्षेप गर्ने कुनै प्रकारको अङ्कुश रहन हुँदैन ।

## आयोगका सदस्य श्री चन्द्रजङ्गबहादुर सिंहले दिनुभएको नारायणी अञ्चलको आफ्नो भ्रमणसम्बन्धी रिपोर्ट

संसदीय व्यवस्था अफाप सिद्ध भयो । विश्वका सामु नवीनतम र साथै हामीहरूको निमित्त समयानुकूल नेपाली जनजीवनको आर्थिक, समाजिक, बौद्धिक स्तरको प्रगतिको साथै सर्वाङ्गीण विकास गर्न राष्ट्रनायक **श्री ५** बाट पञ्चायती व्यवस्थाको नेपालमा घोषणा भयो, नेपाली हुँ भनी आफूलाई गौरव ठान्ने प्रत्येक नेपालीले स्वागत गऱ्यो, साथै ग्राम पञ्चायतदेखि राष्ट्रिय पञ्चायतको पनि गठन भयो ।

शताब्दीदेखि देशको शासन केन्द्रीकरण हुँदै पञ्चायत व्यवस्थाका उषा कालसम्मको केन्द्रीकरणले दैनिक शासन प्रणालीमा केन्द्रीय सचिवालयको एकछत्र राज भने पनि हुन्छ । अत्यधिक केन्द्रीकरण शासनले हाम्रो जस्तो यातायात सञ्चारको असुविधा भएको देशमा सर्वाङ्गीण विकासको गति अवरूद्ध भएको थियो । साना र दैनिक कार्यका निमित्त जनतालाई साह्रै मर्का परेको थियो ।

देशको वस्तुस्थितिको सही मूल्याङ्कन गरेर जनताको मर्म बुझी **राष्ट्रनायक**बाट पञ्चायती व्यवस्थालाई झ्न अझ सक्रिय पारी प्रत्येक नेपालीले शासनको भारलाई वहन गर्ने महान् जिम्मेदारीलाई अँगाली काँधमा काँध मिलाई देश, नरेश र जनताको सेवा गर्न शाही शासन विकेन्द्रीकरण आयोग पनि गठन गरिबक्सियो जो नेपालको इतिहासमा अविस्मरणीय उदाहरण छ । आयोगको सदस्यहरू अञ्चल अञ्चलको भ्रमणमा गएका थिए । श्री तेजेन्द्रबहादुर खड्कासहित म पनि नारायणी अञ्चलको भ्रमणमा गएको थिएँ । भ्रमणको अनुभवसँगै विकेन्द्रीकरणबारे आफ्नो सुझाव पेस गरिरहेको छु ।

### भ्रमणको अनुभव

१. सरकारी कर्मचारी,
२. पञ्चायतमा भाग नलिई पञ्चायतप्रति असहयोगात्मक विचार भएका,
३. पञ्चायतका विरोधी पनि हैनन् तर पञ्चायतको महत्त्व नबुझेर पञ्चायतमा भाग नलिएको,
४. पञ्चायतमा भाग लिई विभिन्न पञ्चायतका स्तरमा चुनिएका ।
   १. कतिपय जिल्लाका सरकारी कर्मचारीहरूको कहीँ कहीँ विकेन्द्रीकरणप्रति उदासीनता पनि देखा पऱ्यो । खास गरी कर्मचारीहरूमा आफ्नो आफ्नो अधिकार कम हुन लागेकोले ज्यादै पिर पनि मानेका छन् । तर कहीँ कहीँ अक्सर कर्मचारीहरूले स्वागत पनि गरेका छन् । स्वागत गर्नको कारणमा ज्यादा सानातिनाको कामबाट फुर्सत हुन थाल्यो भन्ने भनाइ थियो ।
   २. पञ्चायतमा भाग नलिएर बिल्कुलै पञ्चायती व्यवस्थाप्रति उदासीन रही सिर्फ तमासा हेरे जस्तो हेरी मौका परेमा पञ्चायती व्यवस्थामा हुन लागेको सुधारात्मक कार्यप्रति विरोध गर्ने तत्त्व अझै जिल्ला जिल्लामा बाँकी नै छन् ।

३. केही व्यक्तिहरू जिल्लामा पहिले पञ्चायतको महत्त्व नबुझेर निष्क्रिय भइरहेका र अहिले राष्ट्रिय पञ्चायतसम्मको गठन भई व्यवस्थापिकाको कार्य गर्ने अधिकार पनि प्राप्त भएकोले पश्चात्तापमा छन् । यसमा केही बुद्धिजीवी पनि छन् र सायद दोस्रो चुनावका निमित्त अहिलेदेखि नै सक्रिय भएर कार्य गर्न थालेका छन् । जिल्ला पञ्चायत निष्क्रिय हुनासाथ यिनै पञ्चायतलाई सक्रिय बनाउने छन् । साथै पञ्चायतको महत्त्वबारे पनि विस्तृत प्रचारको कमी सरकारबाट भएकोले चुनावमा भाग लिन नसकेको भन्ने भनाइ छ ।

४. गाउँ पञ्चायतदेखि राष्ट्रिय पञ्चायतसम्म प्रमुख भाग लिई कार्य गर्न कम्मर कसेका ।

विकेन्द्रीकरणबारे जिल्ला जिल्लाको भ्रमणमा मुख्यतः पञ्चायतका सदस्यहरूको भनाइअनुसार सरकारबाट गजेटमा प्रकाशित अधिकार अहिलेसम्म प्रयोग गर्न नपाइएकोले कार्यमा शिथिलता आएको छ । अधिकारको हकमा दोस्रो गुनासोमा अक्सर सबैजसो पञ्चायतले यो पनि भनेका छन् कि अधिकार मात्र दिएर के गर्ने जब कि सो अधिकारको सदुपयोग गर्ने पूरा जिम्मेदारी नै हुँदैन, किनकि अञ्चलको टुरमा श्रमदानबाट बन्न लागेको बाटोमा गाउँका १/२ फटाहाले सो बाटो बन्न नदिई सदस्यहरूलाई समेत अनेकौँ धम्की दिई बनेको बाटो पनि रोकाएका रहेछन् । पञ्चायतबाट उक्त खेदपूर्ण घटनाप्रति केही पनि गर्न नसकेकोले आम जनतामा पनि सहयोगात्मक भावनाको शिथिलता देखा पर्न लागेको छ ।

सर्वसाधारण जनतामा गजेटमा प्रकाशित अधिकारहरू देखेर पहिले उत्साहित भएका थिए । कारण, सरल र सुलभ तरिका साधारण कार्य गर्न पञ्चायतले अड्डा, अदालत धाउन टुट्यो भन्ने धारणा थियो तर अहिले पञ्चायतले केही पनि अधिकार आजसम्म नपाएकोले पूर्वको उत्साहमा शैथिल्यपन आउनाका साथै कहीँ कहीँ पञ्चायतमा पनि चुनिएका व्यक्तिहरू पुरानै मनोवृत्तिको आएकाले जनता त्यति आशान्वित हुन सकेको छैन जति हुनुपर्दथ्यो । त्यसैले शीघ्र नै गाउँ, जिल्ला र अञ्चल पञ्चायतलाई अधिकार दिनु आवश्यक देखिएको छ ।

साथै पञ्चायतका सदस्यहरूको जिल्लामा रहेका अड्डाखानामा समेत मात्र इज्जतको कमी र कहीँ कहीँ त अभद्र व्यवहार पनि सरकारी उच्च पदाधिकारबाट हुन गएकोले त्यो सबै सहेर पनि पञ्चायत सदस्यहरू मौन रहेकोले जनसाधारणमा पञ्चायत एउटा जानी नसक्नु, बुझी नसक्नुको रूपको चित्रण भइरहेछ ।

कतिपय बुद्धिजीवीहरू र धनी मानिसहरूप्रति उदासिन छन् । उनको विचारमा प्रथम पञ्चायतमा शिक्षित व्यक्तिको अभाव खटेको छ । दोस्रो कहीँ कहीँ साथसाथै बिल्कुलै निम्नमध्यम वर्गका आएकाले कसरी यिनको अनुशासनमा कार्य हुन सक्ला भन्ने भावना पनि देखा पर्‍यो ।

## प्रशासन विकेन्द्रीकरणबारे पञ्चायतहरूको रायमा २ थरिका विचार पाइन्छन्

१. अधिकारका मौका

२. ज्यादा अधिकार प्राप्त गरेर त्यसको सदुपयोग गर्न नसके पञ्चायत व्यवस्थामाथि नै त्यसको दुस्प्रभाव गर्ने हुनाले क्रमशः अधिकारको माग गर्नुपर्दछ भन्ने धारणावाला ।

प्रथम पक्षमा पञ्चायतमा कहीँ कहीँ पुरानो रवाफका अदालती कार्य गर्ने पोख्त मानिसहरूको भनाइ छ । जो साधारण मुद्दा मामिला पनि छिन्न सक्ने र गाउँ भरमा धाक रवाफ दिई कार्य पनि गर्न सक्ने, साथै देशव्यापी दृष्टिकोण ध्यानमा नराखी आफ्नो पञ्चायत एरियाको कार्यको मूल्याङ्कन गरी आधार बनाउने यसै प्रथम पक्षमा कहीँ कहीँ चाँडै नै देशमा सर्वाङ्गीण विकास गर्ने उत्साहित कर्मठ नौजवान सदस्यहरूको सम्पूर्ण अधिकार दिनुपर्दछ र अहिले नै गर्छौं भन्ने जोसपूर्ण भावना पनि छ ।

दोस्रो पक्षका सदस्यहरू जोस र होसका परिपक्वताले दशको वास्तविक स्थितिलाई सोचेर भूत कालीन अनुभवका आधारमा कुर्सी फुर्सी व्यवस्था अधिकार खोज्ने ।

प्रशासन विकेन्द्रीकरणबारे बुद्धिजीवीको भनाइमा अधिकार दिनु नै पर्दछ तर क्रमशः पञ्चायतमा शिक्षितका साथै कर्मठ सदस्यहरू आएपछि मात्र विकेन्द्रीकरणको अधिकार दिँदै जानुपर्दछ ।

नगर पञ्चायत र जिल्ला पञ्चायतको अधिकार, कर्तव्यबारे पूर्ण तवरले विभाजित नभएकोले नगर र जिल्ला पञ्चायतको पारस्परिक अधिकारको होडबाजी चल्ने सम्भावना कहीँ कहीँ देखिएको छ ।

प्रशासन विकेन्द्रीकरण गर्दा मुख्यतः कुन कुन स्तरमा कुन कुन अधिकार दिएमा सुचारू रूपले शाही सदिच्छा पूर्ति हुन सकी पञ्चायती व्यवस्था सुदृढ हुन सक्दछ त्यसपट्टि विचार गर्नु नै समयानुकूल व्यावहारिक र क्रियात्मक हुने छ । भावनावश एवं जोसले कार्य गर्नु पञ्चायती व्यवस्थासँग खेलवाड गर्नु हुने छ तसर्थ मुख्य पञ्चायती व्यवस्थालाई झन् सक्रिय पारी सुदृढ पार्न देशको आर्थिक, सामाजिक चेतना र शैक्षिक योग्यता आदिको विचारका साथै अहिले भर मुलुकमा कस्ता कस्ता प्रकारका मानिसहरू पञ्चायतमा चुनिएका छन् सो विचार गर्नु अत्यावश्यक छ । एक जिल्ला पञ्चायत, एक गाउँ पञ्चायतबाहेक अञ्चलभरलाई हेरेर वा उनको कार्य देखेर देशभरिका पञ्चायतलाई हेर्नु पनि अव्यावहारिक हुन्छ ।

साथै पञ्चायतलाई कुनै प्रकारको अधिकारै नदिई केन्द्रीकरणलाई नै प्रोत्साहन दिने त कुरै आउँदैन । तसर्थ देशमा हुर्किन लागेको नवीन पञ्चायती व्यवस्थालाई सुदृढ बनाई विश्वलाई देन समेत दिने पद्दतिलाई क्रमशः सुदृढ पार्ने योजना बनाई सोही अनुरूप नै अधिकार दिनु समयानुकूल पाइला चाल्नु नै ज्यादा बुद्धिमानी हुन जाने छ ।

मेरो विचारमा त विकेन्द्रीकरणलाई देशका जनताको क्षमताका अनुरूप नै क्रमशः अधिकार हस्तान्तरित गर्नुपर्छ । किनकि पूर्ण विकेन्द्रीकरण गरी आर्दश पञ्चायत जसलाई राम राज्य पनि भनेको छ त्यो हाम्रो अन्तिम लक्ष्य हो । पूर्ण विकेन्द्रीकरण (राम राज्य) प्राप्त गर्ने कुन प्रकारको योजना बनाई जिल्ला गाउँ, अञ्चललाई ज्यादै सक्रिय बनाउँदै कहिलेसम्ममा सो लक्ष्यको प्राप्ति गर्ने जसमा जनचेतना, जनजागृती, शिक्षा स्वाबलम्बी, कर्तव्यपरायणताका साथै आर्थिक स्तरको पनि ख्याल गर्नु आवश्यक छ । किनकि पञ्चायती व्यवस्थाको मौलिकतामध्ये प्रमुख मौलिकता शासन विकेन्द्रीकरण हो । शासन विकेन्द्रीकरणमा अलिकता हामी कहीँ असफल हुनासाथ व्यवस्थाप्रति सोच्ने मौका आउला कि ? हामीले २००७ सालदेखि २०१७ सालसम्मका भूत कालीन राजनीतिक, आर्थिक सामाजिक स्थिति अवलोकन गर्‍यौं भने यही भन्न करै लाग्दछ कि हामीहरूमा कति कर्तव्यपरायणता छ । जनचेताको स्तर कतिसम्म छ । २००७ सालदेखि २०१७ सालसम्म अधिकारको हक पार्यौं तर कर्तव्यपरायणता नभएर नै शक्तिको दुरूपयोग हुन गयो र हाम्रो विकास रोकियो । त्यसैले पञ्चायती व्यवस्थामा शासन विकेन्द्रीकरण पञ्चायती व्यवस्थाको प्रमुख स्तर हो र उक्त विकेन्द्रीकरणबाट प्राप्त अधिकारको सदुपयोग दुरूपयोग गर्ने क्षमता हामीमा कति छ र त्यसबारेमा गहन अध्ययन गर्न आवश्यक छ । पञ्चायती व्यवस्था जसद्वारा देशमा ज्यादाभन्दा ज्यादा जनतालाई शासन यन्त्रमा सरिक गराई सङ्घर्षरहित, शोषणरहित, दलविहीन समाजको सृजना गर्नु नै मुख्य उद्देश्य हो । आज हामीले यही सोचेर शासन विकेन्द्रीकरणको रूपरेखा तयार पार्नु छ । पञ्चायती व्यवस्था नेपालमा फलाउने फुलाउने मात्र छैनौं बल्कि विश्वका सामु पनि नवीन सिद्धान्त राख्ने छौं भन्ने दृढ विश्वासले अघि बढ्नु छ ।

## प्रशासन विकेन्द्रीकरणबारे

१. पूर्ण विकेन्द्रीकरण आदर्श पञ्चायत ।

२. पाइलट प्रोजेक्ट (अगुवा योजना) मा विकेन्द्रीकरण ।

३. माध्यमिक विकेन्द्रीकरण ।

४. प्रारम्भिक विकेन्द्रीकरण ।

(१) उपरोक्त उल्लेख गरेबमोजिम पूर्ण विकेन्द्रीकरणको रूप आदर्श पञ्चायत हो । आदर्श पञ्चायत नै पञ्चायत व्यवस्थाका सफलताको अन्तिम चरण हो । तसर्थ उपरोक्त आदर्श पञ्चायतको अधिकार कुन पञ्चायतलाई कहिले दिने हो भन्ने प्रश्न विचार नगरेर कुन पञ्चायतले आफ्नो क्षमताअनुसार कहिलेसम्म आफ्नो पञ्चायतलाई आदर्श पञ्चायत बनाउन सक्ने सामर्थ्य प्राप्त गर्ने हो भनी सोध्नु व्यावहारिक हुन जाने छ । आदर्श पञ्चायतको अधिकार दिएर हैन, पञ्चायतको कर्मठता, तत्परता एवं कार्यले अधिकार लिने हो । पञ्चायतहरूले आदर्श पञ्चायतमा पुग्न कुन कुन कार्य गर्नुपर्ने हो । यति

गरिसकेपछि मात्र पञ्चायतहरूलाई आदर्श पञ्चायतको पूर्ण न्यायिक, प्रशासकीय व्यवस्थाको समेत अधिकार आफ्नो क्षेत्रभित्र दिनु आवश्यक छ ।

आदर्श पञ्चायतका निमित्त देशको आर्थिक स्थिति, यातायात, सञ्चार, शिक्षाको पनि ज्यादै विकसित अवस्थामा हुनु आवश्यक छ । यिनै सबै कुराको विचार गरी सम्पूर्ण पञ्चायतलाई आदर्श पञ्चायतको रूप दिन समय लाग्दछ । मोटामोटी रूपले देशको स्थिति हेरेर १०/१५ वर्षपछि मात्र कुनै पञ्चायत आदर्श पञ्चायत हुन सक्ला कि ?

(२) पाइलट प्रोजेक्टमा विकेन्द्रीकरण कृषिसम्बन्धी (नयाँ व्यवस्था) ऐन, २०१९ प्रयोगात्मक रूपमा लागू हुने तीन जिल्ला पञ्चायतहरूमा अन्य पञ्चायतभन्दा केही बढी अधिकार दिनु आवश्यक छ, कृषि ऐनलाई सफलीभूत पार्न पञ्चायतको सहयोग नितान्त आवश्यक छ । तसर्थ माध्यमिक विकेन्द्रीकरणको अधिकारका साथै सहकारी बैङ्क, ऋणसम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने जमिनको तथ्याङ्क गर्ने र कृषि ऋणसम्बन्धी र लेनदेन तथा बन्धकीसम्बन्धी कागजातमा सिफारिसको अधिकार जिल्ला पञ्चायतलाई दिइनुपर्दछ ।

(३) माध्यमिक विकेन्द्रीकरणमा सर्वसाधारण जनताको दैनिक जीवनोपयोगी साधनको कार्य ज्यादै आवश्यक छ र अड्डा अदालत ज्यादा धाउनु परी जनतालाई मर्का पर्ने जस्तै भरूवा बन्दुक रेडियो रिन्यु र लाइसेन्स, शिक्षा, स्वास्थ्य, यातायात, पर्ती जमिन भूमिहीन सुकुम्बासी स्थानीय किसानलाई भूमि वितरण, सञ्चार विकाससम्बन्धी सम्पूर्ण अधिकार पञ्चायतलाई दिनुपर्दछ ।

न्याय सम्बन्धमा सानातिना गाली बेइजती, खेत चरेका चरनसम्बन्धी सजिया जमिन ५० भन्दा कममा, लेनदेनसम्बन्धी, कुलो, बाँधपैनसम्बन्धी मुद्दा मामिला जो साधारणतया अदालतमा गएर धाउनुपर्ने र साथै ज्यादै खर्चिलो भएका हुनाले जुन जुन गाउँ पञ्चायतका वडाभित्र पर्दछ उसले हेरी जिल्ला पञ्चायतमा उपरोक्तसम्बन्धी कार्यको रिपोर्टका रूपमा जाहेर गर्नुपर्ने । साथै यी साधारण मुद्दामा जिल्ला पञ्चायतको फैसला नै अन्तिम मानिनुपर्दछ । यी अधिकार प्रायः सबै जिल्ला पञ्चायतले पाउनुपर्दछ ।

(४) प्रारम्भिक विकेन्द्रीकरण जुन जिल्ला शिक्षाका दृष्टिले अति नै पिछडिएका र साधारणतया पञ्चायती ऐन नियम पनि कार्यान्वित गर्न नसक्ने सरकारी दृष्टिकोणमा देखा परे को र अञ्चल पञ्चायतको पनि उपरोक्त दृष्टिकोण हुनआएको खण्डमा विशेष रूपले सरकार र अञ्चल पञ्चायतबाट नै नं. ३ मा उल्लिखित अधिकारभन्दा पनि कम केही मात्र अधिकार दिई क्रमशः अधिकार दिने प्रबन्ध हुनुपर्दछ ।

## अञ्चल पञ्चायत

अञ्चल पञ्चायतलाई रचनात्मक कार्यप्रति ज्यादै सक्रिय रूपले नलगाई केवल राजनीतिक छलफल गर्न संस्थाका रूपमा मात्र राख्ने हो र त्यस संस्थालाई राम्रो निर्देशन तथा सही बाटो देखाउन नसके यसमा शङ्का छैन कि तिनीहरूको विचार शृङ्खलाले कुनै दोस्रो बाटो खोज्नेतिर नलागोस् । किनभने नाम मात्रले मनुष्य मस्तिष्कलाई एकाग्र गर्न सक्दैन । यो आवश्यक छ कि देशको राजनीतिक गतिविधिमा समेत आंशिक रूपमा विचार विमर्श र सरकार तथा राष्ट्रिय पञ्चायतमा समेत आफ्नो राय पठाउन सक्ने अधिकार दिनुपर्दछ । अञ्चलभरमा जिल्ला पञ्चायतद्वारा गरिने रचनात्मक कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले भाग लिन पाउने वातावरणको सृजना गरिनुपर्दछ, सोझै अञ्चलभित्रका जिल्ला पञ्चायतहरूमा केही पारस्परिक विकास योजनासम्बन्धी आदि मतभेदलाई सुल्झाउने वैधानिक अधिकार पाउनुपर्दछ । जिल्लाभित्र लागू गरिने केन्द्रीय सरकारको योजना अञ्चल पञ्चायतको माध्यमबाट लागू हुनुपर्दछ ।

प्रत्येक साल अञ्चल पञ्चायतले प्रत्येक पञ्चायतको कार्य क्षमता, चेतना, जागृति रचनात्मक कार्य विकासको अध्ययन गरी केन्द्रीय सरकारसमक्ष रिपोर्ट पेस गर्नुपर्दछ । असक्रिय जिल्ला पञ्चायतलाई तत्कालै सक्रिय बनाउन कुन किसिमले कार्य गर्नुपर्ने हो सो अञ्चल पञ्चायतको सल्लाहअनुसार सरकारले उक्त जिल्ला र जनताको बीचमा वैमनस्यता आउन जान्छ भने पञ्चायतलाई आफ्नो लक्ष्यमा पुगी आदर्श पञ्चायतको आकाङ्क्षा राख्न मृगतृष्णा सरह हुन जाने छ ।

सरकारी कर्मचारीहरूमा शक्तिको हस्तान्तरणले गर्दा किंकर्तव्यविमूढ जस्ता भएको पनि कहीँ कहीँ पाइन्छ । यस दिशातिर सरकारको ध्यान आकर्षित हुनु नितान्त आवश्यक छ ।

पञ्चायतलाई दिइने आवश्यक अधिकार त दिइने नै छ यसको साथै सेवाको राम्रो सङ्गठन तथा कर्मचारीहरूलाई यथाशक्य तथा हुन सम्भव सहुलियत दिई कर्तव्यपरायणताको भावना सृजना गर्न आवश्यक देखिएको छ जो पञ्चायतको सफलताको निमित्त अभिन्न अङ्ग छ ।

१. शासन विकेन्द्रीकरण दरिलो बनाउन प्रशासनमा रहने प्रत्येक कर्मचारीहरूलाई देशको सामाजिक, सांस्कृतिक, भौगोलिक तथा कुनाकाप्चामा कार्य गर्ने ज्ञान हुनुपर्दछ । आजसम्म यस्तो अनुभवको कमी देखा परेको छ यहाँसम्म कि देशको सच्चा चित्रणदेखि पनि अनभिज्ञ छन् भने पनि अत्युक्ति हुन जाने छैन । तसर्थ कर्मचारीहरूको पदोन्नति आदिमा जिल्लाको अनुभव प्राप्त व्यक्तिलाई नै ज्यादा प्राथमिकता दिनु आवश्यक होला कि ? किनकि यो ध्रुवसत्य एवं कटु पनि छ कि कतिपय जिल्ला अञ्चल सरकारमा आजतक केन्द्रीय सरकारबाट निकासा हुने कार्यमा केन्द्रीय कर्मचारीहरूमा देशको सही भौगोलिक एवं कठिनाइको अत्यधिक न्यूनतम ज्ञानबाट तत्कालै दिइनुपर्ने निर्णय निकासा आदिमा सुस्ती हुन गई जिल्ला

आदिमा यसको नराम्रो असर पर्न गएको छ । तसर्थ केन्द्रीय कर्मचारीहरूले पनि जिल्ला अञ्चलमा केही समयसम्म सेवा गर्न अत्यन्त आवश्यक देखिएको छ ।

किनकि देशको वास्तविक चित्रण थाहा नपाएसम्म देशको शासन चलाउन ज्यादै अप्ठ्यारो पर्दछ ।

३. कतिपय कर्मचारीहरूले योग्यतानुसार आफ्नो कुशलता सरकारसमक्ष देखाउने मौका पनि पाएको जस्तो लाग्दैन । अनुभव र पढाइको योग्यता एकातिर छ, उनको नियुक्ति बेग्लै ठाउँमा हुन्छ । फलस्वरूप योग्यतानुसार उहाँहरूबाट काम हुन सक्दैन र उल्टा आफूलाई दिएको जिम्मेवारीबाट भाग्न खोज्ने मनोवृत्ति सृजना हुन्छ । त्यसैले योग्यतानुसार योग्य कर्मचारीहरूको नियुक्ति उपयुक्त ठाउँमा हुनुपर्दछ ।

४. न्यूनतम वेतन भोगी कर्मचारीको तलबले आजको महँगीको जमानामा उदर पूर्ति हुन ज्यादै गाह्रो छ । त्यसैले नै बाध्य भएर अन्य आयको स्रोततिर हात पसार्नु आवश्यक परी नै जान्छ र जिल्लामा शोषण, घुसखोरी, भ्रष्टाचारको यिनै मूल कारण पनि हो कि जस्तो लाग्छ । यो यस जिल्लामा मात्र नभई केन्द्रमा पनि छ । तसर्थ दुईटै समाधानका बाटो सामुन्ने आउँछन् । प्रथमतः केन्द्र तथा जिल्लाको उच्च स्तरीय खर्च कटौती गर्ने या त बहुसङ्ख्यक नयूनतम कर्मचारीहरूबाट पनि छट्नी गरी बाँकी रहेका कर्मचारीहरूको तलब वृद्धि गर्ने देशको आर्थिक स्थिति नाजुक भएकोले यिनै दुई तरिका नै समाधानको निम्ति उपयुक्त छन् ।

५. सरकारी कर्मचारीहरूमा सर्भिसको ग्यारेन्टीको विश्वास छैन । फलस्वरूप जहिलेसम्म छौं त्यति बेलासम्म छौं त्यति बेलासम्म काम चलिजान्छ भन्ने भावनाले ठोस कार्य हुन सक्तैन । त्यसैले यसतर्फ पनि केही सुधार गर्नु अत्यावश्यक छ ।

अञ्चलाधीश बडाहाकिमको अधिकार वर्गीकरण भएमा पारस्परिक सद्भावनासँग कार्य हुने देखिन्छ । बडाहाकिमलाई शान्ति सुरक्षा, साधारण प्रशासन साथै जिल्ला स्तरमा अड्डाखानाहरूमा निर्देशन तथा रेखदेख गर्ने र अञ्चलाधीशको अञ्चलभरिमा सरकारी नीतिलाई कार्यान्वित गर्ने र गराउने सरकारी निर्देशन अञ्चलाधीशमार्फत बडाहाकिम वा अरू अड्डाखानामा जानुपर्दछ ।

## आयोगका सदस्य श्री निरविक्रम शाहले दिनुभएको सगरमाथा अञ्चलको आफ्नो भ्रमणसम्बन्धी रिपोर्ट

### १. सगरमाथा अञ्चलमा जम्मा मैले निम्नलिखित पञ्चायतहरूसँग भेटैँ

| | | | |
|---|---|---|---|
| १. | चनौरा पडरिया ग्रा.पं. | ग्रा.पं. | २. मलेठ |
| ३. | बसबिटी , , | , , | ४. रामपुरा मल्हनिया |

| | | | |
|---|---|---|---|
| ५. | वभनगामाकटी , , | , , | ६. कोइलाडी मधेपुरा |
| ७. | दौरी भरूवा , , | , , | ८. थालिवोया |
| ९. | सिकतेल बतासेकोट , , | , , | १०. तौखिम |
| ११. | ओखरे , , | , , | १२. सिकतेल तालीपाखा |
| १३. | खिकामाछा मूलावारी , , | , , | १४. सिकतेल नामन्त |
| १५. | हतुवा खैलाङ , , | , , | १६ वासीखोरा |
| १७. | बैकुण्ठे , , | , , | १८. दिङला तुगेछा |
| १९. | दिङला कीउरेनी , , | , , | २०. दामा सिद्धेटार |
| २१. | वास्तीम् , , | , , | २२. खिकामाछा टक्सार |
| २३. | ईयु | , , | |

राजविराज नगर पञ्चायत
राजविराज जिल्ला पञ्चायत
भोजपुर जिल्ला पञ्चायत

## २. विभिन्न वर्गका मानिसहरू

बुद्धिजीवी वर्ग

व्यापारी वर्ग

किसान वर्ग

स्कुल अध्यापक

कलेज प्राध्यापक

छात्रछात्रा

ग्रामीण तथा सर्वसाधारण जनता

विभिन्न विभागीय कर्मचारीहरू

वर्गीय सङ्गठनहरू

गाउँ पञ्चायतहरूको सङ्गठन र चुनाव भयो । पञ्चहरू चुनिए तर पञ्चहरू पञ्चायतलाई नै पञ्चायतको उद्देश्य के हो ? सिद्धान्त के हो हामी पञ्चको कर्तव्य के हुनुपर्छ, पञ्चायतबाट वास्तवमा देश र जनतालाई के फाइदा छ भन्ने कुराको राम्रो ज्ञान नभएको देखिन्छ । यस कुराको पञ्चहरूले मर्म बुझ्न नसकेका केही कारणहरू पनि छन् जस्तै शिक्षाको कमी, २०१७ सालअघिको पार्टीको सरगर्मीले मानिसहरूको दिमाग र आदत बिग्रिसकेको, तेस्रो कुरा पञ्चहरूको यो अवस्थालाई सुधारेर सही बाटोतिर मोड्ने सरकारी अङ्गहरूबाट प्रयास नभएको । उक्त कारणहरूले गर्दा पञ्चायत र जनसाधारणमा पनि एकअर्काको आवश्यक सहयोग चाहिँदो मात्रामा नभएको देखियो ।

पहाडी भाग कुनै कुनै ठाउँमा थोरबहुत बाटो बनाउने र अनाजका गोदाम बनाउने कार्य हुन लागिरहेछ । तराई मार्गमा सबभन्दा महत्त्वपूर्ण कार्य पूर्व पश्चिम राजमार्गमा प्रत्येक गाउँ पञ्चायतबाट श्रमदान गरिएको छ ।

## कार्यमा कठिनाइ

गाउँमा पञ्चायतहरूबाट उठाइएका रचनात्मक कार्यहरूमा गाउँकै केही ठूला ठूला धनीमानी व्यक्तिहरूबाट प्रत्यक्ष या अप्रत्यक्ष रूपमा बाधा अड्चन गरिन्छ भन्ने कुरा ज्यादा सुनियो । कतिपय निराक्षरी पञ्चहरूमा ऐन नियमको उद्देश्य नबुझी कामको तरिका नजानेर पनि अलमलिएको पाइन्छ । कुनै पञ्चले जबर्जस्तीसँग अनाधिकार काम गरेर सरकारी कानुनभित्र सजाय पाएको पनि सुनियो ।

कहीँ व्यक्तिगत स्वार्थवश पञ्चायतलाई आफ्नो हतकण्डा बनाउन खोज्नुको फल सर्वसाधारण जनताको पञ्चायतप्रति आस्था फिका भएको देखिन्छ । कर्मचारीहरूको पनि पञ्चायतप्रतिको आस्था कम भएकोले पञ्चायतलाई सहयोग गर्ने भावना कम देखिन्छ । सरकारी उच्च अधिकारीहरूको आआफ्नो अस्तित्व जमाउन खोजिने अनेकतमले गर्दा पनि जनतामा भ्रम परेको पाइन्छ ।

# ६. गाउँ पञ्चायतको अधिकार

गाउँ पञ्चायत ऐनअनुसार त्यसको प्रतिबन्धात्मक धाराहरू प्रयोग गर्न पाउने समेत गरी कार्य गर्ने अधिकार हुनुपर्छ भन्ने भनाइ छ ।

हाल प्राप्त गाउँ पञ्चायत ऐनद्वारा पाएको अधिकारबाहेक गाउँ स्तरीय सबै कुरा गाउँ पञ्चायतले हेर्न पाउनुपर्छ र यसो नभएमा जनतालाई दोहोरो तकलिफ पर्ने र पञ्चायतले पनि जे जति काम गर्न सक्ने हो त्यो पनि गर्न नसक्ने भएकोले आवश्यकीय थप अधिकारहरू हुनुपर्छ भन्ने केही भनाइ छ, जस्तै :-

(क)(१) पञ्चायतले कुनै रचनात्मक कार्य गर्दा आवश्यक परेमा कसैको जमिन प्राप्त गर्न सक्ने अधिकार ।

(२) गाउँ पञ्चायतले लगाउन पाउने करहरू गाउँ सभाले पास गरेर मात्र लागू हुने भन्नेमा महत्त्व नबुझी बोलाएको बखत गाउँ सभा जम्मा नहुने हुँदा गाउँ पञ्चायतले पास गरी जि.पं. ले स्वीकृति गरी दिएमा लागू गर्न पाउने ।

(३) जन गणना र कृषि गणनाको कार्य गर्ने ।

(४) आफ्नो वडाको वन संरक्षण गर्ने ।

(५) चल अचल धनमालको रू. ५००० सम्मको रजिस्ट्रेसन पास गर्न पाउने ।

(ख) न्यायतर्फ

(क) मुलुकी ऐनको घर बनाउनेको दफा ।

(ख) गरिब कङ्गालको दफा ।

(ग) गाली बेइज्जतीतर्फ रू. १०० जरिवाना र ३ महिना कैद हुनेको दफा ।

(घ) बाली चराइको ।

(ङ) अवैध मादक पदार्थ बेच्नेको ।

(च) खेत बसोबास साँध, सिमाना मिचेको ।

(छ) कुटपिटको रू. २०० जरिवाना र ३ महिना कैद हुने ।

(ज) देवालय, पाटी, पौवा, धर्मशाला, गौचर, स्मशान, प्राचीन स्मारक र पार्क बिगारेको अथवा मासी आवाद गरेको ।

(झ) साधारण चोरी ।

## ७. शिक्षा

(अ) यस अञ्चलमा जम्मा प्राइमरी स्कुल ४१४, मिडिल स्कुल ५८, हाइस्कुल १३, कलेज एक छन् । यस अञ्चलको जनसङ्ख्या ९,१५,१४३ छ । यस हिसाबले जम्मा सरदर एक स्कुलमा १,८८३ जनता भाग पर्दछ ।

(आ) यस्तै यस अञ्चलमा जम्मा २५ स्वास्थ्य केन्द्र छन्, करिब ३६,६०५ जनताको बीचमा एक स्वास्थ्य केन्द्र हुन आउँछ ।

## ८. यातायात

यातायातको सम्बन्धमा हाम्रो देशमा केवल राजधानीभित्र र एकदुई ठाउँ तराईमा छोडेर बाँकी सबै ठाउँमा यातायातको अत्यन्त कठिनाइ छ जुन यस अञ्चलमा पाइयो । यस्ता बाटाहरूमा जिउधनको केही सुरक्षा सम्झिइँदैन ।

## ९. उद्योग

यस अञ्चलमा औद्योगिक कारखानाहरूमा तराई भागमा केही राइस मिल र एक सलाई फ्याक्टरी मात्र छन् ।

## १०. लघु उद्योग

यसै अञ्चलको पहाडी भाग भोजपुर, ओखलढुङ्गातर्फ हाते तानचर्खाको प्रयोगबाट खद्दर, घरेलु चारखाने कपडा राडी र गलैँचा तयार गरिन्छ । टक्सार बजारमा धातुका भाँडाहरू बनाउने काम हुन्छ । धातुका मुर्तिहरू बनाउने कलामा पनि निकै कुशल देखिन्छन् ।

## ११. सञ्चार

(अ) हाम्रो देशमा परम्परानुसार चलिआएको हुलाक व्यवस्था पूर्ववत् नै चलिरहेको छ । कुनै खास प्रगति भएको देखिँदैन । बाटोको कठिनाइ र नदीनालाहरूमा पुलको व्यवस्था नभएकोले पनि ढिलासुस्ती भएको कारण हो ।

(आ) हाल केही वर्ष यता हरेक जिल्लामा आकाशवाणी सेट राखिएका छन् तर सुचारू रूपले आकाशवाणीहरू नचलेका हुनाले जनता तथा सरकारलाई पनि कार्यमा बाधा भइरहेको देखिन्छ । २०१७ साल यता सबै जिल्लाहरूमा टेलिकम्युनिकेसनद्वारा आकाशवाणी भवन तयार भइसकेका छन् तर कार्य चालू भएको छैन ।

(इ) राजविराजमा कच्चा हवाइ मैदान छ । वर्षाकाल छोडेर अरू बखत हवाइ सेवा चालू रहन्छ ।

## १२. भूमि व्यवस्था

(क) नयाँ प्रकाशित भूमि व्यवस्था ऐनले ठूला भूमिपति (जुन व्यक्तिहरूसँग २५ बिगाहाभन्दा धेरै ज्यादा जमिन छ) ले आफूसँग भएको जमिन आफ्नो, छोरा, नाति, स्वास्नी, बुहारी, भान्जा, भान्जी, ज्वाइँ, आफ्नै नोकर आदि प्रत्येक (जसबाट कि यो जमिनपछि पनि आफ्नै अधिकारमा रहने सम्भव हुन्छ) का नाउँमा धमाधम रजिस्ट्रेसन पास गराउने मौका पाएका छन् ।

(ख) अर्कोतर्फ भूमिपतिहरूका आधारमा जीवित रहेका भूमिहीन जनता ऋणकर्जा नपाएर उनीहरूको दैनिक व्यवसाय रोकिएको हुनाले छट्पटाइरहेका छन् । केही थोरबहुत भएको जमिन राखेर कर्जा लिनेदिने व्यवस्था पनि समाप्त भयो । अरू सुन, चाँदी ढिक बन्धक राख्नलाई गरिबसँग ननिक्लने हुनाले सङ्कट अवस्था सर्वसाधारणमा आइपरेको छ ।

(ग) पहाडमा ८० रोपनीले उसमा पनि सबै जमिन तराईझैँ समथल र उपयोगी हुँदैन । उब्जाउ पनि कम हुने र खोलो पहिरोले काटिरहने हुँदा एक सम्पन्न परिवारलाई खान पुग्दैन । तराई सरह २५ बिगाहाको बराबर जमिन पहाडमा पनि हुनुपर्छ भन्ने भनाइ पनि छ ।

(घ) मासिक कट्टा र थैली कट्टा ठूला भूमिपतिहरूले प्रायः बन्धकी लिएका हुँदैन जो खान नपुगी भूमिहीनहरू देश, विदेश गई कमाई केही जग्गा भूमिपतिहरूबाट बन्धकी लिएर जीवन निर्वाह गरेका यसबाट गरिबलाई नै मर्कापरेको छ भन्ने पनि सुनिन्छ ।

(ङ) मोहीयानी हक र सुरक्षित किसानबारे यसमा थोरबहुत जमिन भएको र आफू देश या विदेशमा नोकरी गरिरहेको अथवा अशक्त मानिसले अर्कालाई केही कालको लागि कमाउन दिएको, पछि आफै भोगचलन गर्न चाहेमा पनि यसबाट बाधा परेको छ भन्ने भनाइ छ ।

## १३. विकास

विकासमा जनताको ज्यादै माग र अभिरूचि पाइन्छ । आफ्ना गाउँ अथवा गाउँनजिकका स्कुल, धारा, कुलो, मूल आदि बनाइपाऊँ भन्ने दरखास्तहरू विकास अफिसमा आउँछन् । साथै जनताका तर्फबाट सक्दो सहयोग दिने वचन पनि पाइन्छ । ०१७ सालअघि जिल्ला विकास बोर्डबाट खर्च गरिएको योजनाहरूमा हाल केही स्कुल भवनहरू मात्र कायम छन् ०१७ साल यता खास ठूला योजनाहरूमा खर्च भएको देखिएन ।

## १४. न्याय

न्यायतर्फ आफूलाई खास अन्याय पारेर अथवा कुनै जाली फटाहाहरूको जालमा परेर अनेक कारणबाट जनता ज्यादाजसो अदलतहरूमै उल्फिरहेका देखिन्छन् । शोषक ठालुहरूले सताउनको लागि बनावटी झुठा मुद्दाहरू सिधासाधा जनताउपर लगाइ दिने चलन पनि देखियो । न्याय कागजी प्रमाणमा आफ्नो निर्णय दिन्छ । कागजी प्रमाण पैसाद्वारा ठालुले किन्न असम्भवको कुरा हुँदैन । अतः गरिबको रूवाइ यसतर्फ पनि प्रशस्त सुनिन्छ ।

## १५. बुद्धिजीवीसँग

प्रशासनको विकेन्द्रीकरण यो पञ्चायती व्यवस्था र देश विकासको लागि अत्यन्त आवश्यक छ । पञ्चायतहरूलाई अधिकार सम्पन्न बनाउनको साथै कार्यमा दक्ष बनाउनको लागि यसतर्फ सरकारले विशेष ध्यान दिनुपर्छ भन्ने :-

(१) करहरू लगाउँदा पञ्चायतहरूद्वारा आफ्नो आफ्नो ठाउँको स्थिति र आर्थिक अवस्था हेरेर लगाइनुपर्दछ ।

(२) कृषि ऋणको व्यवस्था यथाशीघ्र हुनुपर्छ ।

(३) छात्रवृत्तिको लागि जि.पं. को सिफारिसको आधारमा कलेज नभएको ठाउँका छात्रहरूलाई प्राथमिकता दिनुपर्छ ।

## १६. व्यापार

यस अञ्चलमा १५ प्रतिशत जनता व्यापार धन्दामा लागेका पाइन्छन् । यहाँका व्यापार केन्द्र भारतसँग निर्मली, जोगबनी र तिब्बततर्फ नाम्चे बजार आदि ।

### निर्यात हुने :-

आलु, सुन्तला, ध्यू, चिरैतो, अलैंची, धान, तोरी, मकै आदि आयात हुनेमा खाद्यान्न, दलहन, तेलहन छोडेर अन्य दैनिक उपभोगका सबै चीजहरू ।

## १७. आर्थिक

आर्थिक दृष्टिले खास गरी दुई भागमा बाँड्न सकिन्छ । एक थरि धनी र अर्को थरि गरिब । धनीहरूसँग भूमि (जग्गा) पनि प्रशस्त छ । त्यसैको आयस्ताबाट उनीहरूसँग पैसा पनि प्रशस्त हुन्छ । गरिबहरू धनीकै निगाहले पालिएका शोषित वर्ग जसको साथमा न पैसा छ न जमिन नै । बीचका एक थरि व्यापारीहरू छन् । तर उनीहरूसँग पनि कमसेकम आफ्नो गुजरासम्म जमिन भएकै छन् ।

पुँजीपतिहरूले धनले ढुकुटी भरेर राखेका भए तापनि कुनै उद्योग धन्दातर्फ सो पुँजी उपयोग भएको छैन जसबाट कि गरिबले पनि आफ्नो ऋय शक्ति बढाउन सकून् । उनको आर्थिक स्तरमा केही उन्नति होस् । यसकारणले सारा जनताको आर्थिक स्थिति दिन प्रतिदिन तल गिरिरहेको छ ।

## १८. सामाजिक

यहाँका जनता सामान्य जीवन बिताउँछन् । अधिकांश जनतामा आफ्नो खेती किसान गर्ने पशुवस्तु पाल्ने नै विशेषता छ । यहाँ पहाडी भागका जनता सामन्ती शोषणद्वारा पीडित भई आफ्नो आर्थिक अवस्था सुधार्नको लागि विदेश भारत, मलाया अथवा अन्य कुनै ठाउँमा गई नोकरी गरेर त्यही आयस्ताबाट साहू तिर्ने र परिवारको लुगारोटीको गुजरा चलाउने गरेको पाइन्छ ।

## १९. सर्वसाधारण जनता

जनता देश निर्माण कार्यमा अघि बढ्न बहुतै उत्साही, लगनशील र दत्तचित्त पाइन्छन् । आज देशको ठूलो आवश्यक पनि सक्रिय जनसहयोग नै हो । ती छरिएका जनशक्तिलाई सँगालेर सञ्चालन र सदुपयोग गर्न सकिएको छैन । यस दिशातर्फ सरकारी प्रयास भएको पनि पाइँदैन ।

## २०. कर्मचारीहरू

आजको बढ्दो महँगीमा कम तलबले निर्वाह गर्न मुस्किल भएको छ । काममा गएको दैनिक भ्रमण भत्ता पनि पाइँदैन । केही पाइहाले पनि धेरै समयपछि कर्मचारी अर्कै ठाउँमा सरूवा भई गइसकेपछि निकासा हुन्छ । सो पनि लिन मुस्किल पर्छ भन्ने भनाइ कर्मचारीहरूको सुनिन्छ । कर्मचारीहरूमा आपसी सहयोग र सद्भावना जति हुनुपर्ने थियो त्यति मात्रामा भएको पाइँदैन ।

## २१. प्रशासन

जिल्लामा बडाहाकिमको कार्यालय र अञ्चलाधीशको कार्यालयबाट सञ्चालित हुने कार्यहरूमा परस्पर मेल खान नसकी आपसमा सामञ्जस्य नआएकोले जुन दोहोरो बलबाट कार्य र गतिमा तीव्रता आउनपर्ने हो सो नभई त्यसको विपरीत एकअर्काको प्रशासन कार्यमा बाधा र विभिन्नता पैदा भएको देखिन्छ ।

## २२. शान्ति सुरक्षा

डाँका र नदीले खण्ड खण्ड पारेको प्राकृतिक कठिनाइले शान्ति सुरक्षाको व्यवस्था देशको हरेक कुनामा उचित मौकामा पुऱ्याउन नसकी जति ढिलो हुन्छ त्यति नै ढिलो अशान्त वातावरण फैलिन पनि लाग्छ ।

भूतपूर्व राजनीतिका कार्यकर्ता यस अञ्चलमा प्रशस्त पाइन्छन् । गत साल यस अञ्चलको तराई तथा पहाडी भागमा अराष्ट्रिय तत्त्वले निकै शान्ति भङ्ग गर्ने प्रयास गरेका थिए । हाल यस अञ्चलमा शान्ति सुव्यवस्था कायम छ ।

## २३. अञ्चल विभाजन

हाम्रो अधिराज्यलाई १४ अञ्चल ७५ विकास जिल्लामा विभाजित गरेको व्यावहारिक सिद्ध भएको छ । यातायातको कठिनाइको कारण एक अर्को भागका जनतामा पारस्परिक सहयोग र सहानुभूतिको कमी पाइन्थ्यो । खास गरी तराईबासी र पहाडी भन्ने कुरामा ज्यादा भेदभाव पाइन्थ्यो । उत्तरको हिमालयदेखि लिएर दक्षिणको हरियाली तराईसम्म एक अञ्चलमा परिणत भएको हुनाले तराईका मधिसे र पहाडका पहाडी भन्ने सङ्कुचित भावनाको बिस्तारै लोप हुँदा आपसमा समन्वय र सामञ्जस्यताको रूप रेखा पर्न थालेको छ ।

# भाग दोस्रो

सुझावको रूपमा मेरो आफ्नो राय पेस गर्दछु ।

## १. पञ्चायत र प्रशासन विकेन्द्रीकरण

हाम्रो जस्तो कम विकसित देश बहुसङ्ख्यक अशिक्षित जनता भएको ठाउँमा सबै कुरा माथिबाटै लादिएर मात्र व्यावहारिक हुन नसक्ने हुँदा गाउँमा बस्ने सर्वसाधारण जनताको जीवन स्तरदेखि नै देश प्रगति गर्ने पञ्चायती प्रजातन्त्रको लक्ष्य भए तापनि जनतामा यस उद्देश्यको पूर्ण ज्ञान हुन नसक्नु यस व्यवस्थाको सबभन्दा कमी यही कुरा हो ।

यसकारण देशको सबै पञ्चहरूलाई आफ्ना आफ्ना अञ्चल, जिल्ला र गाउँ स्तरमा पनि कमसेकम वर्षमा चार चारचोटि सम्मेलन सेमिनार गराउन उनीहरूलाई आपसमा छलफल विचार विमर्श गर्न मौका दिने र आफ्ना आफ्ना कठिनाइहरू आफ्ना आफ्ना ढङ्गबाट स्थानीय वातावरण साधन र परिस्थितिअनुसार त्यसको समाधान गर्ने उपायहरू सोच्ने मौका दिनुपर्छ । साथै त्यस लायक बनाउन उचित शिक्षा र निर्देशनको अत्यन्त आवश्यक देखिन्छ ।

केन्द्रबाट पठाइएका योजना अथवा अधिकारीहरूबाट वास्तवमा व्यावहारिक दृष्टिले उपयोगी हुन नसकेको केवल सैद्धान्तिक रूपमा मात्र रहेको छ । स्थानीय समस्याको लागि स्थानीय मानिसहरू नै त्यसको मर्म बुझेका र समाधान गर्न सक्ने क्षमता नभएका पनि हुँदैनन् ।

खास गरी पञ्चायत जस्ता स्वशासित संस्थाहरूलाई सुदृढ र सक्रिय बनाउन सकियो भने दर्शनमा सफलताको बढी आशा राख्न सकिने छ । सम्मेलनद्वारा पञ्चहरूलाई यस्तो ज्ञान हुन सकोस् कि पञ्चायत नै वास्तवमा देश र आफ्नै लागि पनि एक मात्र आवश्यक चीज रहेछ । अनि स्वतः उनीहरूमा यस व्यवस्थाप्रति प्रेम र रूचि बढ्ने छ । जब प्रेमपूर्वक कुनै कार्य उठाइएको छ भने त्यसको सफीलभूतको लागि हरप्रयत्न गर्न पनि स्वभावले मानिसलाई बाध्य गराउने छ । यस्ता सेमिनारहरूको आयोजनामा निर्देशन तथा निरीक्षण गर्नको लागि भरसक मन्त्री, सहायक मन्त्री तथा राष्ट्रिय पञ्चायतका सदस्यहरू नै उपस्थित भए ज्यादै उपयुक्त हुने देखिन्छ । यसबाट पञ्चायतको महत्त्व ज्यादा बढ्ने र तल्ला स्तरका पञ्चहरूमा पनि हौसला बढ्ने देखिन्छ । राष्ट्रिय पञ्चायतका सदस्यहरूको पनि यस कामको लागि सबै ठाउँमा भ्रमण गर्ने टोली बनाइन आवश्यक देखिन्छ । अर्कोतर्फ सरकारी प्रत्येक अङ्गहरूबाट पञ्चायत र पञ्चहरूप्रति आस्था, सम्मान र पूर्ण सहयोगको व्यवहार हुनु जरूरी छ । सबैको सहयोग र परिश्रमविना यो बिरूवा हुर्काउन निकै कठिन पर्ने छ । पञ्चायती दर्शनको सफलताको लागि राजनीति दृष्टिकोणबाट पञ्चहरू राजनीति कार्यकर्ता हुन् । पञ्चायतप्रतिको उनीहरूको उचित सेवा नै राजनीति हो ।

पुरानो बाटो छोडेर यो नयाँ बाटो छोटो, सुन्दर र देशको लागि सुगम पनि हुने भएको हुनाले **श्री ५ बाट** देशलाई यो दिशातर्फ मोडिबक्सेको हो । तथापि यो एउटा हाम्रो लक्ष्यसँग पुग्ने साधन मात्र हो । यो साधनद्वारा हामीलाई आफ्नो लक्ष्यमा पुग्नको लागि कति कठिनाइ परेको छ । अर्झै देशलाई पछाडि घचेटेर आफ्नो पुरानो सामन्ती मनोवृत्तिलाई कायम राख्न चाहने सङ्कुचित भावनाका केही व्यक्तिहरूद्वारा पर्दाभित्रबाट कतिसम्म कुचेष्टा भइरहेछ । यी सब कुरालाई ध्यानमा राखेर भविष्यको हाम्रो समाज शोषणरहित पार्टीविहीन, स्वस्थ र स्वच्छ बनाउन सर्वप्रथम जनताको अनुकूल अधिकार जनतालाई नै प्राप्त हुनुपर्छ जसबाट सुव्यवस्थित ढङ्गले यस मार्गमा आउने बाधा अडचनलाई समाप्त गर्दै देश निर्माण गर्न अगाडि बढ्न सकियोस् ।

यो कुरा **श्री ५ महाराजाधिराज** सरकारबाट पनि अनुभव गरिबक्सी स्वयं प्रशासन विकेन्द्रीकरण जस्तो महान् कदम उठाइबक्सेको छ । **श्री ५** को यो सदिच्छालाई साकार गर्न हामी प्रत्येक नेपालीले आफूलाई बलिदान गर्न तयार हुनपरेको छ ।

यस व्यवस्थामा मुख्य जुन कुराहरूका अत्यन्त जरूरत छ त्यही कुराहरूको कमी भए जस्तो पनि लाग्छ । यी हुन् आत्मविश्वास, लगन, कर्तव्यपरायण, अनुशासन र प्रत्येकको हृदयमा यस व्यवस्थाप्रतिको वास्तविक सच्चा प्रेम ।

**श्री ५** को महान् वाणीझैँ मुखभन्दा हात ज्यादा चलाउनुपरेको छ । शक्तिको विकेन्द्रीकरण वास्तवमा निरूउद्देश्य भई रनफनाएका जनताको विचार खेर गइरहेको ताकतलाई एकत्रित पारी यसै व्यवस्थातर्फ झुकाउने र ज्यादा लगनशील बनाउने एक मुख्य उपाय बन्ने छ ।

अधिकारको सदुपयोग अथवा दुरूपयोग हुने भन्ने कुरामा कोही खराब आचरण भएका सरकारी उच्च अधिकारीहरूबाट पनि कम भ्रष्टाचार र अनाचार नभएको छैन । अनुभवरहित नयाँ हातले चलाउन पर्दा सामान्य गल्तीहरू अवश्य रहने छन् । जेहोस् भविष्यका शासक बन्न अहिलेदेखि नै स्वशासित हुनुपरेको छ । आखिर त गल्ती पनि सबै दोहोरिन सक्दैन । अर्को कुरा बहुमतबाट गरिने कार्यमा एकाधिपत्यझैँ मनोमानी र भ्रष्टाचारको भय कम रहन्छ ।

यसमा मेरो मुख्य भनाइ यही हो कि पञ्चायतप्रति पञ्चहरू तथा सबै नेपाली मात्रको आआफ्नो जिम्मेदारी र कर्तव्यको हो । यसको पूर्ण ज्ञान सबैमा हुनु अथवा यस कुराको सबैमा ज्ञान गराइन र जनतालाई स्वाबलम्बी तथा जागरूक बनाउन राष्ट्रिय दृष्टिकोण अधिक मात्रामा रहनुपर्छ भन्ने मलाई लाग्दछ ।

सैद्धान्तिक आधारमा मोटामोटी रूपले तलका विषय विषयहरूमा पञ्चायतलाई प्रशासनबारे निम्नलिखित अधिकारहरूको जरूरत छ भन्ने मलाई लाग्छ :

# २. शान्ति सुरक्षा

(क) अलमलिरहेका भूतपूर्व राजनीति कार्यकर्ताहरूको ज्ञान र विवेकलाई देश निर्माण कार्यमा संलग्न गराउन सकेमा जनता तथा देशलाई पनि ज्यादा हित हुने थियो भन्ने मलाई लाग्दछ किनभने उनीहरू जनतासँग भिजेका र काम गर्ने तरिका पनि जानेका हुन्छन् । कामको अभिभारा आइपरेमा मानिसलाई विषय छोडेर अन्य फाल्तु कुरामा सोच्ने र दिमाग खर्च गर्ने अवकाश रहँदैन ।

(ख) शान्ति सुरक्षाको लागि बडाहाकिम नै सरकारको मुख्य प्रतिनिधि भए तापनि यदि यस कार्यमा सबैको विशेष ध्यान रहनु ज्यादा हित हुने र बडाहाकिमलाई ज्यादा सहुलियत र सहयोग पनि हुने साथै जिल्लाको शान्ति सुरक्षामा जिल्लाको सदरमुकाममा बसेर सबै कुना कुनासम्म बडाहाकिमले परेको बेलामा तुरून्त शान्ति सुरक्षाको व्यवस्था मिलाउन यातायातको असुविधाले पनि नसकिने अवस्था छ ।

अर्को कुरा हरेक जिल्ला पञ्चायतको सदरमुकाममा अड्डाखानाहरू पनि बढ्ने सरकारी सरसामान र जिल्ला कोष पनि रहने हुँदा यसको सुरक्षाको लागि पनि हरेक जि.पं. सदरमुकाममा एक एक पुलिस थाना राख्न आवश्यक देखिन्छ । सो पुलिसथानाले जि.पं. को सिफारिसअनुसार जिल्लाको आम शान्ति सुरक्षाको र अन्य सरकारी काममा आफ्नो जिल्लाभित्रको हेर्ने र बडाहाकिम र वा अञ्चलाधीशलाई पनि सहयोग गर्ने ।

(ग) सार्वजनिक सुरक्षा ऐन प्रयोग गर्दा बडाहाकिम जिल्लाका गुटबन्दीमा लागि विपक्षी गुटलाई (निर्दोष व्यक्ति भए पनि) दबाउनको लागि सार्वजनिक सुरक्षा ऐन सजिलैसँग प्रयोग गर्न सक्ने अधिकार भएको र यस्ता घटनाहरू जिल्लामा घटेको देखिएको पनि हुनाले बडाहाकिमले उक्त ऐन कुनै व्यक्तिउपर प्रयोग गर्दा जुन जि.पं. भित्रको मानिस हो त्यही जि.पं. को राय सल्लाहविना र त्यस व्यक्तिको आचरणबारे हाम्रो अध्ययन र छानबिन नगरी उक्त कानुन प्रयोग गर्न नसकिने व्यवस्था हुनुपर्छ ।

यदि त्यो व्यक्ति निर्दोष छ भनी जि.पं. ले सकार्दासकार्दै पनि बडाहाकिमले सो कानुन प्रयोग गरेमा जिल्ला पञ्चायतको रिपोर्ट अञ्चल पञ्चायतमा र अञ्चलाधीशमा पठाउने र अं.पं. तथा अञ्चलाधीशको संयुक्त कमिसनबाट जाँच पडताल गरी ७ दिनभित्र उचित निर्णय दिइने हुनुपर्छ । यदि अञ्चल स्तरमा पनि कुरा नमिलेमा सोही व्यहोराको सूचना जि.पं. लाई दिएर अन्तिम निर्णयको लागि केन्द्रमा पठाउने र केन्द्रले पनि बाटाको म्यादबाहेक १५ दिनभित्र उचित निर्णय गरिदिने व्यवस्था भए जनतालाई मर्का नपर्ने लाग्दछ ।

(घ) जि.पं. ले एक स्वयंसेवक दल खडा गर्न पाउने अधिकार हुनुपर्छ जसले जिल्लाको विकास कार्यमा गाउँ पञ्चायतहरूलाई पनि सहयोग गरोस् । जनतामा पञ्चायत तथा विकास कार्यका बारेमा प्रचार गर्ने र शान्ति सुरक्षातर्फ पनि ध्यान राख्न सकोस् ।

# ३. न्याय

गाउँ तथा नगर पञ्चायतहरूले थप अधिकार मागेका माथि पहिलो भागमा उल्लेख गरिएको प्रशासन तथा न्यायतर्फका अधिकारहरू गाउँ तथा नगर पञ्चायतलाई दिन मनासिबै देखिन्छ । त्यसदेखि बाहेक इलाका अदालतबाट कारबाही गरिने सबै मुद्दाहरूमा गाउँ तथा नगर पञ्चायतलाई आफ्ना आफ्ना वडाभित्रका मुद्दामा साक्षी सरजमिनको रूपमा राखिनु अनिवार्य देखिन्छ ।

आफ्नो जिल्लाभित्रका मुद्दामा फैसला गर्दा जिल्ला पञ्चायतको प्रतिनिधित्व अदालतमा हुनुपर्ने मलाई लाग्दछ । किनभने यसो हुँदा आफ्नो जिल्लाको वस्तुस्थितिको ज्ञान पनि भइरहेको हुने र कागजी भरमा अथवा जाली फटाहाहरूको फट्याइँबाट मुक्त इन्साफमा सत्यता आई जनतालाई मर्का नपर्ने गरी कर्मचारीलाई काम गर्न सहयोग हुनुको साथै पञ्चायत सदस्यहरूलाई पनि यसतर्फको राम्रो शिक्षा मिल्ने हुन्छ ।

यदि पञ्चायत सदस्यको राय नमिली बाझिएमा बडाहाकिम या अञ्चलाधीशले दुवै थरिको राय र मिसिल समेत अपिल सुन्ने जिल्ला अदालतमा पठाइदिनुपर्ने छ । उक्त अफिसमा अञ्चल पञ्चायतले प्रतिनिधित्व गर्न पाउने र त्यहाँ पनि रायबाजी भएमा सर्वोच्च अदालतमा पठाइदिने व्यवस्था हुनुपर्ने भन्ने मलाई लाग्दछ ।

## पुनश्च

हालको व्यवस्थानुसार तल्लो तहको अदालतलाई इलाका अदालत भनिन्छ । त्यसको अपिल सुन्ने अदालतलाई जिल्ला अदालत भनिन्छ । अब यसो नभई तल्लो तहको अदालतलाई साबिकबमोजिम इलाका अदालत र त्यसको अपिल सुन्नेलाई जि.अ. बाट अञ्चल अदालतको नाममा परिवर्तन गरी हरेक अञ्चलमा कमसेकम एक अञ्चल अदालत खडा गर्न अत्यन्त आवश्यक देखिन्छ ।

## भ्रष्टाचार

आफ्नो जिल्लाभित्रको कुनै पनि भ्रष्टाचारसम्बन्धी कुरा जिल्ला पञ्चायतले कुनै कर्मचारी अथवा गैरसरकारी व्यक्तिसँग शङ्का लागेमा स्पष्टीकरण माग्न सक्ने अथवा प्रमाणसहित पत्राउ नै भएमा कारबाहीको लागि बडाहाकिमसँग सुपुर्द गर्ने र स्वयम जि.पं. पनि सो कारबाहीमा बडाहाकिम सरह राय गर्न पाउने हुनुपर्छ ।

यहाँ बडाहाकिम र जि.पं.को राय नमिलेमा उक्त कारबाही अञ्चल पञ्चायतमा पठाइदिने । अञ्चल पञ्चायत र अञ्चलाधीशको निर्णयमा पनि समानान्तर भएमा केन्द्रमा पठाइदिने व्यवस्था हुनुपर्ने देखिन्छ ।

## स्वास्थ्य

आफ्नो जिल्लाभित्र स्वास्थ्य केन्द्र नयाँ खोल्ने, एक अर्को ठाउँमा सार्ने अथवा खारेज गर्ने सिफारिस र निरीक्षण गर्ने तथा स्वास्थ्य अधिकारीहरूको सरूवा चेन्ज र पद वृद्धिको लागि सिफारिस गर्न सेवा र चरित्रबारे रेकर्ड राख्ने समेत अधिकार जि.पं. लाई हुनु आवश्यक देखिन्छ । यस कामको लागि यस कामका अधिकारीहरूको राय सल्लाह जि.पं. ले लिन सक्ने हुनुपर्ने ।

## शिक्षा

(अ) माथि स्वास्थ्यबारे लेखिएकोअनुसार सोहीबमोजिम शिक्षाबारेको अधिकार पनि जि.पं. लाई हुनुपर्ने आवश्यक देखिन्छ ।

(आ) यदि गाउँ, नगर र जिल्ला पञ्चायतहरूले आफ्नै आयस्ताबाट स्कुलहरू चलाउन सक्छन् भने स्कुल, कलेजहरू वृद्धि गर्न सरकारसँग निकासा लिन नपर्ने केवल स्कुल कलेजको लगत मात्र दिए पुग्ने हुनुपर्ने । आवश्यकअनुसार शिक्षा राय सल्लाह पनि जि.पं. ले लिन सक्ने हुनुपर्ने मलाई लाग्छ ।

## विकास

जिल्ला पञ्चायतको आफ्नै आयस्ता र सरकारी कोषबाट प्राप्त हुने रकमहरूबाट चालु गरिने विकास योजनाहरूको लगत इस्टमेट गर्दा जि.पं., बडाहाकिम र यस कामका प्राविधिज्ञहरूको राय सल्लाहअनुसार योजना बनाउने प्रबन्ध हुनुपर्ने भन्ने मलाई लाग्दछ ।

यदि यस कार्यमा आपसमा राय बाझिएमा अञ्चल पञ्चायत र अञ्चलाधीशको निर्णय लिनुपर्ने र अञ्चल स्तरमा पनि यो कुरा नमिले केन्द्रमा पठाउने र केन्द्रले बाटोको म्यादबाहेक छिटो साधनद्वारा १५ दिनभित्र उचित निर्णय दिने व्यवस्था हुनुपर्ने भन्ने मलाई लाग्दछ । जिल्ला पञ्चायतको निर्णयमा बडाहाकिम अथवा अञ्चलाधीशको राय बाझेमा तत्कालीन गर्नुपर्ने कार्यहरूको लागि जिल्ला पञ्चायतको निर्णयानुसार गर्ने गरी पछि दुवैको रायमाथि अञ्चल पञ्चायतमा पठाइदिने हुनुपर्छ ।

## जिल्ला पञ्चायतको आयव्यय

(अ) हरेक जिल्ला पञ्चायतको आफ्नै कर आदि पञ्चायतबाट आयस्ताबाहेक अञ्चलको पूरा आम्दानीबाट २० प्रतिशत होस्, यो अञ्चलभित्रका सबै जिल्ला पञ्चायतले दामासाहीको हिसाबले केवल विकास कार्यमा खर्च गर्नको लागि पाउनुपर्छ । यसमा पनि ज्यादै कम आम्दानी भएका जि.पं. हरूलाई सरकारी विशेष सहायता पाउने प्रबन्ध हुनुपर्छ भन्ने मलाई लाग्छ ।

**व्यय :-**

(आ) जिल्ला पञ्चायत, बडाहाकिम र प्राविधिज्ञहरूबाट लगत इस्टमेट गरिएका योजनाहरूमा जि.पं. ले आफ्नो कोषबाट खर्च गर्ने र ती योजनाहरूमा सम्भव भएसम्म जनसहयोग पनि प्राप्त गर्न सक्नुपर्छ ।

जिल्ला पञ्चायतले हरेक वर्ष सालतमामको तीन महिनाअगाडि आफूले वर्ष दिनभित्र गरेका योजनाहरूको खर्चको पूर्ण विवरण र आगामी वर्षको लागि अनुमानित बजेट अञ्चल पञ्चायतमा पठाइसक्नुपर्छ ।

(इ) जिल्ला पञ्चायतको बहीखाता अन्य कुनै काम कारबाहीको जाँच पडताल गर्न परेमा अञ्चल पञ्चायतको रोहबरमा अञ्चलाधीशले सो कार्य गर्न पाउने हुनुपर्छ भन्ने मलाई लाग्दछ ।

## ९. गाउँ तथा नगर पञ्चायतको आयव्यय

गाउँ तथा नगर पञ्चायतहरूले पनि आफ्नै आय र सरकारी विशेष सहायता पाउनुपर्छ । प्राविधिज्ञ र जि.पं. द्वारा लगत इस्टमेट गरिएका योजनामा खर्च गरिएको बहिखाता, काम कारबाही बडाहाकिम र जि.पं. समेत भई जाँच पडताल हुनुपर्छ ।

वार्षिक खर्च र आगामी अनुमानित बजेट सालतमामको चार महिनाअगावै जि.पं. मा पठाउने व्यवस्था हुनुपर्ने ।

## १०. जिल्ला पञ्चायतलाई थप अधिकार

जि.पं. ऐनमा हाल दिइएको अधिकारबाहेक जिल्ला पञ्चायतले आफ्नो जिल्लाभित्रका आवश्यकीय विषयहरूमा सामान्य रेखदेख र सुव्यवस्था मिलाउनुपर्ने देखिन्छ । अतः बडाहाकिमसँग निहित रहेका केही अधिकारहरू तल उल्लेख गरेको छु जो जि.पं. लाई दिइनुपर्छ भन्ने मलाई लाग्छ :

(१) (क) शान्ति सुरक्षाअन्तर्गत

(ख) जनताको नागरिकताको रक्षा

(ग) आवश्यक सेवाहरू कायम राख्नु

(घ) जनतासँग राम्रो सम्बन्ध कायम राख्नु

(ङ) सङ्कट समयमा सञ्चार व्यवस्था ठीकसँग कायम राख्नु

(२) मदेश गोस्वारा ऐन, २०१२ भनी जिल्ला प्रशासन दिग्दर्शन (म्यानुयल) मा उल्लेख गरिएका कदेखि जसम्मका दफा सबै ।

(३) छापाखाना र प्रकाशनसम्बन्धी ऐनका आवश्यक कुराहरू जस्तै : पत्रपत्रिकासँग धरौट लिने, खान तलासी गर्ने र गैरकानुनी कुराहरू छाप्न प्रतिबन्ध लगाउने ।

(४) कुनै किसिमको दैवी सङ्कट परेमा आवश्यकीय प्रबन्ध मिलाउने ।

(५) कुनै किसिमका समाज कल्याणकारी कार्यहरू गर्न सक्ने ।

(६) आफ्ना जिल्लाभित्रका सबै कर्मचारीहरूको अनुशासन र चरित्रबारे कडा नियन्त्रण राख्ने तथा जि.पं. का आदेश उल्लङ्घन, अटेर गर्ने कुनै पनि कर्मचारीउपर अनुशासनहीनताको कारबाही गर्न सक्ने र सरूवा गर्न सक्ने अथवा कसुरअनुसार डिमोसन अर्थात् पद घटाउन र नोकरीबाट मुक्त गरी दिनको लागि सिफारिस गर्न पाउने ।

(७) सवारीसम्बन्धी व्यवस्था मिलाउन पाउने सवारी ऐनको अधिकार ।

(८) कालोबजार ऐनसम्बन्धी अधिकार ।

(९) नपाएको दर्जा पाएँ भनी नाजायज काम गर्ने व्यक्तिउपर कारबाही गर्न पाउने ।

(१०) थुनुवालाई खर्च खुवाउनेबारे ।

(११) चोरी, डाँका र बद्चलनका मानिसउपर आवश्यकीय कारबाही गर्न पाउने ।

(१२) जिल्लाभित्रका सबै किसिमका व्यवसायमा चल्ने मानिसहरूको तथ्याङ्क राख्ने र उनीहरूउपर नियन्त्रण गर्न सक्ने ।

(१३) टुरिस्टहरू आएमा उनीहरूको सुप्रबन्ध मिलाइदिने ।

(१४) सरकारी कुनै अभियोग लागी फरार भएका मानिसको तलासी लिने र हुलिया माथि जाहेर गर्ने ।

(१५) हातहतियार र खजानाको लगत राख्ने ।

(१६) पास नभएको बन्दुक राख्नेलाई कारबाहीको लागि थानामा पठाइदिने ।

(१७) बन्दुकको लाइसेन्स रिन्यु गर्ने, सिफारिस गर्ने ।

(१८) सिकार खेल्ने र खरिद विक्री गर्न लाइसेन्स दिने ।

(१९) नागरिकताको प्रमाणपत्र दिने ।

(२०) हाल अवादी गर्नेबारे ।

(२१) सन्धि सर्पन परेमा गर्ने कारबाही ।

(२२) कुवा, धारा, पाटी, पौवा आदिको व्यवस्था मिलाउने ।

(२३) बजार, सहर बसाउनेबारे ।

(२४) कोटाको मालसामान वितरण गर्ने ।

(२५) नाजायज फाइदा उठाउनेलाई सजाय गर्ने ।

(२६) हातहतियार लिई आउने परदेशीउपर नियन्त्रण गर्ने ।

(२७) जङ्गल संरक्षण गर्ने ।

(२८) एग्रिमेन्टको कपी राख्ने (ठेक्कासम्बन्धी सबै)

(२९) चोरीको अथवा मनाही भएको मालसामान खरिद विक्री गर्ने र निकासी पैठारी गर्नेउपर नियन्त्रण राख्ने ।

(३०) बेवारिसी सम्पत्तिको बन्दोबस्त गर्ने ।

(३१) चल अचल सम्पत्तिको अधिग्रहण गर्ने अधिकार ।

(३२) प्राचीन स्मारक संरक्षण गर्ने ।

(३३) रेडियो लाइसेन्स र रिन्यु गर्ने ।

(३४) मुद्रास्थितिको प्रबन्ध गर्ने ।

(३५) मादक पदार्थको नियन्त्रण गर्ने ।

(३६) जुलुस, भाषण, हुलदङ्गामा सुव्यवस्था मिलाउने, सजाय दिने अथवा नदिने ।

(३७) हरसम्भव ठाउँहरूमा हुलाक व्यवस्था मिलाउने ।

(३८) २४ घण्टासम्म थुनामा कसैलाई राख्न पाउने ।

बडाहाकिम वा अञ्चलाधीश जि.पं. का पदेन सदस्य हुनुपर्छ र जि.पं. का उपरोक्त अधिकार कार्यान्वितको लागि बसेको बैठकमा बडाहाकिम वा अञ्चलाधीश उपस्थित रही जि.पं. का उपरोक्त अधिकार प्रयोगमा बडाहाकिम वा अञ्चलाधीशको पनि मञ्जुरी हुनुपर्छ ।

## ११. प्रशासन

जिल्ला प्रशासनमा मैले अध्ययनमा पाएको कुरा माथि पहिलो भागमा दर्साएको छु । बडाहाकिम र अञ्चलाधीशको आपसी खिचातानीको कारण दुवैको नीति र अधिकारको राम्रो व्यवस्था र निर्धारित नभएकोले यस्तो भएको जस्तो लाग्छ । दुवैको नीति, कर्तव्य र अधिकारको राम्रो विभाजित गर्ने र दुवै स्तरबाट आआफ्ना सीमित अधिकारभित्र रही आपसी सहयोग र सद्भावनात्मक रूपले कार्य गर्दै पञ्चायतलाई पनि हरसम्भव सहयोग दिने हुनुपर्छ ।

अञ्चलाधीश या बडाहाकिमलाई आफ्नो इलाकाभित्र कुनै सङ्कटकालीन अवस्थामा भइपरी आउने जरूरी कार्यमा यथोचित कारबाही गर्न सक्ने अधिकार हुनुपर्छ न कि त्यस्तो बेला केन्द्रको बाटो हेर्न लागेर यता कार्यमा खतरा भइसकोस् ।

## १२. पञ्चायतलाई उपनियम बनाउने अधिकार

गाउँ, नगर, जिल्ला तथा अञ्चल पञ्चायतहरूले आफ्ना आर्थिक स्रोत बढाउने र अन्य कुराको व्यवस्था मिलाउनको लागि उपनियमहरू बनाएर लागू गर्न पाउनुपर्छ ।

## १३. अञ्चल पञ्चायत

अञ्चल पञ्चायत ऐनमा दिइएका अधिकारबाहेक पञ्चायतसम्बन्धी शान्ति सुरक्षा, विकास शिक्षा, स्वास्थ्य आदि सबै विषयहरूमा कानुनी तवरले अञ्चलाधीशलाई सरसल्लाह दिने, जिल्ला, नगर र गाउँ पञ्चायतहरूको सबै अपिल सुन्ने । उनीहरूको बाधा फुकाउन उचित प्रबन्ध गर्ने ।

अञ्चल पञ्चायत अञ्चलभित्रको सबभन्दा माथिल्लो तह भएको हुनाले अञ्चल स्तरीय ठूला साना सबै विषयहरूमा नीति निर्धारित गर्ने अधिकार हुनुपर्छ ।

जिल्ला पञ्चायत वा अञ्चलको स्थिति सरकारी नीतिमा सामञ्जस्य ल्याउने पत्रपत्रिका र पुस्तकालयहरूको सबै ठाउँमा प्रबन्ध मिलाउने प्रसारका साधनहरूको उचित व्यवस्था देश विदेशका हालखबर, दैनिक घटनाहरूको सङ्कलन र प्रसार गर्ने, पञ्चायतहरूलाई निर्देशन र निरीक्षण गर्ने, विभिन्न वर्गीय सङ्गठन र पञ्चायतहरूमा आपसी सहयोग सामञ्जस्यता पैदा गराउने समेत अधिकार हुनुपर्छ ।

सरकारले कुनै खास विशेष कार्यको लागि अञ्चलाधीशलाई केन्द्रले विशेष आदेश दिनेमा बाहेक अन्य सबै कार्यहरूमा अञ्चल पञ्चायत र अञ्चलाधीशको संयुक्त राय सल्लाहअनुसार कार्य सञ्चालन हुनुपर्ने भन्ने मलाई लाग्दछ ।

अञ्चल पञ्चायतको बैठक बोलाउने जुनसुकै कार्यमा पनि मद्दत चाहिएमा अञ्चलाधीशले तुरून्त दिने हुनुपर्छ ।

अञ्चल पञ्चायतबाट केन्द्रीय सरकारमा निकासा अथवा निर्णयको लागि आउने विभिन्न विषयहरू र योजनाहरूमा छलफल गरी सरकारलाई पनि सल्लाह दिनको लागि विभिन्न विषयमा राष्ट्रिय पञ्चायतका सदस्यहरूको विभिन्न समितिहरू गठन गरेर उक्त कार्यहरूमा सुझाव पेस गर्ने व्यवस्था हुनुपर्छ जस्तो लाग्छ ।

## १४. विविध

हरेक जिल्ला पञ्चायत कार्यालयमा राष्ट्रिय झन्डा राख्न पाउने र नियमित रूपले सो कार्यालयमा पुलिस गार्ड बस्ने प्रबन्ध भए राम्रो हुने थियो भन्ने मलाई लाग्दछ ।

पञ्चायती व्यवस्था आज हाम्रो समक्ष प्रयोगात्मक रूपमा रहेको पनि दुई वर्षभन्दा केही बढी मात्र भयो । कुनै पनि व्यवस्था यति सानो अवधिभित्र फले फुलेको देख्न सक्नु असम्भव हो तापनि कमसेकम यस व्यवस्थाको दिशा तथा मार्ग निश्चित भएको देख्नु अत्यावश्यक देखिन्छ । आज सबैतिर पञ्चायती व्यवस्था जनताले रूचाएको तथा प्रगतिको पथतिर लम्किरहेको सबैले महसुस गरेका छन् । तर वास्तवमा भन्ने हो भने पञ्चायती व्यवस्थाले आज पनि आफ्नो दिशा तथा लक्ष्य निश्चित रूपले पाएको छैन । पञ्चायती व्यवस्थाको समर्थकमा विभिन्न किसिमका कल्पना र उपकल्पना हामी सुन्दै आएका छौं । तर यी कल्पना र उपकल्पनाहरू आज हाम्रो स्थितिमा र हाम्रो अवस्थामा कहाँसम्म लागू हुन सक्तछन् र यी कल्पना उपकल्पनाले केवल 'हात्ती आयो हात्ती आयो फुस्सा' भनेझैं नभई **श्री ५ को** महान् उद्देश्यलाई कहाँसम्म पूरा गर्न सक्दछ यो शङ्का नै छ । कुनै पनि व्यवस्थाको स्थापनाको लागि कल्पना र उपकल्पनाको आवश्यकता त अवश्य हुनुपर्छ तर जनजीवनलाई फाइदाको साथै त्यो स्तर समेत माथि उठाउन सक्ने हदसम्म मात्रै हुनुपर्छ । आज हामी एक क्रान्तिकारी परिवर्तनको बीचमा छौं । त्यस बखत हामीले आफ्नो बाटो पहिल्याउनु छ, दिशा छुट्याउनु छ र अनि त्यो लक्ष्य प्राप्त गर्नु छ जुन लक्ष्यको लागि आज हामी यस बाटोमा अघि बढ्दै छौं र यसको विभिन्न क्षेत्रहरू जस्तो राजनीतिक, आर्थिक तथा सामाजिकमा ज्यादामा ज्यादा लाभ पुऱ्याई जनतालाई स्वायत्त शासनमा अनुभव सङ्ग्रह गर्दै आफ्नो समस्या आफैले नै समाधान गर्न सक्ने भई पञ्चायती व्यवस्थाको पवित्र उद्देश्यमा पुग्न सकियोस् । सायद कसैको दुईमत नहोला कि धेरै वा थोरै मात्रामा देशको कुनै न कुनै भागमा कुनै न कुनै कारणहरूले गर्दा केही समयसम्म राजनीतिक अस्थिरता रहोस् तर यो पञ्चायती व्यवस्थालाई राम्ररी जनताको अगाडि पुऱ्याउन सकेमा जनतालाई पञ्चायती व्यवस्थाबाट हुने फाइदाको बोध गर्न सकेमा जति राजनीतिक अस्थिरताको भावना मानिसहरूको दिमागमा रहेको छ सो घट्दै जाने छ तर वास्तविक रूपमा राजनीतिक स्थिरता कायम गर्न र अस्थिरतालाई निर्मूल पार्नको लागि पञ्चायती व्यवस्थाले जनजीवनलाई ठोस रूपले फाइदा पुऱ्याउन केही उद्देश्यहरूको पूर्ति हुनुपर्छ । नत्र भने फेरि आज जुन राजनीतिक अस्थिरता मानिसको दिमागमा छ त्योभन्दा ज्यादा बढ्न गई देशको परिस्थिति तथा जनताको स्थिति झन् खराब हुन जाने छ । हामी एकचोटि झुट्टा राजनीतिक स्थिरताको बाटोबाट पार भइसक्यौं । किनभने २००७ सालदेखि ०१५ सालसम्म विभिन्न राजनीतिक परिवर्तनहरू तथा प्रयोगहरूबाट दिक्क भई एक निर्वाचित सरकार खडा गऱ्यौं तर त्यस सरकारले पनि राजनीतिक स्थिरता ल्याउन नसकी झन् उल्टो मानिसहरूको दिमाग पूर्ण रूपले अराजकताले भरियो । परिणाम त्यो सरकारलाई नै हटाउन बाध्य हुन पऱ्यो ।

मैले माथि भनिसकैं कि आज हामी एक ठूलो क्रान्तिकारी परिवर्तनको बीचमा छौं । यस क्रान्तिको पहिलो परिणाम नै देशको थोरबहुत जो अराजकता छ त्यसलाई निर्मूल गरी राजनीतिक स्थिरता कायम गर्न सक्ने हुनुपर्छ । यसकारण हामीले सर्वप्रथम ती कदमहरू लिनु आवश्यक छ जसबाट राजनीतिक स्थिरता कायम भई एउटा खास कार्यक्रमको दिशापट्टि ल्याउन सकियोस् । अर्थात् सर्वप्रथम राजनीतिक स्थिरता ल्याउनको लागि केही खास ठोस कदमहरू चालिनुपर्छ भन्ने मलाई लाग्छ जस्तै :-

(क) सर्वप्रथम हामीले हाम्रो साम्प्रदायिकता, जातीयता तथा अरू अव्यावहारिक तथा प्रतिगामी आकाङ्क्षाहरू दिमागी अस्थिरतालाई हटाउनुपर्दछ । यसको निमित्त सरकारी स्तरमा तथा वर्गीय सङ्गठनमा निष्पक्ष रूपले राष्ट्रिय आधारमा समस्यालाई हेरी ध्यानमा राखी उक्त समस्याको समाधान हुनुपर्छ । यी कुराहरू गर्न निकै गाह्रो त अवश्य हुने छ किनभने आज हामी यस्तो पिछडिएको अवस्थामा छौँ हाम्रो आफ्नो बानी आफ्नै नाकभन्दा टाढा हेर्ने बसेको छैन ।

(ख) धेरै मात्रामा भूमिसम्बन्धी सुधारहरू भए तापनि अझै पनि सामन्ती व्यवस्थाको जरो मजबुतै छ । जबसम्म सामन्ती व्यवस्थाको जरो उखेलेर फालिँदैन तबसम्म जिल्ला जिल्ला, गाउँ गाउँमा आम किसान जनताको अवस्था सुध्रिँदैन साथै सामन्ती व्यवस्थाबाट देशको औद्योगिक क्षेत्रहरूमा समेत बाधा पर्न गई मानिसहरूको मनोभावनामा परिवर्तन नआई हाम्रो पिछडिएको अवस्था सुध्रन सक्दैन ।

(ग) कुनै पनि व्यवस्थालाई सिद्धान्तहरूमा खडा गरी तल्लो तहदेखि व्यवस्थालाई आधारभूत पार्नको लागि जनतालाई सोही अनुकूल तथा लायक पार्न आवश्यक छ । विभिन्न किसिमको राजनीतिक प्रयोगबाट यो निष्कर्षमा पुगिसक्यौँ कि एक मुठी मानिसहरूले माथिबाट लादेको कुराहरूमा जनता पनि माथिल्लो तहसम्मको ज्ञान र योग्यता नभइकन सफीलभूत हुन सक्तैन र साथै व्यावहारिक परिस्थिति अनुकूल पनि हुँदैन । त्यसकारण आम जनताको बौद्धिक स्तर बढाउनको लागि उनीहरूको दिमागी तालिम हुनुपर्छ । अर्थात् सर्वसाधारण जनताले आफ्नो घर, गाउँ, जिल्ला र सहरको समस्याहरू बुझ्नको साथै उक्त समस्याहरूको समाधान आफूले नै गर्न सक्ने अथवा सरकारबाट समाधान भएबाट यसको मर्म बुझी सोहीअनुसार हिँड्न सक्ने राजनीतिक दिमाग हो । यस किसिमको राजनीतिक दिमाग प्रशस्त मात्रामा स्वायत्त शासनमा भाग लिई बटुलिएको राजनीतिक अनुभवहरूबाट बनाउनुपर्दछ । स्वायत्त शासनमा भाग लिनुपर्छ भन्नासाथ सबै प्रशासनमा काम कुराहरू सर्वसाधारण मानिसहरूलाई कुनै पृष्ठभूमि र पर्याप्त अनुभव नभई सुम्पिनु होइन । यस किसिमसँग चलेमा जुन उद्देश्य अपनाइएको छ त्यही उद्देश्यको हनन् हुन आउँछ । आज हाम्रो पञ्चायती व्यवस्थाले सर्वसाधारण जनतालाई प्रशस्त मात्रामा गाउँ, जिल्ला तथा अञ्चल जस्ता स्वायत्त शासनका अङ्गहरूमा भाग लिन दिन पर्याप्त राजनीतिक अनुभव सङ्कलनद्वारा राजनीतिक दिमाग बनाई आफ्नो समस्या आफैले हेर्ने र समाधान गर्ने बानी बसाल्न उपकल्पना गर्दछ । यस अवसरलाई राम्रोसँग सदुपयोग गरी क्रमशः बिस्तारै साधारण जनतालाई राजनीतिक तालिमबाट राजनीतिक दिमाग बनाई अगाडि बढेमा जुन पवित्र उद्देश्य लिई पञ्चायती व्यवस्था आज हाम्रो सामु उपस्थित छ त्यो पूरा हुने देखिएकोले उपरोक्त गाउँ, जिल्ला तथा अञ्चल पञ्चायतहरूको अधिकार उल्लेख गरिएको छ । 'हिँड्न नजान्ने दौड्न खोज्ने' पञ्चायतलाई तत्कालै निर्देशन दिनु आवश्यक छ । देशव्यापी जिल्ला पञ्चायतको सम्मेलन प्रतिवर्ष हुनुपर्दछ । तर सो पनि गर्न नसकिएको खण्डमा अञ्चलभरिका जिल्ला पञ्चायतलाई अञ्चल पञ्चायतसहितको सम्मेलन त प्रतिवर्ष हुनु नितान्त आवश्यक छ । पारस्परिक भेटघाटबाट समस्या समाधानको साथै जिल्ला

पञ्चायतमा रचनात्मक कार्य गर्ने होडबाजीको बानी उत्पन्न हुन सक्दछ । यी सबै लेखाजोखाबाट कुनै पञ्चायत यति वर्षमा आदर्श पञ्चायतको स्थान ग्रहण गर्न सक्ला भन्ने आधार पनि थाहा पाइन्छ । यस नवीन व्यवस्थामा मुख्यतः सरकारबाट अधिकारको दुरूपयोग वा सदुपयोगपट्टि ज्यादै सक्रिय भई तत्कालै निर्देशन दिनु आवश्यक छ ।

## अन्य सुझावहरू

प्रशासन विकेन्द्रीकरण गर्दा पञ्चायत सिर्फ पञ्चायतहरूलाई मात्र अधिकार पाउनासाथ सफल होला भन्नु एक पक्षीय विचारधारा हो । विकेन्द्रीकरणको सिद्धान्तद्वारा शक्तिको विकेन्द्रीकरण गरी तल्लो तहदेखिका पञ्चायतहरूलाई राम्रो सङ्गठनका साथै पञ्चायतमा चुनिएका जनप्रतिनिधि तथा जनताको पारस्परिक सम्बन्ध अत्यधिक राम्रो हुनु त नितान्त आवश्यक छँदै छ । तर जिल्ला एवं अञ्चल स्तरमा जनप्रतिनिधि एवं सरकारी कर्मचारीको संयुक्त जिम्मेवारी पारस्परिक सद्भावनाका साथै रथका दुई पाङ्ग्राका स्वरूपकै बनी उपरोक्त महान् जिम्मेदारीको पूर्ण तयार कार्य वहन गर्न दिशातिर उपेक्षा गर्न सक्दैन । किनभने हाम्रो परम्परा सर्वसाधारण जनभावनाको पृष्ठभूमिले यस्तो नराम्रो जरो हालिसकेको छ कि तिनीहरू सरकारी कर्मचारीलाई आफ्नो दैनिक कार्यमा जानी वा नजानी ज्यादा स्थान दिन्छन् । यो सबै चेतनाको अभावले नै हो या भनौँ भने आफ्नो अधिकार र कर्तव्यको सही ज्ञान नभएर नै हो ।

जनचेतनाको अभावमा आफ्नो कर्तव्य र अधिकारको ज्ञान नभई सदैव भय, त्रासमा रहने सर्वसाधारणको मनोवृत्तिको विरूद्ध पञ्चायत माध्यमद्वारा तिनीहरूलाई अधिकार र कर्तव्यको सही ज्ञान दिने समयमा पञ्चायत, सरकारी कर्मचारीझैँ पञ्चायतलाई नै सर्वशक्तिमान् बनाई सम्पूर्ण अधिकार सुम्पेमा आजको हाम्रो स्थितिमा उक्त अधिकारको दुरूपयोग हुने शतप्रतिशत नै जस्तो हुने सम्भावना भएकोले आफू चढेको रूखको हाँगालाई आफैले नै बन्चरोले काटेझैँ आजको यो पञ्चायती व्यवस्थाको जरोलाई पनि त्यतिकै आघात पुग्ने देखेकोले पञ्चायतहरूको अधिकारको प्रयोगमा जिल्ला तथा अञ्चलका सरकारी अधिकारको राय सल्लाह भई पञ्चायतको अधिकार सीमित गर्न खोजेको छु । यसैमा पञ्चायती व्यवस्थाको भविष्य तथा सफलता हुने छ भन्ने मेरो आफ्नो राय भएको हुनाले यो सुझाव पेस गर्दैछु ।

# आयोगका सदस्य श्री भोजराज घिमिरेले दिनुभएको सगरमाथा

### अञ्चलको आफ्नो भ्रमणसम्बन्धी रिपोर्ट

**श्री ५ महाराजाधिराज** सरकारबाट प्रशासन विकेन्द्रीकरण आयोगको सदस्यमा मलाई नियुक्त गरिबक्सेको र सदस्यको हैसियतमा सगरमाथा अञ्चलको सिराहा, उदयपुर र सप्तरी राजविराज विकास जिल्लाहरूको करिब ३ साता भ्रमण गरी पञ्चायती दर्शनप्रति जनताको भावना, यो प्रणालीप्रति उत्सुकता, आस्था र प्रशासनसम्बन्धी उनीहरूको भावना बुझ्ने सुअवसर पाएकोमा म गौरवान्वित छु ।

२०१७ साल पौष १ गतेको ऐतिहासिक राजनीतिक परिवर्तनपछि बाटो अलमलिएका जनताले राजाप्रतिको अगाध श्रद्धा र विश्वासमा नै एक स्वर्ण युगको कल्पना गरेका हुन् । **श्री ५** बाट आफ्नो माटोमा हुर्केको पञ्चायती प्रणालीको जग बसाल्दिबक्सेर निर्माणमा संलग्न हुन आह्वान गरिबक्सेकोले अराष्ट्रियवादी र देशघातक तत्त्वको विध्वङ्सात्मक कारबाहीको बाबजुद पनि अडिग र सक्रियतासाथ त्यसको मुकाबिला गरी नयाँ जोस, नयाँ उमङ्ग लिएर निर्माणको होडमा अघि बढ्ने उत्साह जनतामा उम्लेको हो र आज पनि त्यही भावना छ जस्तो लाग्छ । १०/११ वर्षका दलगत नारामा गुमराह भएर अलमलिएका कामभन्दा कुरा बढीले वाक्क वाक्क भएका नेपाली जनता सबैले बुझ्न, जान्न सकिने सरल र सुनिश्चित **श्री ५** बाट बक्सेको यो पञ्चायती दर्शनलाई सफल तुल्याउन र देशको सर्वतोमुखी विकास गर्न कटिबद्ध छन् । देशको लागि केही गरौं भन्ने भावना सबैमा विद्यमान छ । पञ्चायत र वर्गीय सङ्गठनको सबै तहको निर्वाचन सम्पन्न भइसकेको र संविधानअनुसार यो छोटो समयमा नै जनप्रतिनिधित्व भएको सरकार गठन भई एक निश्चित लक्ष्यतिर देश अघि बढिसकेको यो व्यवस्थाप्रति सर्वसाधारणको विशेष रूपले बढी आशा र विश्वास हुनु स्वाभाविकै नै हो । तर यस अवधिमा स्थानीय पञ्चायत र वर्गीय सङ्गठनहरूलाई सक्रिय र सूक्ष्म तुल्याई बराबर प्रोत्साहित गर्न स्पष्ट कार्यक्रम र नीतिको तथा पञ्चायतको आवश्यक अधिकारहरू र समुचित निर्देशन प्राप्त नगरिसकेकोले विभिन्न तहका पञ्चायत र सङ्गठनका व्यक्तिहरू अन्योलमा परेका छन् । दलगत राजनीतिक शासन व्यवस्था र पञ्चायती दर्शनको पञ्चायतको एकाइहरूको काम र कर्तव्यबारेमा मौलिक अन्तर हुनुपर्दछ र तदनुरूप विकेन्द्रीकरण सिद्धान्तको आधारमा आवश्यक अधिकार प्राप्त हुनुपर्दछ । जग सबल र सूक्ष्म भए मात्रै यो व्यवस्था खँदिलो हुन सक्दछ भन्ने भावना सबैजसो पञ्चहरूमा मैले पाएँ ।

वर्गीय हितको निमित्त सङ्गठनको बाटोमा सक्रिय भएर अगाडि बढ्नुपर्ने वर्गीय सङ्गठनहरू पनि सक्रिय भइइरहेको छैनन् र कार्यकलापमा पञ्चायत र सरकारी अधिकारीहरूसँगको आवश्यक समन्वय भइरहेको छैन ।

जिल्लाअन्तर्गतका केही ग्राम पञ्चायतहरूमा आफ्ना इलाकामा सानातिना रचनात्मक कार्यहरू गर्ने प्रवृत्ति आएको छ र कुनै ठाउँमा होड पनि चलेको पाइन्छ । तर त्यसलाई सरकारी स्तरबाट प्राप्त हुनुपर्ने आवश्यक सहयोग प्रोत्साहन सुविधा प्राप्त नभएको कुराहरू धेरै पञ्चहरूले मसँग भने ।

अधिकार र सहुलियत प्राप्त भएमा र बराबर प्रोत्साहित गर्ने उपायहरू भएमा नेपाली जनजीवनको उन्नति गर्न र छिटै गाउँ, जिल्ला विकास गर्न कुनै कठिनाइ पर्ने छैन भन्ने कुरा यो भ्रमणबाट मलाई पुरा विश्वास भएको छ । ती निर्देशित लक्ष्यसम्म पुग्ने बाटो औँल्याइदिनु र निर्माणको निमित्त उम्लेको उमङ्गलाई सँगालेर प्रयोगमा ल्याउनु नै वर्तमानको खाँचो अनुभव हुन्छ ।

तर जिल्लामा रहेका धेरै कर्मचारीहरूमा पुरानो मनोवृत्ति अझ व्याप्त भएबाट उनीहरूबाट पञ्चायतलाई प्रोत्साहित हुने कामहरू नहुनु बडो दु:खको कुरा छ । सरकारको नीतिहरू र सरकारले पास गरेको कानुनहरूको प्रचार जनसाधारणमा बिल्कुलै छैन । भूमि सुधार ऐन र मुलुकी ऐनको अवाञ्छनीय तत्त्वहरूबाट नराम्रो किसिमको प्रचार भएबाट विभिन्न प्रतिक्रिया साधारण जनतामा भएको छ । जिल्लामा रहेका पुलिस र निजामती कर्मचारीबाट पञ्चायतले महत्त्व नपाएको हुँदा स्थानीय जिमिदार, ठूलाठालु शोषकहरूको थिचोमिचो पञ्चायतमा छँदै छ भन्ने कुरा धेरैजसो पञ्चहरूबाट थाहा भयो । पञ्चहरूले तालिम प्राप्त गरी नसकेको र प्रत्येक ग्राम पञ्चायतको सचिव पनि नियुक्त भई नसकेको हुँदा केही गर्ने इरादा भएका पञ्चहरू आफू लेखपढको अभावले ठोस काम गर्न हिचकिचाउँदा रहेछन् । विकास अधिकारी र जिल्ला पञ्चायतहरू र ग्राम पञ्चायतको बीच हुनुपर्ने समन्वय र सम्बन्ध रहेको जस्तो लागेन । पञ्चायत विकास अधिकारीहरू जिल्ला भ्रमण धेरै कम गर्दछन् भन्ने सिकायत अधिकांश पञ्चहरूको मुखबाट सुनियो ।

यो भ्रमण कालमा मैले करिब १ दर्जन विचार गोष्ठीमा भाग लिनाका साथै सरकारी एवं गैरसरकारी गरी करिब १०० प्रमुख व्यक्तिहरूसँग भेटी प्रशासन विकेन्द्रीकरण र अन्य समस्याहरूमा छलफल गरेँ ।

मेरो भ्रमण सिराहा विकास जिल्लाबाट प्रारम्भ भयो । अब म विभिन्न ठाउँका पञ्च, सरकारी प्रमुख, बुद्धिजीवीहरूले प्रशासन विकेन्द्रीकरण सम्बन्धमा दिएको सुझावहरू प्रस्तुत गर्दै छु ।

## ज्येष्ठ १३ गतेको दिन सिराहा स्थित विभिन्न अड्डा प्रमुखहरूले दिएको सुझावहरू :-

१. बाँध, पैन, हाल आवादी र १ बिघासम्मको खरिद विक्रीको रजिस्ट्रेसन रेडियो लाइसेन्सको रिन्यु इत्यादिको कामको निमित्त टाढाबाट जिल्लाको केन्द्र स्थलमा आउनुपर्दा उनीहरूलाई निकै नै मर्का पर्ने हुँदा र सम्बन्धित अड्डाको कामको बोझ

पनि हलुङ्गो हुने हुनाले सो काम सम्पन्न गर्ने, गराउने अधिकार क्रमशः ग्राम पञ्चायतलाई दिए पनि हुने छ ।

२. सानातिना चोरी, सानातिना जग्गा मुद्दाहरू, साँध र आली मिच्ने बाटो मिच्ने र सानातिना कुटपिट निलडाम नभएका मुद्दाहरू हेर्ने अधिकार पनि क्रमशः पञ्चायतको ल्याकत हेरी दिन उचित नै होला ।

३. बन्दुकको लाइसेन्स दिने हकमा पुलिसको सिफारिस हुने हुँदा हाल जिल्ला गोस्वारालाई नै सो अधिकार दिने र रिन्युवलचाहिँ जिल्ला पञ्चायतलाई दिइने व्यवस्था भए पनि हुने छ ।

सिराहा पञ्चायत विकास केन्द्रका निमित्त पी.डी.ओ. र शिक्षा अधिकारी पञ्चायतका स्टाफहरूको संयुक्त गोष्ठीमा आएका विचारहरू :-

१. कानुनी अधिकार ग्राम पञ्चायतले केही हदसम्म प्राप्त गरे तापनि सो कार्य सञ्चालनमा विभागीय आदेशबाट रोकिएको छ जसले गर्दा कानुनमुताबिक काम गर्न पनि बाधा परेको छ । तसर्थ ग्राम र जिल्ला पञ्चायत ऐनमा प्रदत्त अधिकारको उपयोग गर्न आवश्यक नियमहरू शीघ्र बनाइनुपर्दछ । हाललाई त्योभन्दा बढी अधिकार नदिए पनि हुने छ । साथै अरू अड्डाखाना र जिल्ला पञ्चायतको सम्बन्धबारेमा स्पष्ट नीति हुनु आवश्यक छ ।
२. जिल्ला पञ्चायतको निमित्त आवश्यक ग्राम सेवक र पिउन अर्दलीको थप शीघ्र हुनुपर्दछ ।
३. प्राइमरी र माध्यमिक शिक्षण संस्थाहरूको लागि सरकारबाट प्राप्त आ.स. को निमित्त राजविराज राष्ट्र बैङ्क जानुपर्ने हुँदा सार्वजनिक कामको निमित्त ठूलो कठिनाइ परेको छ । सिराहास्थित सटही डिपोबाट नै सो आ.स. पाउने व्यवस्था हुनुपर्दछ ।
४. मागेका निकासामा केन्दबाट सुस्ती हुन गएमा साह्रै कठिनाइको सामना गर्नुपरिरहेको हुँदा सानातिना कामको निमित्त निकासा लिने व्यवस्थालाई खारेज गरिनुपर्दछ र मागेका निकासाहरू ज्यादा से ज्यादा ७ दिनभित्र दिने प्रबन्ध हुनुपर्दछ ।

## सिराहा र त्यस आसपासका प्रमुख व्यक्तिहरू र बुद्धिजीवीहरूबाट आएका विचारहरू

१. प्रशासन क्रमशः विकेन्द्रीकरण गर्ने लक्ष्य राम्रो छ । तर खास गरेर ग्राम पञ्चायतमा जुन स्तरमा व्यक्तिहरू आएका छन् त्यसलाई हेर्दा हाल ऐनमा प्रदत्त अधिकार पनि कहाँसम्म सदुपयोग गर्न सक्लान् यसमा शङ्का छ ।

२. अधिकार प्रदान गरिनुभन्दा उनीहरूलाई समय समयमा तालिम दिने व्यवस्था हुनुपर्दछ र यसबाट यिनीहरूको नैतिक स्तर बढ्नाका साथै काम गर्ने तरिकाबारेमा विशेष जानकारी हुन सक्ने छ । तर त्यसमध्ये केहीको भनाइ छ पञ्चायतलाई

विभिन्न कानुनी, न्यायिक अधिकार प्रदत्त गरिनुपर्दछ जसबाट नयाँ हुने चुनावमा शिक्षित र चेतनशील व्यक्तिले पनि भाग लिने इच्छा प्रकट गर्ने छन् ।

## सिराहा विकास जिल्लाका विभिन्न वर्गीय सङ्गठनका व्यक्तिहरूबाट आएका रायहरू

(क) वर्गीय सङ्गठनहरू प्रायः निष्क्रिय भएका छन् । सरकारी नीति र कार्यक्रमबारेमा आम जनतालाई अवगत गराउने उचित व्यवस्था नभए सरकारप्रति आस्था दिनानुदिन घट्दै जाने सम्भावना देखिँदै छ तसर्थ पञ्चायत र वर्गीय सङ्गठनहरूलाई समन्वय गर्ने उचित व्यवस्था शीघ्र हुनुपर्दछ ।

(ख) जिल्लामा रहेका सरकारी अधिकारीबाट वर्गीय सङ्गठनलाई वास्ता बिल्कुलै राखिँदैन । खाली उनीहरूको क्रियाकलापमाथि पुलिसको निगरानी रहेको पाइन्छ ।

(ग) यस पञ्चायती व्यवस्थाको स्तम्भ नै वर्गीय सङ्गठन भएको हुँदा यसलाई सरकारी स्तरबाट विशेष रूपमा सहायता एवं प्रोत्साहित गरिनुपर्दछ ।

(घ) शक्ति विकेन्द्रीकरण हुन आवश्यक छ साथै सानातिना निकासाको निमित्त सिंहदरबारको मुख हेर्नुपर्ने प्रथालाई समाप्त गर्नुपर्दछ । अपर्झट खर्च गर्ने सानातिना कामको निमित्त खर्च गर्ने अधिकार इत्यादिको निमित्त बडाहाकिम अथवा जिल्ला पञ्चायतले माथिबाट निकासा लिई राख्नु नपर्ने व्यवस्था हुनुपर्दछ ।

(ङ) सानातिना मुद्दा मामिलाहरू हेर्ने र छिन्ने अधिकारका साथै ठूलाठालु र सामन्त जिमीदारको शोषण र थिचोमिचो समाप्त गर्ने पञ्चायतलाई आवश्यक अधिकार प्राप्त हुनु जरूरी छ । तर यस्ता नियम र अधिकारको उपयोग गर्न हाल सबै पञ्चायतलाई दिनु उचित हुने छैन । खास खास र लायक पञ्चायतलाई मात्र यी अधिकारको प्रयोग गर्ने अधिकार प्रदान गरिनु बेस हुने छ ।

## ज्येष्ठ १४ गतेको दिउँसो सिराहा जिल्ला पञ्चायतका उपसभापति श्री गोविन्दहरिद्वारा आयोजित सिराहा, माडर र त्यस आसपासका प्रधानपञ्च र जिल्ला पञ्चायतका सदस्यहरूको विचार गोष्ठीबाट आएका विभिन्न रायहरू :-

१. प्रशासनका साथै दैनिक उपयोगका कुराहरूको पैठारी इत्यादिको पनि वर्गीकरण भई विभिन्न अधिकारीहरू, विभिन्न तहका पञ्चायतहरूमा गरिनुपर्दछ ।

२. कोटाका मालहरू जस्तो : मट्टितेल, चिनी, कर्कटपाता, फलाम इत्यादिको नियन्त्रण र त्यसको दर तोक्ने इत्यादि कार्यहरूका साथै उक्त सामान ल्याउने लाइसेन्स दिने सिफारिस गर्ने अधिकार पनि सम्बन्धित जिल्ला पञ्चायतलाई हुनुपर्दछ ।

३. भन्सारको भ्रष्टाचारलाई रोक्न र कुन ग्राम पञ्चायतबाट कति अनाज निर्यात हुँदो रहेछ भन्ने कुराको समेत तथ्याङ्कको लागि गाउँबाट निकासा गर्ने व्यक्तिले ग्राम

पञ्चायतबाट छुट पुर्जी लिने व्यवस्था हुनुपर्छ र यसको सूचना त्यस ग्राम पञ्चायतले जिल्ला पञ्चायतलाई समयमै सूचना दिने व्यवस्था हुनुपर्दछ ।

४. प्रत्येक ग्राम पञ्चायतमा एक योग्य र अनुभवी सचिवको नियुक्ति सरकारबाट हुनुपर्दछ ।

५. हाल सर्भेको नापीमा ज्यादै भ्रष्टाचार भएको छ । ग्राम पञ्चायतको प्रतिनिधिको रोहबरमा सर्भे नापी हुने व्यवस्था भएमा भ्रष्टाचारीले मौका पाउन सक्ने छैनन् ।

६. कुनै पनि पुलिस अथवा सरकारी अधिकारीहरूले सरकारी काममा सम्बन्धित ग्राम पञ्चायतको इलाकामा प्रवेश गर्दा सर्वप्रथम स्थानीय प्रधानपञ्चसँग सम्पर्क राख्ने व्यवस्था हुनुपर्दछ ।

७. ठाउँ ठाउँका ग्राम पञ्चायतहरूमा ठूलाठालुद्वारा आपसी द्वेष र खिचातानी बढाइएको छ त्यसलाई रोकथाम गर्ने समयमै समुचित व्यवस्था हुनुपर्दछ ।

८. गाँजाको लाइसेन्स वितरणको व्यवस्था पनि जिल्ला पञ्चायतबाटै हुनुपर्दछ ।

९. दाउराको पुर्जी वितरण र हरघरसङ्घाको पुर्जी वितरण गर्ने काम जिल्ला पञ्चायतलाई ग्राम पञ्चायतको सिफारिसको आधारमा दिइनु ठीक हुने छ ।

१०. स्थानीय विकासको निमित्त मालपोतको आयको सयकडा १० प्रतिशत रकम ग्राम पञ्चायत, १० प्रतिशत जिल्ला पञ्चायत र ५ प्रतिशत अञ्चल पञ्चायतलाई दिइनुपर्दछ ।

११. जिल्ला पञ्चायत ऐन गोस्वारा र मालको काम र कर्तव्यसम्बन्धी कानुनहरू आपसमा बाझिएका छन् जसबाट काम गर्न बाधा परेको छ । बाझिएका धाराहरू खारेज हुनुपर्दछ ।

१२. २००८ र २०१३ सालको ग्राम पञ्चायत ऐनमुताबिक नै हाल ग्राम पञ्चायत ऐनमा संशोधन हुनु आवश्यक छ ।

१३. माल र गोस्वाराबाट हुने हाल आवादी स्थानीय पञ्चायतबाट कमसेकम १० बिघासम्म भूमिहीन सुकुम्बासीमा वितरण गर्न सक्ने व्यवस्था हुनुपर्दछ ।

१४. हाट बजार, मेला, बिठोरीको उठ्ती हाल भन्सार अड्डाबाट भइरहेको हुँदा आफ्नो आफ्नो इलाकाकै बजार हाट उन्नतिको निमित्त सो आम्दानी असुल गर्न त्यसको रेखदेख गर्ने इत्यादि अधिकार सम्बन्धित पञ्चायतले पाउनुपर्दछ ।

१५. मनोरञ्जनको निमित्त लाइसेन्स दिने र त्यसको कर असुल गर्ने गराउने अधिकार सम्बन्धित पञ्चायतले पाउनुपर्दछ ।

१६. एक गाउँबाट अर्को गाउँसम्म आफ्ना पुराना घरगोठ इत्यादि भत्काएर काठपात ओसार्नलाई ग्राम पञ्चायतको स्वीकृतिबाट पनि ओसार्न वा लैजान सकिने व्यवस्था हुनुपर्दछ ।

१७. आफ्नो जग्गामा लगाएको सिसौको रूख काट्न दिने स्वीकृति, इनारको निमित्त जमौटको काठ ल्याउने र साथै बाँस इत्यादि जङ्गलबाट ल्याउने अधिकार दिने ग्राम पञ्चायत ऐनमा उल्लेख हुनुपर्दछ ।

१८. जिल्ला पञ्चायत र ग्राम पञ्चायतका पञ्चहरूको मर्यादाक्रम निश्चित हुनुपर्दछ ।

१९. पञ्चायतले कैद ठेकेको व्यक्तिहरूले जेल बस्दा उनीहरूको खर्च अरू कैदीले पाए सरह श्री ५ को सरकारबाट व्यहोर्ने व्यवस्था हुनुपर्छ ।

२०. पञ्चायतले मिलापत्र गराउन सक्ने व्यवस्था हुनुपर्छ ।

यस्तै प्रकारको सुझावहरू सिराहा विकास जिल्लाअन्तर्गत नवराजपुरमा ज्येष्ठ १६ गते दिउँसो राष्ट्रिय पञ्चायतका माननीय सदस्य श्री जमुनाप्रसाद यादवको आयोजनामा भएको इलाकीय पञ्च र भलाद्मीहरूको विचार गोष्ठीमा पनि आएका थिए ।

सिराहा विकास जिल्लाको एक प्रमुख स्थान लाहान बजारमा ज्येष्ठ १७ गते साँझ ५ बजे स्थानीय प्रधानपञ्च श्री रामलोचन महतोको आयोजनामा आसपासका पञ्चहरूको गोष्ठी भएको थियो । गोष्ठीमा अनेकौँ विचारहरू आए जसमध्ये अधिकांश विचारमाथि लेखिएका जस्तै थियो । तर त्यस इलाकामा केही भलाद्मीको भनाइ छ पञ्चायतलाई फौजदारी मुद्दा हेर्ने अधिकार दिनु हुँदैन । यसबाट पञ्चायतमा भ्रष्टाचार बढ्ने गुन्जाइस रहन्छ । तसर्थ हाललाई विभिन्न तहका पञ्चायतले प्राप्त गरेका कानुनी अधिकारको मात्र प्रयोग गर्न दिने व्यवस्था हुनुपर्दछ । धेरै पञ्चायत यसको पनि राम्रो सदुपयोग गर्नमा असमर्थ छन् । लाहान बजार पञ्चहरूको पनि भनाइ छ– बजारलाई आधुनिकीकरण र व्यवस्थित गर्नलाई चाहिने अधिकार सम्बन्धित पञ्चायतलाई प्राप्त हुन आवश्यक छ ।

(क) मालपोतको कमसेकम १५ प्रतिशत स्थानीय विकासको निमित्त खर्च गर्ने छुट सम्बन्धित पञ्चायतलाई हुनुपर्दछ ।
(ख) पञ्चायतको पञ्चहरूमाथि पञ्चायतसम्बन्धी मुद्दा पर्दा मात्र रिपोर्टले नै काम चल्ने व्यवस्था हुनुपर्दछ, सरकार वादी मुद्दा सरह सरकारी वकिलबाट सो मुद्दाको बहस गराउने व्यवस्था हुनुपर्दछ ।
(ग) शिक्षण संस्थाको लागि आफ्नो लागि आफ्नै देशमा नागरिक शिक्षक नपाइने हुँदा खास गरी तराईका अधिकांश स्कुलहरूमा विदेशी शिक्षक भएकोले यसलाई चेक गर्न नवयुवकको ध्यान यसतर्फ गराउन लोक सेवा आयोगमा सामेल हुनको निमित्त कमसेकम २ वर्ष कुनै न कुनै सामाजिक क्षेत्र अथवा संस्थामा काम गरेकोले प्रमाणपत्र पेस गर्नुपर्ने व्यवस्था हुनुपर्दछ ।
(घ) भन्सारको पैठारी र निकासीबाट आएको रकम पनि केही प्रतिशत पञ्चायतलाई दिने ।

# उदयपुर

ज्येष्ठ १८ गते साँझ उदयपुर गढीस्थित अड्डा प्रमुखहरूको गोष्ठी स्थानीय गढीमा भएको थियो । गोष्ठीमा आएका विचारहरू :-

१. पञ्चायतलाई प्रोत्साहित गर्न क्रमशः अधिकार दिनुपर्दछ । तर त्यसको नियन्त्रण कसले गर्ने त्यसको स्पष्ट हुनुपर्दछ ।

२. शान्ति सुरक्षा जस्ता विषयहरू पञ्चायतलाई दिनु उचित हुने छैन ।

३. कोटाको वितरणको हकमा पञ्चायतका सिफारिसलाई ग्राह्यता दिनुपर्छ ।

४. रेडियो लाइसेन्सको रिन्यु गर्ने काम पञ्चायतलाई दिए तापनि बन्दुकको लाइसेन्स दिने र रिन्यु गर्ने अधिकार गोस्वारामै निहित हुनुपर्दछ ।

५. पञ्चायतलाई फौजदारी मुद्दा हेर्ने अधिकार दिनु उचित हुँदैन देवानीका हकमा पनि क्रमशः पञ्चायतले हेरी मात्र दिनुपर्दछ ।

६. सरकारी विकास योजनामा उनीहरूको बढी हात रहोस् भन्नाका निमित्त विभिन्न तहका योजना बनाउन उनीहरूलाई लगाइयोस् र आवश्यक विशेषज्ञहरू पनि प्रदान गरिनुपर्दछ ।

७. स्थानीय पञ्चायतमा मुद्देबाज शोषकहरूको पनि प्रवेश भएको हुँदा हाल पञ्चायतलाई प्रदत्त अधिकार पनि सबै पञ्चायतलाई दिनु उचित हुने छैन ।

ज्येष्ठ २० गते बेनीति डुमरेमा त्यस आसपासका पञ्च र भलाद्मीहरूको विचार गोष्ठी स्थानीय प्रधानपञ्च विष्णुभक्त उपाध्यायको सभापतित्त्वमा भएको थियो । विचार गोष्ठीमा केही पञ्चहरूको भनाइ यसप्रकार छ :-

१. हुलाकमा पञ्चायतसम्बन्धी लेखापढी गर्न अरू अड्डाखाना सरह का.स. चल्ने व्यवस्था हुनुपर्दछ ।

२. हाल पञ्चायत ऐनमा प्रदत्त अधिकारको उपयोग गर्न त पाउनु नै पर्दछ । त्यसका अतिरिक्त सानातिना फौजदारी मुद्दा हेर्ने अधिकार नपाई पञ्चायतको महत्त्व हुँदैन ।

३. पञ्चायतको काममा बाधा दिने जुनसुकै व्यक्तिलाई पनि सजाय र कैद गर्न सक्ने व्यवस्था हुनुपर्दछ ।

४. अदालतमा परेका जुनसुकै मुद्दा भए पनि पञ्चायतको रोहबर दुवै पक्षले मिलापत्र गरेमा सो मुद्दा खारिज हुने व्यवस्था हुनुपर्दछ ।

५. हेल्थ असिस्टेन्ट, शिक्षा सब इन्स्पेक्टर, कृषि अफिसरहरू जिल्ला पञ्चायतको अधीन राख्नुपर्दछ र उनीहरूको रेखदेखमा निजहरूले काम गर्ने व्यवस्था हुनुपर्दछ ।

## उक्त गोष्ठीमा केही पञ्च र भलाद्मीको विचार यसप्रकार थियो :-

१. पञ्चायतमा शिक्षित व्यक्तिहरू नभएको हुँदा ज्यादै अधिकार दिँदा पञ्चहरूमा पनि भ्रष्टाचार बढ्ने सम्भावना छ । जस्तै यो व्यवस्थालाई नै धक्का पर्ने सम्भावना हुन्छ । मिलापत्र गराउनेसम्बन्धी र विकाससम्बन्धी अधिकार मात्र हाललाई पञ्चायतले पाउनुपर्दछ ।

ज्येष्ठ २१ गते उदयपुर जिल्ला पञ्चायत अफिसमा निमित्त पी.डी.ओ. को आयोजनामका गढी इलाका प्रमुख पञ्चायतका पञ्चहरू विभिन्न वर्गीय सङ्गठनका सदस्यहरूको संयुक्त गोष्ठी भएको थियो । गोष्ठीमा अधिकांश व्यक्तिहरूले पञ्चायतलाई आवश्यक अधिकार दिएर उनीहरूलाई काममा लगाउने व्यवस्था हुनुपर्दछ भन्ने विचार प्रकट गरे । पञ्चहरूको तालिम दिने व्यवस्थाका साथै राम्रो काम गर्ने पञ्चायत र पञ्चहरूलाई विशेष प्रोत्साहित गर्ने र पदक पुरस्कार दिने व्यवस्था हुनै पर्दछ ।

कोहीको यो पनि भनाइ छ पञ्चहरूलाई सरकारी अधिकारीहरू नराम्रो ढङ्गबाट बर्ताब गर्दछन् । तसर्थ पञ्चहरूको मर्यादाक्रम निर्धारित हुनु आवश्यक छ । त्यसमध्ये केही पञ्चहरूको यो पनि भनाइ थियो अहिले २/३ वर्ष समय पञ्चायत ऐनमा प्रदत्त अधिकारभन्दा बढी अधिकार दिनु उचित हुने छैन ।

ज्येष्ठ २२ गते किकनी स्थित कम्युनिटी सेन्टरमा एक गोष्ठी भएको थियो । जसमा निम्न विचारहरू प्रकट गरियो :-

१. पञ्चायतले काम गरेको लेखाजोखा गरिनुपर्छ ।

२. त्यसमा राम्रो काम गर्ने पञ्चहरूलाई प्रत्येक साल पदक पुरस्कार दिन व्यवस्था हुनुपर्दछ ।

३. पञ्चायतलाई शिक्षा कर लगाउने अधिकार प्राप्त हुनुपर्दछ ।

४. पञ्चायतले लेखापढी गर्दा सरकारी स्तरबाट ध्यान दिइनुपर्दछ ।

५. प्रत्येक ग्राम पञ्चायत इलाकामा सहकारी हुलाक हुनुपर्दछ ।

६. पहाड, पर्वतका पाखे र हले जग्गाको पोत ठेक्ने र असुल गर्ने अधिकार पञ्चायतलाई नै दिनु राम्रो हुने छ ।

७. अन्य रायहरूमाथि प्रकट गरिएका राय जस्तै थियो ।

ज्येष्ठ २२ गते साँझ उदयपुर गढीमा उदयपुर जिल्ला पञ्चायतको बैठक रा.पं. का सदस्य श्री भैरवीप्रसाद पोखरेलको सभापतित्वमा भएको थियो । बैठकले शक्तिको विकेन्द्रीकरण क्रमशः हुनुपर्दछ भन्ने राय प्रकट गऱ्यो । अन्य रायहरू यसप्रकार छन् :-

१. चर्सा र भट्टीको ठेक्का बन्दोबस्त गर्ने अधिकार पञ्चायतलाई हुनुपर्दछ ।

२. ननगजेटेड कर्मचारीको नेकिबदीको रिपोर्ट राख्ने र केन्द्रमा उनीहरूका आचरणबारेमा लेख्ने अधिकार जिल्ला सभापतिलाई हुनुपर्दछ ।

३. जिल्ला पञ्चायत ऐनमा प्रदत्त अधिकारको उपयोग गर्नमा सरकारी स्तरका अड्डाखानाबाट सहयोग मिल्ने व्यवस्था हुनुपर्दछ ।

४. जिल्ला स्तरीय विकास योजना चालू गर्न आर्थिक स्रोत पनि आवश्यक हुँदा मालपोतको आयको कमसेकम २० प्रतिशत रकम पञ्चायतलाई प्राप्त हुनुपर्दछ ।

५. जिल्ला पञ्चायतको अधीनमा माध्यमिक एवं प्राथमिक शिक्षण संस्थाहरू रहनुपर्दछ । त्यसका निरीक्षक पनि जिल्ला पञ्चायतका अधीनस्थ रहनुपर्ने व्यवस्था हुनुपर्दछ ।

## जिल्ला पञ्चायतका एक थरि सदस्यहरूको भनाइ छ :-

१. ग्राम पञ्चायतमा परेका पञ्चखतबाहेक मुद्दा मामिलाहरूको मिलापत्र गराउने र मिलापत्र हुन नसकेमा वास्तविक राय ठहर गरी सम्बन्धित अदालतमा पठाउने व्यवस्था हुनुपर्दछ र अदालतले पनि उक्त राय ठहरलाई कदर गर्नुपर्दछ ।

२. ग्राम पञ्चायतलाई विशेष अधिकार प्रदान गरिनु हुँदैन यसबाट दुरूपयोग हुने सम्भावना छ ।

३. शान्ति सुरक्षा इत्यादि अधिकार हाल जिल्ला पञ्चायतलाई दिनु उचित हुने छैन ।

## सप्तरी १० प्रगन्ना राजविराज

ज्येष्ठ २५ गतेको बिहान यस विकास जिल्लाअन्तर्गतका बसबिटी चनौरा मलेठ आदि ग्राम पञ्चायतका पञ्च भलादमीको संयुक्त गोष्ठी राष्ट्रिय पञ्चायतका सदस्य श्री चतुरभूजप्रसाद सिंहको सभापतित्त्वमा भएको थियो । बैठकमा धेरैजसो सुझावहरू सिराहा जिल्लाअन्तर्गतको सिराहामा ज्येष्ठ १४ गते भएको विचार गोष्ठीको मिल्दोजुल्दो थियो । बैठकमा धेरैजसो पञ्चहरूको भनाइ छ– प्रशासनको अधिकार पञ्चायतलाई नसुम्पिकन ग्राम पञ्चायत सफल हुन गाह्रो छ । तर त्यसमध्ये केहीको यो पनि भनाइ छ कि विकास कार्यको निमित्तलाई मात्र सर्वोपरि अधिकार प्रदान गरिनुपर्दछ । अर्को चुनावसम्म प्रशासनसम्बन्धी अधिकार दिइनु उचित हुने छैन ।

सोही दिन साँझमा प्रशासन केन्द्रीकरण र न्यायतर्फ कुन कुन अधिकार ग्राम पञ्चायत एवं जिल्ला पञ्चायतले पाउनुपर्दछ त्यसबारेमा सुझाव पेस गर्न सप्तरी विकास जिल्ला पञ्चायत र सगरमाथा अञ्चल पञ्चायतका सदस्य श्री जगतबहादुर क्षेत्री एवं विभिन्न ग्राम पञ्चायतका प्रधानपञ्चहरू समेतको बैठक हुँदा निम्नलिखित राय सुझाव प्रस्तुत गरेका छन् :-

## गाउँको ग्राम पञ्चायत एवं नगर पञ्चायतलाई प्रशासन व्यवस्थासम्बन्धी अधिकार

१. चल, अचल गैर धनमालको विभिन्न किसिमको रू. ५,००० सम्म थैली परेको लिखतको रजिस्ट्रेसन पास गर्न पाउने अधिकार ।

२. रेडियोको लाइसेन्स दिने तथा रिन्यु गर्ने ।

३. बन्दुक र अन्य हातहतियारको रिन्युबल गर्ने ।

४. प्रारम्भिक बन्दुक पास गराई मागेकोमा हुने सिफारिस गर्ने ।

५. नागरिकताको प्रमाणपत्रलाई सिफारिस गर्ने ।

६. आयल इन्जिन राखी धान कुट्ने, तेल पेल्ने, पिठो पिँध्ने कामको प्रमाणपत्र दिने नदिने सिफारिस गर्ने ।

७. पिक्चर बनाई बेच्नेबाहेक अरू औषधी विक्री गर्न प्रमाणपत्र दिने ।

८. गाउँ पञ्चायत या नगर पञ्चायतअन्तर्गत गाउँ, टोलहरूको माल, भन्सारबाट लगत लिई मालपोत इत्यादि सरकारी रकमकलम असुल गर्ने र राष्ट्र बैङ्क दाखिल गर्ने ।

## ग्राम पञ्चायत एवं नगर पञ्चायतलाई न्यायसम्बन्धी अधिकार

ग्राम पञ्चायत एवं नगर पञ्चायतले हेर्न पाउने किटान भइरहेको मुद्दाबाहेक ।

१. मुलुकी ऐन घर बनाउने महलभित्रको मुद्दा ।

२. मुलुकी ऐन गरिब कङ्गाल महलभित्र मुद्दा ।

३. बाली चराइ मुद्दा ।

४. गाली, बेइजतकै ऐनअन्तर्गत रू. १०० सम्म दण्ड र ३ महिनासम्म कैद हुने मुद्दा ।

५. अवैध मादक पदार्थ बनाउने, विक्री गर्नेबारेको मुद्दा ।

६. खेत बसोबासको साँध सिमानाभित्रको मुद्दा ।

७. कुटपिटको रू. २०० सम्म दण्ड, ३ महिनासम्म कैद हुने मुद्दा ।

८. देवालय, पाटी, पौवा, धर्मशाला, गौचर, स्मसान, प्राचीन स्मारक बिगारे, चोरेको मुद्दा ।

९. ग्राम पञ्चायत, नगर पञ्चायतलाई अधिकार भएको काम, कुरामा कसैले हस्तक्षेप गरेमा विपरीत आचरण गरेमा पर्ने मुद्दा ।

१०. गौचर मसान, सडक, पोखरी, हाल आवादी नम्बरी गराइराखेकोमा बुझी लगत काट्ने, कटाउनेबारेमा मुद्दा ।

११. ग्राम पञ्चायत वा नगर पञ्चायतले आफ्नो आफ्नो क्षेत्रमा हुन लागेको कुनै मुद्दा तथा न्यायिक प्रशासन कारबाहीमा सार्वजनिक जाँच अनिवार्य रूपले राय प्रकट गर्न पाउने अधिकार हुनुपर्ने ।

## जिल्ला पञ्चायतलाई प्रशासन व्यवस्थासम्बन्धी अधिकार

१. आयलबाट चल्ने मिल राख्ने प्रमाणपत्र दिने र तत्सम्बन्धी मुद्दा ।

२. बन्दुक, हातहतियारको प्रमाणपत्र दिने र ऐ ।

३. नागरिकताको प्रमाणपत्र दिने र ऐ ।

४. मालपोत मिनाहा रहेको पोखरीहरूको जल कर रकम बन्दोबस्त गर्न पाउने र तत्सम्बन्धी ऐ ।

५. छाला, चर्सा रकम बन्दोबस्त गर्ने र तत्सम्बन्धी मुद्दा ।

६. बाटोघाटो ठेक्का बन्दोबस्त गर्ने र तत्सम्बन्धी मुद्दा ।

७. मोटर ट्याक्टर इत्यादिको र त्यसको ड्राइभरको प्रमाणपत्र दिने ।

८. रू. ५,००० भन्दा बढी थैली भएका अथवा थैली नखुलेको विभिन्न किसिमको लेखतहरूको रजिस्ट्रेसन पास गर्ने र तत्सम्बन्धी प्रमाणपत्र ।

९. हरसङ्घा, घरसङ्घा र दाउराको लकडीको पुर्जी दिने ।

## जिल्ला पञ्चायतलाई न्यायसम्बन्धी अधिकार

१. जिल्ला पञ्चायत ऐनले गर्न पाउने काम कारबाहीसम्बन्धी पर्ने मुद्दा ।

२. माथि १ देखि ९ दफामा उल्लिखित अधिकारसम्बन्धी पर्ने मुद्दा ।

## राजविराजस्थित बडाहाकिम लगायत विभिन्न अड्डा प्रमुखको राय

१. प्रशासनका पनि धेरै अधिकार दिएमा दुरूपयोग हुने सम्भावना देखिन्छ ।

२. शान्ति सुरक्षाको अधिकार पञ्चायतलाई दिनु उचित हुने छैन ।

३. विकाससम्बन्धी अधिकार पञ्चायतलाई दिनु नै पर्दछ । तर त्यसको रेखदेख अथवा नियन्त्रण गर्ने व्यवस्था पनि हुनुपर्दछ ।

४. जङ्गलको सुरक्षाको निमित्त घरसङ्घा, दाउरा इत्यादिको पुर्जी पञ्चायतको सिफारिसमा वन विभागले नै दिनुपर्दछ ।

५. ग्राम पञ्चायत र जिल्ला पञ्चायत ऐनमा प्रदत्त अधिकारहरूको उपयोग गर्न छुट दिनुपर्दछ ।

६. कोटासम्बन्धी लाइसेन्स दिनलाई जिल्ला पञ्चायतको सिफारिसलाई प्राथमिकता दिने व्यवस्था हुनुपर्दछ ।

७. ग्राम पञ्चायतमा अनिवार्य रूपमा सचिव श्री ५ को सरकारबाट नियुक्त हुनुपर्दछ ।

८. रेडियो लाइसेन्सचाहिँ जिल्ला पञ्चायतबाट दिने, बन्दुकको लाइसेन्स गोस्वाराबाटै दिने व्यवस्था हुनुपर्दछ ।

९. सरकारी जाँचबुझ गर्दा पञ्चायतको रोहबरमा र गाउँघरमा लेनदेनको तमसुक हुँदा पनि पञ्चायतकै रोहबरमा हुने भए हुने छ ।

ज्येष्ठ २६ गते बभनगामा कट्टी स्थित हाइस्कुल भवनमा त्यस आसपासका पञ्च भलाद्मीहरूको संयुक्त बैठकद्वारा पनि माथि उल्लेख गरिएका सुझावहरू आएका थिए ।

ज्येष्ठ २४ गते साँझ राजविराज नगर पञ्चायतको बैठकले पनि सप्तरी जिल्ला पञ्चायतले पेस गरेका सुझावहरू जस्तै आफ्ना विचार दिएको छ ।

सगरमाथा अञ्चल वर्गीय सङ्गठनका केही प्रमुखहरूको भनाइ पनि छ– अधिकार क्रमशः विकेन्द्रीकरण हुन आवश्यक छ ।

## सिफारिसहरू

यस भ्रमणबाट मलाई लागेका विभिन्न कुराहरूबारेमा मेरो राय निम्नप्रकारको छ :–

पञ्चायती व्यवस्थाअन्तर्गत प्रजातान्त्रिक विकेन्द्रीकरणको सिद्धान्तलाई कार्यान्वित गर्न यसको मूलभूत सिद्धान्तहरूलाई व्यवहारमा ल्याउन अत्यन्त आवश्यक छ । विभिन्न तहका पञ्चायतहरू प्रजातान्त्रिक एकाइको रूपमा काम गर्दछन् र ऐन नियमद्वारा प्रदत्त अधिकारहरू ती एकाइहरूमा निहित हुन्छ, त्यसमाथि कतैबाट पनि हस्तक्षेप हुनु हुँदैन । यदि हस्तक्षेप भयो भने त्यसको सार नष्ट भएर जान्छ । यी अधिकारहरू कुनै निश्चित अवधि वा कार्य सुविधाको निमित्त प्रदान गरिएको मात्र हुँदैन, यी अधिकारहरू मौलिक रूपमा नै तिनीहरूमा निहित हुनुपर्दछ र त्यसमा यसको विशेषता छ ।

पञ्चायती एकाइहरूले कानुनद्वारा परिभाषित र प्रदत्त अधिकारहरूको दायराभित्र रही एउटा स्थानीय र तोकिएको क्षेत्रभित्र सरकारकै रूपमा पञ्चायतले नै गर्नुपर्दछ । त्यस क्षेत्रभित्र वा दायराभित्र पर्ने सबै प्रशासनको कामहरू सरकारको रूपमा पञ्चायतले गर्नुपर्दछ र अहिलेको व्यवस्थामा रहेका त्यस स्तरका सरकारी कर्मचारीहरू पनि त्यसै पञ्चायतकै मातहतका कर्मचारी सरह काम गर्ने व्यवस्था हुनुपर्दछ । अन्यथा एउटै क्षेत्रभित्र समानान्तर सरकारको रूपमा २ संस्थाका अधिकारीहरूले एकअर्काको अधिकार खोस्नपट्टि र एक अर्कालाई हत्याउनपट्टि बढी सचेत भई पञ्चायती व्यवस्थाअन्तर्गत हुनुपर्ने उद्देश्यको र कामहरूको व्यवस्था हुन सक्दैन, खास गरी विकासका कामहरूलाई ध्यानमा राखी यो

कुरा बडो महत्त्वपूर्ण छ कि अधिकार सर्वोपरि जसको रहन्छ शक्तिको उपयोगको समर्थन जसपट्टि रहन्छ त्यसबाट मात्र विकासको कार्य सम्भव छ । हाम्रो जस्तो पछौटे देशको अवस्थालाई ध्यानमा राखी यो कुरा आवश्यक हुन आएको छ कि जबसम्म सरकारका विभिन्न तहका कर्मचारीहरूले पञ्चायतलाई नै सर्वोत्कृष्ट मानी आफूले त्यसअन्तर्गत रही काम नगरून्जेल विकासको कार्य असम्भव प्रायः नै छ । सामाजिक तौरमा पञ्चायत व्यवस्था हुनुभन्दा अघिका गाउँका पञ्चायतहरूले गरेका काम पनि अहिलेका पञ्चायतहरूले गर्न सकेका छैनन् । कारण पहिलेका पञ्चायतहरूले गर्ने काममा नैतिक बल मात्र थियो र कानुनी मान्यता दिएन तापनि नैतिकताको आधारमा दिएका वचनहरूको पालन गर्दै थियो । तर अहिले यसलाई कानुनी रूप दिएको हुनाले पञ्चायती सदस्यहरूले बढी नैतिकताभन्दा कानुनी अधिकारलाई महत्त्व दिएका छन् । यस अवस्थामा सामान्यतः कानुनी अधिकारहरूलाई मनाउने या कार्यान्वित गराउने तरिकाहरूको उपयोगमा सरकारी कर्मचारीहरूको आवश्यक सहयोगको अभावमा पञ्चायतहरूले काम गराउन न त कानुनी बल नै पाए न त नैतिक बल नै । तसर्थ आजसम्म पञ्चायतले गरेका विकास कार्यहरूमा प्रत्यक्ष प्रगति पनि देखिँदैन र साथै जनताको हार्दिक नैतिक समर्थन पनि देखा परेको छैन । तसर्थ यस दिशापट्टि तुरून्त ध्यान नदिएमा यसकै परिणाम भविष्यमा नराम्रो हुने सम्भावना छ । तसर्थ सबैभन्दा पहिले पञ्चायतलाई जनताको एउटा कल्याणकारी संस्थाको रूपमा गराउन अत्यन्त आवश्यक छ ।

गाउँ पञ्चायतहरूले अहिलेसम्म सफलतापूर्वक गाउँ सभाको बैठक बोलाउन सकेका छैनन् । पञ्चायतमा खास गरेर ग्राम पञ्चायतमा पुराना रूढीवादी मनोवृत्तिका र मुद्देबाज अथवा शोषकको प्रवेश छैन भन्न सकिन्न । धेरै पञ्चायतमा त्यस्ता पञ्चहरूले डर, धाक देखाई आफ्नो दुनो सोझ्याउने काम पनि गरेका कुरा हाम्रो यो भ्रमणमा पायौँ । यसले गर्दा बिस्तारै कल्याणकारी उद्देश्यको पूर्तिकै साधन नभई शोषणको साधन बन्न जाने सम्भावना देखिन्छ । तसर्थ सम्बन्धित सरकारी अधिकारीहरूले कमसेकम ६ महिनामा १ चोटि प्रत्येक गाउँ सभाकै बैठकमा उपस्थित भई गाउँ सभाको कार्यक्रम, नियम, कानुनअनुसार सञ्चालन गर्न लगाई सभाले स्वीकृत गरेका प्रस्तावहरूलाई कार्यान्वित गराउन लगाउनुपर्दछ । सरकारी अधिकारीहरूको गाउँ सभाको बैठकमा उपस्थितिले यसलाई केवल औपचारिकता मात्र प्रदान गर्ने नभई यसमा जनताको विश्वास समेत बढाउने हुनाले यस्तो किसिमको आदेश केन्द्रबाट जिल्लामा रहेका कर्मचारीहरूलाई तुरून्त जानुपर्छ जसबाट उनीहरूले प्रत्येक गाउँ सभाको बैठकमा आफू समेत सामेल भएर पारित भएको प्रस्तावको अनुरूप कार्य भएको र नभएको, यदि नभएको भए किन नभएको, त्यसको विस्तृत विवरण जिल्ला पञ्चायतमा पेस गरी जिल्ला पञ्चायतले केन्द्रमा प्रस्तुत गर्ने व्यवस्था हुनुपर्दछ । प्रत्येक जिल्ला पञ्चायतमा एक प्रशिक्षण डोर हुनुपर्दछ । त्यसको काम ग्राम पञ्चायतसँग सम्बन्ध राख्ने र पञ्चायत ऐनको व्याख्या गर्ने र पञ्चायतको अधिकार र कर्तव्यबारेमा बोध गराउने र पञ्चायत सञ्चालन गर्न आवश्यक निर्देशन दिने हुनुपर्दछ । प्रत्येक ग्राम पञ्चायतमा एक एक सचिव अनिवार्य रूपले श्री ५ को सरकारले नियुक्त गर्नुपर्दछ । तर निजले ग्राम पञ्चायत अधीन काम गर्नुपर्नेछ ।

## विकास

सरकारी एवं गैरसरकारी आयोजनाहरू सफल गर्न पञ्चायतको के कस्तो हात रहन्छ त्यसको नीति प्रष्ट रूपमा बनाउनुपर्दछ । स्थानीय जनताको अभिरूचि विकास कार्यमा बढाउन र उनीहरूलाई ज्यादासे ज्यादा सङ्ख्यामा सामेल गराउनका निमित्त प्राविधिक ज्ञानको खास आवश्यकता नभएका र स्थानीय विकास कार्यहरूको योजना ग्राम पञ्चायतलाई बनाउन दिनुपर्दछ । यसबाट यस्ता योजनालाई सफल गराउन गाह्रो पर्ने छैन र आफ्नो योजना भन्ने भावना पनि ती पञ्चायतहरूमा आउने छ । त्यस्तै जिल्ला स्तरीय योजनाहरू पनि जिल्ला पञ्चायतलाई बनाउन दिनुपर्दछ । यसको निमित्त आवश्यक विशेषज्ञ उनीहरूलाई केन्द्रबाट प्रदान गरिनुपर्दछ । जिल्ला स्तरमा हुने सबै विकास कार्यहरू जिल्लामार्फत गरिनुपर्दछ ।

पञ्चायतका स्थानीय एकाइहरूले गर्न लागेको निर्माणात्मक काममा माथिल्लो स्तरबाट सहयोगात्मक भावना हुनुपर्दछ । दीर्घकालीन योजनाहरूको वर्गीकरण हुनुपर्छ जसमा कुन कुन योजना जिल्ला, अञ्चल र केन्द्रले गर्ने भन्ने कुरा निश्चित हुनुपर्दछ । त्योअनुसार सरकारी सहायता प्रदान हुने व्यवस्था भएमा विकासप्रति जनताको रूचि बढ्ने छ ।

प्रत्येक ग्राम पञ्चायतले कमसेकम दिनुपर्ने श्रमदानको सङ्ख्या निर्धारित हुनु आवश्यक छ । लगातार तीन वर्षसम्म निर्धारित सङ्ख्यामा श्रमदान नदिएमा पञ्चायतको अयोग्यमा ठानी पुनर्गठन गर्न सकिने व्यवस्था हुनुपर्दछ । यसबाट विकास कार्यको निमित्त श्रमको स्रोत निरन्तर बढने छ । श्रमदानलाई प्रोत्साहित गर्नु हुन पञ्चायतले बढी श्रमदान गरी पञ्चायतको विकास गरेको छ । त्यसमा पञ्चायतलाई विशेष पुरस्कारको रूपमा अधिक आर्थिक सहायता र पदकहरू प्रदान गरिने व्यवस्थाका साथै सरकारी आयोजनाहरू लागू गर्दा प्राथमिकता समेत दिने व्यवस्था हुनु जरूरी छ । यसमा सबैभन्दा बढी महत्त्व सरकारी क्षेत्र र स्थानीय श्रमदानको आधारमा गरिने आयोजनाहरूको विशेष गरी सडक र सिँचाइको प्रमुख स्थान छ । सडक बनाउँदा अञ्चल पञ्चायत र जिल्लाको मूल सडकसँग जोडिने गरी प्राथमिकता निर्धारित हुनुपर्दछ । यसप्रकारका विकास योजनामा बाधा दिने व्यक्तिमाथि कारबाही गर्नमा सरकारी सहयोग समेत पूर्ण रूपले हुनुपर्दछ । यस दिशामा विशेष गरी नियम र कानुनद्वारा अझ विस्तृत रूपले व्यवस्थित हुनु आवश्यक छ ।

(क) विकास कार्यको निमित्त आएका स्रोतहरूबारेमा कार्यान्वितको निमित्त तथा साधन सबै तहका पञ्चायतहरूलाई विभागीय आदेश शीघ्र दिनुपर्दछ ।

(ख) प्रत्येक पञ्चायतले गर्नुपर्ने विकासको कामको कमसेकम सङ्ख्या निर्धारित गरी प्रत्येक पञ्चायतलाई परिपत्र पठाउनुपर्दछ ।

(ग) सालको अन्तमा उनीहरूले गरेको कामको लेखाको आधारमा योग्यताक्रम तयार पारी प्रत्येक पञ्चायतलाई पठाउने व्यवस्था हुनुपर्दछ ।

## उद्योग धन्दा र वाणिज्य

सरकारले गरेको भूमि सुधारबारे विचार गर्दा यसको मूल उद्देश्य हाम्रा देशका योग्य नागरिकहरूलाई उद्योग धन्दापट्टि लैजानु हो । तसर्थ देशलाई औद्योगीकरण गराउनको निमित्त नेपाली नागरिकहरूलाई उद्योग धन्दा खोल्न विशेष प्रोत्साहन दिने व्यवस्था हुनुपर्दछ । त्यस किसिमको प्रोत्साहन दिनलाई उद्योगको वर्गीकरण गरी जिल्ला स्तरसम्म दिन सक्ने सानातिना घरेलु उद्योगलाई स्थानीय पञ्चायतले नै लाइसेन्स दिने व्यवस्था हुनुपर्दछ । यस्तै प्रकारको आयल इन्जिन राखी साना पावरका धान कुट्ने, तेल पेल्ने, पिठो पिँध्ने इत्यादि मिल राख्नलाई स्वीकृति दिने अधिकार पनि ग्राम पञ्चायतको सिफारिसको आधारमा जिल्ला पञ्चायतलाई दिनु बेस हुने छ । पञ्चायतले यस्ताको लगत राखी सम्बन्धित विभागलाई सूचना दिने गर्नुपर्दछ । यसबाट पञ्चायतमा आफ्ना इलाकाभित्र उद्योग धन्दा बढाउने प्रवृत्ति लाग्ने छ र भूमि सुधारले पञ्चायत ल्याएको केही प्रतिक्रियाहरूलाई समेत शान्त पार्न सहायक हुने थियो । उद्योग धन्दाको व्यवसायको निमित्त विदेशीहरूभन्दा विशेष गरी नेपाली नागरिकहरूलाई विशेष सुविधा दिई प्रोत्साहित गरिएमा यसबाट दिइएका सुविधाहरूबाट नै उद्योग धन्दापट्टि विशेष रूचि लिने बढ्ने छ । ठूला र साना उद्योगहरूमा समान रूपले सुविधा दिइनुपर्दछ । ता कि सानो रूपमा पनि पुँजीको सङ्कलन भई लगानी हुन सकोस् । हाम्रो जस्तो पिछडिएको मुलुकमा देशका नागरिकहरूसँग पुँजीको अभाव हुनु स्वाभाविक नै हो तसर्थ विदेशी पुँजीको थिचोमिचो र आर्थिक उपनिवेशवादबाट दबाउन स्वदेशी पुँजीलाई विशेष सुविधा र संरक्षणको व्यवस्था हुनुपर्दछ । अन्यथा स्वदेशी पुँजीपतिहरू कहिले पनि अगाडि सर्न सक्दैनन् र स्वदेशी पुँजीपतिहरूको र आफ्नै देशका नागकिहरूले औद्योगीकरण गर्न सचेष्टा नभई कुनै पनि देशको औद्योगीकरण असम्भव भएको हुनाले सरकारको आर्थिक नीतिमा समेत राष्ट्रियता हुन अत्यन्त आवश्यक छ ।

जिल्लाका व्यापारीहरूलाई कोटाको लाइसेन्सको वितरण जिल्ला पञ्चायतको सिफारिसको आधारमा गरिनुपर्दछ र त्यसको दरभाउको निश्चयका साथै कालाबजार हुन नपाउन नियन्त्रण गर्ने र दण्ड जरिवाना समेत गर्न सक्ने व्यवस्था हुनुपर्दछ ।

## शिक्षा

प्रथामिक शिक्षा ग्राम पञ्चायतको माध्यमबाट व्यवस्थित गरिने कुराको उल्लेख ऐनमा समेत समावेश भएको तर माध्यमिक शिक्षा देशको औद्योगीकरणको निमित्त आवश्यक भएको हुनाले माध्यमिक शिक्षाहरू आधारभूत प्राविधिक व्यवसायी शिक्षा दिइनु नितान्त जरूरी छ । माध्यमिक शिक्षाको रेखदेख र संरक्षण जिल्ला पञ्चायतलाई सुम्पिनु उपयुक्त हुने छ । उच्च शिक्षाहरूको निमित्त अञ्चल राष्ट्रिय स्तरबाट व्यवस्था हुनु उचित हुने छ । जिल्ला स्तरमा नियुक्त हुने शिक्षा अधिकारीहरू जिल्ला पञ्चायतको अधीन राखिनुपर्दछ । केन्द्रीय सरकारबाट शिक्षासम्बन्धीमा जिल्ला स्तरमा दिइने सबै आर्थिक अनुदान जिल्ला पञ्चायतमार्फत दिइनु राम्रो हुने छ ।

## जङ्गल

अधिराज्यभरका सबै वनहरूको वर्गीकरण हुनुपर्दछ । राष्ट्रिय स्तरका वनको संरक्षण पूर्ण रूपले केन्द्रबाट हुनुपर्दछ । त्यसपछि जङ्गलहरूमध्ये मासिने खालको अथवा वन विशेषज्ञको दृष्टिकोणले विकास हुन नसक्ने वनको संरक्षण र आवश्यक काठपात दाउराको उपयोगको लागि चलन गर्ने, गराउने अधिकार जिल्ला पञ्चायतलाई हुनुपर्दछ । राष्ट्रिय जङ्गलको रेखदेख गर्ने काम केन्द्रबाट नियुक्त वन विशेषज्ञले गर्ने छ र सानातिना वन विशेषज्ञहरूचाहिँ जिल्ला पञ्चायत अधीन नै रहनुपर्दछ । दैनिक उपयोगका निमित्त दाउरा र जमोट इत्यादिको निमित्त काठ, बाँस ल्याउनलाई ग्राम पञ्चायतले पुर्जी दिन सक्ने र घर बनाउनका लागि घरसङ्घाको पुर्जीचाहिँ ग्राम पञ्चायतको सिफारिसको आधारमा जिल्ला पञ्चायतबाट दिइनुपर्ने व्यवस्था भए राम्रो हुने छ । सानातिना गाउँघरको विकास कार्यहरूको निमित्त सम्बन्धित पञ्चायतले सिफारिस गरेमा आवश्यक लकडी वन विभागबाट मुफ्त दिने व्यवस्था हुनु जरूरी छ ।

## कृषि र सिँचाइ

आफ्नो पञ्चायत एरियामा राम्रो किसिमको खेती गर्न, त्यसको निमित्त आवश्यक बाँधपैन निर्माण गर्ने, गराउने सम्बन्धमा पूर्ण अधिकार ग्राम पञ्चायत र जिल्ला पञ्चायतलाई हुनुपर्दछ । त्यसको निमित्त आवश्यक भए मालपोतमा थप कर पनि लगाउन सक्ने अधिकार प्रदान गरिनुपर्दछ । केन्द्रबाट छुट्याइएको खानेपानीमा छुट्याइएका बजेट रकम आवश्यकता हेरी जिल्ला पञ्चायतलाई अनुदान दिनुपर्दछ । प्रत्येक विकास जिल्लामा हाललाई कमसेकम २ जना ओभरसियर पठाउनुपर्दछ । कृषि अधिकारीहरू जिल्ला पञ्चायतको रेखदेखमा राख्ने प्रबन्ध हुनु आवश्यक छ । आफ्नो आफ्नो ग्राम पञ्चायतमा कृषि बैङ्क स्थापनाको निमित्त अनाज उठाउन सक्ने छ तर त्यसको रेखदेख जिल्ला पञ्चायतले गर्ने छ । साथै सहकारिताको व्यापक प्रचार र प्रसारको व्यवस्था हुनु जरूरी देखिन्छ । प्रत्येक जिल्ला पञ्चायतलाई केन्द्रबाट १।१ सहकारी इन्स्पेक्टर पठाउने व्यवस्था हुनु नै पर्दछ ।

## यातायात

रेल्वे, हवाई मार्ग र राजमार्गको संरक्षण र त्यसबाट आउने आयको उपयोग गर्ने अधिकार केन्द्रीय सरकारमै हुनुपर्दछ । तर गाउँ, जिल्ला र अञ्चल स्तरका सडकहरूको संरक्षण गर्ने अधिकार सम्बन्धित तहका पञ्चायतले नै पाउनुपर्ने व्यवस्था हुनुपर्दछ । त्यसबाट आएको आम्दानी पनि सम्बन्धित तहका पञ्चायतले नै पाउनुपर्ने व्यवस्था हुनुपर्दछ । त्यसबाट आएको आम्दानी पनि सम्बन्धित तहका पञ्चायतको हुने छ र उसले उक्त सडकहरूको बिस्तार गर्नाका साथै मरमत आदि पनि गर्नुपर्ने व्यवस्था हुनुपर्दछ । जिल्ला जिल्लामा रहेका बनाउने अड्डा र सवारी कर र रोडसेस अफिसहरू जिल्ला पञ्चायतको अधीन हुनुपर्दछ । केन्द्रीय सरकारबाट आवश्यक विशेषज्ञहरू र आधुनिक सरसामानहरू सम्बन्धित पञ्चायतमा दिने प्रबन्ध हुनुपर्दछ ।

## स्वास्थ्य

जिल्ला पञ्चायतले आफ्नो इलाकाअन्तर्गत जनताको स्वास्थ्य उपचार इत्यादिको निमित्त काम गर्ने व्यवस्था हालको जिल्ला पञ्चायत ऐनमा भए तापनि व्यावहारिक तवरबाट हाल सो गर्न निकै नै कठिन पर्ने जस्तो छ । जिल्ला पञ्चायतका अधीन स्वास्थ्य केन्द्र आयुर्वेदीय औषधालय र साना साना डिस्पेन्सरीहरू हुनुपर्दछ । केन्द्रीय सरकारबाट स्वास्थ्य बजेटमा छुट्याइएको रकम जिल्ला पञ्चायतको स्वास्थ्य शाखाले पाउने व्यवस्था हुनुपर्दछ ।

## मुद्दा मामिलासम्बन्धी

हालको ग्राम पञ्चायत ऐनको परिच्छेद ७ मा मुद्दा मामिला सम्बन्धमा जति अधिकार प्रदत्त गरिएको छ त्यो अपर्याप्त जस्तो लाग्दछ । यद्यपि हाललाई साधारणतया त्यत्तिकै अधिकार दिनु उचित हुने छ तापनि भविष्यको निमित्त केही अधिकार थप गर्नु आवश्यक भएको छ । परिच्छेद ७ मा उल्लेख गरिएकोबाहेक गाली बेइज्जती, सानातिना चोरी, निलडाम नभएको, कुटपिट, आली र साँध मिच्ने, ठग्न खोज्ने अथवा ठगेको, बाली चराइ, अवैध मादक पदार्थ विक्री वितरण गरेको इत्यादि र रू. २००।– सम्मको बिगोको जुनसुकै मुद्दा पनि हेर्न पाउने व्यवस्था ग्राम पञ्चायतलाई हुनुपर्दछ । यसप्रकार मुद्दा मामिला हेर्न पहाडका लागि २ पञ्चायत र मधेस तराईका लागि ३ पञ्चायतका प्रतिनिधि राखेर ग्राम पञ्चायत अदालत हुने व्यवस्था हुनुपर्छ । यसप्रकारको व्यवस्था नहुँदा गाउँको गुटबन्दी र खिचातानीले गर्दा राम्रो इन्साफ नहोला भन्ने शङ्का हुन्छ । यसबाहेक अदालतका जुनसुकै तहमा परेका वा हाल चलिरहेका पञ्चखतदेखि बाहेक सबै प्रकारका मुद्दाहरू दुवै वादी, प्रतिवादी दुवै थरिले मिलापत्र गर्न चाहेमा पञ्चायतले मिलापत्र गराई सम्बन्धित न्यायालयमा पठाउन सक्ने व्यवस्था हुनुपर्दछ ।

ग्राम पञ्चायतका आयका स्रोतहरू निम्नलिखित पनि हुनुपर्दछ :

१. मालपोतको आयको १० प्रतिशत रकम ।

२. निश्चित मालपोतमा १० प्रतिशत रकम थप गरिआएको रकम ।

३. दुई हजारसम्मको लेनदेनको रजिस्ट्रेसन दस्तुरबाट आएको रकम ।

४. रेडियो लाइसेन्सको रिन्युवलबाट आएको रकम ।

५. मुद्दा मामिलाको दण्ड जरिवानामा र त्यस सम्बन्धबाट आएको विभिन्न आयहरू ।

६. बजार हाट, मेला इत्यादिबाट उठ्ती भएको रकम ।

७. मनोरञ्जन करबाट आएको रकम ।

८. सरकारी बाँकी बक्यौता दण्ड जरिवाना इत्यादि असुल गरेबापत २५ देखि ५० प्रतिशत रकम ।

माथि उल्लेख गरिएको आयको अतिरिक्त ग्राम पञ्चायत ऐनको परिच्छेद ४ मा उल्लेख गरिएको चल अचल सम्पत्तिबाट आएका आम्दानीहरू पनि ग्राम सभाको कोषमा रहनेछन् । उपरोक्त आयको रकमको खर्च गर्नमा केन्द्रबाट कुनै बाधा हुनु हुँदैन । स्थानीय विकास कार्यहरूमा आफूले योजना बनाई केन्द्रको स्वीकृतिबेगर नै खर्च गर्ने अधिकार ग्राम पञ्चायतलाई रहनुपर्दछ । तर जिल्ला पञ्चायतको स्वीकृति आवश्यक हुने छ । जिल्ला पञ्चायतको आर्थिक स्रोत जिल्ला पञ्चायत ऐनमा उल्लेख गरिएका अतिरिक्त, मालपोतको १० प्रतिशत, सवारी कर इत्यादि आय पनि समावेश हुनुपर्दछ र जिल्ला स्तरका शिक्षा कर रोडसेस, वन, नहर कर रेडियो लाइसेन्स दस्तुर, बन्दुक लाइसेन्स, रिन्युबल र गुठीबाट आएको रकम पनि जिल्ला सभाको कोष आउनुपर्दछ । बन्दुकको लाइसेन्स दिने कामचाहिँ शान्ति सुरक्षा राख्ने अड्डालाई दिन उचित हुने छ तर भरूवा बन्दुकको लाइसेन्सको रिन्युवल ग्राम पञ्चायतमा नै हुनु आवश्यक छ । शान्ति सुरक्षाको हकमा साधारणतया जिल्ला पञ्चायतलाई दिए पनि राजद्रोही, देशद्रोही इत्यादि र असाधारण स्थितिमा शान्ति सुरक्षा जिल्ला पञ्चायतलाई दिनु उचित हुने छैन ।

## हुलाक सेवा

प्रत्येक ग्राम पञ्चायतमा सरकारी हुलाकको स्थापना हुनु आवश्यक देखिन्छ । ग्राम पञ्चायतबाट लेखापढी हुँदा अन्य सरकारी अड्डा सरह का.स. चल्ने व्यवस्था हुनुपर्दछ ।

## विविध

(क) जिल्लामा रहेका विभिन्न अड्डा प्रमुखहरूबाट एउटा ठूलो गुनासो सुनियो, त्यो हो केन्द्रबाट छिटो निकासा नआउने । जिल्लाबाट पठाइएका पत्रहरूको जवाफपत्र पुगेको ७ दिनभित्र जवाफ दिनुपर्ने नियम हुनु आवश्यक छ । निकासा छिटो नआउनाले जिल्लामा काम गर्न अनेकौँ बाधा अड्चन भएको देखिन्छ ।

(ख) जिल्लास्थित सरकारी प्रमुखहरूको जिम्मा केही अपर्झट रकम राखिनुपर्दछ । अपर्झट खर्च गर्नुपर्दा केन्द्रबाट निकासा लिई राख्नुपर्ने व्यवस्था हुनु हुँदैन । सरकारी भवन, फर्निचरहरूको मरमती रकम छुट्याइनुपर्दछ र सो रकम खर्च गर्ने अधिकार पनि सम्बन्धित वडा प्रमुखलाई नै हुनुपर्दछ ।

माथि दफा दफामा उल्लेख गरिएका अधिकारहरू हाललाई अधिराज्यभरका पञ्चायतहरूलाई दिनु मुनासिब मिल्दैन तापनि चाँडै नै जिम्मादारी, तालुकदारी, जिम्मावाल सवालमा रहेका सारा अधिकारहरू र हाल ग्राम, जिल्ला र अञ्चल पञ्चायतमा उल्लेख गरिएका सबैजसो धाराहरू उपयोग गर्न दिनु आवश्यक छ । प्रत्येक अञ्चल र जिल्लामा छानबिन गरी लायक र सूक्ष्म पञ्चायतलाई उक्त अधिकारहरू क्रमशः उपयोग गर्न दिन उचित हुने छ । मेरो विचारमा शक्ति विकेन्द्रीकरणलाई चार तहमा विभाजित गरी त्यसमा पञ्चायतहरूलाई प्रत्येक साल उक्त अधिकारहरू प्रदान गरिनाले पञ्चायत एउटा होड जस्तो आउन सक्ने छ । यसले गर्दा हाम्रो प्रशासन विकेन्द्रीकरण गर्ने लक्ष्य पनि पूर्ति हुन सक्ने छ ।

## अञ्चल पञ्चायत

यद्यपि मेरो यो भ्रमणकालमा भेटिनुभएका अञ्चल पञ्चायतका सदस्यहरूको भनाइ छ – अञ्चल पञ्चायतले प्रशासनसम्बन्धी अधिकार पाउने व्यवस्था हुनुपर्दछ र अञ्चल स्तरीय आयोजना लागू गर्दा ४ लाखसम्मको बजेट बनाई खर्च गर्ने अधिकार पनि प्राप्त हुनुपर्दछ । तर मेरो आफ्नो अनुभव र कतिपय व्यावहारिक दृष्टिकोणबाट हाल अञ्चल पञ्चायत ऐनमा प्रदत्त अधिकारभन्दा बढी दिन मुनासिब छैन । त्यही नै पर्याप्त छ र सोबाहेक हाललाई अञ्चल पञ्चायतको निमित्त निम्न काम पनि सुम्पिनु आवश्यक छ :

१ आफ्नो अञ्चलअन्तर्गतका विभिन्न जिल्ला र गाउँहरूको बराबर भ्रमण गर्नुपर्ने ।

२ अञ्चल स्तरीय सम्मेलन क्रमशः प्रत्येक विकास जिल्लामा हुनुपर्दछ जसमा देशको राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक इत्यादि सम्बन्धमा विचार विमर्श हुनुपर्दछ र आफ्नो सुझाव समेत केन्द्रमा पेस गर्नुपर्दछ ।

३ जिल्ला पञ्चायतले अञ्चल पञ्चायतको अधीन रहनु नै पर्दछ ।

४ अञ्चल पञ्चायतका सदस्यहरूलाई अधिराज्यका अरू अञ्चलमा पनि भ्रमण गराउने व्यवस्था हुनुपर्दछ ।

५ अञ्चलको कोषमा मालपोतको ५ प्रतिशत आयका अतिरिक्त जिल्ला सभा कोषबाट निजको आयको १० प्रतिशत पनि दाखिल हुने व्यवस्था हुनुपर्दछ ।

## आयोगका सदस्य श्री गेहेन्द्रबहादुर राजभण्डारी, श्री वेदबहादुर पन्त तथा श्री नारायण भट्टहरूले दिनुभएको कोसी र मेची अञ्चलको आआफ्नो भ्रमणसम्बन्धी रिपोर्ट

हाम्रो भ्रमणको सिलसिलामा २५ वटा करिब पञ्चायतहरू, बुद्धिजीवीहरू र सरकारी कर्मचारीहरूको मिटिङ राख्यौं, यसको अलावा हामीहरूले करिब पच्चीस पञ्चायतमा गई छलफल पनि गर्‍यौं ।

हामीहरू जहाँ पनि गयौं त्यहाँ हामीहरूले श्री माननीय अध्यक्षज्यूले दिनुभएको निर्देशनअनुसार खास गरी पञ्चहरू, बुद्धिजीवी साथीहरू र स्थानीय कर्मचारीहरूसँग बेग्लाबेग्लै मिटिङहरू राखी विभिन्न तहका पञ्चायतहरूलाई के कस्तो अधिकार दिई क्रमशः विकेन्द्रीकरण गरी लैजाने हो त्यसतर्फ विशेष ध्यान राखी सुझावहरू मागी सङ्कलन गरी ल्यायौं ।

हामीहरू कोसी र मेची अञ्चलहरूको भ्रमणको सिलसिलामा ज्येष्ठ ९ गतेका दिन सर्वप्रथम मोरङ गोस्वारामा पुग्यौं । श्रीमान् अञ्चलाधीशसित छलफल गरी कोसी अञ्चलको प्रोग्राम बनाई हामीहरू धनकुटा जिल्लामा अध्ययन गर्न पुग्यौं ।

धनकुटामा बस्दा हामीहरूले सर्वप्रथम विभिन्न तहका पञ्चायतका पञ्चहरू, वर्गीय सङ्गठनमा आउनुभएका साथीहरूसित भेटघाट हुँदा निम्न लेखिएबमोजिम हुनुपर्छ भन्ने राय सल्लाह पायौँ :

(१) पञ्चायतहरूलाई राम्ररी निर्देशन दिइएमा अझ बढी राम्ररी काम गर्न सकिन्छ तसर्थ माथिल्लो तहका पञ्चायत र सरकारी पक्षबाट तल्लो तहका पञ्चायतलाई देश निर्माणको काममा सुनियोजित तरिकाले काम गर्न निर्देशन हुनु अति आवश्यक छ ।

(२) हाल सरकारको निर्णयअनुसार रू. ५०।- भन्दा बढीको लेनदेनमा रजिस्ट्रेसन पास गर्नुपर्ने हुँदा पहाडी जिल्लामा बाटोघाटोको कठिनाइले गर्दा एक ठाउँबाट गौँडासम्म आउनलाई धेरै दिन लाग्ने भई मानिसहरूलाई बढी खर्चको साथै अरू धेरै कठिनाइ पनि हुने हुँदा हाललाई रू. २०००।- सम्मको रजिस्ट्रेसन पास गर्ने अधिकार ग्राम पञ्चायत तहमा नै हुन अति आवश्यक छ । यसरी भएको खण्डमा गाउँका जनताको खसोखास व्यवहार पनि पञ्चायतलाई नै ज्ञान हुने र लेनदेन मुद्दाहरू पनि हालभन्दा धेरै नै कमी हुने देखिन्छ ।

(३) ग्राम पञ्चायत इलाकाभित्रका सरकारलाई आवश्यक हुनेबाहेक अरू पर्ति जग्गाहरू आवाद गर्ने काम पञ्चायत तहबाट नै हुनुपर्छ ।

(४) मालपोत उठाउने कामहरू हाल जिम्मावालहरूले उठाई आएकोमा जिम्मावालहरूले पाउने रकम ग्राम पञ्चायतलाई नै पाउने गरी मालपोत उठाउने काम ग्राम पञ्चायतलाई दिइएमा पञ्चायतको आम्दानीको स्रोत बढ्नाका साथै सरकार र जनताको बीचको शोषणको माध्यम खतमभई काम सुचारूरूपले चल्न जाने देखिन्छ । यसरी गर्दा माललाई ठेकी राखेको धेरै स्टाफहरू घटाउन सकिन्छ र केही कर्मचारीहरू मात्र ग्राम पञ्चायतलाई मद्दतको रूपमा दिए पुग्न जाने छ ।

(५) जनसङ्ख्याको तथ्याङ्क राख्ने काम पनि ग्राम पञ्चायतलाई नै दिनुपर्दछ ।

(६) गौँडाले साधारण बन्दुकहरूको लाइसेन्स दिएपछि जनताले सालबसाली रिन्यु गर्न गौँडामा आउनुपर्नेमा २।४ दिनको आवत जावत गर्दा जनतालाई मर्का पर्ने हुँदा त्यस्ता बन्दुकहरूको रिन्यु पञ्चायतले नै दिएमा छिटो र छरितो हुने भएको देखिन्छ ।

(७) उक्त बन्दुक सरह रेडियो लाइसेन्सको रिन्यु गर्ने पनि पञ्चायतबाट नै हुनु मनासिब देखिन्छ ।

(८) किपटियाहरूले जङ्गलहरूको संरक्षण, सुरक्षा, आवाद, गुल्जार गर्न सकेको छैन, जङ्गलहरू धमाधम फाँडिदै छन् तसर्थ जङ्गलहरूको उचित संरक्षण र वितरण गर्ने काम पञ्चायतहरूलाई सुम्पियोस् ।

(९) ग्राम पञ्चायत ऐनहरूमा उल्लिखित सबै कानुनी हकहरू ग्राम पञ्चायतले तुरून्त पाउनुपर्छ । किपटियाहरूले पनि पञ्चखतबाहेकका मुद्दाहरू हेरिआएको हुनाले दोहोरो

पर्न जाने हुनाले पञ्चायत र किपटियाहरूमा झगडा पर्न जाने सम्भव भएकोले मुद्दा मामिलातर्फ पञ्चायत र किपटियाहरूले संयुक्त रूपमा हेर्न पाउने परिबन्द हुनुपर्छ ।

(१०) भ्रष्टाचार रोक्नको लागि उजुर छानबिन र सबुद सङ्कलन गर्ने पञ्चायतलाई हुनुपर्छ तर ग्राम पञ्चायत फेरि वादी भई बस्न नपर्ने व्यवस्था हुनुपर्छ ।

(११) साक्षी सरजमिन इत्यादि गर्दा पञ्चायतलाई सरकारी तवरबाट नै बुझ्ने प्रबन्ध भएमा वास्तविक तथ्य कुराहरू पत्ता लाग्न जाने छ र पञ्चायतको राय नमान्ने हुनुपर्ने छ ।

(१२) खुन, डाँका, चोरी जस्ता काममा पनि पञ्चायतहरूलाई मद्दत लिई मौका तहकिकात गर्ने व्यवस्था हुनुपर्दछ ।

(१३) पञ्चायतको चिठीपत्रहरू का.स. गरी चलाउनुपर्छ रजिस्ट्रेसन चलाउन र टिकट विक्री गर्ने काम पनि पञ्चायतलाई दिइएमा सब गाउँ गाउँमा चिठीपत्रहरू समयमा नै पुग्न पाउने व्यवस्था मिलाउन सकिन्छ ।

## सरकारी कर्मचारीको राय

त्यस धनकुटा गौँडाका बडाहाकिमसमेत अरू विभिन्न जिल्ला स्तरीय हाकिम, कारिन्दाहरू समेत राखी विचार विमर्श हुँदा निम्न लेखिएबमोजिमको सुझाव प्राप्त भयो :

(१) पञ्चायतका पञ्चहरूलाई ऐन कानुन, नियमबमोजिम काम गराउन समय समयमा सम्मेलनको साथै ट्रेनिङ्को व्यवस्था भए पञ्चहरूले अझ बढी राम्ररी काम गर्ने देखिन्छ ।

(२) अस्पताल, घरेलु, डिस्पेन्सरी, औषधालय जस्तै कलेज, स्कुल, समाज सेवासम्बन्धी कार्यहरूमा निरीक्षणको काम बडाहाकिमले गर्दै आएकोमा जिल्ला पञ्चायतको माध्यमबाट काम गराएमा बढी मात्रामा जनसहयोग पाउन सकिने भई सक्रियता व्यापकता आउने देखिन्छ ।

(३) शान्ति सुरक्षा कामहरू सम्बन्धमा ग्राम पञ्चायतहरूबाट सम्बन्धित सरकारी विभागलाई सूचना गर्ने, गराउने प्रबन्ध हुनुपर्दछ ।

(४) गढी, गौँडाले लाइसेन्स दिइसकेपछि आम्दानीको केही अङ्श पञ्चायतहरूलाई दिई रिन्यु गराउने काम पञ्चायतलाई दिनुपर्छ ।

(५) मौका मौकामा देश विदेशबाट आएका कोटासम्बन्धी विषयहरू पनि गौँडाले, लिने वितरण गर्ने गरेकोमा अब उप्रान्त मूल्य निर्धारण र वितरण जिल्ला पञ्चायतको माध्यमबाट गराउने ।

(६) रू. २०००|– सम्मको रजिस्ट्रेसन पास गर्ने ग्राम पञ्चायतलाई अधिकार दिइने साथै यो सम्बन्धमा तिरो थैलीको मुद्दाहरू मामिलाहरू पनि ग्राम पञ्चायतहरूलाई दिए हुन्छ ।

(७) मालपोत उठाउने काम पनि ग्राम पञ्चायतलाई नै दिनुपर्छ ।

(८) जिल्ला पञ्चायतलाई सुविधा दिइएमा जिल्ला पञ्चायत माध्यमद्वारा जिल्ला स्तरीय अड्डाहरूबाट गरिआएका कामहरू गर्न सकिन्छ ।

(९) सङ्क्रामक रोगहरू रोकथाम गर्नेबारे जिल्ला पञ्चायतको निर्देशनमा स्थानीय हस्पिटल औषधालयहरूले काम गर्ने गराउने प्रबन्ध हुनुपर्दछ ।

## बुद्धिजीवीहरूको राय

(१) विभिन्न तहका पञ्चायतहरूको काम, अधिकार, कर्तव्य राम्ररी व्याख्या हुनुपर्दछ र सरकारी कर्मचारीहरू र पञ्चहरूको बीचमा सामञ्जस्य ल्याउन समय समयमा पञ्चहरू र सरकारी कर्मचारीहरूको सम्मेलन गर्नुको साथै यो व्यवस्था कुन तरिकाबाट काम गरी लैजाने हो, त्यसको स्पष्ट निर्देशन सरकारी सर्वोच्च तहबाट हुनुपर्दछ ।

(२) पञ्चायतमा आउने पञ्चहरू सबै योग्य नै भनी भन्न नसकिने हुनाले हाललाई साधारण कामहरूको बोझ दिँदै क्रमशः अझ बढी अधिकारहरू दिँदै लैजानुपर्दछ ।

(३) सरकारी अधिकार सबै सिंहदरबारको सचिवालयमा केन्द्रित नभई हाललाई अञ्चलाधीश वा अन्य तहमा नै केन्द्रित हुनुपर्दछ ।

धनकुटा जिल्लाको भ्रमण समाप्त गरी सुनसरी जिल्लाको भ्रमणको सिलसिलामा २०२० साल ज्येष्ठ १४ गते धरान आइपुग्यौँ, त्यस ठाउँमा नगर पञ्चायत, सरकारी कर्मचारीहरू र बुद्धिजीवीहरूसित भेटघाट गरी प्राप्त भएको सुझावहरू निम्नप्रकारको छ :

### नगर पञ्चायत

(१) नगर पञ्चायतका सभापतिले हाम्रा पञ्चायत व्यवस्थामा . . . . . . . . . . . . . . अथवा के हो ? के . . . . . . . . . . . . . . . . . . . . . . . जस्तो लाग्छ ? स्पष्ट नभएको हुनाले स्पष्ट हुन आवश्यक छ भनी उल्लेख गर्नुभयो ।

(२) नगर पञ्चायत अहिले जिल्ला पञ्चायत र स्थानीय सरकार दुवैको अधीनमा जस्तो छ तसर्थ कार्य सुचारू रूपले गर्न जति बाधा अड्काउ छ जिल्ला पञ्चायतले राम्ररी काम पनि गर्न नसकेकोले अहिलेलाई नगर पञ्चायतलाई जिल्ला पञ्चायतको मातहत नराखी सिधा राष्ट्रिय पञ्चायत या सरकारको मातहतमा हुनुपर्दछ ।

(३) जिल्ला पञ्चायतबाट नगर पञ्चायतबाट नगर पञ्चायत र ग्राम पञ्चायतलाई नै भिन्नाभिन्नै दृष्टिकोणले हेर्ने गरेको छ तसर्थ ग्राम पञ्चायत र नगर पञ्चायतमा सामञ्जस्य आउन सकेको छैन ।

(४) नगर पञ्चायतको प्रतिनिधित्व जिल्ला सभामा ज्यादै नै कम भएकाले नगर विकासतर्फबाट जिल्ला सभाले विशेष ध्यान दिइएको छैन । तसर्थ जिल्ला सभामा नगर पञ्चायतको प्रतिनिधित्व बढी मात्रामा हुनु अनिवार्य छ ।

(५) नगर पञ्चायत जिल्ला पञ्चायतका नै अधीनमा बस्नुपर्ने हो भने नगर पञ्चायत ऐनमा नै विशेष व्यवस्था भई नगरको सुरक्षा हुनुपर्दछ ।

## ग्राम पञ्चायततर्फ

(६) ग्राम पञ्चायततर्फ न्यायिक अधिकार दिने हो भने प्रधानपञ्च, उपप्रधानपञ्च र एक सदस्य समेत भएको कमिटीमा अरू केही भलाद्मीहरू समेत समावेश गरी तिनीहरूबाट न्याय दिनाले राम्रो होला ।

(७) नागरिकताको प्रमाणपत्र दिने अधिकार नगर र ग्राम पञ्चायतलाई हुनुपर्दछ ।

(८) नगर पञ्चायतले लगाउने करसम्बन्धी विषयका मुद्दाहरू नगर पञ्चायतले हेर्न पाउने हुनुपर्दछ

(९) धरान नगर पञ्चायतको एरिया राम्ररी विभाजित भएको छैन । सरकारले विचार गरी राम्ररी विभाजित गर्नु आवश्यक छ ।

(१०) मोरङ जिल्लाको सुनसरी विकास जिल्लाको सदरमुकाम इनरवा भएको, जाने यातायातको असुविधा इत्यादिले गर्दा अप्ठ्यारो परेको छ । सदरमुकाम हरेक दृष्टिकोणबाट पनि धरानमा नै हुनुपर्दछ ।

(११) भूमि सुधार गर्ने सरकारले निर्णय गरिसकेपछि जुन जुन ठाउँमा लागू गर्ने हो त्यो ठाउँमा रजिस्ट्रेसन पास गर्न बन्द गरिनुपर्नेमा सो नभएको हुनाले सरकारको लक्ष्य प्राप्त होला जस्तो लाग्दैन ।

## अरू पञ्चायतका पञ्चहरूको राय :

(१) नागरिकताको प्रमाणपत्र दिने अधिकार पनि ग्राम पञ्चायतले पाउनुपर्दछ ।

(२) अड्डाको लगत असुल गर्ने काम पनि ग्राम पञ्चायतबाट भएमा समयमा रकम उठाउने छ र त्यसको केही प्रतिशत ग्राम पञ्चायतलाई दिइएमा आर्थिक स्रोत बढ्न सक्तछ ।

(३) ग्राम पञ्चायत ऐनमा उल्लेख भएको न्यायिक अधिकारको अतिरिक्त विकाससम्बन्धी परिआउने मुद्दा मामिला हेर्ने अधिकार जिल्ला पञ्चायतले पाउनुपर्दछ ।

(४) अरू मागहरूका बारेमा धनकुटा जिल्लाका पञ्चहरूको मागहरू नै मिल्दाजुल्दा छन् ।

## सरकारी कर्मचारीहरूको राय

विकासको काम राम्ररी नै गरिआएका छन् । सबै पञ्चहरू राम्रो नै भन्न पनि नसक्ने, जनतालाई सुविधा हुने सानातिना कामहरू पञ्चायतहरूलाई दिएर काम गराई हेर्नुपर्दछ, ग्राम पञ्चायत ऐनहरूमा उल्लेख भएका कुराहरू सबै दिनुपर्दछ र अरू रजिस्ट्रेसन पास गर्ने, लाइसेन्सहरू रिन्यु गर्ने इत्यादि कुराहरूको हकमा धनकुटा जिल्ला सरकारी कर्मचारीहरूको रायसँग नै मिल्ने विचार पार्यौं ।

## बुद्धिजीवीहरूको राय

पञ्चायतहरूलाई एकदम सबै अधिकार दिनु हुन्न । ग्राम पञ्चायत र जिल्ला पञ्चायतहरूले अहिलेसम्म केही काम सुचारू रूपले गरेको र केही निष्क्रियता पनि आएको देखिन्छ । सबै वर्गीय सङ्गठनहरू र पञ्चायतहरूमा सामञ्जस्य आएको छैन । सबै वर्गीय सङ्गठनहरू माथिबाट केही निर्देशन आउँला भन्ने हुनाले अन्योलमा परेको छ, पञ्चायत र वर्गीय सङ्गठनहरूमा सामञ्जस्य ल्याउनेतर्फ सरकारले विचार गर्नु आवश्यक छ जसरी राष्ट्रिय पञ्चायत, अञ्चल पञ्चायतहरूमा वर्गीय सङ्गठनहरूले प्रतिनिधित्व गर्दछ त्यस्तै जिल्ला पञ्चायत र ग्राम पञ्चायत नगर पञ्चायतहरूमा पनि वर्गीय सङ्गठनहरूको प्रतिनिधित्व भएमा सामञ्जस्यता आउने छ ।

सुनसरी विकास जिल्ला भ्रमण समाप्त गरी मोरङ विकास जिल्लामा यही ज्येष्ठ १६ गते आइपुग्यौं । यस जिल्लामा पाएका विभिन्न सुझावहरू निम्नप्रकारका छन् :

## पञ्चहरूको राय

(१) निर्देशन, नियन्त्रण र निरीक्षणको सम्पूर्ण अधिकार जिल्ला पञ्चायतलाई नै हुनुपर्दछ ।

(२) जिल्ला पञ्चायतलाई प्रशासनको बढी कार्यभार हाललाई दिनुभन्दा विकासको काम गराउनेतर्फ नै विशेष जोड दिनुपर्दछ ।

(३) भूमि सुधारको नियमहरू सुदृढ र राम्रो हुनुपर्दछ । परिवारभन्दा व्यक्तिकै हद बन्द भएको भए राम्रो हुने थियो, धेरै नै अङ्शबण्डा गर्दै छन्, छोरीलाई समेत भाग लगाइएको छ । तर साना साना बालकहरूका लागि अङ्श नहुने हुनाले सामाजिक पक्षपात र अन्याय भएको छ ।

(४) पञ्चायतहरूलाई बढी कर लगाउने अधिकार पनि दिनु हुन्न, कारण ज्यादा त्यसमा नभएमा यो व्यवस्थाप्रतिको आस्थामा नै आघात पर्न जाने छ ।

(५) जिल्लाको आम्दानीको सयकडा १० प्रतिशत स्थानीय जिल्ला विकासको लागि जिल्ला पञ्चायतले पाउनुपर्दछ ।

(६) केही समयपछि बडाहाकिमहरूलाई अरू नै नामकरण गरी प्रशासकको रूपमा राखी जिल्ला पञ्चायतको मातहतमा राखी काम गराउनुपर्दछ ।

(७) ग्रामहरूलाई हाल ऐनमा उल्लिखित अधिकारहरू नै पर्याप्त मात्रामा छन् ।

(८) ग्राम पञ्चायतहरू सबैलाई समान रूपमा सबै ठाउँमा अधिकार दिनु हुन्न, जिल्ला पञ्चायतको निर्णय सल्लाहअनुसार अधिकारहरू दिँदै लैजानुपर्दछ ।

(९) ग्राम पञ्चायतलाई न्यायिक अधिकार थोरै हुनुपर्दछ र ग्राम पञ्चायतहरूबाट छिनेका मुद्दाहरूको अपिल जिल्ला पञ्चायतमा नगई सिधा जिल्ला अदालत वा अन्य तहमा नै जाने व्यवस्था हुनुपर्दछ, यस्तो नभएमा जिल्ला पञ्चायतहरूले विकासतर्फभन्दा पनि अपिल सुन्नेतर्फ बढी व्यस्त हुनुपर्ने आउँछ ।

(१०) जिल्ला पञ्चायतहरूले के कसरी काम गर्छ त्यसको निरीक्षण र नियन्त्रण अञ्चलाधीशद्वारा हुनुपर्दछ ।

(११) ग्राम पञ्चायतमा बस्ने पञ्चहरूको मर्यादा नभएकोले केवल अरौटे काम गर्ने जस्तो मात्र भएको छ ।

(१२) ग्राम पञ्चायतका प्रधानपञ्च र जिल्ला पञ्चायतका प्रधानपञ्चहरूलाई मासिक भत्ताको व्यवस्था साथै अरू पञ्चहरूलाई मिटिङ भत्ता व्यवस्था हुनु अति जरूरी छ ।

(१३) कुनै पनि पञ्चायतले टाउन प्लानिङ अथवा आधुनिक गाउँ बसाल्न खोज्दा जग्गा प्राप्ति ऐनअनुसार स्थानीय सरकारबाट स्वीकृति लिई लिइने अधिकार हुनुपर्दछ ।

(१४) सानातिना मुद्दा मामिलाहरूबारे गोस्वारामा कराउन जाँदा पञ्चायतमा जानु भन्छ, जनता हामीले छानेको पञ्चायतले नगरे कसले गर्छ भन्छन् तसर्थ ऐनमा उल्लिखित न्यायिक अधिकारहरू तुरून्त लागू हुनुपर्दछ ।

## नगर पञ्चायत

(१) नगर पञ्चायत ऐनको दफा दफामा तोकिएबोजिमको अनुसार भनी उल्लेख भएकोमा आजसम्म एउटा नियम पनि सरकारबाट नपाइएको हुनाले नगर पञ्चायतको हरेक कार्य र खास गरी करसम्बन्धी कामहरूमा कर लगाउन र लिन बाधा परी विकास कार्य गर्ने अड्काउ भइरहेको छ ।

(२) ग्राम पञ्चायत सरह नगर पञ्चायतले पनि मुद्दा हेर्न पाउने हुनुपर्दछ ।

(३) नगर पञ्चायत एरियाभित्र पनि जिल्ला पञ्चायतले हरेक कुरामा हस्तक्षेप गर्ने गरेको हुनाले काम गर्न बाधा भइरहेको छ।

(४) जिल्ला पञ्चायत नगर पञ्चायतको बीचमा राम्ररी सामञ्जस्य छैन ।

(५) २ वर्ष नगरमा बसोबास गर्नेले नगर पञ्चायत चुनावमा भाग लिन पाउने हुँदा विदेशीहरू पनि यसमा आउन सकिने देखिन्छ । तसर्थ यस विषयमा सरकारबाट तुरून्त व्यवस्था हुनुपर्दछ ।

(६) नगर पञ्चायतले सिधा स्थानीय सरकारको अधीनमा बस्न र नगर पञ्चायतबाट पास भएको नियम उपनियमहरू स्थानीय सरकारबाट स्वीकृति लिई लागू गर्न सकिने व्यवस्था हुनुपर्दछ ।

(७) जिल्ला पञ्चायतले ज्यादा शक्तिको केन्द्रीकरण गर्न लागेको हुनाले सरकारको विकेन्द्रीकरण गर्ने सिद्धान्तको प्रतिकूल हुँदै छ ।

(८) सरकारी कर्मचारीहरूबाट पञ्चायतहरूलाई होच्याउने विचार लिइएको छ ।

(९) सरकारबाट हुन लागेको भूमि सुधारमा सयकडा ९५ प्रतिशत खुसी छन् र ५ प्रतिशत स्वार्थ पूर्तिको लागि भड्काउन कोसिस गर्दै छन् ।

(१०) वर्गीय सङ्गठन र पञ्चायतमा सामञ्जस्य आएको छ ।

## सरकारी कर्मचारीहरूको राय

(१) पञ्चायतमा आएका पञ्चहरूको मनोवृत्ति र चरित्र ठीक भइसकेको छैन । हुन त पञ्चायतले ठीक गर्ने भन्ने पनि हैन तैपनि सुरूमा साधारण कुरा मात्र पञ्चायतको माध्यद्वारा गराउनुपर्दछ ।

(२) पञ्चायतहरूद्वारा काम गराउने हो भने खाली कर्तव्य मात्र लादेर हुँदैन साथसाथै अधिकार र सुविधाहरू दिनुपर्दछ । पञ्चायतहरू र सरकारी अड्डाहरूको कार्यक्षेत्रसम्बन्धी स्पष्ट उल्लेख हुनुपर्दछ ।

(३) लासजँाच गरी रिपोर्ट पत्ता लगाउने र पक्रने र वास्तविक तथ्य दिने अधिकार पञ्चायतहरूलाई नै दिनुपर्दछ ।

(४) नाबालकको धनसम्पत्ति तायदाती गरी संरक्षण गर्ने काम अदालतको सट्टा पञ्चायतलाई नै जिम्मा दिई काम लगाउनुपर्दछ ।

## बुद्धिजीवीहरूको राय

(१) सरकारी कर्मचारी वर्गबाट पञ्चायतलाई होच्याउने विचार लिइएको छ । अड्डाखानामा प्रशस्त घुसखोरी छ । जनतालाई यस्तो मर्का पर्ने कुरामा पञ्चायतलाई हेर्ने अधिकार हुँदैन भने विकेन्द्रीहरणले केही गर्दैन ।

(२) वर्गीय सङ्गठनको सही अर्थ र काम भएको छैन । किसानका विरोधी किसानका नेता भएका छन् । शुद्ध सङ्गठन भएको छैन । वर्गको सही प्रतिनिधित्व गर्ने राष्ट्रिय पञ्चायतमा पुगेको छैन । सङ्गठनहरूलाई हाललाई सरकारले नै पैसा र प्रोग्राम दिएर सक्रिय गराउँदै लैजानुपर्ने ।

(३) पञ्चायतलाई राम्ररी निर्देशन नदिइएको हुनाले विकास कार्यमा सुनियोजित तरिका आएको छैन ।

(४) पञ्चायतलाई न्यायिक अधिकारहरू बढी दिनु हुँदैन ।

(५) न्यायपालिकाले गर्ने दण्ड जरिवानाको लगत उठाउने काम पञ्चायतलाई नै दिइएमा छिटो उठती हुने छ । यसको केही प्रतिशत पञ्चायतलाई दिनुपर्छ ।

(६) सानातिना कामहरू ग्राम पञ्चायतलाई दिने राष्ट्रिय पञ्चायतलाई व्यवस्थापिकाको काममा सीमित राख्ने अरू तहको पञ्चायतहरूको केही आवश्यक छैन र सचिवालयको केन्द्रित अधिकार स्थानीय सरकारमा सारी काम गर्ने गराएमा हालको परिस्थितिमा राम्ररी काम हुन जाने छ ।

(७) हाल पञ्चायती व्यवस्थामा जुन राष्ट्रिय पञ्चायत, अञ्चल पञ्चायत, जिल्ला पञ्चायत, ग्राम पञ्चायत र नगर पञ्चायतको ४ तहमा विभाजित गरिएका छन् त्यसमा एकअर्कोसँग सामञ्जस्य कतै राम्रो उल्लेख भएको नदेखिनाले कसरी सुव्यवस्थित तरिकाले काम गर्ला भन्ने शङ्का स्पष्ट छ ।

(८) राजनीतिक शून्यता अञ्चल पञ्चायतबाट पूरा हुन सकेको छैन ।

(९) राष्ट्रिय पञ्चायतमा व्यक्तिहरू व्यक्ति विशेषको आधारमा गएको हुनाले राष्ट्रिय दृष्टिकोणको अभाव भएको देखिनाले श्री ५ को सदिच्छा पूरा भएको जस्तो लाग्दैन ।

(१०) वर्गीय सङ्गठन सरकारी यन्त्रहरूबाट लादिएको हुनाले निष्क्रिय भएको हो ।

(११) मुख्य मुख्य अधिकारहरू ग्राम पञ्चायतहरूलाई दिनु हुँदैन ।

मोरङ विकास जिल्लाको भ्रमण कार्य समाप्त गरी यही ज्येष्ठ १९ गते भद्रपुर, झापा विकास जिल्लामा पुग्यौँ । यस जिल्लामा पनि विभिन्न ग्राम पञ्चायतहरूमा गई पञ्चायतहरूले कार्य गरी रहेको पनि निरीक्षण गर्‍यौँ । यस जिल्लामा पाएका विभिन्न सुझावहरू निम्नप्रकारका छन् :

## पञ्चहरूको राय

(१) पहिले एउटै पञ्चायत भई काम गरिआएकोमा हाल एउटै पञ्चायत पनि ३/४ विभिन्न ग्राम पञ्चायतहरूमा टुक्रिन गएको हुनाले नयाँ पञ्चायतका क्षेत्र राम्ररी छुट्टिसकेको छैन सो पञ्चायतको क्षेत्र छुट्टिन अति आवश्यक छ ।

(२) बाली चरि सम्बन्धित मुद्दामा बालीवालालाई तारिखमा नराखी तुरून्त पञ्चायतबाट फैसला गर्न पाउने व्यवस्था हुनुपर्दछ ।

(३) विदेशबाट मिसिनेरी नचाहिने घरेलु उद्योगभन्दा जुन बीस पच्चीस हजारसम्मको छ यस्तालाई पञ्चायतबाट नै रजिस्टर्ड गरी गोस्वारामार्फत उद्योग विभागमा जाहेर गर्न पाउने अधिकार हुनुपर्दछ ।

(४) रजिस्ट्रेसन पास गर्ने काममा रू. १,०००।– एक हजारसम्म ग्राम पञ्चायतबाट नै गराउनुपर्दछ ।

(५) बाह्र बोर र भरूवा बन्दुकहरूको लाइसेन्स रिन्यु गर्ने काम पञ्चायतबाट नै हुनुपर्दछ।

(६) लकडीसम्बन्धी जर्ना र घरसङ्ख्याको पुर्जी पञ्चायतबाट हुने भएपछि आएको आम्दानी पञ्चायतले नै खर्च गर्न पाउने हुनुपर्दछ ।

(७) जुनसुकै कोटाको सामानहरू वितरण पञ्चायतको रायबाट हुनुपर्दछ ।

(८) बजार, नगरको बाल बिरौटी भन्सारले असुलउपर गरिआएकोमा अब उप्रान्त पञ्चायतबाट नै असुलउपर गर्ने हुनुपर्छ ।

(९) कुनै अपराधीहरू पुलिसले पक्राउ गर्नुपर्दा पञ्चायतसँग सम्पर्क राख्ने व्यवस्था हुनुपर्दछ ।

(१०) निग्रानीमा रहेका र फरार भइरहेको लगत पञ्चायतमा रहन आवश्यक छ ।

(११) पञ्चायत एरियाभित्र रहेको खुन, डाँका समेतको पञ्चायतबाट पुलिस ठानालाई खबर दिने सो आशा तहकिकातको काम पञ्चायतको रोहबरमा गरिने हुनुपर्दछ ।

(१२) पञ्चायतबाट चल्ने कागजपत्रहरू का.स. गरी चल्ने हुनुपर्छ ।

(१३) पञ्चायतबाट दण्ड जरिवाना भएको नतिरी कैद गर्नुपर्दा इलाका अदालतमा पठाई सरकारी सीधा ख्वाई कैद गराई पाउने हुनुपर्दछ ।

## नगर पञ्चायतको राय

(१) जिल्ला पञ्चायतमा नगर पञ्चायतको सही प्रतिनिधित्व भएको छैन ।

(२) नगर पञ्चायतका सदस्यहरू स्वतः अञ्चल सभाको सदस्य हुनुपर्दछ ।

(३) ग्राम पञ्चायतबाट लगाइसकेको करमाथि फेरि नगर पञ्चायतले कर नलगाउनू भन्ने जिल्ला पञ्चायतको निर्णय भएकोले काम गर्न मुस्किल भइसकेको छ ।

(४) जिल्ला पञ्चायत र नगर पञ्चायतको वास्तवमा के सम्बन्ध हो स्पष्ट खुल्दैन । नगर पञ्चायत सिधा सरकारको मातहतमा हुनुपर्दछ ।

(५) नगर पञ्चायत र अरू ग्राम पञ्चायतहरूमा राम्रो सम्बन्ध स्थापित हुनसकेको छैन ।

## सरकारी कर्मचारीहरूको राय

(१) पञ्चायतहरू राम्ररी विकासको काम गर्दै आएका छन् र पञ्चहरूलाई मान मर्यादा राखी दिएकोले पञ्चहरू र कर्मचारीहरूको बीच यस जिल्लामा काम सन्तोषपूर्ण छ ।

(२) नगर पञ्चायत, जिल्ला पञ्चायतको अधीनमा बस्न नमान्ने स्थितिमा पुगिसकेको छ ।

(३) लगत, दण्ड असुलउपर गर्ने काम पञ्चायतहरूलाई दिइएमा पञ्चायतहरूबाट बढी सफलतापूर्वक काम गराउन सकिन्छ ।

(४) जिम्मावाल जिमिदारहरूले उठाउने गरेको तिरो पनि पञ्चायतलाई दिइएमा राम्रो हुने छ ।

(५) घर दहिलामा टाँसेको प्रमाण पुऱ्याई हात नपरेको म्याद गुजारी जाली फटाहाहरूले अन्याय गर्ने हुँदा म्याद सूचना इत्यादि तामेल गर्ने काम ग्राम पञ्चायतलाई दिइएमा त्यस्तो बदमासी रोकिन जाने छ ।

(६) कृत्रिम नागरिकताको प्रमाणपत्र दिनेबाहेक अरू नागरिकताको प्रमाणपत्रहरू ग्राम पञ्चायतहरूलाई नै दिने अधिकार हुनुपर्छ ।

(७) एक डेढ माइलसम्मको पञ्चायती जङ्गल छुट्याई पञ्चायतकै अधीनमा त्यसको संरक्षण गर्ने अधिकार हुनुपर्दछ ।

## बुद्धिजीवीहरूको राय

पञ्चायतहरूमा धेरैजसो जाली फटाहाहरू आएका छन् । अहिलेको परिस्थितिमा पञ्चायतहरूलाई कुनै पनि बढी अधिकार दिनु हुँदैन । पञ्चायतहरूमा सुरू सुरूमा काम गर्ने जोस आएको थियो । आजकल एकदम शिथिलता र निस्क्रियता आएको छ वर्गीय सङ्गठनहरूको पनि केही आवश्यक देखिँदैन कारण यो पञ्चायती व्यवस्थामा वर्गीय सङ्गठनले यसरी काम गर्नू भन्ने कहिले उल्लेख पनि भएको छैन आजसम्म सरकारबाट नै केही निर्देशन भएको छ । अञ्चल पञ्चायतको केही विशेष महत्त्व नदेखिएकोले यो एक तह खारेज गर्नु नै जरूरी छ ।

झापा जिल्लाको भ्रमण सिध्याई यही ज्येष्ठ २५ गते इलाम जिल्लामा पुगेर सुझावहरू प्राप्त भएको निम्नप्रकारको छ :

## पञ्चहरूको राय

(१) पञ्चहरू देश विकास कार्यहरू गर्न ज्यादै उत्सुक छन् । तर ऐनमा उल्लेख भएका कुराहरू पनि सरकारले रोकिराखेको हुनाले पञ्चायतहरूप्रति नै जनताको आस्था कम हुन गएको छ । तसर्थ ग्राम पञ्चायत ऐनमा उल्लेख भएका कुराहरू सबै पञ्चायतहरूले अबिलम्ब उपभोग गर्न सकोस् ।

(२) पहाडी क्षेत्रहरूमा पञ्चायतहरूको आर्थिक स्रोत ज्यादै नै कम भएकोले विकास कार्यहरू द्रूत गतिले गर्न सकेको छैन, पञ्चायतहरूलाई स्थायी आम्दानीको रूपमा प्रत्येक पञ्चायतको केही खेत होस् र त्यो खेतको नाम पञ्चायती खेत राखी त्यहाँका जनताले सहकारिताको रूपमा काम गराउने व्यवस्था हुनुपर्छ ।

(३) पञ्चायतमा आउने पञ्चहरूको सही आदर भएको देखिँदैन । तसर्थ सरकारी कर्मचारीलाई यस विषयमा राम्रो निर्देशन हुनुपर्छ ।

(४) रजिस्ट्रेसन लाइसेन्स रिन्यु दण्ड जरिवाना असुल गर्ने काम पञ्चायतहरूमा दिए गर्न सकिन्छ, काम यसरी दिँदा प्रधानपञ्चलाई दिनदिनै अफिसमा आउन आवश्यक पर्दछ तसर्थ प्रधानपञ्चलाई केही स्थायी भत्ताको प्रबन्ध हुनुपर्दछ ।

(५) जिल्ला पञ्चायतको सभापति र अञ्चल पञ्चायतका सभापतिहरूलाई पनि स्थायी भत्ता र अरू सदस्यहरूलाई मिटिङ भत्ता पाउने गर्नुपर्छ ।

## सरकारी कर्मचारीहरूको राय

पञ्चायतहरूले राम्ररी नै काम गरिआएका छन् तैपनि पञ्चहरूलाई बराबर तालिम दिन अति जरूरी छ सुरूमा सानातिना कामहरू दिनुपर्दछ । त्यस्तो कामकाज जाँची पछि क्रमशः अरू काम थर्पिंदै लैजानुपर्छ । पञ्चायतहरूलाई हाल खाली विकासको काम गराउनुपर्दछ र मुद्दा मामिलातर्फको काम दिनु हुँदैन । जुन जुन पञ्चायतहरूले राम्ररी काम गर्दछ त्यस्तो काम जाँची सरकारबाट त्यस्ता पञ्चायतहरूलाई अरू विशेष गहन जिम्मेवारी दिई काम गराउने व्यवस्था हुन मुनासिब छ । पञ्चायतहरूलाई अरू साधारण काम सुम्पिने विषयमा धनकुटा जिल्लाका कर्मचारीहरूसँगको रायमा मेल खान्छ ।

## बुद्धिजीवीहरूको राय

जनताले हालसम्म पनि पञ्चायती दर्शनको महत्त्व बुझिसकेको छ जस्तो लाग्दैन, यस्तो ठाउँमा तत्कालै न्यायिक अधिकारहरू पञ्चायतलाई दिँदा जनताको हक सुरक्षित होला जस्तो लाग्दैन, जहाँसुकै पनि कार्यपालिका र न्यायपालिकाको अधिकार एउटै हातमा दिँदा गोलमाल हुन सक्दछ । पञ्चायतलाई अधिकारहरू नदिनु जरूरी छ । तर सबै अधिकार एकै बाजी दिनु हुँदैन जन गणना जस्तो काम पञ्चायतलाई नै दिनुपर्छ ।

नगर पञ्चायत सभामा जहिले पनि अक्सर कोरम पुग्छ भने अञ्चल जिल्ला पञ्चायत र सभाहरूमा भने कोरम पुग्दैन । यसको खास समस्या नै आर्थिक कारण हुँदा त्यसको विचार गरिनुपर्दछ ।

हाम्रो मुलुकमा बडाहाकिम, अञ्चलाधीश जस्ता प्रशासकहरू राजनीतिक आधारमा नियुक्त भई प्रशासनको काम सफलतापूर्वक गरिआएको पाउन सक्छौं भने जनप्रतिनिधिहरूले प्रशासन गर्न सक्दैन भन्ने प्रश्न त उठ्न सक्दैन । पञ्चहरूलाई विशेष केही ट्रेनिङको व्यवस्था भएमा राम्ररी प्रशासन नचलाउन सकिने होइन ।

प्रशासनमा छिटो छरितोपना ल्याई देशबाट भ्रष्टाचारहरू हटाउनको लागि ननग्याजेटेडसम्मका कर्मचारीहरूलाई प.स.क. ले अपनाएको नीतिअनुसार भर्ना गर्न सिफारिस गर्ने अधिकार जिल्ला पञ्चायतको हुनुपर्दछ ।

धेरैजसो पहाडी इलाकाका पञ्चायतहरूको आम्दानीको स्रोतहरू नभई कार्य गर्न बाधा परिरहेछ तसर्थ पञ्चायतको आय स्रोतहरू सरल तरिकाको हुनुपर्दछ ।

नयाँ व्यवस्था भएको र धेरै कुराहरू पञ्चायतहरूमा र सरकारी अड्डाहरूमा समेत भएको हुँदा दोहरो परी काममा बाधा परिरहेछ । तसर्थ प्रत्येक तहको पञ्चायत र सरकारी अड्डाहरूको अधिकार र कर्तव्यको राम्रो व्याख्या गरिनुपर्दछ, सो नहुँदा जिल्ला जिल्लामा बेग्लाबेग्लै किसिमको सम्बन्ध कायम भएको छ ।

विभिन्न पञ्चहरूले बुद्धिजीवीहरू मागको छानबिन गर्दा तिनीहरूको मागलाई प्रशासन, न्याय र व्यवस्थापन गरी यी तीन भागमा विभाजन गरी विचार गर्न सकिन्छ ।

## प्रशासनतर्फको मागमा

जग्गासम्बन्धी मालपोत र तिरो उठाउने, रू. २५००।– सम्मको रजिस्ट्रेसन पास गर्ने र पञ्चायतको निमित्त छुट्टै जग्गाको व्यवस्था गर्ने र जङ्गल आदिको संरक्षणको र वितरण आदि ।

जनसङ्ख्या र तथ्याङ्क लिने जन्मसिद्ध नागरिकताको प्रमाणपत्र दिने रेडियो र बन्दुकको लाइसेन्स रिन्यु गर्ने,

सानो सानो घरेलु उद्योगको स्थापना र रजिस्ट्रेसन, कोटाको बिक्री वितरण र बजारको बहाल उठाउने काम, सहकारी हुलाक खोल्ने रजिस्टरी चलाउने र टिकट बिक्री का.स. को सुविधा र स्कुल अस्पतालहरूको निरीक्षण गर्न अख्तियारी । शान्ति सुरक्षा ग्राम पञ्चायतले सुझाव दिन पाउने व्यवस्था र भ्रष्टाचार रोक्न उजुर जाँच गर्ने अधिकार । पञ्चहरूलाई तालिम दिने व्यवस्था गर्ने र पारिश्रमिकको व्यवस्था । धेरैजसो पञ्चहरूको गुनासो सरकारी कर्मचारीबाट उचित मर्यादा राखिएन भन्ने पनि देखिन्छ र ब.हा. लाई पनि जिल्ला पञ्चायतअन्तर्गत राख्ने पनि कसै कसैले माग गरेका छन् ।

## न्यायतर्फका मागहरू

न्यायतर्फको माग सम्बन्धमा विभिन्न पञ्चायतहरूमा मत विभिन्नता देखिन्छ । कसैको भनाइ छ जिल्ला पञ्चायतको ऐनमा तोकिएको सबै अधिकार तत्कालै जिल्ला पञ्चायतलाई दिइनुपर्दछ । तर कसैको भनाइमा न्यायसम्बन्धी धेरै अधिकार दिइनु हुँदैन र विकास कार्यमा बढता अधिकार दिइनुपर्दछ भन्छन् ।

माग गरिएका न्यायसम्बन्धी अधिकारहरूमा खुन डकैती जस्ता मुद्दाहरू ग्राम पञ्चायतको रोहबरमा तहकिकात हुनुपर्दछ अर्थात् ग्राम पञ्चायत सहितको व्यवस्था हुनुपर्दछ भन्ने छ । यस्तै अरू मुद्दामा सरजमिन गवाही बुझ्नुपर्दा पञ्चायतसँग बुझ्ने हुनुपर्दछ, लास जाँच पक्राउ र तथ्य बुझ्ने अख्तियार ग्राम पञ्चायतलाई नै हुनुपर्दछ । फरारहरूको लगत ग्राम पञ्चायतमा पनि रहेमा यस्ताको पक्राउमा पञ्चायतले मद्दत गर्न सक्ने भन्ने पनि देखिन्छ । लगत, दण्ड जरिवाना असुल गर्ने काम र म्याद तामेल गर्ने काम पनि ग्राम पञ्चायतले

गर्ने हुनुपर्दछ र कैद गर्नुपर्दा इलाका अदालत राखी मात्र कैदीहरूलाई सरकारी सिधा खुवाउने प्रबन्ध हुनुपर्दछ भन्ने पनि माग देखिन्छ ।

नगर पञ्चायतको भागमा ग्राम पञ्चायतले जस्तै नगर पञ्चायतले पनि मुद्दा हेर्न पाउने हुनुपर्दछ भन्ने छ र ग्राम पञ्चायतले विकाससम्बन्धी मुद्दाहरू पनि हेर्न पाउने हुनुपर्दछ भन्ने माग पनि छ ।

## व्यवस्थापनसम्बन्धी मागहरू

विभिन्न तहका पञ्चायतहरूको र सरकारी कर्मचारीहरूसँग भएको छलफल र तिनीहरूको आपसी सम्बन्ध र सामञ्जस्य साथै वर्गीय सङ्गठनहरूसँग सामञ्जस्य स्थापना गर्न स्पष्ट नियमहरूको आवश्यकता छ र माथिल्लो तहका पञ्चायतहरूले तल्लो तहका पञ्चायतहरूलाई आवश्यक निर्देशन दिन सकेको छैन । यस्तो निर्देशन आवश्यक छन् भन्ने राय देखिन्छ ।

पञ्चायत ऐनमा सरकारले तोकिदिएको नियमबमोजिम भन्ने शब्द छ । तर अझसम्म ती नियमहरू नआई दिएकोले तुरून्तै यी नियमहरू आउनुपर्दछ अथवा जिल्ला पञ्चायतले बनाएको नियमहरूमा सरकारले स्वीकृति दिनुपर्दछ भन्ने भनाइ छ ।

नगर पञ्चायतहरूको मागहरूमा नगर पञ्चायतलाई जिल्ला पञ्चायत मातहतमा नराखी नगर पञ्चायतका सदस्यहरू स्वतः जिल्ला सभाको सदस्य हुनुपर्दछ भन्ने देखिन्छ । अर्को मागमा नगर पञ्चायतको पर्याप्त प्रतिनिधित्व जिल्ला पञ्चायतमा भएन भन्ने पनि छ ।

नगर पञ्चायतहरूको काममा जिल्ला पञ्चायतबाट अनावश्यक हस्तक्षेप भइरहेको छ । यस्तो हुन नपाउने व्यवस्था होस् भन्ने गुनासो पनि देखिन्छ । साथै नगर पञ्चायत ऐनमा केही हेरफेर आवश्यक छ । विशेष गरेर २ वर्ष नगर पञ्चायतभित्र बस्नेहरूले भोट दिने अधिकार पाउँदछ भन्ने नियम संशोधन हुन आवश्यक छ भन्ने राय छ ।

जिल्ला पञ्चायतलाई नियम बनाउने अधिकार हुनुपर्दछ भन्ने पनि देखिन्छ ।

## शक्ति विकेन्द्रीकरण गर्दा हामीले विचार गर्नुपर्ने कुराहरू

शक्ति विकेन्द्रीकरण मूल सिद्धान्त नै प्रशासनमा जनतालाई बढी से बढी मात्रामा सहुलियत गराउनु हो । पञ्चायतहरूमा शक्तिको विकेन्द्रीकरणले जति यो सिद्धान्तको पालन हुन्छ अरू व्यवस्थामा हुन सक्दैन । त्यस्तै केन्द्रबाट टाढा रहेका जिल्लामा गाउँको व्यवस्था गर्ने स्वतन्त्रता स्थानीय पञ्चायतलाई दिँदा यसले भौगोलिक आधारमा शक्ति विकेन्द्रीकरण मात्र हुने हैन कि प्रशासनमा बढ्ता छिटो छरितो पर्न आउने छ । अब कुन हदसम्म प्रशासकीय न्यायिक अधिकारहरू विभिन्न तहका पञ्चायतहरूलाई अन्तिम निर्णय गर्न पाउने गरिदिने र कुन कुन मात्रमाथि केन्द्रमा पठाउनुपर्ने त्यसको निर्धारण गर्नु नै हाम्रो शक्ति

विकेन्द्रीकरणको मतलब हो । विभिन्न तहका पञ्चायतहरूले गर्नुपर्ने भनी तोकिँदा र कतिपय कामहरू प्राविधिक अथवा व्यावसायिक कामहरू पनि होला तिनको निर्णय प्राविधिक व्यावसायिक व्यक्ति वा अफिसलाई पनि दिनुपर्ने हुन आउँछ । शक्ति विकेन्द्रीकरणमा शक्तिको प्रकारभन्दा शक्तिको परिमाणमा विभिन्नता हुने भएको स्वभाव हो याने सैद्धान्तिक कुराहरूलाई ध्यानमा राख्दा हाम्रो शक्तिको विकेन्द्रीकरणबाट पञ्चायतहरूलाई धेरैजसो कामहरू घटनास्थलमै अन्तिम फैसला गर्न समर्थ बनाउनुपर्दछ, न कि हाम्रो वर्तमान अड्डा, अफिसहरूले जस्तै कागजको धाक लगाएर काम ढिलो गर्ने बनाउने ।

विभिन्न तहका पञ्चायतहरूको काममा दोहरिन दिनुबाट रोकिएकै तहको कामले अर्को तहको कामलाई मद्दत गर्ने हुनुपर्दछ । यस्तै सरकारी अड्डा र पञ्चायतका कामहरू पनि दोहरिनुभन्दा एकअर्काको सहायता र पोषकहरू हुनुपर्दछ ।

विभिन्न सरकारी स्थानीय अड्डाहरू तथा तिनको कार्यक्रम क्षेत्रमै सामञ्जस्य हुनुपर्दछ नत्र सामञ्जस्यको नाममा ईर्ष्यालाई र झगडा पनि उत्पन्न हुन सक्दछ ।

स्पष्ट कार्य प्रणाली तथा नियमहरू र स्थायित्व यी दुई चीजहरू विना शक्तिको विकेन्द्रीकरण सम्भव नै हुँदैन ।

शक्तिको विकेन्द्रीकरण गर्दा जनसहयोग प्राप्त गर्नुपर्ने कामहरू जस्तै निर्माण र विकास सम्बन्धी कामहरू र सामाजिक सेवाहरूमा विशेष प्राथमिकता दिइनु आवश्यक देखिन्छ ।

शक्तिको विकेन्द्रीकरण सबै एकैचोटि हुनुभन्दा बिस्तारै र क्रमशः हुनु आवश्यक देखिन्छ । तसर्थ प्रथम अवस्थामा दिइने दोस्रो र तेस्रो अवस्थामा दिइने अधिकारहरू भनी अख्तियारहरूको वर्गीकरण हुनुपर्दछ । क्रमशः यसरी अख्तियारी दिँदै जाँदा ग्राम पञ्चायतलाई र जिल्ला पञ्चायतलाई अञ्चल पञ्चायत र अञ्चलाधीशको सिफारिसमा हुनु वाञ्छनीय देखिन्छ । यस्तै जिल्ला पञ्चायतले ग्राम पञ्चायतहरूको कामको र जिल्ला पञ्चायतको कामको अञ्चल पञ्चायतले लगातार मूल्याङ्कन गर्ने व्यवस्था हुनुपर्दछ ।

## तत्कालै सबै ग्राम पञ्चायतहरूलाई दिन सकिने अधिकारहरू

(१) लेनदेनमा रजिस्ट्रेसन पास गर्नुपर्ने हुँदा खास गरी पहाडी जिल्लामा बाटोघाटोको कठिनाइले गर्दा एक ठाउँबाट गौंडासम्म आउनलाई धेरै दिन लाग्ने भई मानिसहरूलाई बढी खर्चको साथै अरू धेरै कठिनाइ भइरहेको हुनाले रू. २५०० सम्मको रजिस्ट्रेसन पास गर्ने अधिकार ग्राम पञ्चायतहरूमा हुनु आवश्यक देखिन्छ । यस्तो व्यवस्था भएमा गाउँको जनताको खसोखास व्यवहार ग्राम पञ्चायतलाई ज्ञान हुने हुँदा लेनदेनसम्बन्धी मुद्दाहरू हालभन्दा धेरै नै कमी हुने सम्भावना छ । यसरी रजिस्ट्रेसनको काम ग्राम पञ्चायतलाई दिइएपछि त्यसबाट आम्दानी हुने रकमको ५० प्रतिशत ग्राम पञ्चायतले नै पाउने हुनुपर्दछ । यस्तो भएमा कर्तव्य र अधिकारका

साथसाथै आर्थिक स्रोत पनि बढ्न जाने हुनाले ग्राम पञ्चायतहरूले विकास कार्यमा अझ द्रुत गतिले लगत समेत हुन आउँदछ ।

(२) ग्राम पञ्चायत इलाकाभित्रका पर्ती जग्गाहरू आवाद गर्ने अथवा गराउन दिने विषय स्थानीय ग्राम पञ्चायतको सिफारिस बेगरमा दिन नहुने अधिकार दिनुपर्दछ । गा.पं.दौँ. सिफारिसमा मालले दिने तर यसरी दिइएका जग्गाहरू सरकारलाई आवश्यक परेमा जुनसुकै अवस्थामा पनि ग्राम पञ्चायतले उपलब्ध गराइदिन सक्ने अवस्था हुन आवश्यक छ ।

(३) जङ्गलहरूको वर्गीकरण गर्दा कुन कुन राष्ट्रिय जङ्गल र कुन कुन पञ्चायत जङ्गल छुट्याउने र जुन पञ्चायत ती पञ्चायत जङ्गल पर्दछ त्यसको सर्भेक्षण र जिम्मा त्यस ग्राम पञ्चायतलाई नै दिएर त्यसको काठ इत्यादिको विक्री वितरण जिल्ला पञ्चायतको स्वीकृति लिई ग्राम पञ्चायतमार्फत नै गर्न सकिने व्यवस्था आवश्यक देखिन्छ । लक सम्बन्धित नीर हरघरसङ्घाको पुर्जीबाट नै दिने व्यवस्था सरकारबाट अपनाएको नीति ज्यादै व्यावहारिक छ । तर यसरी काम पञ्चायतबाट हुने भएपछि त्यसबाट आएको आम्दानी पनि पञ्चायतले नै पाउने व्यवस्था हुनु ज्यादै व्यावहारिक देखिन्छ ।

(४) बन्दुकहरू रिन्यु र रेडियो इत्यादिको लाइसेन्स दिने काम गढी, गोस्वारामा नै कायम गरी त्यसको रिन्यु गर्ने रेकर्ड ग्राम पञ्चायतलाई दिनु उचित छ । यसको आम्दानीको ५० प्रतिशत ग्राम पञ्चायतले नै पाउने व्यवस्था हुनु उचित देखिन्छ ।

(५) हाट लाग्ने ठाउँमा बजारको बहाल विटौरी उठाउने काम हाल कुनै कुनै ठाउँमा मालबाट गरिआएको व्यवस्थालाई हटाई अबदेखि सम्बन्धित ग्राम पञ्चायतहरूले नै बहाल विटौरी उठाउने गरी अवश्यकीय प्रबन्ध पनि उनीहरूबाट गराउने ।

(६) पञ्चायतले, पञ्चायत नगर पञ्चायतले सरकारी अफिसमा लेखापढी गर्दा ग्राम पञ्चायतलाई सरकारी कामको सुविधा पाउनु उचित देखिन्छ ।

आ. वा. टेलिफोनको का.स. को सुविधा पाउनुपर्दछ । टिकट विक्री आदि पनि गाउँ पञ्चायतहरूमार्फत गरिनु आवश्यक देखिन्छ ।

(७) ग्राम पञ्चायत एरियाभित्रका जन्मसिद्ध नागरिकहरूलाई नागरिकताको प्रमाणपत्र दिइने अख्तियारी सम्बन्धित ग्राम पञ्चायतलाई दिनु उचित देखिन्छ । यसको लगत राखिएको प्रति जि.पं. मा र ब.हा. मा दिनुपर्ने हुनुपर्छ ।

(८) ग्राम पञ्चायतभित्रका भइरहेका प्राइमरी स्कुलहरूको रेखदेख गर्ने तथा नयाँ स्कुलको स्थापना गर्ने अधिकार ग्राम पञ्चायतलाई दिनु आवश्यक छ ।

(९) स्वास्थ्यसम्बन्धी औषधालय तथा डिस्पेन्सरीको सुव्यवस्था गर्ने र रेखदेख गर्ने अधिकार ग्राम पञ्चायतलाई दिन आवश्यक छ ।

(१०) फरार भइरहेको चोर, डाँकाहरूका लगत पुलिसले ग्राम पञ्चायतलाई दिइराख्ने र तिनीहरूको पक्राउमा ग्राम पञ्चायतले सक्रिय सहयोग दिनुपर्ने ।

(११) प्रत्येक ग्राम पञ्चायतमा जनसङ्ख्या तथा अरू तथ्याङ्क अनिवार्य रूपले रेकर्ड राख्न लगाउनुपर्ने देखिन्छ ।

(१२) सहकारी बैङ्क, सहकारी उद्योग र सहकारी खेती गर्ने प्रोत्साहन तथा सुविधा दिनु आवश्यक छ ।

## न्यायतर्फ

द्रूत गतिले विकासतिर लम्कनुपर्ने यस अवस्थामा हामीले विकास कार्यमा पञ्चायतलाई नै बढी सक्रिय बनाउन सकेमा मात्र देशको समुच्चा विकास हुने हुँदा र हाललाई पञ्चायतहरूलाई न्यायतर्फ बढी अधिकार दिएमा पञ्चायतहरूको बढी समय जाने र यही तिरमा सबै विकास कार्यमा शिथिलता आउने सम्भावना भएकोले न्यायतर्फ अधिकार एकैचोटि नदिई बिस्तारबिस्तारै मात्र दिन उचित ठान्दछौँ ।

## तत्कालै सबै ग्राम पञ्चायतहरूलाई दिन सकिने अधिकारहरू

(१) ऐनमा उल्लेख भएका मुद्दाहरूमा हाललाई रू. १००/- एक सयसम्म जरिवाना गर्ने अधिकार ग्राम पञ्चायतलाई दिनु मनासिब देखिन्छ ।

(२) एक सय बिगोसम्मको चोरी मुद्दा, बेइज्जत खण्डको कुटपिट मुद्दाहरू मात्र ग्राम पञ्चायतलाई दिनु उचित देखिन्छ ।

(३) खुन डकैती मुद्दाहरूमा ग्राम पञ्चायतहरूको रोहबरमा तहकिकात गर्ने अनिवार्य देखिन्छ ।

(४) लगत, दण्ड जरिवाना असुल गर्ने काम र म्याद तामेल गर्ने काम पनि ग्राम पञ्चायतमार्फत गराउन उचित देखिन्छ । आम्दानीको १० प्रतिशत ग्राम पञ्चायतले पाउने हुनुपर्दछ ।

## व्यवस्थापन सम्बन्धित

(१) पञ्चायत ऐनबमोजिम सरकारबाट बनाउन पर्ने नियमहरू आजसम्म नबनेकोले काममा बाधा परिरहेको छ । त्यसैले सो नियमहरू तुरून्त बनाई प्रकाशित हुनुपर्दछ । उपरोक्त नियमहरूको आधारमा उपनियमहरू ग्राम पञ्चायतहरूले नै बनाई स्वीकृति लिई लागू गर्ने हुनुपर्दछ ।

(२) विभिन्न तहका पञ्चायतहरूको सम्बन्ध र सामञ्जस्य साथै पञ्चायत वर्गीय सङ्गठनको बीचमा सामञ्जस्य स्थापना गर्न ऐन, नियम सरकारबाट तत्कालै बनाइदिनु आवश्यक देखिन्छ ।

(३) घर नक्सासम्बन्धी मुद्दाहरू नगर पञ्चायतले हालको ऐनअनुसार पनि हेर्नुपर्ने भइरहेको छ, विनाप्रमाणले पनि कसैले यो मेरो भनी उजुर गर्न आएको खण्डमा नगर पञ्चायतले हेर्न नसकी अदालत जानुपरिरहेको बाट जनतालाई मर्का परिरहेको छ तसर्थ उजुरवालासँग सबुद प्रमाण समेत बुझ्न लगाउने र सबुद प्रमाण पेस हुन नसकेमा नगर पञ्चायतद्वारा नै मुद्दा छिन्ने अधिकार हुनुपर्ने ।

(४) जिल्ला पञ्चायतमा नगर पञ्चायतहरूको पर्याप्त प्रतिनिधित्व भएन भन्ने धेरैजसो नगर पञ्चायतहरूको गुनासो देखिन्छ । नगर पञ्चायतभित्रका जनसङ्ख्याको आधारमा जिल्ला पञ्चायतमा नगर पञ्चायतको प्रतिनिधित्व हुनुपर्दछ भन्ने नगर पञ्चायतको माग उचित नै देखिन्छ ।

(५) नगर पञ्चायतलाई स्थानीय सरकार रेखदेख र नियन्त्रणबाट छुट्याई सिर्फ जिल्ला पञ्चायतको मातहतमा राखी नगर पञ्चायतलाई स्थानीय सरकार र जिल्ला पञ्चायत दुवैले नियन्त्रण गर्न खोज्ने हुँदा नगर पञ्चायतमा नै दोहोरो नियन्त्रण भइरहेको तसर्थ नगर पञ्चायतलाई स्थानीय सरकारको नियन्त्रण रेखदेखबाट हटाई जिल्ला पञ्चायतका रेखदेख र नियन्त्रणमा मात्र राख्न उचित देखिन्छ ।

## केही समयपछि ग्राम पञ्चायतलाई दिन हुने कामहरू

(१) सानो सानो घरेलु उद्योगको स्थापना र तिनीहरूको रजिस्ट्रेसन ।

(२) प्राथमिक स्कुल सञ्चालन नियन्त्रणको सम्पूर्ण जिम्मा दिने ।

(३) डिस्पेन्सरी, औषधालय खोल्ने व्यवस्था गर्ने सम्पूर्ण अधिकारी दिने ।

(४) भ्रष्टाचार सम्बन्धमा उजुर जाँच गर्ने अधिकार ।

(५) मालपोत र तिरो उठाउने काम ।

## न्यायतर्फ

(१) ३ महिनासम्म कैद गर्न पाउने अधिकार ।

(२) विकास कार्यमा बाधा हाल्नेसम्बन्धी १००००।– सम्मको मुद्दा छिन्ने ।

(३) विकासको काममा बाधा हाल्ने या व्यक्ति वा तत्त्वहरूको लिस्ट तयार गरी स्थानीय सरकारमा सजायको लागि सिफारिस गर्न सकिने अधिकार हुनुपर्दछ ।

## जिल्ला पञ्चायततर्फ

(१) जिल्ला पञ्चायतअन्तर्गतका सबै ग्राम पञ्चायतहरू र नगर पञ्चायतहरूको निरीक्षण, निर्देशन जिल्ला पञ्चायतले गर्ने छ ।

(२) जिल्ला पञ्चायतहरूलाई विशेष गरेर विकास कार्यमा सक्रिय बनाउनपर्ने भएकोले ग्राम पञ्चायतमाथिको न्यायिक अपिल जिल्ला पञ्चायतले नहेरी सोझै इलाका वा जिल्ला अदालतले हेर्ने व्यवस्था हुनुपर्दछ । सो नभएमा जिल्ला पञ्चायत नै विकास कार्यमा भन्दा मुद्दा मामिलामा बढी लाग्नुपर्ने हुन्छ ।

(३) माध्यमिक शिक्षासम्बन्धी, हस्पिटल, डिस्पेन्सरी, हेल्थ सेन्टर, औषधालयको सम्पूर्ण सञ्चालन गर्ने अभिभारा जिल्ला पञ्चायतलाई दिने र जिल्ला स्तरीय सबै कर्मचारीहरू जिल्ला पञ्चायतको मातहतमा राख्ने । लाग्ने खर्चहरू सम्बन्धित विभागहरूबाट जिल्ला पञ्चायतलाई अनुदानको रूपमा दिने । प्राविधिक कामहरूको निमित्त मात्र विभागीय निर्देशन दिइने व्यवस्था मिलाउन उचित देखिन्छ ।

(४) विकास कार्यलाई आवश्यक लकडी, काठपात जिल्ला पञ्चायतको सिफारिसमा डी.एफ.ओ. अफिसले दिन सक्ने व्यवस्था हुन आवश्यक छ ।

(५) भ्रष्टाचारसम्बन्धी मुद्दाहरूको छानबिन गरी रायसहित सम्बन्धित अड्डामा पठाउने अख्तियारी दिनुपर्दछ ।

(६) जिल्ला स्तरीय सहकारी बैङ्क, घरेलु उद्योग केन्द्र, सहकारी खेतीको प्रबन्ध जिल्ला पञ्चायतले गर्नुपर्ने अनिवार्य गर्नुपर्दछ । यसको लागि प्राविधिक साधन र अर्थ व्यवस्था अनुदानको केही समयपछि दिन हुन सरकारबाट अधिकारहरू दिइनुपर्दछ ।

## अञ्चल पञ्चायत

हाल अञ्चल पञ्चायतबाट कुनै किसिमको काम भएको छैन । अञ्चल पञ्चायतका सदस्यहरूलाई मिटिङ भत्ताको पनि व्यवस्था नभएको हुनाले मिटिङहरू ऐनबमोजिम हुन सकेको छैन । अञ्चल पञ्चायतको के काम हो र यसले कसरी काम गरी लैजाने हो यसबारेमा सरकारी नीति पनि स्वस्थ नभएको हुनाले अञ्चल पञ्चायतमा आउने पञ्चहरू अन्योलमा परेका छन् । यदि अञ्चल पञ्चायतलाई राजनीतिक शून्यतालाई पूरा गर्ने दृष्टिकोणबाट खडा गरिएको हो भने त्यहीअनुसारको नीति निर्देशनहरू समेतमा ऐनमा उल्लेख हुनु अनिवार्य छ । हामीहरूको सुझाव यो छ कि अञ्चल पञ्चायतहरूलाई राजनीतिक विवेचना गर्ने अखडा बनाउनुको साथै जिल्ला पञ्चायतहरूको न्यायको रेखदेख गर्ने, हिसाब जाँच गर्ने, जिल्लाहरूको बीचमा सामञ्जस्य ल्याउन आवश्यक निर्देशनहरू दिइने अधिकार पनि अञ्चल पञ्चायतलाई दिनु अनिवार्य छ । जिल्ला पञ्चायतको आम्दानीको १० प्रतिशत अञ्चल पञ्चायतले पाउने व्यवस्था हुनुपर्दछ ।

प्रशासन विकेन्द्रीकरणको सिद्धान्त अपनाई विभिन्न तहका पञ्चायतहरूलाई अधिकार र कर्तव्यहरू थर्पिंदै लैजाँदा हरेक तहका पञ्चायतहरूमा कामको बोझा बढ्दै जाने हुन्छ । तसर्थ विभिन्न पञ्चायतका प्रमुखहरूले दिनहुँ पञ्चायतमा रूजु भई अफिसको टायमसम्म काम गर्नुपर्ने आवश्यक हुन आउँछ । पञ्चायतका प्रमुखहरूले सोबमोजिम काम नगरी दिएको खण्डमा जनतालाई सुविधा हुनुको बदला बढी पिरमर्का पर्न जानको साथै

सरकारको दुनियाँलाई सुविधा होस् भनी विकेन्द्रीकरणको सिद्धान्त अपनाउन खोजेको आधार पर्न जाने छ । तसर्थ ग्राम पञ्चायतका प्रधानपञ्च जिल्ला पञ्चायतका सभापति, अञ्चल पञ्चायतका सभापतिहरूलाई स्थायी भत्ताको प्रबन्ध साथै अरू सदस्यहरूलाई मिटिङ भत्ताको प्रबन्ध हुन अति आवश्यक देखिन्छ ।

विभिन्न तहका पञ्चहरूलाई भिन्नाभिन्नै र समय समयमा ऐन नियमबमोजिम काम गर्ने सेमिनार, तालिम इत्यादिको व्यवस्था हुनुपर्दछ र साथसाथै समय समयमा जिल्ला स्तरीय सरकारी कर्मचारीहरू सहितको संयुक्त सम्मेलन गरी यो पञ्चायती व्यवस्था सफल पार्नमा एकले अर्काको कुन तरहबाट सहयोगात्मक भावना राखी काम गराउने हो, त्यसको छलफल हुनु आवश्यक छ ।

यो पञ्चायती व्यवस्थामा पञ्चहरूसँग कुन तरहबाट व्यवहार गरी काम गरी लैजाने हो यो पञ्चायत व्यवस्थामा सरकारी कर्मचारीहरूले कुन तरहबाट काम गर्ने हो, त्यसको स्पष्ट निर्देशन सरकारबाट समय समयमा हुनु आवश्यक छ, साथै विभिन्न तहका पञ्चायतका पञ्चहरूको मर्यादा पनि निर्धारित हुनुपर्ने देखिन्छ ।

हाल जब सबै विकास जिल्लाहरूमा जिल्ला पञ्चायत खडा भइसकेपछि र विकास कार्यहरू जति सबै जिल्ला पञ्चायतद्वारा नै हुने भएपछि हालको परिस्थितिमा बडाहाकिमहरूको विशेष जरूरत देखिँदैन । पञ्चायत व्यवस्थाको सफलताको लागि पनि अब सबै जिल्लाहरूमा बडाहाकिमलाई हटाई जिल्ला पञ्चायतको माध्यमद्वारा नै बडाहाकिमद्वारा गरिआएको काम पनि गराउन अनिवार्य छ । अब पनि बडाहाकिम जिल्ला पञ्चायतको सभापतिसँगसँगै राखी काम गराउने हो भने पञ्चायत व्यवस्थाको सफलता हुन गाह्रो नै पर्न जाला । जनताबाट छानी आएका व्यक्तिहरूलाई सहयोग साधनहरू प्राप्त भएमा हाल बडामहाकिमद्वारा गरिआएको काम गर्न नसकिने भन्ने तर्क मान्न नै सकिँदैन । तसर्थ पञ्चायत व्यवस्थाको सफलताको लागि नै प्रशासन विकेन्द्रीकरण सिलसिलामा १४ अञ्चलमा १४ जना सरकारी अञ्चलाधीश मात्र राखी हालको बडाहाकिम मजिस्ट्रेटहरूको पद हटाई सो कामहरू जिल्ला पञ्चायतको माध्यमद्वारा नै गराउन अनिवार्य सम्झन्छौँ ।

## नोट :-

भ्रमणको सिलसिलामा कोसी र मेचीमा किपटिया प्रथा नेपालभरिमा अनौठो प्रथा पायौँ । किपटियाहरूले मुद्दा छिन्ने दण्ड जरिवाना आदि काम समेत गर्ने हुँदा त्यस इलाकाका पञ्चायतहरूलाई किपटिया प्रथा रहेसम्म कुनै प्रकारका अधिकार दिनु र नदिनु बराबर देखिन्छ । तसर्थ किपटिया प्रथा हटाई ती क्षेत्रहरूका पञ्चायतहरूलाई सक्रिय बनाउन आवश्यक देखिन्छ । साथै उक्त प्रथाले ५ प्रतिशत किपटियाहरू शोषक र बाँकी अरू ९५ प्रतिशत सो इलाकामा शोषित नै छन् । तसर्थ उक्त प्रथा आजको युग समेत नसुहाउँदो हुँदा सो उन्मूलन हुन आवश्यक छ ।

## आयोगका सदस्य श्री शेखर शर्मा, श्री भुवनेश्वर उपाध्याय तथा श्री मोतीलाल राजभण्डारीहरूले दिनुभएको गण्डक र लुम्बिनी अञ्चलको आ-आफ्नो भ्रमणसम्बन्धी रिपोर्ट

उक्त आयोगको ०२० ज्येष्ठ गतेको निर्णयानुसार विभिन्न अञ्चलको भ्रमण गरी वस्तुस्थितिको अध्ययन गर्न भनी गण्डकी र लुम्बिनी अञ्चलमा हामी ३ जना सदस्यहरू खटिएका थियौँ । अरू अञ्चलअन्तर्गतका विभिन्न प्रमुख स्थानहरू जस्तै कृष्णनगर, तौलिहवा, लुम्बिनी, बुटवल बजार, पाल्पा, प. ४ नं. स्याङ्जा, नुवाकोट, भ्रारखाम, पोखरा, लम्जुङ, कुन्छा र तनहुँ विकास जिल्लाका केही ग्राम पञ्चायतका अतिरिक्त विभिन्न स्थानमा पर्ने ग्राम पञ्चायतका समूहहरूमा समेत गई यथासम्भव विभिन्न स्तरका पञ्चहरू, बुद्धिजीवी, वर्गीय सङ्गठनका कार्यकर्ता, अड्डा प्रमुखहरू र गण्यमान्य प्रतिष्ठित तथा सामान्य व्यक्तिहरू समेत भेला गरी पञ्चायती दर्शन, पञ्चायती प्रजातन्त्र, नेपाली जनजीवनमा यसको परम आवश्यकता किन भयो, नेपाली जनजीवनको मनोभावना आकाङ्क्षाको पूर्व रूप, हाम्रो माटोमा हुर्कने यस प्रजातन्त्रको महत्त्व, यसको आधारभूत शक्ति विकेन्द्रीकरणको सिद्धान्त यस विकेन्द्रीकरणको विषयमा **श्री ५ महाराजाधिराज** सरकारको पवित्र सदिच्छा शोषण विहीन स्वच्छ समुन्नत समाजको सृजना गर्ने दल विहीन लोककल्याणकारी यो व्यवस्था आदि बोध गराउनुको साथै जिल्ला पञ्चायतलाई र ग्राम पञ्चायतलाई अझ दिगो र दरिलो बनाउन हाल दिइरहेको अधिकार दिएमा त्यसको सही सदुपयोग भई नेपालीको आर्थिक राजनीतिक, सांस्कृतिक विकास गर्नुको साथै शोषणरहित स्वच्छ, समुन्नत समाज बन्दछ । परस्पर खुला हृदयले आपसमा छलफल गरौँ भनी राम्रोसँग बोध गरायौँ । विकेन्द्रीकरण विषयमा पनि प्रशस्त छलफल गर्‍यौँ । हरएक प्रमुख स्थानहरूमा रा.पं. का सदस्यहरू पनि सम्मिलित हुनुहुन्थ्यो ।

यसै सन्दर्भमा सर्वप्रथम ज्येष्ठ ९ गतेका दिन शिवराज जिल्लाको कृष्णनगर (झन्डीनगर) मा एउटा विचार गोष्ठीको आयोजना गरियो । त्यस गोष्ठीमा रांपं. का सदस्य, जि.पं. का सभापति, युवक एवं महिला सङ्गठनका सभापति र कार्यकर्ताहरू, विभिन्न ग्राम पञ्चायतका पञ्चहरू, कर्मचारी, गण्यमान्य प्रतिष्ठित, सामान्य व्यक्तिहरू भेला भएका थिए । सकेसम्म सबैको भावना बुझौँ भन्ने हाम्रो धारणा र प्रयास थियो । त्यस गोष्ठीमा निम्नलिखित विचार या सुझावहरू पायौँ :

(१) न्याय विभागमा कार्यपालिकाले हस्तक्षेप गर्ने गरिआएकोले न्यायविभाग स्वतन्त्र हुनुपर्छ ।

(२) प्रशासनले अदालत (न्याय विभाग) लाई दबाएको छ ।

(३) पञ्चहरूविना कसुरमा पक्राउमा परेका छन्, पर्दैछन् ।

(४) पञ्चहरूको कर्मचारीहरूले केही पनि मान्यता प्रदान गर्दैनन् ।

(५) पुलिस जिल्ला पञ्चायतको मातहतमा रहनुपर्छ ।

(६) कुनै मानिसउपर सुरक्षा कानुन प्रयोग गर्दा जिल्ला सभापतिको राय लिएर मात्र लगाउनुपर्छ ।

(७) जनतामा ट्याक्स बढ्ता लागेको छ ।

(८) मालपोतमा किसानहरूलाई जुन बढी रकम लागेको छ सो बढी रकम जनतालाई तुरून्त फिर्ता दिनुपर्छ ।

(९) कर्मचारीहरू जनताको सेवक हुनुपर्छ ।

(१०) हाम्रो जिल्लामा अराष्ट्रिय तत्त्व कुनै छैन, बनाएर मात्र बन्दछ । औँलाले देखाएर मात्र बनाइन्छ ।

## प्रधानपञ्चहरूको राय

(१) ग्राम पञ्चायतलाई अहिले जुन अधिकार दिएको छ, त्यति नै ठीक छ, अरू बढ्ता दिन, थप गर्न हुँदैन ।

(२) जुन योजना अथवा कामहरू लागू गरिन्छ, ती सब पञ्चायतकै माध्यमद्वारा गरिनुपर्दछ ।

(३) कुनै कर्मचारीउपर मुद्दा या उजुर पऱ्यो भने पञ्चायतले नै हेरी अङ्ग पुऱ्याई मिसिल बडाहाकिमहरू पठाइदिने व्यवस्था हुनुपर्दछ ।

(४) वन जङ्गलको अधिकार पञ्चायतलाई नै दिनुपर्दछ ।

(५) कोटाबाट आउने मालसामानको लाइसेन्स दिने र मूल्य निर्धारण गर्ने काम पञ्च, वर्गीय सङ्गठनको माध्यमबाट हुनुपर्दछ ।

(६) बाली बटैया गर्ने काम र बाली रोक्का गर्ने काम पञ्चायतलाई दिनुपर्छ ।

## ज्येष्ठ १० र ११ गते

तौलिहवा बजारको भव्य विचार गोष्ठीमा धेरै गाउँका पञ्च एवं बुद्धिजीवीहरू र कर्मचारीहरूका साथै रा.पं. का सदस्य पनि उपस्थित हुनुहुन्थ्यो । त्यसमा बुद्धिजीवीहरूको तर्फबाट अहिले दिएको पञ्चायत ऐनको अधिकारभन्दा अरू बढ्ता दिन हुँदैन भन्ने विचार पाउनुको साथै निम्नलिखित भावनाहरू पायौँ :

## अ.जि. ग्राम पञ्चायतका पञ्चहरूको भावना

(१) कुनै पनि विकास आदि काम गर्दा कुनै कुनैले नटेरी अटेर गरी काममा बाधा अड्काउ पार्ने र परिरहेको हुनाले मुद्दा मामिला हेर्ने अधिकार पाउनुपर्छ ।

(२) धर्मशाला, स्कुल, पुल, पञ्चायत भवन र पञ्चायतलाई चाहिने आवश्यक फर्निचरहरू बनाउनलाई असल जातका लकडीहरू वन विभागबाट निःशुल्क प्रदान गर्नुपर्छ ।

(३) पञ्चायतले गर्न आँटेको जनहित हुने विकासको काममा आइलाग्ने बाधक तत्त्वहरूप्रति सरकारबाट पूरा नियन्त्रण राखी कारबाही चलाइदिएमा उक्त कार्य समयमै सम्पन्न हुने छ ।

(४) गाउँको कुनै पनि झगडा हेर्न नहुने भए तापनि ग्राम पञ्चायतले वास्तविक कुराको छानबिन गरी अदालतमा पठाउने नत्र नलाग्ने हुनुपर्छ ।

(५) उखडा र बटैया तिरो तिरी खाएका रैतीहरूसँग के आधारमा टैक्स लगाउने अथवा नलगाउने ऐनमा स्पष्ट किटान हुनुपर्छ ।

(६) अधिकारीहरूद्वारा पञ्चहरूलाई मान्यता दिनुभन्ने र पञ्चहरूको मान्यता क्रम हुनुपर्छ ।

(७) प्रत्येक गाउँ पञ्चायतमा गाउँको हुलाक व्यवस्था हुनुपर्दछ ।

## वर्गीय सङ्गठन

(८) प्रत्येक ग्राम र जिल्ला पञ्चायतमा वर्गीय सङ्गठनको प्रतिनिधि रहोस् जसले पञ्चायतमा हुने भइरहेका प्रत्येक कुराको जानकारी गरी जनतामा उक्त कार्य तथा नीतिको सही प्रचार गर्ने र पञ्चायतलाई सही सुझावहरू पनि दिन सकोस् ।

(९) प्रत्येक विकास कार्यमा सङ्गठनलाई समावेश गरिनुपर्दछ ।

(१०) पञ्च वा सङ्गठनको कुनै कार्यकर्तालाई पक्राउ गर्नुपर्छ भने सर्वप्रथम उसको सभापति या प्रधानपञ्चलाई सो अधिकारीहरूले सोही छलफल गरेर मात्र पक्रनुपर्छ ।

## बुद्धिजीवीहरूको भावना

(१) पञ्चहरूलाई शिक्षा तालिम दिनुपर्छ, अतः सो व्यवस्था होस् ।

(२) पञ्चायती व्यवस्था सफल दिगो र दरिलो बनाउन हामीहरू अवैतनिक रूपमा सहयोग गर्ने छौं, गर्न तयार छौं ।

(३) पञ्चायतलाई प्रशासनले राम्रो निर्देशन दिनुपर्छ ।

(४) पञ्चायतलाई राजनीतिक चेतना दिनु आवश्यक छ ।

(५) पञ्चायतलाई मुद्दा मामिलाहरू हेर्ने अधिकार दिएमा अघिको पञ्चायत जस्तो भई निकम्मा हुने सम्भावना भएकोले विकासको काम दिने, मुद्दा मामिला हेर्ने अधिकार दिनु हुँदैन ।

(६) पञ्चायतको सफलताको निम्ति प्रशासनको जति उदारता जरूरी छ र त्यस्तै सहयोग सद्भावनाको पनि ।

(७) पञ्चहरूलाई पारिश्रमिक हुनुपर्छ ।

(८) कोटाको मालसामानहरू सामूहिक रूपमा वितरण गर्न गाउँ पञ्चायतलाई दिनुपर्छ ।

(९) कुनै व्यापारीले कोटाको माल झिकाउँदा जिल्ला र ग्राम पञ्चायतको सिफारिसबाट मात्र झिकाउनुपर्छ ।

(१०) प्रत्यक्ष चुनाव भएकोले राम्रोसँग पञ्च छानिएको छैन र हतार हतारमा चुनाव भएकोले असल योग्य मानिसले बुझ्न नसकी यसमा भाग लिएनन् ।

(११) गाउँ देहाततिर गएर हेरे थाह हुन्छ कि धेरै पञ्चहरू औँठाको छाप लगाउने मात्र चुनिएका छन् ।

(१२) अरू बाँकी अधिकार पञ्चायतलाई दिन हुँदैन । जति दिएको छ त्यति नै ठीक छ ।

## सामान्य व्यक्तिहरूको विचार

(१) पञ्चायतले राम्रो या नराम्रो हालसाल केही गरेको छैन, पूर्व पश्चिम राजमार्गमा श्रमदान गर्‍यौं तापनि ट्याक्स लगाउने हो भन्छन् के केमा लगाउने हो थाहा छैन ।

## न्यायाधीश

(१) अघिको पञ्चायतले मुद्दा मामिला छिन्ने मात्र काम गरेकाले सब जनताले यो पञ्चायत खारेज होस् भनी जतातत‌ैबाट भङ्ग गर्ने माग गरेका हुन् । यसैकारणले अहिले न्यायको अधिकार दिन हुँदैन ।

(२) जहिले क्षमता हुन्छ अनि मात्र दिनुपर्छ ।

(३) पुरानो पञ्चायतले गरेको दण्ड सजाय नउठेकाले २००८ सालसम्मको लगत काटिदिने र त्यस सालभन्दा यताको असुल गर्ने हुनुपर्छ ।

## वन विभाग

(१) जङ्गल सुधार संरक्षण गर्ने कार्यमा पञ्चायतले सहयोग गर्नुपर्छ ।

(२) ग्राम पञ्चायतलाई एउटा जङ्गल अलग्ग छुट्याई दिएर नमुनाको रूपमा पञ्चायती जङ्गल बनाउने र सबै अधिकार दिने त्यसमा प्राविधिक सहयोग वन विभागबाट लिने ।

(३) हरघरसङ्घाको पुर्जी र बाल्ने दाउराको पुर्जी दिने अधिकार गाउँ पञ्चायतलाई दिनुपर्छ ।

(४) पुर्जी दरपिठ गर्दा भ्रष्टाचार हुने हुनाले पञ्च साक्षी राखी दरपिठ गर्ने गर्नुपर्छ ।

(५) वन जङ्गल विषयमा रू. ५० सम्मको रेन्जरले र त्यसभन्दा माथिको अदालतले मुद्दा हेर्ने भइरहेको छ । अब अदालतको सट्टा सो मुद्दा हेर्ने अधिकार जिल्ला पञ्चायतलाई दिनुपर्छ ।

## शिक्षा

(१) प्रत्येक ग्राम पञ्चायतले आफ्नो वडाको प्राथमिक स्कुल चले नचलेको हेर्ने, निरीक्षण गर्ने र उसैको सिफारिसमा आर्थिक सहायता दिने गरे राम्रो हुने छ ।

(२) प्राथमिक स्कुलको हे.मा. को स्वीकृति गाउँ पञ्चायतले दिने गर्नुपर्छ ।

## कर विभाग

ट्याक्सको सम्बन्धमा कर विभागका कर्मचारीहरू अञ्चलको सबै विभागमा अतः जिल्ला पञ्चायतले विवरण दिएमा अरू बढी ट्याकस उठने छ ।

## बडाहाकिम

(१) विकास कार्यको र प्रशासन कार्यको अलग्ग म्यानुयल बन्नुपर्छ ।

(२) नागरिकतको प्रमाणपत्र दिँदा जिल्ला पञ्चायतले सिफारिस गर्ने र लगत राख्ने अधिकार जिल्ला पञ्चायतलाई दिनुपर्छ ।

(३) रेडियो, मोटर, ट्र्याक्टर, साइकलको लाइसेन्स जिल्ला पञ्चायतको सिफारिसमा बडाहाकिमले दिने हुनुपर्छ ।

(४) जिल्लामा उद्योग कारखाना खोल्नलाई जिल्ला पञ्चायतको रायले गोस्वाराले नै दिनुपर्छ । माथि उद्योग विभागसँग सम्बन्धै नगर्ने मेसिनरीहरूका लागि माथि उद्योग वाणिज्यसँगै माग्ने हुनुपर्छ ।

(५) कल कारखाना, मिलहरू राख्ने विषयमा कम्पिटिसनको रूपमा नराखी फल्ने फुल्ने हिसाबसँग जिल्ला पञ्चायतको रायले गोस्वाराबाटै राख्ने ।

(६) राष्ट्रिय दिवस मनाउने, कुनै प्रतिनिधिको स्वागत गर्ने काम जिल्ला पञ्चायतले नै गर्नुपर्छ ।

(७) भ्रष्टाचार उन्मूलन गर्ने काममा जिल्ला पञ्चायतले बडाहाकिमलाई पूर्ण सहयोग दिनुपर्छ ।

(८) विकासको दौरानमा परेका कुनै पनि मुद्दा जिल्ला पञ्चायतमा नै पठाइदिने व्यवस्था हुनुपर्छ ।

(९) शान्ति सुरक्षाको लागि प्रमुख पुलिस, सहयोगीहरूको रूपमा जिल्ला पञ्चायत र ग्राम पञ्चायत हुनुपर्छ ।

(१०) ग्राम पञ्चायतउपरको मुद्दाको अपिल जिल्ला पञ्चायतले सुन्ने ।

(११) ठूलठूलो जिल्ला स्तरीय योजना जस्तै पुल, सडक, हस्पिटल, अड्डाघर आदि घर बनाउने असल जातको लकडीहरू दिने अधिकार जिल्ला पञ्चायतलाई दिनुपर्छ ।

(१२) हरएक जिल्ला पञ्चायत माने विकास जिल्लामा २ ओभरसियर सके १/१ इन्जिनियर हुनै पर्छ । जिल्ला पञ्चायतका निर्देशनअनुसार चल्नुपर्छ ।

(१३) जिल्लाको जनजीवनमा चाहिने दैनिक उपभोगका सामानहरू तर्जुमा गरी जि. प्रशासनको सहयोग लिएर सङ्कलन र बिक्री वितरण गर्ने ।

(१४) बजारमा ब्ल्याक गर्न र चोरी गर्न मालसामान लुकाउने प्रवृत्ति रोक्न ब.हा. समेतको मद्दत लिएर जिल्ला पञ्चायतले रोकथाम गर्नुपर्छ ।

(१५) पञ्चहरूलाई फलाउन फुलाउन ब.हा. रहनुपर्छ र गाइडेन्सको रूपमा ब.हा. ले काममा पञ्चहरूलाई खुब प्रोत्साहन मद्दत गरिरहनुपर्छ ।

# भैरहवा

## न्याय

(१) मुद्दा मामिलामा ग्रा.पं. का पञ्चलाई साक्षीको रूपमा राखेर सिकाउने ।

(२) मुद्दा मामिला परेमा स्यानो उजुरी लिएर तुरून्तै कागज गराई साक्षी बुझी मिलापत्र गराउने ।

(३) अपिल र अदालतमा मुद्दा फैसला गर्दा ग्राम पञ्चायतको आधार मान्ने हुनुपर्छ ।

(४) **श्री ५ महाराजाधिराज** सरकारको राज्याभिषेकमा ७ सालसम्मको दण्ड जरिवाना १० सालसम्मको आधा आदेश भएकोमा आजसम्म सो काम भइरहेको छैन । सो अबिलम्ब फर्स्योट हुनुपर्छ ।

(५) मुद्दा मामिलामा मौखिक र मिलापत्र गर्दा बोझ पर्दैन, तुरून्तै हुन्छ र काम पनि देखिन्छ ।

(६) बरू छिन्न नसकेको जतिमा १०/१२ मुद्दा जम्मा गरी न्यायाधीश त्यहाँ नै पुगेर पञ्चहरूकै सभामा छिनी दिने व्यवस्था हुनुपर्छ ।

## माल

(१) तिरो दपोट, जग्गा दपोट, गौचर, हाल आवादी, सन्धिसर्पन आदिको मुद्दामा पञ्चायतको सिफारिस, निर्णय हेरेर मात्र मालले काम गर्नुपर्छ ।

(२) असुल तहसिल गर्ने काम दिनु हुँदैन ।

## वनविभाग

(१) हरघरसङ्घाको पुर्जी बन्द हुनुपर्छ ।

(२) वनको एरिया छुट्याएर पञ्चायतलाई दिनुपर्छ ।

(३) पञ्चायती वनमा टेक्निकल सहयोग विभागले दिने र त्यस वनबाट भएको आम्दानी पञ्चायतलाई नै दिने ।

(४) पञ्चायती वनको मुद्दामा १००।– रू. सम्म जरिवाना गर्न पाउने जुन अधिकार छ, त्यो ठीक छ ।

(५) वनको ठेक्का प्रथा तोडेर सरकारबाट कर्पोरेसन जस्तो संस्था खोली बिक्री गरेमा व्यवस्था र कल्याणदायक हुने छ ।

## अन्य कर्मचारीहरूको भावना

(१) सबै पञ्चायतहरूको लेखापढी अरू अड्डा सरह का.स. मा चल्नुपर्छ ।

(२) ३/४ पञ्चायतहरूको निमित्त एक सरकारी व्यक्ति सचिव हुनुपर्छ । विकासका कार्यकर्ताहरूलाई नै सचिव बनाए पनि हुन्छ ।

(३) मालपोत उठाउने अभिभारा गाउँ पञ्चायतलाई नै हुनुपर्छ ।

(४) पञ्चायतको क्षमता विचार गरी केही न्यायिक अधिकार दिनुपर्छ ।

(५) केही वर्ष ग्राम पञ्चायतहरू पूर्ण सरकारकै रेखदेखमा रहनुपर्छ ।

(६) पञ्चायत अफिस प्रधानपञ्चले आफ्नै घरमा बनाएकोले धेरै पञ्चहरू उसको घरमा जाँदैनन् । तसर्थ कुनै सरकारी आर्थिक सहायता दिएर अफिस बनाउनै पर्छ ।

(७) जिल्लाको सबै विकासको काम जिल्ला पञ्चायतकै माध्यमबाट हुनुपर्छ, ग्रामको ग्रामबाटै ।

(८) अञ्चल पञ्चायतलाई क्रियाशील बनाउन अफिस घर सुविधा र पञ्चहरूलाई पारिश्रमिकको व्यवस्था हुनुपर्छ ।

(९) अञ्चल स्तरीय योजना कार्यान्वित गर्दा सरकारले अञ्चल पञ्चायतलाई आफ्नो माध्यम बनाउनुपर्छ ।

## प्रधानपञ्चहरूको विचार

(१) ग्राम पञ्चायतलाई एकैपटक अधिकार दिनु हुँदैन, क्रमशः दिनुपर्छ ।

(२) वर्गीय सङ्गठनलाई कुनैले पनि खास गरी कर्मचारीहरूले मान्यता दिँदैनन् । उपेक्षा गर्दछन् । स्वच्छ र स्वस्थ आलोचना गर्ने मौका दिँदैनन् । फटाहा, शोषक र पुलिसहरूले समेत कडा निगरानी राख्दछन् । यसैको प्रतिफलस्वरूप नवलपुर परासीको उपप्रधानपञ्च मारियो ।

(३) पञ्चहरूलाई विनाकारण थुन्नु छेक्नु गर्दछन्, सो हुनु हुँदैन ।

लुम्बिनी अञ्चलका अञ्चलाधीशजीले हाल लगाएको वृद्धि कर र तिरो किसानबाटै असुल गरेको छु । त्यस विषयको विस्तृत लेख र मेरो सुझावहरू लेखेर पोखरा पठाउछु भन्नुभएको थियो तर किन हो आजसम्म प्राप्त हुनसकेको छैन ।

## बुटबल बजार नगर पञ्चायत र रा.पं. का सदस्य एवं अञ्चलाधीश पनि उपस्थित हुनुहुन्थ्यो

(१) नगर पञ्चायतलाई जिल्ला स्तरमा राख्नुपर्छ ।
(२) नगर पञ्चायतलाई अलि बढी अधिकार दिनुपर्छ ।
(३) ट्याक्स लगाउन पाउने अधिकार सिधैं ब.हा. को स्वीकृतिबाटै हुनुपर्दछ ।

## भू.पू. सैनिक सङ्गठनका सभापति

(१) भू.पू. सैनिकहरूले आवाद गरी बसोबास गरेको जमिन विषयमा सरकारतर्फबाट आजसम्म वास्ता गरिएको छैन । यस्तै बेवास्ता गरिरहने हो भने औलोमा बसी आवाद गरेको जमिन हामी छाड्ने छैनौं र औलो खाई दुःख पाई बसेका भू.पू. सैनिक परिवारको र सरकारको बीच सङ्घर्ष पर्न जाने सम्भावना देखिन्छ ।

(२) भारतको सिमानाको लाइनमा एक्स सर्भिस म्यानहरूलाई बसाल्नु अति जरूरी छ ।

(३) पूर्व पश्चिम राजमार्गको किनारमा बस्ती गाउँ बसाउनुपर्छ ।

## पाल्पाको विचार गोष्ठीमा पनि रा.पं. का सदस्य हुनुहुन्थ्यो

## कर्मचारीहरूको भावना

(१) सरकारी फौज्दारी मुद्दाबाहेक अरू सबै मुद्दा पञ्चायतलाई छिन्न दिने र पञ्चायत राखेर इलाका अञ्चलाधीश बसी हद तोकी एउटै इजलासमा मुद्दा छिन्ने । जुन ठाउँमा मुद्दा पर्छ न्यायाधीश त्यसै ठाउँमा पुगी छिनीदिने गरेमा छिटो छरितो हुने र न्यायाधीश घुम्ती गरेमा राम्रो हुने छ ।

(२) उक्त किसिमसँग अधिकार दिई सोबमोजिम काम गर्दा अपिल लाग्ने पनि हुनुपर्छ ।

(३) मिलापत्र गराउन पञ्चायतलाई सबै मुद्दा छुट हुनुपर्दछ ।

(४) **श्री ५ महाराजाधिराज सरकार**को राज्याभिषेकमा ७ सालसम्मको जम्मै १० सालसम्मको 'आधा मिनाहा गरिदिनु' भन्ने आदेश स्पष्ट नभएकोले कामको बोझ थपिएको छ शीघ्र स्पष्ट आदेश हुनुपर्दछ ।

## माल

(१) थैली धरौटी मुद्दा तेरो मेरो हुन आएमा माल, अदालत दुवैतर्फ कारबाही हुने भई धेरै समयसम्म पैरवी गर्नपर्दा जनतालाई ज्यादै मर्का परेको छ । अतः अदालतले या मालले मात्र एउटैले हेर्ने एकाधिकारको कानुन बन्नुपर्छ ।

(२) रजिस्ट्रेसन गर्दा गाउँ पञ्चायतको सिफारिसबाट मात्र पास गर्ने हुनुपर्छ ।

(३) हाल आवादी दर्ता गर्ने विषयमा पञ्चायतलाई दिएमा बेस हुने देखिन्छ ।

(४) खोलो, पहिरो आदिमा ग्राम पञ्चायतलाई नै साक्षी राखी जाँच गर्ने ।

(५) असुल तहसिल स्रेस्ता तालुकदारबाट लिएर पञ्चायतले नै असुल गर्नुपर्छ ।

## ब.हा. पाल्पाको भावना

(१) डी.एफ.ओ. नभएको जिल्लामा वनको संरक्षण, संवर्द्धन र रेखदेख सबै अधिकार पञ्चायतलाई दिनुपर्छ ।

(२) सरकारी वन छुट्याएर पञ्चायतलाई केही वन जिम्मा दिने ।

(३) हाल आवादी दर्ता गर्ने काम पञ्चायतलाई दिनुपर्छ र मालमा लगत राखियोस् नदीकाट, बालोबुर्जा, खोलो पहिरो हेर्ने सब अधिकार पञ्चायतलाई दिनुपर्छ ।

(४) अञ्चलाधीश र ब.हा. पञ्चायतलाई गृहले सर्कुलर दिनुपर्छ कि पञ्चायतलाई प्रशासन प्रोत्साहन र कदर गर्नु र राम्रो भावना पैदा गरेर सक्रिय बनाउने ।

## बुद्धिजीवी गण्यमान्य

(१) विकेन्द्रीकरण हुनुभन्दा पहिले समाजमा जिम्मेवारी बहन गर्न सक्ने क्षमता बनाउनु पर्छ । ऐनले पूर्ण अधिकार दिएमा दुरूपयोग भई यो व्यवस्थाप्रति ज्यादै आस्था घटी नराम्रो प्रभाव पर्ने छ ।

(२) साहित्यको प्रचार क्लब खोल्नुपर्छ ।

(३) स्कुलमा शिक्षक, विद्यार्थीहरूलाई गाउँ गाउँमा भ्रमण गरेर ग्रामीण जनतालाई पञ्चायती प्रजातन्त्रको र यो व्यवस्था तिम्रो हो भनी चेतना दिनुपर्छ ।

(४) यसको मुख्य आधार गाउँ हो र गाउँलाई नै पहिले उठाउनुपर्छ ।

(५) शिक्षा विभागका कर्मचारीहरूले पञ्चायतलाई तालिम दिनुपर्छ ।

(६) भूमि सुधार हुनुपर्छ । तर किसानले सरकारबाट ऋण लिन पाउने व्यवस्था नभएमा किसान सुरक्षित हुने छैनन् ।

(७) पञ्चायतको तालिम सहर बजारमा मात्र नभई, सबै गाउँ गाउँमा गएर गाउँलेलाई नै तालिम दिएमा पञ्चायत विकसित भई गाउँलेको क्षमता बढ्ने छ ।

(८) जिल्लाका वर्गीय सङ्गठनहरू नै जिल्ला सरकारका वास्तविक सहयोगी छन् । तैपनि सङ्गठनलाई कुनै मान्यता अधिकार दिएको छैन । अतः अधिकार पाउनुपर्छ ।

(९) पञ्चहरूको सम्मान नभएमा जनतामा गहिरो चोट लाग्छ ।

(१०) गाउँलेहरूको आर्थिक स्तर उच्चा गर्न गाउँमा उद्योग धन्धा खोल्नुपर्छ ।

(११) पञ्चायती व्यवस्था बिगार्न कोसिस गर्ने तत्त्वहरूमाथि सरकार सचेष्ट रहनुपर्छ किनकि निर्माण गर्न खोज्दा कानुनी अड्डा लगाउने छन् ।

(१२) गाउँलेहरूलाई आफ्नो समस्या सुल्झाउन छाडिदिनुपर्छ । माथिल्लो तहबाट निर्देशन दिनुपर्छ किन्तु अनावश्यक चेकउपर चेक गर्नु हुँदैन ।

(१३) विकासको कार्य गाउँलेहरूले दिएको कार्यक्रम योजनाबाट नै निर्धारण गरियोस्, निजहरूले दिएको योजनाबाट नै पोलिसी बनाउनुपर्छ ।

## जि.पं. गाउँ पञ्चायतको विचार

(१) सानातिना अधिकार दिँदं गएमा राम्रो हुन्छ ।

(२) कानुन सरल भाषामा बनाउनुपर्छ किनकि प्रत्येक जनताले बुझुन् ।

(३) गाउँ, जिल्लाको सानो कुराको निमित्त केन्द्रसित सोधपुछ गर्दा २/४ वर्ष बितेर जान्छ । तसर्थ ग्रामको जिल्लासँग, जिल्लाको अञ्चलहरूसँगको सम्बन्ध हुनुपर्छ ।

(४) विकेन्द्रीकरण गर्दा दिएको अधिकार रा.पं. का सदस्यले आफ्नो आफ्नो जिल्लामा घुमेर जाँचबुझ गर्ने र निर्देशन दिने गर्नुपर्छ ।

(५) वनको अधिकार पञ्चायतलाई दिनुपर्छ ।

(६) मुद्दा मामिलाको अधिकार दिनु हुँदैन ।

(७) तालुकदार हटाई पञ्चायतबाटै मालपोत उठाउनुपर्छ ।

(८) जिल्लामा ब.हा. को आवश्यकता पर्छ, हालसाल हटाउनु हुँदैन ।

(९) प्रधानपञ्चलाई मात्र तालिम नदिई अरू पञ्चहरूलाई पनि तालिम दिनुपर्छ ।

(१०) सर्भेले कानुनी अड्चनले गर्दा धेरै ठाउँमा नापी गर्न सकेको छैन । अतः गाउँ पञ्चायत तालुकदार गाउँलेले हो भनी किटान गरेमा नापी गर्नू भन्ने आदेश दिनुपर्छ नत्र काममा ठूलो बाधा परेको छ ।

## स्याङ्जा, झारखाम वि.के. को विचार

(१) मालपोत पञ्चायतबाटै असुल तहसिल हुनुपर्छ ।

(२) पञ्चायतलाई मद्दतको आवश्यकता परे पुलिसहरू तुरून्त लिनसक्ने अधिकार दिनुपर्छ ।

(३) राम्रो पञ्च नचुनिएसम्म मुद्दा मामिलाको अधिकार दिनु हुँदैन ।

(४) पञ्चायत ऐनले दिएको अधिकारमा अरू अड्डाखानाका ऐनले बाधा गर्न नपाउने व्यवस्था हुनुपर्छ ।

## पश्चिम ४ नं. नुवाकोट गौंडामा रा.पं. सदस्य, जिल्ला पञ्चायत ग्राम पञ्चायतका सदस्यहरूको विचार एवं सुझाव

### जिल्ला पञ्चायतको सुझाव

(१) सबै अड्डा, अदालत जिल्ला पञ्चायतको निर्देशनद्वारा सञ्चालित होस् । पञ्चायत दर्शन तब मात्र फल्ने फुल्ने छ ।

(२) पञ्चहरूको मान्यता क्रम हुनु जरूरी छ । कर्मचारीहरूले पञ्चको इज्जत गर्दैनन् र सौतेनी डाह गरेको पाइन्छ । रानीदह काण्ड यसैको प्रतिफल हो भन्ने विचार पाइयो ।

### ग्राम पञ्चहरूको सुझाव

(३) तालुकदारी प्रथा हट्नुपर्दछ र सो कार्य पञ्चायतले नै गर्न पाउनुपर्छ, स्यानो स्यानो आफ्नो खरबारी कसैको जङ्गल व्यक्तिगत होस् ठूलो ठूलो व्यक्तिगत जङ्गल पञ्चायतलाई नै दिनुपर्दछ ।

(४) पहाडमा रहेको वन विभागहरूको आवश्यकता छैन, उल्टो नोक्सानी मात्र भएकोले तुरून्तै खारेज हुनुपर्छ र पञ्चायतको जिम्मा दिनुपर्दछ ।

(५) अपुताली जाने सम्पत्ति पञ्चायतले पाउनुपर्छ ।

(६) रजिस्ट्रेसन गर्ने अधिकार पञ्चायतको अवस्था हेरी दिनुपर्दछ । मुद्दा मामिला सरजमिन मुचुल्का आदि ग्राम पञ्चायतको माध्यम र सिफारिसबाट हुनुपर्दछ ।

(७) भोग गरिरहेको जग्गा गाउँ पञ्चायत बुझी भोगबालको नाउँमा दर्ता गरिदिनुपर्छ ।

(८) किसानलाई ऋण दिने व्यवस्था हुनुपर्छ ।

(९) कर्मचारीहरूले पञ्चायतलाई केही सहयोग गरेका छैनन् ।

(१०) लेनदेन गरेमा पञ्चायतमार्फत हुनै पर्छ ।

(११) सरकारवादी मुद्दाबाहेक अरू मुद्दा पञ्चायतलाई दिनुपर्छ ।

(१२) जनताको कल्याणको लागि अड्डाखानामा बहस गर्न जाँदा अराष्ट्रिय तत्त्व भन्ने आरोप लगाउँछन्, ब्लैक लिस्टमा नाम राख्दछन् ।

(१३) गाउँघरमा कर्मचारीहरूले कुनै काम गर्न जाँदा पञ्चायतमार्फत गर्नपर्छ ।

(१४) पञ्चायतलाई विकास कार्यमा बाधा पुर्‍याउनेहरूलाई कडा से कडा सजाय दिने व्यवस्था हुनुपर्छ ।

## बुद्धिजीवी नुवाकोट पश्चिम ४ नम्बर

(१) पञ्चायती दर्शन सफल पार्न यसभित्र जानु अर्न्तद्वन्द्व छ त्यो हटेको छैन । अप्रत्यक्ष रूपले विरोध गर्नेहरू प्रत्येक पञ्चायतमा घुसेका छन् । अतः सबै अधिकार दिनु हुँदैन, क्रमशः दिनुपर्छ ।

(२) पञ्चायतलाई सबै अधिकार दिनुपर्छ, न्यायिक अधिकार नदिएको खण्डमा जनता अदालतको शरणमा जान्छन् जसले गर्दा शोषक मोटाउँछन् ।

(३) न्यायमा उपसभापतिको कमिटीले कार्य गरोस्, विकासतर्फ र प्रशासनमा सभापतिले काम गरोस्

(४) जनतालाई कृषि तालिमदिनु अति आवश्यक छ, सो पञ्चायतको माध्यमबाट नै होस् ।

(५) गाउँको काम र योजना गाउँ पञ्चायतबाट नै होस् ।

(६) प्रत्येक अड्डाखानालाई सरकारबाट निर्देशन हुनुपर्दछ कि भनेको के हो, त्यसलाई मान्यता देऊ भनी आदेश, सूचना गजेटमा प्रकाशित आदि हुनपर्छ ।

(७) पुलिस फोर्स र सेना केन्द्रीय सरकारको अधीनमा हुनुपर्दछ ।

(८) पञ्चायतलाई विकास कार्य दिनु छ भने न्यायको अधिकार दिनुहुन्न ।

## वर्गीय सङ्गठन र सामाजिक कार्यकर्ता

(९) भ्रष्टाचार जोरसोरसँग चलेको छ, सरकारी दस्तुर, तत्कली दस्तुर खुलेआम चलिरहेको छ ।

(१०) भ्रष्टाचार उन्मूलन गर्ने हो भने र वर्गीय सङ्गठनलाई मान्यता दिनको साथै अधिकार दिनुपर्दछ ।

(११) कर्मचारीहरूमा इमानदारी, पञ्चायती व्यवस्थाप्रति श्रद्धा नभए दर्शन सफल हुनसक्तैन ।

(१२) सङ्गठनको मान्यता र इज्जत केही छैन, सिर्फ स्वागत गर्ने कार्य छ तसर्थ सङ्गठनमा शिथिलता आएको छ ।

(१३) वर्गीय सङ्गठन र पञ्चायतको समन्वय हुनुपर्छ ।

(१४) जनताको दुःख दर्दको फरियाद कर्मचारीहरूसँग गर्नगएमा निजहरूको दुस्मन बन्नुपर्छ ।

(१५) प्रचार गर्दा टुर गर्दा वर्गीय सङ्गठनहरूलाई आर्थिक कठिनाइ हुँदा आर्थिक व्यवस्था हुनु आवश्यक छ।

## बडाहाकिम, पश्चिम ४ नम्बर नुवाकोट

(१) सानातिना झगडा ग्राम पञ्चायतलाई दिनुपर्छ अदालत साधारण जनताको लागि अभिशाप भएको छ ।

(२) मुद्दा छिन्नलाई ग्राम पञ्चायतमा एक ट्रेन्ड मानिस हुनुपर्छ । मालले गर्ने हाल आवादी र मालले गर्ने सबै काम दिन पनि मिल्छ ।

(३) पुलिस पञ्चायतको मातहतमा दिन हुँदैन ।

(४) वनको अधिकार पञ्चायतलाई नै दिनुपर्छ तर हिनामिना हुन नपाओस् भनेर गोस्वाराको रेखदेख र सम्पर्क रहनुपर्छ ।

(५) रेडियो लाइसेन्स गर्ने अधिकार दिनुपर्छ, बन्दुक रिन्यु गर्ने अधिकार दिनुपर्छ ।

(६) पञ्चायतले पाएको अधिकारमा २५ प्रतिशत सदुपयोग भएको छ ७५ प्रतिशत दुरूपयोग गरेका छन् ।

(७) बडाहाकिमलाई फटाहाहरू ठोक्ने अधिकार पाउनुपर्छ । माथिबाट कुदृष्टिले हेर्नुहुँदैन । ब.हा. ले खराबी गरेको छ भने जाँच्न माथिबाट कमिसन आउनुपर्छ ।

(८) पञ्चायतलाई राम्रो निर्देशनको अत्यन्त जरूरत छ ।

(९) अड्डा प्रमुखहरूमा राम्रो प्रवृत्ति आएको छैन ।

## न्यायाधीश नुवाकोट

(१०) पञ्चायतलाई हाल जो अधिकार दिएको छ त्यति नै ठीक छ । बढता न्याय गर्ने अधिकार दिनु हुँदैन, किनभने बोझ मात्र भई विकास कार्य रोकिन्छ ।

(११) अदालतमा भ्रष्टाचार छैन ।

## पश्चिम ३ नं. पोखरा

(१) गाउँ पञ्चायतलाई न्याय गर्ने अधिकार तत्सम्बन्धी ऐन कानुनको अधिकार दिनुपर्छ ।

(२) गाउँ पञ्चायतको सिफारिसमा मात्र मुद्दा लाग्ने र उसैको निर्णयअनुसार मुद्दा छिन्ने व्यवस्था हुनुपर्छ ।

(३) पहाडको वन विभाग डिभिजन खारेज होस् र पञ्चायतको नै जिम्मामा हुनुपर्छ ।

(४) पञ्चहरूलाई कसैले नटेर्ने हुनाले मान्यता क्रम हुनुपर्छ तालुकदारी प्रथा खतम गरी पञ्चायतलाई दिनुपर्छ ।

(५) चितैदारी खान्गी तालुकदारी खान्गी कट्टुवाले खान्गी सबै पञ्चायतको कोषमा दिनुपर्छ ।

(६) खनिज पदार्थ र जङ्गली पदार्थहरूमा ट्याक्स ठेक्का गर्ने, दिने कार्य पञ्चायतबाट नै हुनुपर्छ साथै प्राविधिज्ञ पञ्चायतअन्तर्गत नै रहनुपर्दछ ।

(७) वन विभागले विदेशको अनुकरण गर्दा जनतालाई ज्यादै पिरमर्का परेकोले आफ्नै देशको माटो सुहाउने कार्यक्रमअनुसार योजना र कार्यक्रम बनाउनुपर्छ ।

(८) पञ्चायतमा योग्य सेक्रेटरी हुनुपर्छ र डेली अफिस चलाउनुपर्छ ।

(९) भूमि सुधार गर्नलाई रजिस्ट्रेसन गर्ने काम र अङ्श बन्डा गर्ने काम माल अड्डाको नाउँमा नगर्नू भन्ने तुरून्त आदेश होस् ।

(१०) जनताको कल्याण हुने कार्य अड्डाखानामा सोधपुछ गर्न जाँदा नराम्रो दृष्टिले हेर्छन्, साथै विरोधी घोषित गर्दछन् ।

(११) जनताले गरेका विकास कार्यहरू सरकारबाट राम्रो प्रचार हुनुपर्छ ।

(१२) पञ्चायतको उपर दनादन मुद्दा दिन्छन् । अतः यसको रोकथाम हुनु जरूरी छ ।

(१३) पञ्चायतले मिलाएको मुद्दा हार्ने फटाहाले पुनः अपिल गर्छ । अतः पञ्चायतको सिफारिसमा मात्र मुद्दा लाग्नुपर्छ ।

(१४) कर्मचारीहरू पञ्चायतको अन्तर्गत हुनुपर्दछ ।

(१५) जङ्गल मास्दा पहिले रेन्जरहरू चुप लाग्छन्, पछि पक्राउ गर्छन् । पैसा पाए ठीक अन्यथा मुद्दा लगाउँछन् । अतः यसबारे सुधार हुनुपर्छ ।

(१६) प्राथमिक शिक्षा निःशुल्क हुनुपर्छ, माध्यमिक शिक्षामा फिस लगाउनुपर्छ ।

(१७) कर्मचारीहरूलाई पनि पञ्चायती व्यवस्थाप्रति तालिम दिनुपर्छ ।

## बुद्धिजीवी तथा वर्गीय सङ्गठन (पोखरा)

(१) फटाहाको जमघट भएको जिल्ला पञ्चायतलाई कुनै अधिकार दिनु हुँदैन ।

(२) सङ्गठनका कार्यकर्ता पञ्चायतका सदस्यउपर थुनछेक गर्नुपर्ने हुँदा सङ्गठनको सभापति प्रधानपञ्च सोधेर मात्र पक्राउ गर्नुपर्छ ।

(३) भ्रष्टाचारको पत्ता लगाउन वर्गीय सङ्गठन कार्यकर्ता, पञ्चहरूबाट सम्भव हुने हुनाले निजहरूको माध्यमद्वारा भ्रष्टाचारको उन्मूलन गर्नुपर्छ ।

(४) कर्मचारीहरूबाट सङ्गठनको अपहेलना गरिन्छ, सङ्गठनको पनि मान्यता क्रम हुनुपर्छ ।

(५) अराष्ट्रिय तत्त्वहरूको उन्मूलन, वर्गीय सङ्गठन पञ्चायतहरूको माध्यमबाट हुनुपर्छ ।

(६) वर्गीय सङ्गठनलाई जिल्ला पञ्चायत, ग्राम पञ्चायतमा प्रतिनिधिको रूपमा समावेश गर्नुपर्छ ।

(७) उजुरीको व्यवस्था हुनुपर्छ ।

(८) गाउँघरमा वकिल प्रथाले झन्झट बिसाइदिएको छ किनकि नोकरी खोसिएका, भ्रष्टाचार लागेका व्यक्तिहरूले लाइसेन्स पाएका छन् ।

(९) कानुन प्रयोग गर्ने अधिकारी निरङ्कुश हुनु हुँदैन । यसले पञ्चायत व्यवस्थामा आघात पुग्न जान्छ ।

(१०) मुद्दा मामिला आदिको सरजमिन हुनलाग्दा वर्गीय सङ्गठनका कार्यकर्ताहरू पनि राख्नुपर्छ ।

(११) वर्गीय सङ्गठनले मिटिङ गर्दा कर्मचारीहरूले असहयोग दर्साउँछन् । वर्गीय सङ्गठनका कार्यकर्ताहरूलाई विनाकसुर थुनी पिट्छन् । यसबारे छानबिन गरेर एक बोर्ड खडा गरियोस् ।

(१२) प्रति बाँझो जग्गा, गौचर अलग गर्दा वरिपरिका पञ्चहरू राखी सर्भेले दर्ता गर्ने र अलग गर्ने व्यवस्था हुनुपर्छ ।

(१३) जनतामा पञ्चायती दर्शनको प्रचार पुगेको छैन । यसबारे पनि उचित व्यवस्था होस् ।

(१४) पञ्चायतले काम गर्दा आदर्श पञ्चायत भो भने त्यसलाई पुरस्कार दिने र प्रमाणपत्र दिनुपर्छ ।

(१५) एउटा बडाहाकिमले गरेको विकास कार्य अर्को बडाहाकिम आउँदा कार्य हुँदैन । यसबारेको पनि व्यवस्था होस् ।

## अञ्चलाधीश समेतका कर्मचारीहरूको सुझाव

(१) पर्ती जग्गाको हाल आवादीको काम गाउँ पञ्चायतलाई नै दिनुपर्दछ ।

(२) हरएक कुरामा पञ्चहरूको राय लिने व्यवस्था ऐनमा उल्लेख हुनुपर्छ ।

(३) ठूलो वनबाहेक स्यानातिना वन सुरक्षा गर्ने अधिकार पञ्चायतलाई नै हुनुपर्छ ।

(४) राम्रो पञ्चायतलाई हेरेर न्यायको अधिकार दिने र कार्य हेरी क्रमशः अधिकारमा वृद्धि गर्दै लैजाने गरे राम्रो हुन्छ ।

(५) जिल्ला पञ्चायतलाई रेडियो लाइसेन्स गर्ने अधिकार दिए हुन्छ ।

(६) तिरो दपोट मुद्दा गाउँ पञ्चायतले हेर्ने व्यवस्था ऐनमा हुनुपर्छ, ।

(७) सर्भे सम्बन्धित मुद्दा छिन्न गाउँ पञ्चायतलाई पनि सामेल गरी ट्रिब्युनल गठन गरी फैसला भएमा न्याय हुनुको साथै छिटो छरितो हुन्थ्यो ।

(८) तालुकदारी प्रथा, पोत उठाउने र हद तोकर रजिस्ट्रेसन गर्ने अधिकार ग्राम पञ्चायतलाई हुनुपर्छ ।

(९) कुलो पानी मुद्दा गाउँ पञ्चायतलाई दिनुपर्छ ।

## कुन्छा (लमजुङ)

कुन्छा जिल्ला पञ्चायतका उपसभापति, पञ्च र गाउँ गाउँका प्रधानपञ्च, पञ्च, बुद्धिजीवी गण्यमान्यहरू तथा विभिन्न वर्गीय सङ्गठनका कार्यकर्ताहरूको भव्य विचार गोष्ठी गरियो । उक्त विचार गोष्ठीका निमित्त विचार सुझाव पायौँ ।

## जिल्ला र ग्रामका पञ्चहरूको विचार

(१) कुनै प्रकारका मुद्दा मामिला पञ्चायतको रायबेगर अदालतहरूबाट कारबाही हुनुहुँदैन ।

(२) पञ्चायतमाथि असर गर्ने कुराको मुद्दा, मामिला पञ्चायत, जिल्ला पञ्चायतको अनुमतिबेगर लिनु हुँदैन ।

(३) गाउँ पञ्चायतको विकासको पञ्चायतकै राय अनुकूल हुनुपर्छ ।

(४) रेन्जर अफिसको कार्यले जनताको दैनिक कार्यमा बाधा पुऱ्याएको छ । वनपालेको अभावमा वनबाट रूख ल्याउन सक्तैन । अतः वनसम्बन्धी अधिकार पञ्चायतलाई हुनुपर्दछ ।

(५) बन्दुकको रिन्यु गर्ने र रेडियो लाइसेन्स दिने अधिकार गाउँ पञ्चायतलाई हुनुपर्दछ ।

(६) तालुकदारी, जिम्मावाली उन्मूलन गरी गाउँ पञ्चायतलाई मालपोत उठाउन दिनुपर्छ ।

(७) पर्ती जमिन सुकुम्बासीलाई वितरण गर्ने अधिकार गाउँ पञ्चायतलाई हुनुपर्दछ ।

(८) आफ्नो एरियाभित्रको बाटो, सन्धिसर्पन, पानी, पौवा, गौचरणहरूको रेखदेख गर्ने र अवश्यक व्यवस्था गर्ने अधिकार गाउँ पञ्चायतलाई हुनुपर्दछ ।

(९) कान्जी हाउसको पुरानो नियम ठीक छैन तथा गाउँ पञ्चायतलाई अधिकार दिने किसिमको हुनुपर्दछ ।

(१०) पञ्चायतहरूको लेखापढी का.स. बाट चल्ने हुनुपर्दछ ।

(११) विकास कार्यमा प्राथमिकता किसान वर्गलाई हुनुपर्दछ । यसले किसान वर्गको जीवन स्तर उच्चा हुन्छ ।

(१२) गाउँ पञ्चायत ऐनमा उल्लिखित न्यायसम्बन्धी अधिकार र त्यसदेखि बढी मिलापत्र गराउने सिफारिस गर्ने अधिकार शीघ्र दिनुपर्दछ ।

(१३) रजिस्ट्रेसन पास गर्ने तमसुकहरूमा टाँस्ने टिकट गाउँ पञ्चायतको जिम्मा दिई विक्री गराउने र त्यसबापत सयकडा १० देखि २० सम्म कमिसन दिने व्यवस्था हुनुपर्दछ ।

(१४) राम्रो काम गर्ने पञ्चहरूलाई पुरस्कार र प्रमाणपत्र दिने व्यवस्था हुनुपर्दछ ।

(१५) पञ्चायतको वडाहरू अवैधानिक ढङ्गले नमिल्ने किसिमबाट बाँडिएका छन्, सो मिलाउनुपर्ने देखिन्छ ।

(१६) कर्मचारी वर्गलले पञ्चहरूको मान्यता गर्दैनन् । यसबारे स्पष्ट निर्देशन हुनुपर्दछ ।

(१७) कर्मचारी वर्गको चाकडी चुक्लीद्वारा काम गर्ने मनोवृत्तिले गर्दा उनीहरूको पञ्चायतप्रति दृष्टिकोण राम्रो छैन । पञ्चायत र कर्मचारीको बीचको सम्बन्ध नभई प्रशासन विकेन्द्रीकरणको सिद्धान्त पूर्ण मात्रामा लागू गर्न मुस्किल पर्ने देखिन्छ ।

(१८) सरकारद्वारा प्रकाशित पञ्चायतसम्बन्धी साहित्यक एवं कानुनहरू प्रत्येक स्तरका पञ्चायतलाई उपयुक्त गराउन आवश्यक छ ।

## वर्गीय सङ्गठनहरूका कार्यकर्ताको विचार

(१) पञ्चायतको हरेक स्तरले सङ्गठनको हरेक स्तरसँग प्रत्येक कार्यमा परामर्श र सहयोग लिनुपर्दछ

(२) राष्ट्रिय पञ्चायत सरह वर्गीय सङ्गठनका सदस्यहरू अञ्चल, जिल्ला र ग्राम पञ्चायतमा लिनुपर्दछ । त्यसरी लिएका सदस्यहरूको अधिकार पञ्चायतका सदस्य सरह होओस् ।

(३) स्वास्थ, शिक्षा, मनोरञ्जन, विकास या सङ्गठनको माध्यमद्वारा कार्य होस् ।

(४) अञ्चल स्तरीय निर्देशन अधिकारी खारेज गरी वर्गीय सङ्गठन, पञ्चायतहरूको अञ्चल स्तरीय निर्देशन कमिटी खडा गरिनुपर्दछ ।

## बुद्धिजीवी र गण्यमान्यहरूको विचार

(१) विकास कार्यमा समेत पञ्चायतहरूलाई क्रमशः अधिकार दिनुपर्दछ । एकैचोटि दिनु हुँदैन ।

(२) अराष्ट्रिय तत्त्व निर्मूल गर्न सक्रिय हुनेहरूलाई कदर गर्ने व्यवस्था गर्नुपर्दछ ।

## सामान्य व्यक्तिहरूको विचार

(१) सुत्केरी हुनेलाई पनि ट्याक्स लगाउने गाउँ पञ्चायतको विचार छ रे भन्ने कुरा जनतामा चर्चाको विषय भएको छ ।

(२) वन विभागको कार्यले दाउरालाई रूख, हाँगाबिँगा काट्नसम्म पाएको छैन ।

(३) पाउदी खोलाको पुल जनताले १० हजार रू. पञ्चायतको श्रम समेतबाट बनाउन पी.डी.ओ. ले हाम्रो सम्बन्ध छैन भनेर ओभरसियरसम्म पनि पाएन । पुलः जनताले तयार गरिसक्यो तर बीचमा भएको पत्थर नतोडे वर्षाको भेलले पुलमा ठक्कर लागे जनताको श्रम, रूपियाँ खेर जाने भइरहेछ । पत्थर तोड्न बारूद माग्दा प्राप्त हुन सकेको छैन ।

(४) विकास कार्य गर्न जनतामा उत्सुकता छ, बाटो बनाइरहेछ । कर्मचारीहरूको अव्यावहारिक पूर्ण व्यवहारले जनता दुखित छ ।

(५) बिर्ताको रकम ३ वर्ष भयो माल अड्डाको सुस्तीले जनताले तिर्न पाएको छैन । धरौट राख्नसम्म पनि पाएन, एकैचोटि बुझाउन जनताले नसक्ने हुन्छ ।

## सरकारी कर्मचारीहरूको विचार

### मालको हाकिम :-

(१) मालपोत उठाउने अधिकार पञ्चायतलाई दिए राम्रो हुन्छ ।

(२) रजिस्ट्रेसन पास गर्ने अधिकार पनि पञ्चायतलाई नै दिए राम्रो होला ।

(३) अड्डाखानाबाट आउने सहोरे कामहरू पञ्चायत तहबाट हुने भए राम्रो हुन्छ ।

### फरेस्टर :-

(१) जनताको दैनिक व्यवहारमा चाहिने लकडी पञ्चायतबाट दिए राम्रो हुन्छ ।

(२) जङ्गलको सुरक्षा मद्दतको कमीले राम्रोसँग भएको छैन । पञ्चायतबाट भए राम्रो हुन्छ ।

कुञ्छा इलाका अदालतका इलाका न्यायाधीशलाई लिखित सूचना दिँदा पनि आउन सक्तिनँ भनेर लिखित सूचना (जवाफ) पठाई निज नआएकोले निजको राय बुझ्न सकिएन ।

# हाम्रो सुझाव

हामीहरू भारत सिमाना नजिकका हाम्रा विकास जिल्लादेखि लिएर दुर्गम पहाडी इलाकाहरूमा अवस्थित जिल्ला पञ्चायत, ग्राम पञ्चायतका पञ्चहरू बुद्धिजीवी, गण्यमान्य प्रतिष्ठित व्यक्ति र सामान्य जनसाधारण वर्गीय सङ्गठनका कार्यकर्ता एवं अड्डा प्रमुख कर्मचारीहरूको समेत पञ्चायती व्यवस्थाप्रतिको आस्था, श्रद्धा, विश्वास र यसप्रति उनीहरूको मनोभावना दृष्टिकोण एवं उनीहरूमा परेको सामाजिक र प्रादेशिक प्रभाव चलिरहेको र चलाउन खोजेको कार्य प्रणालीको कमसेकम अध्ययन गर्ने मौका पायौँ ।

जुन उद्देश्यले जुन वस्तुस्थितिको अध्ययन गर्न हामी गएका थियौँ, त्यसमा समयको कमी शीघ्रातिशीघ्र भेला जम्मा हुने सूचना तुरून्तै आयोजना गरिएको गोष्ठी, यातायातको कठिनाइ, लगातारको पैदल यात्रा आदि प्रमुख कारणहरूको बाबजुद पनि विभिन्न स्थानमा भएको विचार गोष्ठीमा पाएका पञ्चायत दर्शनप्रतिको भावना एवं विचारहरू निम्नलिखित वर्गीकरणको आधारमा हाम्रो राय प्रस्तुत गर्दछौँ ।

माथि उल्लिखित विभिन्न विचारहरू हामीले उनीहरूकै विचार, भावना उनकै शब्दहरूमा आयोगलाई ज्ञात होस् र खास जनभावना बुझियोस् भनी जस्ताको तस्तै राखेका छौँ । किनकि देशबासीको खास भावनाहरू स्पष्ट रूपमा देखिने छन् ।

(१) गाउँदेखि लिएर अञ्चल स्तरसम्मका अधिकांश पञ्चहरू अति इमानदार कर्मठ जनताको लागि केही काम गरौँ भन्ने भावनाले ओतप्रोत भएका छन् ।

(२) केही पञ्चहरू इमानदार, कर्मठ, देश नरेशप्रति बफादार छन् तापनि ज्यादै सिधासाधा छन् । त्यस्तै केही पञ्चहरू अशिक्षाको कारणले कानुनी दाउपेच र जाली फटाहाहरूदेखि तर्सिरहेका छन् ।

(३) केही पञ्चहरू अति चलाक र सामन्ती मनोवृत्तिका कानुनी अधिकार प्राप्त गर्ने उद्देश्यमा तल्लीन भएका पायौँ र कतै पुरानो भावनावालाले आफू बाहिर बसेर लाटासिधालाई पञ्चायतमा खडा गराएका छन् भन्ने पनि सुनियो ।

## अवरोधक तत्त्व

(१) एकापट्टि यो व्यवस्थालाई फलाउ फुलाऊ दिगो दरिलो होस् र जनजीवनमा केही गरेर छोडौँ भन्ने भावना प्रशस्त पायौँ त–

(२) अर्कोपट्टि जाली फटाहाहरूको घृणित दाउपेच जो कर्मचारीहरूसँग मिलेमतो गरी मुद्दा मामिला गर्दछन् र पञ्चायत सक्रिय भएमा आफ्नो निहित स्वार्थ सिद्धिमा कुठाराघात भएको सम्झन्छन् र पञ्चहरूलाई अनेक जालझेलमा फसाउने प्रयास गरिरहेका यो निष्क्रिय बनाउन खोजेका पायौँ ।

(३) केही सरकारी कर्मचारीहरू पनि पञ्चायती प्रणालीको सफलताको निमित्त बाधक जस्तो पायौँ । किनकि भर्खर बामे सर्न लागेका पञ्चहरूको दोष मात्र हेर्छन् र तर निजहरूलाई मान्यता, निर्देशन दिएर, सिकाएर उनीहरूलाई प्रोत्साहन दिएर सही बाटोमा हिँडाउनुको सट्टा सौताको दृष्टिकोणले हेरी सानोतिनो काममा पनि पक्राउ गर्ने नैराश्यता ल्याउने र शिथिल बनाइदिएर काममा बाधा पारेका छन् ।

(४) पञ्चायत र वर्गीय सङ्गठनहरूको केही कर्मचारी पुलिसहरूले कुनै वास्ता नगरी उपेक्षा घृणा गर्दछन् र त्यसको असर सामान्य व्यक्तिहरूमा समेत परी निजहरूले पञ्चहरूको उपेक्षा भएको देखेर पञ्चहरूको विश्वास गर्दैनन् ।

(५) उता यो व्यवस्थालाई नरूचाउने तत्त्वहरूले व्यङ्ग्यात्मक रूपले भन्दछन् कि हामी नभए कुनै काम व्यवस्था चल्न सक्तैन, बोलबाला हाम्रो नै त भनेर । र पञ्चहरूमा र वर्गीय सङ्गठनहरूमा निरूत्साह पैदा गर्न खोजिरहेको पनि सुनियो । यस्ता राजनीतिक फटाहा र पेसेवार जाली, फटाहा प्रत्येक रूपमा बाधक तापनि राजनीतिक फटाहाभन्दा पेसेवार फटाहा खतरनाक हामी मान्दछौं ।

(६) उक्त कटु सत्य कारणले गर्दा पञ्चहरू र वर्गीय सङ्गठनका कार्यकर्ताहरूले सङ्गठन या पञ्चायतबाट राजीनामा गर्छु भन्ने नैराश्य कुनै कुनैमा पाइयो ।

## बुद्धिजीवी

(१) भ्रमणको सिलसिलामा यस्ता बुद्धिजीवीहरू पनि पायौं कि व्यवस्थाप्रति विश्वास नभएर केही मौन भएर तटस्थ बसेका पायौं कुनै दोधारे नीतिका र कुनै बाहिरी रूपले मात्र यस व्यवस्थाको समर्थन गर्ने पायौं ।

(२) किन्तु यो व्यवस्था सफल हुन लागेको देखेर ईर्ष्या र पश्चात्तापमा डुबुल्की मारेका पनि भेटिए, यसै भावनाले हो कि पञ्चायतलाई बढ्ता अधिकार दिन हुँदैन ठीकै छ भन्ने विचार पनि पायौं ।

## वर्गीय सङ्गठनको विचार

(१) वर्गीय सङ्गठनका कार्यकर्ताहरूको यस्तो भावना र विचार पायौं कि :-

(क) सिर्फ हामीहरूले स्वागत गर्ने र नारा लगाउने मात्र काम छ ।
(ख) सङ्गठनको कुनै महत्त्व, मान्यता सरकारले दिएको छैन ।
(ग) ग्राम, जिल्ला स्तरका पञ्चायतको बैठकमा वर्गीय सङ्गठनले भाग लिन पाउनुपर्छ ।
(घ) विकास कार्यमा वर्गीय सङ्गठनलाई पनि समावेश गरिनुपर्छ ।
(ङ) निजहरूको यस दर्शनप्रति पूर्ण आस्था पनि पाइयो ।
(च) आर्थिक कठिनाइ परेकोले कुनै न कुनै आर्थिक स्रोत वर्गीय सङ्गठनसँग हुनुपर्दछ ।

## सामान्य व्यक्तिहरू

(१) प्रचारको कमीले जनसाधारणहरूमा यस्तो धारण पायौं कि पञ्चहरूको अधिकार र कर्तव्य के हो र पञ्चायत असल हो वा खराब कुनै छुट्याउन सकेका छैनन् ।

(२) उक्त चेतना नभए पनि विकासको काममा अत्यधिक रूचि राखी पूर्ण सहयोग गरेको र दिएको पायौं (जस्तो बाटो, पुल, स्कुल जनताले आफै बनाएका तयार गरेका पायौं ।)

यसबाट हामीहरू यस निष्कर्षमा पुग्यौं कि पञ्चायती दर्शनको मूल आधार हो शक्ति विकेन्द्रीकरण । विकेन्द्रीकरण नहुनु नै पञ्चायती व्यवस्था नमान्नु हो र अधिकार दिनुपर्छ तर भरखर बामे सर्न थालेका पञ्चायतलाई पूरापूर अधिकार दिनुको अर्थ हुन्छ उसको क्षमताभन्दा बढता भारी बोकाउनु अतः यस व्यवस्था दिगो दरिलो बनाउनलाई क्रमशः अधिकार दिंदै गएमा देश सुहाउँदो र जनभावनानुकूल हुँदै जाने हुनाले ३/४ जिल्लामा प्रयोगको रूपमा पूर्ण विकेन्द्रीकरण गरिदिने र अन्य जिल्लाहरूमा निम्नलिखित अधिकार दिएमा उपयुक्त हुन जाने छ :

## ग्राम पञ्चायतहरूलाई दिनुपर्ने अत्यावश्यक अधिकार

(१) बन्दुकहरू रिन्यु गर्ने र रेडियो लाइसेन्स दिने ।

(२) कान्जी हाउससम्बन्धी नियम पुरानो र अव्यावहारिक भएकोले व्यावहारिक र दण्ड जरिवाना आदि ग्राम पं. बाट गर्न पाउने गर्ने ।

(३) डिभिजन नभएको पहाडी इलाकामा वनको अधिकार ब.हा. मा छ । अतः सो वनको संरक्षण संवर्द्धन गर्ने अधिकार ।

(४) डिभिजन भएको स्थानमा पनि पञ्चायती वा भनी एरिया छुटयाई संरक्षण संवर्द्धन गर्ने र जनतालाई आवश्यक पर्ने दैनिक कार्यको लागि पुर्जी दिने ।

(५) पुरानो सामन्ती व्यवस्थाको जरो तालुकदारी जिम्मावाली प्रथा खारेज गरी लगत राख्ने, मालपोत उठाउने काम ग्रामपञ्चायतद्वारा गराई सयकडा १० कमिसन दिने ।

(६) तिरो दपोट, जग्गा दपोट, मुद्दा हेर्ने, हाल आवादी गर्ने, गौचर, बाटो सन्धिसर्पन छुट्याउने, पर्ती जमिन सुकुम्बासीलाई वितरण गर्ने ।

(७) मोहियानी हकसम्बन्धी र कुलो, पानी बाटो रोक्का गर्‍यो भन्ने उजुर हेर्ने छिन्ने ।

(८) सर्भे गर्दा प्रधानपञ्च र वडापञ्च समेत बसेर मात्र गर्ने व्यवस्था गर्ने ।

(९) गाउँ पञ्चायतका उल्लिखित अधिकार अड्डाखानाको अधिकारमा परी बाझिएकोमा अड्डाखानालाई भएको अधिकार खारेज गर्ने ।

(१०) गाउँ पञ्चायत ऐनमा उल्लिखित न्यायसम्बन्धी अधिकार प्रयोग गर्न दिने ।

(११) सरकारवादी हुने र फौज्दारी मुद्दाबाहेक अरू कुरामा गाउँ पञ्चायतले मिलाउने र मिल्न नसकेको सो कुरा पं. ले लेखी पठाएपछि अदालतहरूमा उजुर दायर हुन सक्ने व्यवस्था गर्ने ।

(१२) रजिस्ट्रेसन पास गर्ने र अरू लेनदेन गरेको तमसुक गाउँ पञ्चायतका रोहबरमा लेखिएकोलाई मान्यता दिने र अङ्क खुलेको रू. २,००० सम्मको रजिस्ट्रेसन पास गर्ने अधिकार ।

(१३) न्यायतर्फ उप प्र.पं. को सभापतित्वमा २ पञ्चको बोर्ड बनाउने उल्लेख भएकोमा वादी, प्रतिवादी निजकै वडाको भए अरू पनि २ पञ्च र वादी, प्रतिवादी धेरै वडाको भए बढी नै वडा पञ्चको बोर्ड बनाउने भन्ने संशोधन हुनुपर्ने ।

(१४) म्यादी कुनै कार्य पञ्चायतद्वारा गराई पुरस्कार या पारिश्रमिक दिने गरे सरकारको खर्चमा कमी र पञ्चलाई प्रोत्साहन हुन्छ । कृषि, जनगणना जस्तो कार्यपनि हुन्छ ।

(१५) गभर्मेन्ट प्लिडर प्रसिक्युटरले पञ्चायतलाई कानुनी सल्लाह दिने व्यवस्था गर्ने ।

## जिल्ला पञ्चायतहरूलाई दिनुपर्ने अधिकार

(१) मोटर ट्याक्सको लाइसेन्स दिने ।

(२) जिल्लामा उद्योग कलकारखाना खोल्ने । जिल्ला स्तरीय योजना लागू गर्ने ।

(३) राष्ट्रिय दिवसहरू मनाउने कार्यहरू ।

(४) घुसखोरी, भ्रष्टाचार उन्मूलन गर्ने योजना बनाई रेखदेख गर्ने अधिकार जिल्ला पञ्चायतका सभापति र वर्गीय सङ्गठनका सभापतिहरूको बोर्ड बनाउने ।

(५) जिल्ला स्तरीय विकास योजना र पुल, स्कुल, हस्पिटल, अड्डाखाना र व्यक्तिगत घर बनाउन लकडी दिने र वन जङ्गल संरक्षणको व्यवस्था गर्ने ।

(६) गाउँ पञ्चायतले लगाएको ट्याक्स अनुचित जनभावना प्रतिकूल भएमा सुधार ल्याउन निर्देशन दिने ।

(७) पञ्चायतले उठाएको कदम सफल बनाउन ब.हा. र पुलिसहरूले आवश्यक सहयोग दिने ।

(८) कानुनी सल्लाह मागेमा गभर्मेन्ट प्लिडर या प्रसिक्युटरले सल्लाह दिने र सम्बन्धी मुद्दामा निजहरू प्रतिनिधि हुने गर्ने ।

(९) जि.पं. ऐनमा उल्लिखित अधिकारमा अरू सरकारी अफिसहरूको अधिकारमा बाझिएमा जि.पं. ऐन कायम गरी अरू खारेज गर्ने ।

(१०) प्रत्येक विकास जिल्लामा ओभरसियर २ दिनुपर्छ ।

(११) जिल्ला पञ्चायतको निर्देशनमा जिल्लाका सबै अड्डाखाना रहने ।

(१२) गाउँ पञ्चायतले गरेको फैसलाहरूमा हद तोकी जिल्ला पञ्चायतमा अपिल गर्न पाउने व्यवस्था हुनुपर्छ ।

(१३) उच्च शिक्षकको रेखदेख, सञ्चालन जिल्ला पञ्चायतले गर्नुपर्छ ।

(१४) कोटाबाट झिकाउने मालसामानको लाइसेन्स दिने र मूल्य निर्धारण गर्ने काम जिल्ला पञ्चायत वर्गीय सङ्गठनका सभापतिहरूको बोर्डले गर्ने व्यवस्था हुनुपर्छ ।

(१५) मुनाफा खोरी चोरी बजारी मालसामान लुकाउने प्रवृत्ति आदिमा रोकथाम गर्न जिल्ला पञ्चायत र वर्गीय सङ्गठनले कार्य गर्नुपर्छ ।

## अञ्चल

अचल पञ्चायतको केही पनि काम आजसम्म देखिन्न, बेकारको यो एउटा तह मात्र हो भन्ने जतातत‍ैको मनोभावना पायौँ । वास्तवमा त्यसको कार्यकर्ता प्रगति विधि आजसम्म केही पनि छैन, निष्क्रिय पनि भएको छ । अतः त्यसलाई केही अधिकार दिनुपर्छ, सक्रिय बनाउनुपर्छ ।

(१) अञ्चल पञ्चायतको अफिस घर हुनुपर्छ ।

(२) अञ्चल पञ्चायतका सदस्यहरूलाई मिटिङको भत्ता दिनुपर्छ ।

(३) अञ्चललाई केन्द्रको र जिल्लाको माध्यम बनाउनुपर्छ ।

(४) निजले अञ्चल स्तरीय विकास योजना लागू गर्नुपर्छ ।

(५) प्रत्येक जिल्लाको विकास र प्रशासनसम्बन्धी काममा निर्देशन दिने रेखदेख गर्ने पूर्ण अधिकार हुनुपर्दछ ।

(६) प्रत्येक गाउँको र जिल्ला पञ्चायतको निर्देशक र संरक्षक हुनुको साथै पत्रपत्रिकाद्वारा पञ्चायतको प्रचार गर्नुपर्छ ।

## सुझाव

(१) सबै पञ्चायतलाई सरकारी संस्था मानिनुपर्दछ र एकरूपता ल्याउनलाई अन्य सरकारी अड्डा सरह पञ्चायतको का.स. चल्नुपर्छ ।

(२) पञ्चायतहरूको परिधिभित्र पर्ने कुराहरूमा अन्य अड्डाले हस्तक्षेप गर्न नपाउने ऐनमा स्पष्ट हुनुपर्छ ।

(३) गाउँ पञ्चायत, जिल्ला पञ्चायत र अञ्चल पञ्चायतका घरहरू कुनै हालतमा पनि बनाउनुपर्छ ।

(४) प्रत्येक अड्डामा यस्तो सूचना या आदेश तुरून्त हुनुपर्छ कि पञ्चायतलाई पूरापूर सहयोग र मान्यता देऊ, सिकाऊ, हुर्काऊ, नराम्रो दृष्टिले नहेर भनेर ।

(५) पञ्चायतको काममा बाधा अड्काउ गर्ने अडङ्ग लगाउने, कानुनी जालझेल गर्ने, त्यस्तो घातक र जाली फटाहाहरूलाई निस्क्रिय बनाउन र निजहरूलाई कडा से कडा सजाय नसिहत दिनलाई पनि प्रत्येक अड्डालाई आदेश हुनुपर्छ ।

(६) नेपाल सुहाउँदो पञ्चायती व्यवस्था हामीहरूले अपनाएका छौँ भने हाम्रै नेपालको हावापानी माटो सुहाउने पञ्चायती प्रणालीको अनुकूल न्याय व्यवस्था हुनुपर्छ । किनकि छिटोछरितो, सस्तो र सुलभ हुनुको साथै नेपाली न्याय व्यवस्था भनियोस् ।

(७) देशको वर्तमान परिस्थिति र भर्खर हुर्कन, बामे सर्न लागेका पञ्चायतलाई डोऱ्याउने संरक्षण गर्ने रूपमा ब.हा. र अञ्चलाधीशहरू रहन्छन् भने निजहरू उदार र सहयोगको भावनाले प्रेरित भएको हुनुपर्छ ।

(८) ग्राम पञ्चायत जिल्ला पञ्चायतहरूमा वर्गीय सङ्गठनका प्रतिनिधिहरू लिनुपर्दछ ।

(९) भ्रष्टाचार उन्मूलन गर्न र वर्गीय सङ्गठनका सभापति, ब.हा. समेतको एक बोर्ड बनोस् र उक्त बोर्डबाटै उक्त कार्य हुनुपर्दछ ।

(१०) सुरक्षा कानुनको प्रयोग गर्ने अधिकारीले कानुनको दुरूपयोग गऱ्यो भन्ने उजुर परेमा वडा मेम्बर जि. सभापति, वर्गीय सङ्गठनका सभापति समेतको समितिले जाँच गर्ने व्यवस्था हुनुपर्छ ।

(११) पञ्चायतहरूले गरेको कार्य निरीक्षण गर्न बेलाबेलामा रा.पं. सदस्यहरू अधिकार पठाउनुपर्छ र निर्देशन दिनुपर्छ ।

(१२) पञ्चायत वर्गीय सङ्गठनका कार्यकर्ताहरू पक्रनुपऱ्यो भने जि. सभापति या प्रधानपञ्च वडा मेम्बर रा.नि.अ. को सल्लाहले मात्र पक्रने व्यवस्था हुनुपर्छ ।

(१३) सबै तहका पञ्चहरूलाई पारिश्रमिक या भत्ताको व्यवस्था हुनुपर्छ ।

(१४) पञ्चायतको मूल आधार नै ग्राम पञ्चायत भएकोले पञ्चहरूलाई हरतरहबाट तालिम, शिक्षा, सहयोग दिइरहनुपर्छ । यसैको अति जरूरत छ ।

(१५) पञ्चायत विषयको र पञ्चहरूले गरेको कार्यको प्रवृत्तिको खुब जोरसोरसँग धुँवाधार प्रचार हुनुपर्छ । किनकि गाउँलेहरूमा चेतना भर्नुछ ।

(१६) सबै तहका पञ्चहरूको म्यानुयल निस्कनुपर्छ र त्यसमा पनि विशेष कामको र प्रशासनको अलग अलग गरी ।

(१७) वर्गीय सङ्गठनहरूले पञ्चायती व्यवस्थाको र भूमि सुधार, कानुन, मुलुकी ऐन सबको प्रसार प्रचार गर्ने व्यवस्था हुनुपर्दछ ।

(१८) गाउँका किसानहरूलाई आवश्यक दैनिक उपभोगका सामान उपलब्ध गराउने उद्देश्यले पञ्चायतको तर्फबाट सहकारी दुकान खोल्नुपर्छ ।

(१९) राष्ट्रिय महत्त्वका योजनाहरूबाहेक अरू योजना विभिन्न तहले आफ्नो आफ्नो स्तरबाट तयार गरिनुपर्दछ र त्यसै तल्लो अथवा जिल्लाको योजनाहरू हेरी त्यही आधारमा सरकारले आफ्नो पोलिसी बनाओस् ।

(२०) गाउँलेहरूको आर्थिक स्तर उठाउनलाई गाउँमा उद्योग धन्दा खोल्नुपर्छ ।

(२१) गाउँका साधारण जनताको आफ्नो समस्या सुल्झाउन उनैलाई छुट दिनुपर्छ । त्यसमा निर्देशनको आवश्यकता पनि पर्छ तर अनावश्यक गरिएकोले चेकमाथि चेक गर्नुहुँदैन ।

(२२) जिल्लामा भयङ्कर भ्रष्टाचार चलिरहेको छ । यसको रोकथामको लागि सरकारले तुरून्तै कदम उठाउनुपर्छ । यसको जिताजागता सबुद रा.पं. का सदस्य र आयोगका सदस्यहरूले नै देखेर अनुभव गरेर आउनुभएको छ ।

(२३) भूमि सुधार गर्नलाई हाल माल अड्डाले गरिरहेको अङ्श बण्डाको र बेचबिखन दान दातव्य गरी रजिस्ट्रेसन गर्ने काम तुरून्तै बन्द गर्नुपर्दछ ।

# आयोगका सदस्य श्री ज्ञानेन्द्रबहादुर कार्कीले दिनुभएको जनकपुर अञ्चलको आफ्नो

## भ्रमणसम्बन्धी रिपोर्ट

### भ्रमणमा पाइएका साधारण भावनाहरू

प्रशासन विकेन्द्रीकरण आयोगको पहिलो बैठकको निर्णयअनुसार म (ज्ञानेन्द्रबहादुर कार्की) जनकपुर अञ्चल (तराई क्षेत्र) को तीनसाते भ्रमणको लागि ज्येष्ठ ६ गते प्रस्थान गरेँ ।

उक्त अञ्चलको तराई भागमा पाइएका साधारण भावनाहरू निम्नलिखित छन् :-

१. चुनाव जुन अवस्थामा भयो त्यो अवस्थामा मानिसहरूमा त्यसमा पनि ठूलाठालु जान्ने सुन्ने वा राजनीतिक पार्टीहरूमा आफ्नो पृष्ठभूमि बनाइसकेकाहरूले पञ्चायती व्यवस्था अहिलेको रूपमा आउने कल्पना गरेनन् र अवसरवादिताले प्रेरित भई उनीहरू चुनावमा आफू खडा नभई आफ्ना साधारण मानिसहरूलाई खडा गराए । तर साधारणतः गाउँले जनताले पञ्चायतलाई आफ्नो सम्झी ठूलो उत्साहको साथ भाग लिए । पुरानो पञ्चायतको मुद्दा हेर्न पाउने र आफ्नो स्वार्थसिद्ध हुन सक्ने राम्रो साधन सम्झेर भाग लिने जाली फटाहाहरू पनि केही अङ्शमा देखा परे ।

२. पञ्चायतको मुख्य उद्देश्य र कर्तव्य क्रमशः प्रष्ट हुँदै गएपछि त्यसमा पनि पञ्चायती नियम, कानुन र विधान तयार भएपछि अघि छुटेका बुद्धिजीवी वर्ग र ठूलाठालुहरू पनि पञ्चायत चुनावमा भाग लिन तरखरिए । सामूहिक रूपमा पनि समाजको सेवा र कल्याण गरौँ भन्ने भावना भएका नेपाली पञ्चायती माध्यमबाट आफ्नो गाउँ, सहर, जिल्ला र अञ्चलको विकास गरौँ र बनाऔँ भन्ने प्रेरणाको वातावरण पैदा भइसकेकोले विकास कार्यमा ग्राम पञ्चायतहरू जुन उत्साह र जोसका साथ संयुक्त रूपमा जुटे, त्यो दुनियाँको अगाडि एउटा ज्वलन्त उदाहरणको रूपमा राख्न सकिन्छ । त्यसबेला जब अराष्ट्रिय तत्त्वको आक्रमण यो देशमा भएको थियो र उनीहरूले

नाना उपद्रव गर्दथे, नेपाली जनता आफ्नो गाउँ, जिल्लामा विकास कार्यमा मस्त जुटेका थिए । जति जति अराष्ट्रिय तत्त्वहरू पुल, बाटोहरू भत्काउँथे, उति उति यी भत्किएका पुल, बाटोहरू ग्राम पञ्चायतहरू मिली रातारात गरेर तयार पार्दथे । पहिलो जोसमा पहाडतर्फ खास गरेर बाटो बनाउने काममा ग्राम पञ्चायतहरूले श्रमदानलाई एउटा उदाहरणको रूपमा राखिदिए । पछि जिल्ला, अञ्चल र राष्ट्रिय पञ्चायतको चुनावमा सबै जुटेर चुनावहरू सकिएपछि आफूभन्दा माथिल्लो तहका पञ्चायतहरूमा ठूलो शिथिलता आयो । उनीहरूको बाधा, पिर, मर्का हेरिदिने कोही भएन । गाउँका ठूलाठालुले गाउँ पञ्चायतको काममा बाधा दिए, सो बाधा फुकाई दिई गाउँ पञ्चायतलाई उत्साह दिएर अघि बढाउनामा सरकार र जिल्ला पञ्चायत दुवैको ठूलो जिम्मेदारी छ ।

३. पञ्चायत तालिम गोष्ठीको काम केही ठाउँहरूमा मात्र हुँदै गरेको हुनाले र पञ्चायतलाई अरू कुनै प्रचार र शिक्षाको साधनद्वारा पनि कर्तव्य र अधिकारको ज्ञान नगराइएको हुनाले धेरैजसो पञ्चहरूले पञ्चायत ऐनको समेत अध्ययन गरेका छैनन् । पञ्चायत ऐनमा भएका अधिकार र कर्तव्यसम्मको ज्ञान पनि नभएका प्रधानपञ्च, उपप्रधानपञ्च र पञ्चहरूको सङ्ख्या कम छैन ।

४. ऐनमा भएका नीति सबै अधिकारहरू पनि प्रयोगमा ल्याउने अधिकार सरकारले नदिएकोले अधिकार पर्याप्त छ छैन, अरू के के अधिकार चाहिन्छ वा दिएमा कस्तो होला भन्ने विवेचना पञ्चहरू गर्न सक्तैनन् ।

५. गाउँ पञ्चायत, जिल्ला पञ्चायत र जिल्ला सरकारको बीच प्रशस्त सम्पर्क भई नसकेको र ऐनमा भएको सबै अधिकार पनि नपाएकोले गाउँको आय कोष बढाउन सक्ने करहरू पनि गाउँ पञ्चायतले उठाउने आँट गर्न सकेका छैनन् ।

६. धेरैजसो पञ्चहरूले अधिकार वृद्धिभन्दा पनि सानातिना व्यवहारिक कठिनाइहरू हटाउने र काम गर्न सुविधा प्राप्त गराउने मागहरू राखेका छन् ।

७. सरकारी कर्मचारीहरूको सहयोगको अभाव लेखेको पत्रको सरकारी अड्डाहरूबाट उत्तर नआउने र पुलिस चौकीहरूले पञ्चायतलाई सहयोग गरेनन् भन्ने साधारणतः सबै पञ्चायतहरूको भनाइ छ ।

८. हरेक पञ्चहरू र साधारण जनतामा भएको जोस, उत्साह र विकास गर्ने तत्परतालाई पञ्चहरूद्वारा सँगाली अघि बढ्न यो सामूहिक शक्तिको ठीक प्रयोग गर्ने बेला पाकिसकेको छ ।

## जनकपुर पञ्चहरू र अरू अरूसँगको भेटघाट

### ग्राम पञ्चायतमा हुनुपर्ने अधिकार

बलाहा गोठ र त्यस नजिकका गाउँ पञ्चायतहरूको भेलामा बलाहा ग्रा.पं. को प्र.प. को सुझावहरू :-

१. २०१८ परिच्छेद ४ को दफा १५ को उपदफा १ बमोजिम गाउँ सभाले कुन आधारबाट ठेक्का कति कति कुरामा लगाउने र कर कुन आधारमा कसरी, कति लगाउने ।

२ २०१८ परिच्छेद ४, दफा १२ को देहायमा लेखिएबमोजिम गाउँको निर्माण गर्न कुनै कुनै गाउँ ९५ प्रतिशत गरिब ज्यादै छ भने त्यस्तो हालतमा त्यस गाउँ सभामा पञ्चायतलाई आम्दानी हुने कुनै कुरा छैन भने ग्राम पञ्चायत कसरी चलाउने ।

३ विकास कार्य र रचनात्मक कार्यको लागि के कति प्रतिशत आ.स. मिल्दछ, कुन कुन काममा कति कति पाइन्छ, यसको स्पष्टीकरण सरकारले गर्नुपर्दछ ।

४. वर्तमान नेपालको महत्त्वपूर्ण पञ्चायती व्यवस्थामा किन पुलिस थाना र अन्य विभागले हस्तक्षेप गर्दछन् जसमा यो विभागबाट सहयोग पाउनुपर्ने ।

५. कान्जी हाउस जस्ता खतडाको काम ग्राम पञ्चायतमा भएकोले त्यस कान्जी हाउसमा आएका पशुहरूको कुन कुन पशुहरूलाई कुन आधारमा कति दण्ड गर्ने र यदि पशु लिन पशु मालिक आएन भने उक्त पशु कति दिनमा लिलाम गर्ने, कसरी गर्ने प्रष्ट भएन ।

६. गाउँ पञ्चायत एरियाभित्र जति पनि सार्वजनिक जमिन वा एलानी जमिन छन्, त्यसको रूपान्तर गाउँ सभाको भलाइ कार्य गर्न आवश्यक परे गर्नलाई अधिकार पूरा हुनुपर्दछ ।

### मुद्दा मामिलासम्बन्धी ग्राम पञ्चायतलाई अधिकार

१. २०१८ परिच्छेद ७, दफा ४१ बमोजिम गाउँ पञ्चायतले मुद्दासम्बन्धी अधिकार नपाउँदा उक्त काममा निकै बाधा परिरहेको छ ।

२. ग्राम पञ्चायतले कुन कुन मुद्दामा कति कुन आधारमा दण्ड सजाय गर्नुपर्दछ । फैसला वा मिलापत्र गराउँदा कुन रूपले कसरी गर्ने यसको स्पष्टीकरण र साथै अदालती बन्दोबस्त नेपाल कानुन सरकारले ग्राम पञ्चायतलाई दिनुपर्दछ ।

## जदुकुवा गाउँ पञ्चायत

यस पञ्चायतमा विकास र शिक्षाको काम गर्ने प्रयत्नहरू भए । हाइस्कुल भए तापनि प्राइमरी स्कुल पञ्चायतको तर्फबाट हामीले खोल्यौं । गाउँ ठूलो र घना बस्ती भएको हुनाले गाउँभित्रको बाटो बनाउन अनिवार्य छ । तर गरिबले मात्र बारी खनिनुपर्दछ भन्ने भावना भएका ठूलाठालुले गर्दा यस्तो विकासको काममा बाधा पर्दछ । पञ्चायतको काम गर्दा ज्यादै बाधा परेकोले हामी धेरैजसो पञ्चायत सदस्यहरू राजीनामा गर्दै छौं । पञ्चायतमा लागेर न त घरको काम हुन सक्यो न समाज सेवा गर्ने सुविधा नै पाइयो । सरकारबाट पनि पञ्चायतलाई कुनै सहयोग पाइएको छैन । गाउँमा झगडा हुँदा पञ्चायतको विरोधमा पुलिसलाई गाउँका ठूलाठालुले नै प्रयोग गर्दछ । सुविधासँग र स्थानीय सरकारको पूर्ण सहयोग भएको खण्डमा अहिलेकै ऐनलाई पूर्णरूपले प्रयोग गर्न दिएमा अधिकार प्रशस्त छ ।

## रघुनाथपुर गाउँ पञ्चायतका प्र.पं. र पञ्चहरू

ऐनमा दिएको अधिकार पर्याप्त छ । तर यो सबै अधिकार पनि प्रयोगमा ल्याउने अधिकार दिइएको छैन । हामी कान्जी हाउस खेल्न चाहन्छौं । तर के के दर राख्ने सो हामीलाई थाहा छैन । गाडीहरूमा ट्याक्स लगाउने हाम्रो योजना छ तर जिल्लाभरि एकै दर भए राम्रो हुने थियो । ऐनमा पनि केही उल्लिखित छैन । जिल्ला पञ्चायतबाट पनि हामीले कुनै निर्देशन पाएका छैनौं । सायद जिल्ला पञ्चायत सदस्यहरू र सरकारी मानिसहरू आई हामीलाई सम्झाउने गरेर समस्याहरूमा छलफल गर्न पाए हामी अझ उत्साहित भएर काम गर्ने थियौं । अधिकार मात्र पाएर के गर्नु काम गर्न सक्नुपर्दछ । अधिकार त अहिले पनि कम छैन यस इलाकाका जनताको पञ्चायतमा अगाध विश्वास बढेको छ । हामीहरू अरूहरूको आक्रमणमा परिसकेका छौं ।

## मनराकट्टी ग्राम पञ्चायत र नगिचका अरू गाउँ पञ्चायतहरू

५७ दफाको उपदफा (१) को ग्रा.पं. ले तोकेको दण्ड सजाय, कैद गर्नुपर्ने अवस्थामा फलानासँगको फलाना मुद्दामा यसबापतमा कैद गर्नुपर्ने भएकोले प्रचलित कानुनबमोजिम कैद गरिदिनू भनी इलाका अदालतमा पठाउनुपर्छ र इलाका अदालतले पनि सो कैद गर्नुपर्ने मानिस र खुवाउनलाई सिधा खर्च ग्रा.पं. सँग लिई प्रचलित कानुनबमोजिम कैद गरि दिनुपर्छ ।

त्यसमा सुधार होस्, किनभने ग्रा.पं. मा आयस्रोत सीमित भएकोले विकास कार्य गर्नमा खर्च पुग्ने भनी तब कैदीलाई खुवाउन खर्च व्यहोर्नमा असमर्थ देखिन्छ । त्यसैकारणले कैदीको खुवाउनको उपदफा (२) को यस ऐनबमोजिम मुद्दा मामिलामा भएको दण्ड, जरिवाना कुनै व्यक्तिले नतिरेमा ग्राम पञ्चायतले डाइरेक्ट पुलिस डी.एस.पी. सँग मद्दत लिई आफैले उठाउन सकोस् ।

(७०) दफा ग्राम पञ्चायतले कुन विकास कार्य गर्नलाई अह्राएमा सो कार्य गर्न नगएमा अटेर गरेमा त्यसको निमित्त काम गराउन लगाउनको लागि डी.एस.पी. अफिसबाट पुलिसको व्यवस्था होस् ।

ग्राम पञ्चायतमाथि वा कुनै सदस्यमाथि ऐनमा कुनै किसिमको मुद्दा परेमा ऐनले दिएको अधिकारबमोजिम कार्यपालन गर्दा गराउँदा कसैको चित्त नबुझेमा जाली मुद्दा चलाएमा वा उजुरी परेमा ग्रा.पं. पञ्चायतबाट कुनै सदस्यलाई तारिखमा नबसाई अरू अफिसको अधिकारी जस्तै सोधपुछ गर्न व्यवस्था मिलाएमा बढिया हुने थियो ।

कान्जी हाउसमा माल आएमा धनीहरूले सात दिनभित्र आइ आफ्नो मालको व्यवस्थामा नगराएमा वा अटेर गरेर जानी जानी घर बसेमा त्यो मालको लिलाम गर्ने अधिकार ग्रा.पं. लाई दिन बेस हुने थियो । अथवा लिलाम गर्ने सन्धिकार सरकारले ग्रा.पं. लाई दिन असजिलो भएमा अरू कुनै राम्रो व्यवस्था हुन मनासिब देखिन्छ किनभने यस्तो नभएमा माल धनीले ग्रा.पं. ले मेरो माललाई के गर्न सक्छ र म आफ्नो माल ल्याउन जान्नँ हेर्छु कति दिनसम्म ग्रा.पं. ले मलाई समातेर राख्छ भनी ग्रा.पं. र त्यसको नियमलाई अवहेलना गर्दछ, यसर्थ यसमा सुधार होस् ।

## सखुवा ग्रा.पं. का प्रधानपञ्चको सुझावहरू

(१) गत साल गाउँ पञ्चायतको चुनाव हुँदा खटिएको कर्मचारीहरूले सकभर राम्रो तरिकाले चुनाव गर्नुभएको होला पनि त्यस बखत ग्रामीण जनताले पञ्चायतले महत्त्व राम्रोसँग बुझ्न सकेका थिएनन् । अहिले धेरैले यसको महत्त्व बुझी चाख लिन लागेका छन् । त्यस बखत चुनिएका मानिसको काम पनि यो १ सालभित्र धेरैले बुझिसकेका छन् । सरकारबाट ऐनबमोजिमको अख्तियार दिनुभन्दा अगाडि १.१ विकास जिल्लाभित्र ४/५जना सरकारी कर्मचारीलाई लगाई १.१ पञ्चायतमा सकभर बढी मात्रामा मतदाताहरू भेला गराई पञ्चायतको महत्त्व र यसमा सबैले भाग लिन सक्ने कुरा दर्साए यसमा कसैको डर, धाक, धम्की इत्यादिबाट डराउन पर्दैन, पहिले चुनिएका पञ्चहरू सबैमा कसैलाई तपाईंहरू बहुमतद्वारा हटाउन सक्नुहुन्छ भनी सम्झाई त्यसको हेरी मात्र अधिकार सुम्पिन मनासिब होला जस्तो लाग्दछ । यसो गर्नाको कारण यो छ कि कुनै पनि पञ्च पहिले आफ्ना धाक र रवाफ धनी वर्ग भई कर्जा वा जमिन जोत्न दिन र भयबाट जाली फटाहा वा जातीयताको आधारमा चुनिएको भए यसपटक हट्ने थिए र अधिकार राम्रो मानिसमा गई राम्रो काम हुन पाउने थियो कि भनेर हो । यसमा ४/५ जना अफिसर खटिए एक महिनासम्ममा सम्पन्न हुन सक्ने थियो भन्ने आशा गर्न सकिन्छ । यसबाट पनि सबै खराब तत्त्व हट्ने छन् भन्ने आशा राख्न सकिन्न तर केही मात्रामा सफल हुन सकिएला ।

(२) पञ्चायतको अधिकार दिनाको साथसाथै सरकारबाट यस कुराको राम्रो प्रचार हुन पर्दछ कि कुनै पनि पञ्चायतले आफ्नो अधिकारभित्र रही काम गर्दा पनि यसलाई

आफ्नो डरधाकले मान्यता नदिने वा बाधा दिने व्यक्तिलाई कडा सजाय दिइने छ भनी यसमा सजाय समेत सुनाइदिनुपर्दछ

(३) पञ्चहरूको ठाउँ ठाउँमा तालिम शिविर पनि खोलिनुपर्दछ यसमा पञ्चहरूलाई दिइने तालिमको साथसाथै आपसमा भेटघाट र छलफल हुन सक्दछ ।

## पञ्चायत कोष बढाउने केही सुझावहरू

(१) मालपोतमा सयकडा दशसम्म बढाई लिन सक्ने अधिकारको सट्टा सरकारतर्फबाट सो सयकडा दश उठाई पञ्चायत विकास कोषलाई दिने व्यवस्था हुनुपर्दछ । पञ्चायतबाट उठाउनलाई कुनै पञ्चायतमा कसैको स्वार्थले बाँध दिने प्रतिविरोध दर्साउने र समानता हुँदैन ।

(२) पन्द्रह (१५) विघाहाभन्दा बढी जग्गा हुनेको उब्जनीमा सयकडा पाँच जिन्सी या नगदी उठाउने अधिकार ।

(३) कसैले मत्स्य पालन नगरेको भए गाउँको पोखरी या कसैको व्यक्तिगत नराखी राष्ट्रियकरण गराई पञ्चायत तालुक लगाई मत्स्य पालन व्यवस्था गरी त्यसको आम्दानी पञ्चायतले खाने यसरी मत्स्य पालन गर्न खोज्ने पञ्चायतलाई पोखरी मर्मत गर्ने र मत्स्य पालनलाई सरकारबाट कर्जा या सहायता गर्ने यो रकमले पञ्चायत विकासलाई ठूलो मद्दत गर्ने छ ।

(४) कान्जी हाउस राख्ने र जरिवाना उठाउने अधिकार पञ्चायतलाई दिएको छ । यसमा तराईमा दुई बाली नगर्ने मुख्य कारण मालजाल चर्ने डरले हो । यसमा जरिवाना र अरू सजाय समेत गर्ने ऐन नै जारी भए पञ्चायतको आम्दानीको साथसाथै धेरै अनाज उब्जनी भई राष्ट्रिय सम्पत्ति नै बढ्ने थियो ।

(५) ताडी, खजुरको ठेक्काको लगाउने अधिकार पञ्चायतले पाउनुपर्दछ ।

(६) कसैको नम्बरीभित्रबाट बजार मेला लागेको या लाग्ने भए नम्बरीवालाले त्यस बजारबाट उठेको आम्दानी खान नपाउने र त्यसको आम्दानी पञ्चायतले खान पाउने प्रष्ट उल्लेख पञ्चायत ऐनमा हुनुपर्दछ ।

## मुद्दा मामिलासम्बन्धी अधिकार

१.२ वर्ष याने पञ्चायतले आफ्नो अधिकार राम्रो नबुझुन्जेलसम्म कुनै विशेष अधिकार दिनु हुँदैन ।

अहिलेलाई कुनै अदालतमा मुद्दा परेको छ भने वादी, प्रतिवादी दुवैथरिलाई पञ्चायतले आफ्नो प्रयासले मिलापत्र गराई मुद्दा परेका अदालतमा खबर गरेमा त्यसको मान्यता अदालतले दिनुपर्दछ । मिलापत्रको लाग्ने दस्तुर पञ्चायतले पाउने छ ।

कुनै पनि अदालतमा मुद्दा परेको छ भने मुख्य साक्षीको रूपमा अदालतले वादी, प्रतिवादी भएको सम्बन्धित पञ्चायत या दुवै पञ्चायतलाई दिनुपर्दछ र पञ्चायतको बयानलाई विशेष ध्यान दिनुपर्दछ ।

## जनकपुर नगर पञ्चायतका प्र. पञ्च र पञ्चहरूसँगको भेटघाटमा

जबसम्म गुठी नगर पञ्चायतको अधीनमा आउँदैन तबसम्म यस नगर पञ्चायत राम्रो फस्टाउन पाउँदैन । नगरभित्र प्रायः सबै राम र जानकीको गुठी छ । यसबाट हुने आम्दानीमा नगर पञ्चायतले कुनै हस्तक्षेप गर्नपाउँदैन । न्यायको केही अधिकार नभई हुँदैन ।

थिचोमिचो र जग्गा जमिनको ससानो मुद्दा नगर पञ्चायतले हेर्न नपाए काममा धेरै बाधा पर्दछ । नगर पञ्चायतलाई गाउँ पञ्चायत समानको अधिकारले हुँदैन र गाउँभन्दा माथि जि.पं. भन्दा कम अधिकार दिनुपर्दछ ।

रोडसेस अझसम्म न.पं. ले पाएको छैन, पाउनुपर्दछ । सबै नगर पञ्चायतहरू देशभरका एकै स्तरको हुन पर्दछ । नगर पञ्चायत जि.पं. वा जिल्ला सरकारको अधीनमा मात्र रहनुपर्दछ । दुवैको अधीनमा रहँदा काम गर्न अप्ठ्यारो भयो ।

## पुराना कानुन, लालमोहर र कदरपत्रहरू बदलिनुपर्छ

नगर पञ्चायत कायम भएपछि नगर पञ्चायत कानुनमुताबिक जो पञ्चायतबाट नगर विकासको निमित्त काम हुन्छ कतिपय पुराना कानुनी अड्चनले विकास कार्यमा आघात पुऱ्याएको छ र नगर पञ्चायत खडा भएपछि त्यो नगरभित्र पर्ने विकासका बदला पुराना कानुनी प्रतिबन्धहरू स्वतः खारेज हुनुपर्छ । त्यो खारेज गरी काम गरेमा केन्द्रीय सरकारबाट हस्तक्षेप हुनु हुँदैन जस्तै गुठी सम्बन्धित ऐन, लालमोहर, कठपत्र समेत ।

## कर उठाउने

नगर पञ्चायत ऐन भएको सहरभित्र आवश्यक विभिन्न किसिमका लकडी वनका चीजहरू फरेस्टर डिभिजन अफिसबाट सोझै नगर पञ्चायतको जिम्मा दिनुपर्छ वा ऐनबमोजिम हुने रूपियाँमार्फत वन विभागमा बुझाई यसमा चाहिने ट्याक्स लगाई पञ्चायतद्वारा वितरण हुनुपर्छ यसबाट पनि न.पं. का आयमा वृद्धि हुन आउँछ ।

### गवाह

स्थानीय पञ्चायतका सदस्यज्यूहरूले ठीक हो भनी प्रमाणसाथ दिएको गवाहीको प्रमाण अकाट्य होओस् ।

## कोटा

आवश्यक कोटाका सामान तथा लाइसेन्स वितरण स्थानीय पञ्चायतमार्फत हुनुपर्छ । स्थानीय विकास कार्य गर्न आवश्यक रकम ऐनमा उल्लिखित खर्च गर्न पाउने रकमभन्दा केही बढी रकम खर्च गर्न पाउनुपर्छ ।

आयका स्रोत न.पं. ले पत्ता लगाई गर्ने न.पं. ले उक्त स्रोतबाट आय गर्ने गरेको निर्णयहरूको स्वीकृति स्थानीय सरकारबाट नै स्वीकृति लिएर आय जम्मा गर्न पाउनुपर्छ ।

स्थानीय मुद्दाहरू पञ्चायतबाट निर्णय गरी दिए वास्तविक कुरा तल्लो तहका पञ्चायतलाई ज्ञात हुने हुँदा पञ्चायत जनताले यथार्थ इन्साफ पाउने देखिन्छ । यसमा माथि तह जिल्ला अदालत वा स्थानीय हाकिमले अन्तिम निर्णय दिँदा न्याय सुलभ हुने देखिन्छ त्यस्तोमा स्थानीय हाकिम, जिल्ला न्यायाधीशसम्म प्रचलित प्रयोगका निमित्त नगर पञ्चायतले हेरेमा केन्द्रीय सरकारले हस्तक्षेप गरी गर कानुन नठहराओस् ।

## अर्थ न्याय

न.पं.वि. लाखौँ रूपियाँको योजना बनाई कुनै कर या रकम थपी रूपियाँ सङ्कलन गरी नगरभित्र तत्काल रचनात्मक काम गर्ने ठोस निर्णय लिई स्थानीय सरकारमा पेस गरेमा तत्काल स्थानीय सरकारबाट स्वीकृति पाई काम हुनुपर्छ । त्यसमा केन्द्रीय सरकारसँग स्वीकृति लिन नपरोस् यसैलाई अधिकार विकेन्द्रीकरण मान्ने छन् ।

अधिराज्यभरका नगर पञ्चायत एकैनासको हुनुपर्छ । पहिले नगर पञ्चायत, जिल्ला सरकारको मात्र अधीन रही आएकोमा हाल जिल्ला पञ्चायत ऐनबमोजिम नगर पञ्चायत, जिल्ला पञ्चायतका अधीनमा रहनुपर्ने देखिन आउँछ । यसरी एक पञ्चायतमाथि दोहोरो भार पर्न जाने र नगर पञ्चायतको ग्राम पञ्चायतको भन्दा बेग्लै जटिल समस्याहरू समेत हुने र नगर पञ्चायतले जिल्ला पञ्चायतबाट पाउने सहुलियतहरूको सोझै रा.पं. सँग ग्राम पञ्चायतबाट पाउने सहायता पाउने सम्भावना भएकोले पनि सम्पर्क रहनुपर्छ ।

## जलेश्वरमा पञ्चहरू, सरकारी कर्मचारीहरू र अरू अरूसँगको भेटघाट

प्रथम, द्वितीय, तृतीय बेन्च पञ्चायत तालिम गोष्ठी महोत्तरी जलेश्वरमा भाग लिएका प्रधानपञ्च, उपप्रधानपञ्च तथा सदस्यहरूको सुझाव :-

१. ऐनमुताबिक कर लगाउने व्यवस्थामा सरकारबाट उचित समयमा कारबाहीको लागि सहयोग पाइयोस् ।

२. आर्थिक र प्राविधिक सहायता पञ्चायतले समय रहँदै पाउनुपर्छ र स्वतः सरकारबाट सूचना पाउनुपर्दछ ।

३. पञ्चायत सचिवको व्यवस्था पूर्ण रूपले सरकारबाट नै हुनुपर्छ र निजहरूले सचिवबापतको पारिश्रमिक सरकारबाटै पाउनुपर्दछ ।

४. कान्जी हाउस र सरकारी कर तथा खरिद विक्री कर प्रत्येक पञ्चायतमा एकनास होस् ।

५. ग्राम पञ्चायत ऐन, ०१८ सालको मुताबिक उल्लेख गरिएको ग्राम पञ्चायतको सम्पत्ति तथा आयस्रोत सरकारबाटै छुट्टियोस् ।

६. ग्राम पञ्चायतबाट आएका कठिनाइ जिल्ला पञ्चायतबाट अबिलम्ब विचार गरी निराकरण गर्ने व्यवस्था होस् ।

७. प्राथमिक उपचारको व्यवस्था प्रत्येक ग्राम पञ्चायतमा होस् ।

८. प्रत्येक ५ पञ्चायतमा एउटा कृषि फर्मको व्यवस्था होस् ।

९. यस आर्थिक वर्षपछि सरकारले लिने भूमि करको मालपोतको ५ प्रतिशत पञ्चायतलाई विकास कार्यको लागि मिलोस् ।

१०. कृषि सिँचाइको व्यवस्था कृषिसुधारको लागि शीघ्र होस् ।

११. पहिले जस्तो सरकारबाट साना साना योजना सञ्चालन गर्न निमित्त आधा आर्थिक सहायता पाउनुपर्छ ।

१२. दाउरा र घरसङ्घाको पुर्जी माघ महिनादेखि नै वितरण गर्ने व्यवस्था गरियोस् ।

१३. ग्राम पञ्चायतको माग जिल्ला पञ्चायतबाट यथाशीघ्र पूरा गरियोस् साथै ग्राम पञ्चायतको मागलाई जिल्ला पञ्चायतले आलटाल नगरी त्यसको प्रबन्ध गरियोस् ।

१४. नेपाल कृषि प्रधान देश भएको हुनाले कृषिको उन्नतिको निमित्त वैज्ञानिक साधन र त्यसमा लाग्ने वैज्ञानिक खाद्य तथा उपयुक्त वस्तुको शीघ्र प्रबन्ध गरियोस् ।

१५. पञ्चायतअन्तर्गत माछा पाल्नुको निमित्त निराको वितरणको निमित्त सरकारबाट सजिलो प्रबन्ध गरियोस् ।

१६. ग्राम पञ्चायतअन्तर्गत भएका ऐलानी पोखरीहरू कुनै व्यक्तिको मात्र भए तापनि अधीन हुनुपर्दछ र त्यसको सुव्यवस्था पनि पञ्चायतबाट नै गर्नुपर्दछ ।

१७. कहीँ कहीँ नजदिकको गाउँलाई समीपवर्ती पञ्चायतमा नमिलाई टाढा टाढा पर्ने पञ्चायतमा मिलाइयो । त्यसमा सुधार गरी समीपवर्ती पञ्चायतमा मिलाइयोस् ।

१८. पञ्चायत तालिम अफिसरहरूले ग्राम पञ्चायतहरूमा नै अवकाशको समयमा व्यावहारिक ज्ञान दिने र सुधार ल्याउने व्यवस्था होस् ।

१९. विकास जिल्ला पञ्चायत अफिस त्यस जिल्लाको मध्य केन्द्रमा राखियोस् र सुविधाअनुसार साह्रै टाढा टाढा पर्ने पञ्चायतलाई नजिकै वि.जि. मा सम्मलित गरियोस् ।

२०. ग्राम पञ्चायतहरूलाई कठिनाइहरूको जाँचबुझ गरी शीघ्र कार्य हुने व्यवस्था मिलाइयोस् ।

२१. यथासम्भव प्रति पञ्चायतमा एउटा हुलाकको व्यवस्था होस् ।

२२. ग्राम पञ्चायतहरूलाई पनि का.स. पठाउने अधिकार दिइयोस् ।

२३. टेलिफोनको शाखा, उपशाखा खोल्ने व्यवस्था होस् ।

२४. विकास कामको लागि कुनै बाधा नपर्नेगरी विनामूल्यमा लकडी दिने व्यवस्था होस् ।

२५. पञ्चायत सदस्यमाथि पञ्चायतसम्बन्धी काममा कुनै किसिमको उजुर परेमा वा मामिला परेमा निजहरूले साधारण व्यक्तिझैँ तारिखमा रहनु नपरोस् ।

२६. सरकारबाट बोलावट भएमा वा पञ्चायतसम्बन्धी कामकाजका निमित्त कुनै सदस्यले बाहिर जानुपरेमा जाने खर्च आदि पञ्चायतकै फन्डबाट दिने व्यवस्था होस् ।

## जलेश्वरमा बडाहाकिम लगायत अञ्चल र जिल्ला स्तरीय सबै सरकारी अधिकारहरूको विचार गोष्ठीमा भएका कुराहरूको मुख्य सार–

न्याय अधिकार गाउँ पञ्चायतलाई ठीक दिइएको छ र विकास सम्बन्धमा केही अरू अधिकार दिन सकिन्छ । पञ्चायतलाई अधिकार दिनभन्दा पनि ज्यादा जस्तो यिनीहरूलाई कसरी काम लगाउन गर्न सकिन्छ । यो कुरामा हामीले सोच्नुपरेको छ, ज्यादा न्याय अधिकारले पञ्चहरूलाई ज्यादा मुद्दामा मात्र अल्झिने गराउँदछ र हाम्रो पूरा अनुभव पनि यही छ । तर उनीहरूलाई उत्साहित पार्न केही न केही न्याय अधिकार दिनुपर्दछ ।

पञ्चायतलाई राम्ररी काम लगाएर काम गरे नगरेको वा ठीक गरे नगरेको राम्रो जाँच हुनुपर्दछ र उनीहरूको सानातिना कठिनाइहरू तुरून्त हटाइ दिनुपर्दछ । काम र समय समयमा कामको निरीक्षण गर्नुपर्दछ ।

पञ्चायतहरूलाई विभिन्न तहमा बाँधी आदर्श पञ्चायतहरू छुट्याउन पर्दछ । लेनदेनमा फटके साक्षी पञ्चायतलाई राख्नुपर्दछ ।

हरेक गाउँ पञ्चायतले पुलिसले जस्तो डायरी राखोस् र दैनिक डायरीमै सबै मुद्दाहरू पनि लेखिन्छन् । गाउँ पञ्चायतमा उजुर पर्दा दरखास्त दिन नपरोस् कारण दरखास्त दिन गाउँले जनतालाई महँगो पर्दछ ।

हरेक पञ्चायतमा १ चौकीदार हुनु पर्दछ । चौकीदार पुलिस अफिसरले भर्नागरी तालिम गर्ने । उसको तलब आधी सरकारले आधी पञ्चायतले दिनुपर्दछ । चौकीदारले पुलिससँग निकटतम सम्बन्ध राखी काम गर्नुपर्ने छ ।

नयाँ नयाँ जङ्गलहरू सरकारी सहायता लिई पञ्चायतले लगाओस् ।

घरसङ्घा र जलावन (दाउरा) को पुर्जी पञ्चायतद्वारा वितरण गर्दा ज्यादै भ्रष्टाचार पञ्चायतमा भयो उसको राम्रो रेखदेख हुनुपर्दछ । सरकारले एउटै स्टोर खोली सरकारको नियन्त्रणमा राख्ने र पञ्चायतहरूले त्यसबाट खरिद गर्ने गरे वनको संरक्षण राम्रो हुन गई जनतालाई पनि बढी सुविधा हुन्छ । तत् सम्बन्धमा न्यायको अधिकार केही वन विभागमा दिए असल हुन्छ सबै सरकारी कर्मचारीहरूले केन्द्रमा लेखी पठाएको कुराको हुन्छ हुन्न भन्ने उत्तरसम्म तुरून्त पाउने व्यवस्था होस् ।

## जलेश्वर जिल्ला पञ्चायत केही गाउँ पञ्चायतका एवं अञ्चल पञ्चायतका पञ्चहरू र भरभलादमीहरूसँगको भेटमा :-

प्रथमतः अधिकार ज्यादा कमभन्दा पनि अधिकार प्रयोग गर्ने व्यक्तिहरूमाथि निर्भर गर्दछ । गाउँ पञ्चहरूले गरेको भूलको लागि जि. पञ्चायत वा योभन्दा माथिल्लो स्तरको अधिकारीले सजाय दिनुपर्दछ ।

स्थानीय विकास कार्य स्थानीय अधिकार प्रयोग गरी नै गर्न पर्दछ । अपुताली परेका जग्गाहरू गाउँ पञ्चायतको अधीनमा आउनुपर्दछ ।

जिल्ला सभापति बाहिर जाँदा उपसभापतिलाई अधिकार सुम्पन पर्ने हो तर ऐनमा समेत नखुलेको र सभापतिले व्यवहार समेत त्यसो गर्नु नभएकोले काममा बाधा परेको छ । जिल्ला उपसभापति ।

ऐनको धारा २८ (क) र धारा २७ (२) बाझेको छ ।

## कहीँ र वरिपरिका पञ्चायतहरू

हाम्रो गाउँपञ्चायतमा हामीले विकासको काम र झगडाहरू आपसमा मिलाउने गरेका छौँ । गाउँ पञ्चायतको हातमा कुनै ठोस अधिकार नआउन्जेल सर्वसाधारणले पञ्चायतको निर्णयलाई मान्यता दिँदैनन् अधिकारविना जति नै कोसिस गरे पनि प्रभावशाली हुँदैन । गाउँमा अरू अरू पञ्चायतमा जस्तो काममा बाधा दिनेहरूको सङ्ख्या ज्यादा तह हामीमा छैन । हाम्रो प्र.पं. नै यस गाउँका गण्यमान्य व्यक्ति हुनुहुन्छ र हाम्रो पञ्चहरू क्रियाशील छन् । का.स. सम्म पनि चलाउने अधिकार पञ्चायतलाई छैन । गाउँ पञ्चायतको निर्णयलाई नमाने के गर्ने न्यायमा केही बढी अधिकार आर्थिक सहायता वृद्धि गर्नुपर्दछ । पञ्चहरूलाई कुनै प्रकारको तलब भत्ता नहुनाले पञ्चहरूलाई अरू सुविधाहरू हुनुपर्दछ । पञ्चायतमा जनताको विश्वास अझ बढेर गएको छ ।

## मनरा ग्राम पञ्चायत र वरिपरिका पञ्चायतका पञ्चहरू :-

गाउँ पञ्चायतलाई सरकारले आर्थिक सहायता दिनुपर्दछ । गाउँले जनतालाई वृद्धि भएको मालपोतको बोझले गर्दा अरू कर तिर्न गाह्रो पर्दछ । गाउँ पञ्चायतको काममा पुलिस र

सरकारले सक्रिय रूपले सहायता र सहयोग दिनुपर्दछ । गाउँ पञ्चायतले उठाएको कदममा बाधा पार्नेहरूलाई कडा सजाय हुनुपर्दछ । ऐनमा भएको सबै अधिकारहरू गाउँ पञ्चायतलाई दिएमा प्रशस्त हुन्छ र गाउँको विकास हुन्छ । केही हदसम्म न्यायपालिकाको अधिकार पनि पञ्चायतलाई दिनुपर्दछ ।

## सर्लाहीमा पञ्चहरू र अरू अरूसँगको भेटघाट

सर्लाही (मलङ्गवा) मा अञ्चल (जनकपुर) सभापति, गाउँ पञ्चायतका प्रधानपञ्चहरू र बजारका बुद्धिजीवीहरूको भेलामा भएका कुराहरू :-

यस विकास जिल्लामा कान्जी हाउस सुरू गरी विभिन्न जन्तुहरूको दर राखी काम गरेर जाहेर गर्दा विभागबाट अहिले नियम नबनेको हुनाले नियम आएपछि मात्र लागू गर्नू भन्ने आयो र सरकारले अहिले भइरहेको ऐनका सबै दफाहरू पनि लागू गर्न नदिएको हुनाले कम गर्न असाध्य नै असजिलो परेको छ ।

काम गर्दा आइपर्ने सानातिना अड्काउपड्काउ आफै हटाउने अधिकार पाए मात्र काम हुन सक्तछ ।

ट्याक्स उठाउन सकिन्न भन्ने आदेश अरू अरू विकास जिल्लामा आए रे भन्ने होहल्ला सुनिन्छ हामीकहाँ त्यस्तो कुनै आदेश आएको छैन न्यायमा केही अधिकार दिनै पर्दछ ।

अञ्चल पञ्चायतले बौद्धिक वृद्धिको लागि वा राजनीतिक विवेचनाको लागि अञ्चल पञ्चायतले गर्नुपर्ने कर्तव्य र अधिकारको पूरा उल्लेख ऐनमा छन् । जे गर्नपर्ने हो पञ्चायतका अग्रगन्यहरूबाट जे सुनिन्छ त्यहीअनुसारको विधान हुनुपर्दछ ।

गाउँ, जिल्ला र अञ्चलको राम्रो सम्पर्क हुनुपर्दछ । सरकारले हरेक पञ्चायतको सम्पर्कमा रही गाउँ पञ्चायतमा परेका बाधाहरू, गरिबहरूप्रति भएको अन्याय र गाउँका ठूलाठालुहरूले पञ्चायतको काममा बाधा दिएको राम्रो विचार गरी हटाइदिनुपर्दछ र पञ्चायतलाई राम्रो निर्देशन दिनुपर्दछ ।

## हाम्रो पञ्चायतको सामुन्नेमा समस्या

(१) पञ्चायतमा कुनै किसिमको कोष छैन जससँग त्यो ठोस रचनात्मक कार्य गरूँ ।

(२) पञ्चायतको आफ्नो घर छैन । केही कही बसेर काम गरिहरहेका छन् काम गर्नमा यसकारण कठिनाइ हुन्छ ।

(३) पञ्चायतको कुनै अङ्शसम्म अधिकार हुनै पर्छ । किनकि गाउँमा बाटो बनाउनमा जनतातर्फ विरोध हुन्छ । विरोध भएमा पञ्चायत काम गर्न असमर्थ भइहाल्छ । जरूरत परेमा पुलिसको मद्दत हुनुपर्छ ।

(४) सानो सानो झगडा हेर्नको लागि पञ्चायतलाई अवश्य अधिकार दिनुपर्छ किनकि सानो झगडा रोक्दामा ठूलो झगडा रोक्न सक्ने छ र अमिनी अदालतमा धेरै मुद्दा नपरी गाउँमै निप्टारा त्यसको भइहाल्छ । ग्राम पञ्चायतले गरेको निर्णयमा जिल्ला पञ्चायतमा अपिलको अधिकार हुनुपर्ने छ ।

## हामीहरूको सुझावहरू

जि.पं. ऐनमा भएको अधिकारमा थप हुनपर्ने अधिकारहरू :-

पञ्चहरूको तालिम पहिलो अवस्थामा र पूर्ण रूपले पञ्चहरूको तालिम अहिले राखिएको तालिम गर्नेहरूद्वारा गरिँदा पनि प्रशस्त मात्रामा फाइदा भए तापनि सक्दो मात्रामा उच्च अधिकारीहरू, पञ्चायती व्यवस्थामा राम्रो ज्ञान राख्ने विद्वान्हरू, मन्त्रीज्यूहरू उस्तो तालिम गोष्ठी भइरहेको केन्द्रहरूमा समय समयमा उपस्थित भई सम्झाउने, बुझाउने र विचार गर्ने गरे ठूलो आवश्यकता अनुभव भएको मानिसको मनोवैज्ञानिक परिवर्तन ल्याउनमा ठूलो मद्दत हुने छ । आफूभन्दा जान्नेसुन्ने र अग्रगन्यहरूबाट उनीहरूभन्दा तल्लो तहमा मानिसहरू अत्यन्त छिटो प्रभावित हुने हुनाले पञ्चहरूको झुन्डहरूमा जाने सबै तालिम गर्नेहरू अरू अरूले आफ्नो आचरण व्यवहारमा ज्यादै ख्याल राख्नुपर्दछ । पञ्चायतको कुनै तहका मानिसहरूले पनि आफैमा मनोवैज्ञानिक परिवर्तन ल्याउन प्रयत्न नगर्ने र नसक्ने हो भने साधारण जनतामा जति नै ठूला ठूला भाषण दिए पनि कुनै मतलब हुने छैन । पञ्च भन्नाले नै साधारण मानिसभन्दा ज्यादा गुण भएको तापनि सामूहिक स्वार्थलाई ख्याल गरी व्यक्तिगत स्वार्थ, सौख र आराम त्याग्न सक्ने देश र नरेशप्रति उसको भावनामा कुनै प्रकारले पनि अल्छीको छायाले छुन नसक्ने राष्ट्रवादी नेपाली बुझिनुपर्दछ । तालिम गोष्ठीको अतिरिक्त एउटा तालिम केन्द्र सधैँभरिको लागि खडा गर्नु अत्यन्त जरूरी छ ।

अञ्चल अञ्चल बीचमा र अञ्चल केन्द्रको बीचमा टुरहरूको व्यवस्था मिलाउने ।

**शिक्षा-** जिल्ला पञ्चायतले हाइस्कुलसम्मको शिक्षाको व्यवस्था गर्न पाउनुपर्दछ । जिल्लामा शिक्षा कर भन्ने छुट्टै कर लगाउने अधिकार हुनुपर्दछ । नेपालमा शिक्षामा जनसहयोग ज्यादै मात्रामा पाइने हुनाले र अहिलेसम्म शिक्षण संस्थाहरू धेरैजसो सहयोगबाट चलेको हुनाले जिल्ला पञ्चायतको मातहतमा हाइस्कुलसम्मको शिक्षाको व्यवस्था अझ राम्ररी चल्न सक्तछ ।

**वन :-** राष्ट्रिय दृष्टिकोणले केन्द्रले नै आफ्नो मातहत राख्न पर्ने ठूला ठूला जङ्गलहरूबाहेक अरू जङ्गलहरू जिल्ला पञ्चायतको मातहतमा राखिनुपर्दछ । सरकारद्वारा निर्धारित राष्ट्रिय नीतिहरूको पूर्ण तयार जिल्ला पञ्चायतले लागू गर्न अनिवार्य हुनुपर्दछ ।

**सुरक्षा :-** सार्वजनिक शान्ति सुरक्षा कायम राख्न सरकारलाई हर मद्दत दिने । ग्राम पञ्चायतले खडा गरेको स्वयंसेवक दल र गाउँ चौकीदारको तालिम र शिक्षाको प्रबन्ध गराउन जागरूक रहने ।

**नगर पञ्चायत** - नगर पञ्चायतको स्थापना जि.पं. को सिफारिसमा हुन पर्दछ । सबै स्तरका पञ्चायतहरूको दिग्दर्शन हुनुपर्दछ ।

ग्राम, जिल्ला र अञ्चल पञ्चायतहरूको मर्यादा र सुविधा जस्ता पञ्चायतको काम गर्दा सो सम्बन्धमा परेको मुद्दा मामिलामा आफैले तारेख बोक्न नपरोस् आदि ।

योजना तलैबाट हुँदै आए मात्र माथिल्लो स्तरसम्म पनि योजनाबद्ध सबै कुरा भई जिल्ला स्तरीय योजना समितिहरू जिल्ला पञ्चायतले खडा गरी पञ्चहरू ग्रामबाहेक जिल्लाको शिक्षित र अनुभवी मानिसहरूलाई समावेश गर्नुपर्दछ । पञ्चायतको बजेट र योजना जिल्ला पञ्चायतले हेरी स्वीकृत गरिनुपर्दछ ।

**न्याय** - गाउँ पञ्चायतको अपिल जिल्ला पञ्चायत अदालतमा आउनुपर्दछ । न्याय कानुनको पूरा ज्ञान भएका मानिसहरूले मात्र राम्ररी दिन सक्ने हुनाले पञ्चायत अदालतका न्यायाधीशहरू पनि पूरा योग्यता भएकाहरू मात्र हुनुपर्दछ । अवधिभित्र अविश्वासको प्रस्तावद्वारा हटाइन हुनु हुँदैन । सरजमिन गर्दा अनिवार्य रूपले गाउँ पञ्चायतलाई राखिनुपर्दछ ।

न्यायमा पनि जनप्रतिनिधिहरूको ठूलो हात हुनु आवश्यक भए तापनि हाल जनता, पञ्चहरू सबैमा राजनीतिक चेतना र तालिमको स्तरमाथि उठिसकेको नहुनाले योग्य मानिसहरूको अभाव र पञ्चायत अदालतमा मात्र धेरै सुविधाहरू प्रदान गरी भएको योग्य मानिसहरूलाई पनि पञ्चायत अदालतमा पुऱ्याउन गाह्रो पर्ने हुनाले त्यस्तो अवस्था नआउन्जेलको लागि गाउँ पञ्चायतको अपिल इलाका अदालतका न्यायाधीश, जिल्ला बडाहाकिम र जिल्ला पञ्चायत अध्यक्षको एक संयुक्त बोर्डले फैसला गर्ने हुनुपर्दछ ।

**स्वास्थ्य :** जिल्ला पञ्चायती ऐनमा उल्लेख कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला हे.क्या. मा भएको अस्पताल र औषधालयहरूको पनि व्यवस्था जिल्ला पञ्चायतलाई नै दिनपर्छ ।

## मालपोतसम्बन्धी

जग्गा जमिनको रेकर्ड राख्नु, मालपोत उठाउनु आदि माल अड्डाले गरिआएको (मालपोतको रेट तोक्नुबाहेक) सबै अधिकार जिल्ला पञ्चायतलाई दिनुपर्दछ । व्यवस्था मिलाएबापत लेखिएको प्रतिबन्ध जिल्लाले पाउनुपर्दछ ।

| (रूपियाँ) | |
|---|---|
| ५०,००० रू. सम्मको | ४० |
| ५८,००० देखि १,००,००- | २० |
| १,००,००० देखि २,००,०००- | १० |
| २,००,००० देखि ५,००,०००- | ५ |
| ५,००,००० देखि १०,००,०००- | २ |
| १०,००,००० भन्दा बढी- | २ |

(क) आवश्यक मालसामानको सुविधा र वितरण गराउने ।

(ख) सहकारी बजारको बन्दोबस्त मिलाउने ।

जिल्लामा उत्पादित चीजहरूको विक्री दर तोकी विक्री गर्ने व्यवस्था मिलाउने ।

(ग) दैनिक उपभोगका सामानहरूको सहकारी संस्थाहरूद्वारा व्यवस्था गराउने ।

(घ) आफ्नो जिल्लामा उत्पादन गरिएका सामानहरू जिल्लाको आवश्यकता पूरा भएपछि मात्र निकासी गर्न दिने र जिल्लामा उत्पादन गर्न नसकिने चीजहरूको मात्र पैठारी गर्ने ।

(ङ) कोटाको पैठारी हुने वा इम्पोर्ट लाइसेन्सद्वारा समुद्रपारबाट पैठारी हुने सामानहरूको वितरण आदि सबै व्यवस्था गर्ने ।

जिल्लामा भएका कृषि केन्द्रहरूको निरीक्षण र घरेलु केन्द्रहरूको निरीक्षण जि.पं. लाई दिनुपर्छ

(च) ऐनमा उल्लिखित समाज कल्याण कार्यको अतिरिक्त शिशु गृह र अनाथालयको व्यवस्था गर्ने ।

(छ) जिल्लास्थित सरकारी कर्मचारीहरूले भ्रष्टाचार गरेमा अर्को जिल्ला सरूवा गरिदिने सिफारिस गर्न सक्ने । जि.पं. का सचिव वा जि.पं. को अधीनमा रहेका अरू कर्मचारीको विरूद्ध विभिन्न तीन जि.पं. सचिवालयले १/१ पटक अविश्वासको प्रस्ताव पास गरे निजलाई सरकारी सेवाबाट मुक्त गरिदिनुपर्छ ।

गाउँ पञ्चायत ऐनमा भएको अधिकारमा थप अधिकार गाउँ पञ्चायतलाई निम्नलिखित हुनुपर्छ :-

(१) लेनदेन राजीनामा गर्दा गाउँ पञ्चायतलाई राखी गर्नु अनिवार्य हुने छ ।

(२) हरेक पञ्चायतले दैनिक डायरी राख्नुपर्दछ ।

(३) का.स. चलाउन पाउनुपर्दछ ।

(४) पञ्चायत हुलाकलाई मान्यता दिनुपर्दछ ।

(५) गाउँ पञ्चायतले स्वयंमसेवक दलको व्यवस्था गर्नुपर्दछ र सो दलको सदस्यलाई तालिमको व्यवस्था सरकारले गर्नुपर्दछ ।

(६) हरेक गाउँ पञ्चायतले एक चौकीदार राख्नुपर्दछ ।

(७) गाउँ वरिपरिका साना साना जङ्गलहरू गाउँ पञ्चायतले आफ्नो व्यवस्थापन पञ्चायतमा लिन पाउनुपर्दछ । तर केन्द्रीय सरकार र जिल्ला पञ्चायत सचिवलाय निर्धारित वनसम्बन्धी नियमहरूको (वन, विकास र संरक्षण) को पालना गर्नुपर्दछ ।

(८) घरसङ्घा र दाउराको पुर्जी दिने अधिकार हुनुपर्दछ ।

(९) मालपोत उठाउने काम गाउँ पञ्चायतले गरेबापत मालपोत रकमबाट सयकडा ५ प्रतिशत गाउँ पञ्चायतले पाउनुपर्दछ ।

**इतिश्री**